यसमा प्रयोग भएका तथ्याङ्कका मुख्य स्रोतहरूमा राष्ट्रिय जनगणना २०११, नेपाल जीवनस्तर सर्वेक्षण २०११ (NLSS 2011), नेपाल मानव विकास प्रतिवेदन २०१४ (NHDR 2014), नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ (NDHS 2016), नेपाल श्रमशक्ति सर्वेक्षण २०१७ (NLFS III), नेपालको वातावरणीय तथ्याङ्क २०१४ तथा २०१९ (ESN 2014 and 2019), विभिन्न संघीय मन्त्रालय तथा विभागहरू र प्रादेशिक मन्त्रालयबाट प्रकाशित वार्षिक प्रतिवेदन तथा अन्य प्रकाशनहरू हुन् ।

तथ्याङ्कलाई तालिकीकरण गर्दा सम्भव भएसम्म जिल्ला तहमा तथ्याङ्क प्रस्तुत गर्ने तथा उपलब्ध भएसम्म अन्य सामाजिक-आर्थिक अवस्था समेत छुट्टिने गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । तथापि, कतिपय विषयवस्तुमा खोजी गरिएकै जस्तो तथ्याङ्क जिल्ला र प्रादेशिक स्तरमा समेत उपलब्ध हुन नसकेको अवस्था छ ।

## १.४ अध्ययनका सीमा

यस प्रतिवेदनमा जनसंख्या सम्बन्धी सबैजसो तथ्याङ्कहरू नेपालको राष्ट्रिय जनगणना २०११ बाट लिइएको छ । केन्द्रिय तथ्याङ्क विभागले जनगणना २०११ (वि.सं. २०६८) का तथ्याङ्कहरूलाई MS Excel File मा राखी प्रकाशित गरेका फाइलहरूका साथै पछिल्ला समयमा प्रादेशिक तहका प्रकाशित सूचक भएका फाइलहरू समेतको प्रयोग गरिएको छ । यस प्रतिवेदनमा प्रयोग गरिएका तथ्याङ्कीय स्रोतबाट जनसंख्याका विविध सामाजिक पक्षहरूमा २०११ देखि वर्तमानसम्म भएका परिवर्तनलाई पूर्ण रूपमा नसमेटेको हुन सक्छ; तथापि, जनगणना सरह भरपर्दो र विस्तृत क्षेत्र समेट्ने अर्को स्रोत नभएकोले यसको प्रयोग व्यापक रूपमा गरिएको छ । त्यस्तै, कतिपय सर्वेक्षण नमुना छनोट गर्दा नै प्रादेशिक तह सम्मको प्रतिनिधित्व गर्ने गरी नगरिएका र कुनै राष्ट्रिय सर्वेक्षणले प्रादेशिक तहसम्मका लागि मात्र प्रतिनिधित्व हुने गरी नमुना छनौट गरेकोले सोही अनुरूप त्यस्ता स्रोतका तथ्याङ्कको प्रस्तुति गर्दा प्रादेशिक तहमा मात्र देखाइएको छ । यो प्रतिवेदनले स्थानीय तहका तथ्याङ्क तथा सूचकहरूलाई समेटेको छैन । प्रतिवेदन तयार पार्दा कतिपय मानवीय तथा प्राविधिक त्रुटिहरू हुन सक्छन् । त्यस्ता त्रुटिहरू आगामी दिनहरूमा पछिल्ला तथ्याङ्क प्राप्त भएमा परिमार्जित प्रतिवेदन तयार पार्दा सच्याइने छ ।

# खण्ड दुई :
# प्रदेश नं. १ को आधारभूत भौतिक तथा भौगोलिक अवस्था

## २.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन

### २.१.१ भौगोलिक अवस्थिति

नेपालको पूर्व क्षेत्रमा अवस्थित प्रदेश नं. १ को कुल क्षेत्रफल २५,९०५ वर्ग किलोमिटर रहेको छ । यस प्रदेशको पूर्वमा भारतको पश्चिम बङ्गाल प्रदेश, पूर्व-उत्तरमा भारतको सिक्किम प्रदेश, पूर्व-दक्षिण तथा दक्षिणमा भारतको विहार प्रदेश, पश्चिम-दक्षिणमा नेपालको प्रदेश नं. २, पश्चिम तथा पश्चिम-उत्तरमा नेपालको बागमती प्रदेश र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ ।

यस प्रदेश अन्तर्गत झापा, मोरङ, सुनसरी, ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा र उदयपुर गरी कुल १४ वटा जिल्लाहरू रहेका छन् । भौगोलिक रूपले यो प्रदेश हिमाल, पहाड, भित्री मधेश र तराई मिलेर बनेको छ । यो प्रदेशमा नेपालको सबैभन्दा होचो भू-भाग समुन्द्री सतहबाट ५८ मिटरको उचाइमा रहेको केचना-कवलदेखि ८,८४८ मिटर उचाइ रहेको विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ ।

प्रदेश नं. १ का १४ जिल्ला मध्ये हिमाली तीन जिल्लाहरू सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङको जम्मा क्षेत्रफल १,०४३८ व. कि.मि. रहेको छ, भने ओखलढुङ्गा, खोटाङ, भोजपुर, तेह्रथुम, पाँचथर, धनकुटा र इलाम गरी सात पहाडी जिल्लाहरूको जम्मा क्षेत्रफल ८,६८६ व. कि.मि. रहेको छ । त्यसैगरी भित्री मधेशमा रहेको उदयपुर जिल्लाको क्षेत्रफल २,०६३ व. कि.मि. छ भने बाँकी तीन तराईका जिल्लाहरू झापा, मोरङ र सुनसरीको जम्मा क्षेत्रफल ४,७१८ व. कि.मि. रहेको छ ।

**तालिका २.१ प्रदेश नं. १ को जिल्लागत क्षेत्रफल**

| क्र.सं. | जिल्ला | क्षेत्रफल (व. कि.मि.) |
|---|---|---|
| १ | सोलुखुम्बु | ३,३१२ |
| २ | संखुवासभा | ३,४८० |
| ३ | ताप्लेजुङ | ३,६४६ |
| ४ | ओखलढुङ्गा | १,०७४ |
| ५ | खोटाङ | १,५९१ |
| ६ | भोजपुर | १,५०७ |
| ७ | तेह्रथुम | ६७९ |
| ८ | पाँचथर | १,२४१ |
| ९ | धनकुटा | ८९१ |
| १० | इलाम | १,७०३ |
| ११ | उदयपुर | २,०६३ |
| १२ | सुनसरी | १,२५७ |
| १३ | मोरङ | १,८५५ |
| १४ | झापा | १,६०६ |
| **जम्मा क्षेत्रफल** | | **२५,९०५** |

प्रदेश नं. १ को कुल भू-भाग मध्ये हिमाली क्षेत्रले ४०.२९ प्रतिशत, पहाडी क्षेत्रले ३३.३५ प्रतिशत, भित्री मधेसले ७.९६ प्रतिशत र तराईले १८.२१ प्रतिशत ओगटेको छ ।

**तालिका २.२ प्रदेश नं. १ को भौगोलिक क्षेत्रगत क्षेत्रफल**

| क्र.सं. | भौगोलिक क्षेत्र | क्षेत्रफल (व. कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | हिमाल | १०,४३८ | ४०.२९ |
| २ | पहाड | ८,६८६ | ३३.५३ |
| ३ | भित्री मधेस | २,०६३ | ७.९६ |
| ४ | तराई | ४,७१८ | १८.२१ |
| **जम्मा क्षेत्रफल** | | **२५,९०५** | **१००** |

## २.१.२ राजनीतिक र प्रशासनिक विभाजन

नेपालको संविधान २०७२ अनुसार यस प्रदेशको प्रशासनिक विभाजन तालिका २.१ मा देखाइएको छ । यस प्रदेशमा जम्मा १३७ वटा स्थानीय तहहरू रहेका छन्, जसमध्ये १ महानगरपालिका (विराटनगर), २ उप-महानगरपालिका (धरान र इटहरी) लगायत ४६ नगरपालिका र ८८ गाउँपालिका रहेका छन् । नेपालको कुल स्थानीय तहमध्ये प्रदेश नं. १ मा १८ प्रतिशत स्थानीय तह र १७ प्रतिशत वडा रहेका छन् । स्थानीय तहको नामावली परिशिष्ट तालिकामा देखाइएको छ ।

**तालिका २.३ प्रदेश नं. १ का जिल्लाहरूमा भएका स्थानीय तहको विवरण**

| जिल्ला | स्थानीय तहको संख्या | | | | जम्मा स्थानीय तहको संख्या | जम्मा वडाको संख्या |
|---|---|---|---|---|---|---|
| | गा.पा. | न.पा. | उ.म.न.पा. | म.न.पा. | | |
| ताप्लेजुङ | ८ | १ | | | ९ | ६१ |
| पाँचथर | ७ | १ | | | ८ | ६० |
| इलाम | ६ | ४ | | | १० | ८१ |
| झापा | ७ | ८ | | | १५ | १३१ |
| मोरङ | ८ | ८ | | १ | १७ | १५९ |
| सुनसरी | ६ | ४ | २ | | १२ | १२४ |
| धनकुटा | ४ | ३ | | | ७ | ६० |
| तेह्रथुम | ४ | २ | | | ६ | ४३ |
| संखुवासभा | ५ | ५ | | | १० | ७६ |
| भोजपुर | ७ | २ | | | ९ | ८१ |
| सोलुखुम्बु | ७ | १ | | | ८ | ५२ |
| ओखलढुङ्गा | ७ | १ | | | ८ | ७५ |
| खोटाङ | ८ | २ | | | १० | ७९ |
| उदयपुर | ४ | ४ | | | ८ | ७५ |
| प्रदेश नं. १ | ८८ | ४६ | २ | १ | १३७ | ११५७ |
| नेपाल | ४६० | २७६ | ११ | ६ | ७५३ | ६७४३ |
| प्रदेश नं. १ को अंश (%) | १८.९ | १६.७ | १८.२ | १६.७ | १८.२ | १७.२ |

*स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०१७, गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४*

त्यस्तै, यो प्रदेशलाई निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभातर्फ २८ क्षेत्रमा तथा प्रदेश सभातर्फ ५६ क्षेत्रमा विभाजन गरिएको छ । जिल्ला तहमा रहेको प्रतिनिधि सभा तथा प्रदेश सभाको सिट संख्या तालिका २.४ मा देखाइएको छ । प्रतिनिधि सभामा भएको कुल सिट संख्यामा यो प्रदेशको हिस्सा १७ प्रतिशत हुन आउँछ । यस प्रदेशको प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक तर्फबाट गरी जम्मा ९३ जना सदस्य रहने व्यवस्था छ।

**तालिका २.४ प्रदेश नं. १ का जिल्लाहरूमा रहेका निर्वाचन क्षेत्रको विवरण**

| जिल्ला | निर्वाचन क्षेत्र संख्या | |
|---|---|---|
| | प्रतिनिधि सभा | प्रदेश सभा |
| ताप्लेजुङ | १ | २ |
| पाँचथर | १ | २ |
| इलाम | २ | ४ |
| झापा | ५ | १० |
| मोरङ | ६ | १२ |
| सुनसरी | ४ | ८ |
| धनकुटा | १ | २ |
| तेह्रथुम | १ | २ |
| संखुवासभा | १ | २ |
| भोजपुर | १ | २ |
| सोलुखुम्बु | १ | २ |
| ओखलढुङ्गा | १ | २ |
| खोटाङ | १ | २ |
| उदयपुर | २ | ४ |
| प्रदेश नं. १ | २८ | ५६ |
| नेपाल | १६५ | ३३० |

*स्रोत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०१७, गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४*

प्रदेश नं. १ मा रहेका जम्मा ५६ निर्वाचन क्षेत्रहरू मध्ये हिमाली क्षेत्रमा ६ वटा, पहाडी क्षेत्रमा २० वटा तथा तराई क्षेत्रमा सबैभन्दा बढी ३० वटा क्षेत्रहरू रहेका छन् ।

**चित्र २.१ भौगोलिक क्षेत्र अनुसार प्रदेश सभा निर्वाचन क्षेत्र वितरण**



नयाँ संविधान लागू भए पश्चात् संघीय संरचना बमोजिम प्रथम पटक भएको प्रदेश सभा सदस्यको निर्वाचन २०७४ साल मङ्सिर १० र २१ गते गरी दुई चरणमा सम्पन्न भयो । नेपालको संविधान २०७२ को धारा १६३ बमोजिम २०७४ साल माघ ३ गते यो प्रदेशको पहिलो प्रदेश प्रमुखको रूपमा प्रा. डा. गोविन्द बहादुर तुम्बाहाङको नियुक्ति भयो । प्रदेश प्रमुखको नियुक्ति पश्चात् २०७४ साल माघ २२ गते प्रदेश सभाको प्रथम बैठक बस्यो ।

त्यसैगरी संविधानको धारा १६८ बमोजिम २०७४ साल फागुन २ गते यस प्रदेशमा प्रथम पटक प्रादेशिक सरकारको गठन भएको हो, जसअनुसार, प्रदेश सरकारको कार्य विभाजन निम्न बमोजिम रहेको छः

**तालिका २.५ प्रदेश नं. १ को वर्तमान मन्त्रिपरिषद्**

| सि.नं. | नाम | पद | मन्त्रालय |
|---|---|---|---|
| १ | मा. शेरधन राई | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| | मा. शेरधन राई | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| | मा. शेरधन राई | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| २ | मा. हिक्मत कुमार कार्की | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३ | मा. इन्द्र बहादुर आङ्बो | मन्त्री | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४ | मा. जीवन घिमिरे | मन्त्री | सामाजिक विकास मन्त्रालय |
| ५ | मा. जगदीश प्रसाद कुसियैत | मन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

प्रदेश नं. १ को सरकार २०७६ माघ ५ गते देहाय बमोजिम विस्तार भएको छ ।

| नाम | पद | मन्त्रालय |
|---|---|---|
| मा. राम बहादुर मगर | राज्यमन्त्री | भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालय |
| मा. अम्बिर बाबु गुरुङ | राज्यमन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| मा. जसमाया गजमेर | राज्यमन्त्री | सामाजिक विकास मन्त्रालय |
| मा. विजय कुमार विश्वास | राज्यमन्त्री | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

त्यसैगरी २०७४ साल फागुन २५ गते प्रदेशमा मुख्य न्यायाधिवक्ताको रूपमा चुडामणि आचार्यको नियुक्ति भयो । प्रदेश सभामा विभिन्न ७ वटा समितिहरू रहने व्यवस्था बमोजिम निम्न माननीय सदस्यहरूको सभापतित्वमा समितिहरू गठन भई कार्य भइरहेको छ ।

**तालिका २.६ प्रदेश सभा समिति तथा सभापतिहरूको नामावली**

| नाम | पद | प्रदेश सभा समिति |
|---|---|---|
| मा. इन्द्रमणि पराजुली | सभापति | न्याय, प्रशासन तथा विधायन समिति |
| मा. अर्जुन राई | सभापति | सुशासन तथा योजना समिति |
| मा. मोहन कुमार खड्का | सभापति | अर्थ समिति |
| मा. शिव नारायण गनगाई | सभापति | सार्वजनिक लेखा समिति |
| मा. सरिता थापा | सभापति | सामाजिक विकास समिति |
| मा. सीता थेवे | सभापति | उद्योग, पर्यटन तथा वातावरण समिति |
| मा. सर्वध्वज साँवा लिम्बु | सभापति | प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति |

प्रदेश नं. १ को पहिलो प्रदेश प्रमुख प्रा.डा. गोविन्द बहादुर तुम्बाहाङ २०७६ साल कार्तिक १७ मा पदमुक्त भई २०७६ साल कार्तिक १९ गते वर्तमान माननीय प्रदेश प्रमुख सोमनाथ अधिकारी "प्यासी" को नियुक्ति भएको हो । प्रदेश सभामा रहेका प्रदेश सभा सदस्यहरूको नामावली परिशिष्ट तालिकामा समावेश गरिएको छ ।

२०७५ साल कार्तिक १४ गतेको प्रदेश सरकारको निर्णयानुसार प्रदेश योजना आयोगको गठन भएको छ । आयोगमा मुख्यमन्त्री अध्यक्ष, एक जना उपाध्यक्ष, चार जना सदस्य र एक जना नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी सदस्य-सचिव रहने व्यवस्था छ ।

| **नाम** | **पद** |
|---|---|
| मा. शेरधन राई | अध्यक्ष |
| मा. सुबोधराज प्याकुरेल | उपाध्यक्ष |
| मा. पूर्ण कुमार लोक्सोम | सदस्य |
| मा. मिना भण्डारी | सदस्य |
| प्रमुख सचिव, प्रदेश सरकार | पदेन सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | पदेन सदस्य |
| सचिव, प्रदेश योजना आयोग | सदस्य-सचिव |

प्रदेश योजना आयोगले गठन पश्चात् प्रदेश नं. १ को प्रथम आवधिक योजनाको आधार-पत्र, प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) तथा मध्यमकालीन खर्च संरचना (२०७६/७७- २०७८/७९) तयार गरी सार्वजनिक गरेको छ भने प्रदेशको पार्श्वचित्र निर्माणको कार्य सम्पन्न भइसकेको छ ।

## २.२ भू-उपयोग

केन्द्रिय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको वातावरणीय तथ्याङ्कको आधारमा प्रदेश नं. १ का जिल्लाहरूको भू-उपयोगको स्थितिलाई तालिका २.३ मा प्रस्तुत गरिएको छ । नेपालमा खेतीपाती तथा चरिचरनको लागि प्रयोग भएको जम्मा जमिनमध्ये एक चौथाइ जमिन प्रदेश नं. १ मा पर्दछ । प्रदेश नं. १ का जिल्लाहरूमध्ये तराई क्षेत्रका जिल्लाहरू झापा (१,४१,७९५ हे.), मोरङ (१,२६,९५५ हे.) र सुनसरी (९१,७९९ हे.) मा खेतीपाती तथा चरिचरनका लागि प्रयोग भएको जमिनको क्षेत्रफल सबैभन्दा बढी छ । यस प्रदेशमा नेपालको जम्मा जङ्गलले ढाकेको जमिनको १५.६ प्रतिशत, हिउँले ढाकेको जमिनको ७.६ प्रतिशत र बाँझो जमिनको ९.२ प्रतिशत भू-भाग पर्दछ । यस प्रदेशमा रहेको कुल बाँझो जमिन १,५४,८१९ हे. मध्ये तीन हिमाली तथा पहाडी जिल्लाहरू-सोलुखुम्बु (३८.५%) ताप्लेजुङ (२४.४%) र संखुवासभा (१५.३%) मा सबैभन्दा बढी बाँझो जमिन रहेको छ ।

## तालिका २.७ प्रदेश नं. १ का जिल्लाहरूमा भू-उपयोगको स्थिति (हेक्टरमा)

| जिल्ला | जङ्गलले ढाकेको क्षेत्र | झाडी तथा बुट्यानले ढाकेको क्षेत्र | खेतीपाती तथा चरिचरन | पानीका स्रोतहरू | बाँझो जमिन | हिउँले ढाकेको क्षेत्र | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | १,१२,२५६ | ५६,३६२ | ७०,९४६ | ४०५ | ३७,७५७ | ६०,११५ | २७,४९६ | ३,६५,३३७ |
| पाँचथर | ५३,१८२ | १४,३६९ | ५४,०७८ | १८१ | ३२६ | २९ | ० | १,२२,१६५ |
| इलाम | ७२,२१४ | ३१,६४९ | ६४,५९५ | २३६ | २,८७३ | ० | ० | १,७१,५६७ |
| झापा | १३,२३९ | १,८६३ | १,४१,७९५ | ७७८ | ६,५१७ | ० | ० | १,६४,१९२ |
| मोरङ | ४३,८१४ | ६,०४० | १,२६,९५५ | १,३७४ | ४,९९६ | ० | ० | १,८३,१७९ |
| सुनसरी | २१,३०४ | १,५०८ | ९१,७९९ | ६,२६२ | ६,८६१ | ० | ० | १,२७,७३४ |
| धनकुटा | २६,३२४ | १४,५९८ | ४७,३५० | ५४९ | ९८२ | ० | ० | ८९,८०३ |
| तेह्रथुम | २०,०३३ | *१२,४८९ | ३४,९१७ | १२९ | ४९४ | ० | ० | ६८,०६२ |
| संखुवासभा | १,५९,८७२ | ४८,४७६ | ७१,३३५ | ९७५ | २३,७२३ | ४०,८२५ | ० | ३,४५,२०६ |
| भोजपुर | ६१,४४८ | २२,२०७ | ६६,५२५ | ५५२ | १,२८४ | ० | ० | १,५२,०१६ |
| सोलुखुम्बु | ८६,००२ | ४९,६२८ | ६७,४२४ | ५७१ | ५९,६७० | ५०,०३७ | १९,५०९ | ३,३२,८४१ |
| ओखलढुङ्गा | ३२,३६३ | १५,५९२ | ५८,८५८ | ३५२ | ७२९ | ० | ० | १,०७,८९४ |
| खोटाङ | ६१,०३९ | २२,५७१ | ७४,३२८ | ९३१ | २,०२० | ० | ० | १,६०,८८९ |
| उदयपुर | १,०९,४०४ | १५,७६६ | ७०,००५ | १,१५० | ६,५८७ | ० | ० | २,०२,९१२ |
| प्रदेश नं. १ | ८,७२,४९४ | ३,१३,११८ | १०,४०,९१० | १४,४४५ | १,५४,८१९ | १,५१,००६ | ४७,००५ | २५,९३,७९७ |
| नेपाल | ५५,९९,७६० | १२,८३,२३१ | ४०,६१,६३१ | ६४,६६४ | १,६८३,४९३ | १,९७४,००३ | १,०८,३७७ | १,४७,७५,१५९ |
| प्रदेश नं. १ को अंश (%) | १५.६ | २४.४ | २५.६ | २२.३ | ९.२ | ७.६ | ४३.४ | १७.६ |

स्रोतः *National Sample Census of Agriculture, 2011*

## २.३ जलवायु

यो प्रदेश भौगोलिक रूपमा तराई, पहाड र हिमाल मिलेर बनेको हुँदा यहाँको जलवायु पनि एकै किसिमको नभई विभिन्न प्रकृतिको रहेको छ । नेपालमा विद्यमान ५ प्रकारको हावापानी (उष्ण मनसुनी, न्यानो समशीतोष्ण, ठन्डा समशीतोष्ण, लेकाली र हिमाली) भएका क्षेत्रहरूमध्ये सबै प्रकारको हावापानी प्रदेश नं. १ मा पाइन्छ । तराई तथा शिवालिक, मध्य तथा उच्च पहाडी र हिमाली क्षेत्रमा औसत तापक्रम क्रमशः २०-२५ डि.से., १०-२० डि.से. र ३ डि.से. भन्दा कम देखि १० डि.से. सम्म रहन्छ । यिनै क्षेत्रहरूमा वार्षिक वर्षा क्रमशः ११०-३०० से.मि., २७.५-२३० से.मि. र १५-२० से.मि. हुने गर्दछ ।

प्रदेश नं. १ का विभिन्न जिल्लाहरू स्थित केही मुख्य मापन केन्द्रहरूमा रेकर्ड गरिएको औसत तापमान तथा वर्षाको विवरण तालिका २.६ मा प्रस्तुत गरिएको छ । केन्द्रिय तथ्याङ्क विभाग २०१९ को तथ्याङ्क अनुसार, सन् २०१७ मा न्यूनतम तापक्रम मध्ये सबैभन्दा बढी धरानमा (२०.६ डि.से.) तथा सबैभन्दा कम ताप्लेजुङ (१२.६ डि.से.) रेकर्ड भएको थियो । त्यसैगरी, अधिकतम तापक्रम मध्ये सबैभन्दा धेरै चतरा (३१.७ डि.से.) र सबैभन्दा कम पाख्रीबास (२१.५ डि.से.) मापन गरिएको थियो । वर्षाको मापनतर्फ सबैभन्दा कम औसत वार्षिक वर्षा तेह्रथुममा तथा सबैभन्दा बढी झापाको केचनामा रेकर्ड गरिएको थियो ।

**तालिका २.८ प्रदेश नं. १ का विभिन्न स्थानमा मापन गरिएको औसत तापक्रम तथा वर्षाको विवरण, २०१७**

| मापन केन्द्र | जिल्ला | औसत तापक्रम (डि.से.) | | | वर्षा (मि.मि.) |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | औसत | वार्षिक औसत) |
| ताप्लेजुङ | ताप्लेजुङ | १२.७ | २२.९ | १७.८ | |
| फिदिम | पाँचथर | | | | १,१६१.८ |
| इलाम टी स्टेट | इलाम | | | | १,१०१.३ |
| केचना | झापा | १९.५ | ३०.८ | २५.१ | २,६८८.४ |
| विराटनगर | मोरङ | १९.९ | ३१.० | २५.४ | १,०३८.२ |
| चतरा | सुनसरी | १९.० | ३१.७ | २५.३ | १,५६४.७ |
| धरान | सुनसरी | २०.६ | ३०.५ | २५.६ | २,२१५.७ |
| धनकुटा | धनकुटा | १५.६ | २४.५ | २०.५ | ९३६.५ |
| पाख्रीबास | धनकुटा | १२.९ | २१.५ | १७.२ | १,४०४.७ |
| लेगुवाघाट | धनकुटा | | | | ९३६.४ |
| तेह्रथुम | तेह्रथुम | | | | ८७६.१ |
| खाँदबारी | संखुवासभा | १६.५ | २४.९ | २०.७ | १,३९३.६ |
| चैनपुर | संखुवासभा | १५.४ | २५.८ | २०.६ | १,१४२.५ |
| चेपुवा | संखुवासभा | | | | २,७५८.३ |
| ओखलढुङ्गा | ओखलढुङ्गा | १३.१ | २२.८ | १८.० | १,५७९.६ |
| दिक्तेल | खोटाङ | १४.२ | २३.० | १८.६ | १,५०९.८ |
| खोटाङ | खोटाङ | | | | ९४१.८ |
| उदयपुर गढी | उदयपुर | | | | १,६२७.८ |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग २०१९*, *Environmental Statistics of Nepal 2019*

## २.४ जलस्रोत, वन जङ्गल तथा अन्य प्राकृतिक स्रोत साधन

नेपालकै सबैभन्दा ठूलो नदी कोशी यस प्रदेशमा रहेको छ । यसका ७ वटा सहायक नदीहरूमध्ये अरुण, तमोर, दुधकोशी, लिखु र सुनकोशी यो प्रदेश भएर बगेका छन् । अरुण र तमोरको मुहान तिब्बतमा पर्दछ । उच्च हिमाली क्षेत्रको हिमनदीको हिउँ पग्लिएर बग्ने यी नदीहरूमा वर्ष भरी नै ठूलो मात्रामा पानी बग्दछ भने वर्षा याममा आ-आफ्नो नदी क्षेत्रका स-साना खोलाहरूबाट पनि पानी थपिई यस्ता नदीमा पानीको बहाब उच्च रहने गर्दछ । यस प्रदेश क्षेत्रका महाभारत पहाडबाट उद्गम भएर बग्ने अन्य नदीहरूमा मेची, कन्काई र त्रियुगा मुख्य रहेका छन् । यी नदीहरूमा सुक्खा याममा समेत पनि केही मात्रामा पानी बग्दछ । त्यस्तै चुरे पहाडबाट उद्गम भइ बग्ने नदी/खोलाहरूमा विरिङ, कमल, रतुवा, मावा, बक्राहा, चिसाङ, लोहन्द्रा, बुढी, सुनसरी आदि मुख्य हुन् । यस्ता नदी/खोलाहरूमा सुक्खा याममा पानी अत्यन्त कम वा शून्य हुन्छ भने वर्षा याममा ठूलो बाढी आउने गर्दछ ।

प्रदेश नं. १ मा प्रशस्त मात्रामा वन जङ्गलले ढाकेको क्षेत्र रहेको छ । तराई क्षेत्रको प्रसिद्ध चारकोशे झाडी यो प्रदेशमा पर्दछ । त्यस्तै मध्य तथा उच्च पहाडी क्षेत्रमा पनि वन क्षेत्र उल्लेखनीय मात्रामा रहेको छ । प्रदेशको विभिन्न जिल्लामा रहेको वन क्षेत्रको स्थिति तालिका २.७ मा देखाइएको छ । वन तथा भू-संरक्षण मन्त्रालयको तथ्याङ्क अनुसार यो प्रदेशमा कुल ४३.३ प्रतिशत भू-भाग वन क्षेत्रले ढाकेको छ, जुन नेपालको कुल वनले ढाकेको क्षेत्र (४४.७%) कै हाराहारी हो । जिल्लागत तहमा हेर्दा, उदयपुरमा सबैभन्दा बढी वन क्षेत्र (६५%) र झापामा सबैभन्दा कम (११%) वन क्षेत्र रहेको छ ।

**तालिका २.९ प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूमा वन क्षेत्रले ढाकेको क्षेत्र**

| जिल्ला | बनले ढाकेको क्षेत्र (%) | जिल्ला | बनले ढाकेको क्षेत्र (%) |
|---|---|---|---|
| ताप्लेजुङ | ४३.१ | तेह्रथुम | ४९.१ |
| पाँचथर | ५७.७ | संखुवासभा | ५५.० |
| इलाम | ५५.७ | भोजपुर | ४८.१ |
| झापा | ११.० | सोलुखुम्बु | ३२.९ |
| मोरङ | २४.३ | ओखलढुङ्गा | ४८.८ |
| सुनसरी | १९.३ | खोटाङ | ४६.९ |
| धनकुटा | ४१.० | उदयपुर | ६५.० |
| प्रदेश नं. १ | ४३.३ | | |
| नेपाल | ४४.७ | | |

*स्रोत: वन तथा भू-संरक्षण मन्त्रालय, वन अनुसन्धान तथा सर्वे विभाग*

नेपाल विश्वमै अग्ला हिमशिखरहरूका लागि प्रसिद्ध छ र यस्ता हिमशिखरहरू देशका प्रमुख प्राकृतिक स्रोतहरूमध्ये पर्दछन् । विश्वका ८,००० मि. भन्दा अग्ला शिखरहरूमध्ये ९ वटा नेपालमै छन् र ती मध्ये सर्वोच्च शिखर सगरमाथा सहित ६ वटा यस प्रदेशमा पर्दछन् । तालिका २.८ मा प्रदेश नं. १ मा रहेका ८,००० मि. भन्दा अग्ला हिमशिखरहरूको विवरण प्रस्तुत गरिएको छ । यसका अलावा कुम्भकर्ण (७,७१० मि.), नुप्से (७,८६१ मि.), आमादब्लम (६,८१२ मि.) जस्ता अन्य प्रसिद्ध शिखरहरू पनि यस प्रदेशमा पर्दछन् ।

**तालिका २.१० प्रदेश नं. १ मा अवस्थित ८,००० मि. भन्दा अग्ला शिखर**

| हिमाल | जिल्ला | उचाइ |
|---|---|---|
| सगरमाथा | सोलुखुम्बु | ८,८४८ |
| कञ्चनजङ्घा | ताप्लेजुङ | ८,५८६ |
| ल्होत्से | सोलुखुम्बु | ८,५१६ |
| यलुङकाङ | ताप्लेजुङ | ८,५०५ |
| मकालु | संखुवासभा | ८,४६३ |
| चोयु | सोलुखुम्बु | ८,२०१ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१९, Environmental Statistics of Nepal, 2019*

अन्य प्राकृतिक स्रोतहरूमध्ये, नेपालमा रहेका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा संरक्षित क्षेत्रहरू पर्दछन् । यस्ता क्षेत्रहरूमध्ये प्रदेश नं. १ मा उच्च हिमाली क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा कन्चनजङ्घा संरक्षण क्षेत्र रहेका छन् भने तराई क्षेत्रमा कोशी टप्पु वन्य जन्तु आरक्ष रहेको छ । प्रदेश नं. १ को सबैभन्दा धेरै क्षेत्रफल ओगट्ने संरक्षित क्षेत्र कञ्चनजङ्घा संरक्षण क्षेत्र हो जसले २,०३५ व.कि.मि. क्षेत्रफल ओगटेको छ । त्यस्तै, सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु वरुण राष्ट्रिय निकुञ्जले क्रमशः १,१४८ वि. कि.मि र १,५०० व. कि.मि. क्षेत्रफल ओगटेका छन् ।

कोशी टप्पु क्षेत्र नेपालको पहिलो रामसार क्षेत्रमा सूचीकृत भएको क्षेत्र पनि हो र यसले १७५ व.कि.मि. क्षेत्रफल ओगटेको छ । त्यस्तै, सगरमाथा राष्ट्रिय निकुञ्जको गोक्यो ताल पनि रामसार क्षेत्रमा सूचीकृत भएको छ । इलामको माईपोखरी क्षेत्र (१.५ हे. २१०० मि. उचाइ) पहाडी क्षेत्रमा पर्ने प्रदेश नं. १ को रामसार क्षेत्र हो ।

**तालिका २.११ प्रदेश नं. १ मा पर्ने राष्ट्रिय निकुञ्ज, वन्य जन्तु आरक्ष तथा संरक्षित क्षेत्र**

| निकुञ्ज तथा आरक्ष | स्थापना (वि.सं.) | क्षेत्रफल (व.कि.मि.) | अवस्थित जिल्ला |
|---|---|---|---|
| सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | १,१४८ | सोलुखुम्बु |
| मकालु वरुण राष्ट्रिय निकुञ्ज | २०४९ | १,५०० | सोलुखुम्बु र संखुवासभा |
| कोशी टप्पु वन्य जन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी, सप्तरी र उदयपुर |
| कञ्चनजङ्घा संरक्षण क्षेत्र | २०५४ | २,०३५ | ताप्लेजुङ |

*स्रोतः के. त. वि. २०१९, Environmental Statistics of Nepal, 2019*

नेपालको भौगोलिक विविधता अनुसार साना देखि ठूला सम्म धेरै संख्यामा ताल तलैयाहरू रहेका छन् । प्रदेश नं. १ मा पनि ताल तलैया तथा पोखरीहरूको संख्या उल्लेखनीय रहेको छ जसको विवरण तालिका २.१२ मा देखाइएको छ । प्रदेश नं. १ मा जम्मा १,३५३ ताल तलैयाहरू रहेका छन् जुन नेपालका जम्मा ताल तलैयाहरूको एक चौथाइ हुन आउँछ । हिमतालहरू धेरै संख्यामा रहेको कारणले हिमाली जिल्लाहरूमा ताल तलैयाहरूको संख्या धेरै रहेको छ । ताप्लेजुङमा रहेका जम्मा ३८० ताल तलैयाहरू मध्ये ३७८ वटा ३,००० मि. भन्दा बढी उचाइमा रहेका छन् । त्यस्तै अवस्था संखुवासभा र सोलुखुम्बु जिल्लामा पनि छ ।

**तालिका २.१२ प्रदेश नं. १ मा पर्ने ताल तलैया तथा पोखरीको संख्या**

| जिल्ला | ताल तलैयाको संख्या | ५०० मि. भन्दा कम उचाइमा रहेका | ५००-२,९९९ मि. बिचको उचाइमा रहेका | ३,००० मि. भन्दा माथि उचाइमा रहेका |
|---|---|---|---|---|
| ताप्लेजुङ | ३८० | ० | २ | ३७८ |
| पाँचथर | १७ | ० | १० | ७ |
| इलाम | ३० | १४ | १५ | १ |
| झापा | १३६ | १३६ | ० | ० |
| मोरङ | १८४ | १८३ | १ | ० |
| सुनसरी | ६९ | ६९ | ० | ० |
| धनकुटा | ४ | ० | ४ | ० |
| तेह्रथुम | ४ | ० | ४ | ० |
| संखुवासभा | १५९ | ० | ७ | १५२ |
| भोजपुर | ७ | ० | ६ | १ |
| सोलुखुम्बु | ३३९ | ० | २ | ३३७ |
| ओखलढुङ्गा | ० | ० | ० | ० |
| खोटाङ | १० | ० | ९ | १ |
| उदयपुर | १४ | ८ | ६ | ० |
| प्रदेश नं. १ | १,३५३ | ४१० | ६६ | ८७७ |
| नेपाल | ५,३५८ | २,७१३ | ४१९ | २,२२६ |
| प्रदेश नं. १ को अंश (%) | २५.३ | १५.१ | १५.८ | ३९.४ |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग २०१९, Environmental Statistics of Nepal 2019*

नेपालको उच्च हिमाली क्षेत्रमा रहेका हिमतालहरू मध्ये धेरै जोखिमयुक्त पनि रहेका छन् । प्रदेश नं. १ मा पनि धेरै हिमतालहरू जोखिमको अवस्थामा रहेका छन् । यस प्रदेशमा १५ वटा हिमतालहरूलाई जोखिमयुक्तको सूचीमा राखिएको छ । यस मध्ये सोलुखुम्बुमा सबैभन्दा धेरै १२ वटा, ताप्लेजुङमा २ वटा र संखुवासभामा १ वटा रहेका छन् ।

**चित्र २.२ प्रदेश नं. १ मा रहेका जोखिमयुक्त हिमतालको संख्या**




*स्रोत: के. त. वि. २०१९. Environmental Statistics of Nepal, 2019*

# खण्ड तीन :
# जनसंख्याको स्थिति

यस एकाइ अन्तर्गत प्रदेश नं. १ को जनसंख्याको आकार, वितरण, वृद्धिदर, उमेर-लिङ्ग संरचना, प्रजनन दर, मृत्यु दर, बसाइँसराइको स्थिति तथा जनसंख्याका केही सामाजिक पक्षहरूको विवरण समेटिएको छ । तथ्याङ्कहरू राष्ट्रिय जनगणना २०११ (वि.सं. २०६८) को आधारमा प्रकाशित प्रतिवेदन तथा मोनोग्राफ एवं नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदन तथा त्यसको तथ्याङ्क विश्लेषणबाट प्राप्त नतिजाबाट लिइएका छन् ।

## ३.१ जनसंख्याको आकार, वितरण तथा वृद्धिदर

सन् २०११ को जनगणना अनुसार प्रदेश नं. १ को जम्मा जनसंख्या ४५,३४,९४३ छ । यस प्रदेशमा तराई क्षेत्रको क्षेत्रफल १८ प्रतिफल छ, जसमा ५६ प्रतिशत जनसंख्या बसोबास गर्छन् भने ४२ प्रतिशत क्षेत्रफल ओगट्ने पहाडी क्षेत्रमा ३५ प्रतिशत मानिस बस्छन् । प्रदेश नं. १ को जनघनत्व नेपालको औसतकै हाराहारीमा भएपनि तराई क्षेत्रको जनघनत्व उच्च (५३९) तथा हिमाली क्षेत्रको ज्यादै न्यून (३८) रहेको छ । पहाडी क्षेत्रको जनघनत्व १४९ रहेको छ । सन् २००१-२०११ को दशकमा प्रदेश नं. १ को हिमाली तथा पहाडी क्षेत्रमा जम्मा जनसंख्या घटेको देखिन्छ भने तराई क्षेत्रमा जनसंख्या वृद्धि दर राष्ट्रिय औसत (१.३५%) भन्दा बढी (१.६४%) देखिन्छ । यसले हिमाल तथा पहाडबाट तराई तिर बसाई सर्ने क्रमलाई संकेत गर्दछ । समग्रमा प्रदेश नं. १ को जनसंख्या वृद्धि दर ०.७६ प्रतिशत रहेको छ, जुन राष्ट्रिय मान भन्दा झन्डै आधा हो । तालिका ३.१ मा प्रदेश नं. १ को भौगोलिक क्षेत्रगत जनसंख्या वितरणलाई देखाइएको छ ।

**तालिका ३.१ भौगोलिक क्षेत्रगत जनसंख्या वितरण, २०११**

| क्षेत्र | जनसंख्या | प्रतिशत | क्षेत्रफल (व.कि.मि.) | प्रतिशत | जनघनत्व | वृद्धि दर, २००१-२०११ (% प्रति वर्ष) |
|---|---|---|---|---|---|---|
| हिमाल | ३,९२,०८९ | ८.६ | १०४३८ | ४०.३ | ३८.० | -०.२४ |
| पहाड | १६,०१,३४७ | ३५.३ | १०७४९ | ४१.५ | १४९.० | -०.२६ |
| तराई | २५,४१,५०७ | ५६.० | ४७१८ | १८.२ | ५३८.७ | १.६४ |
| प्रदेश नं. १ | ४५,३४,९४३ | १००.० | २५,९०५ | १००.० | १७५.१ | ०.७६ |
| नेपाल | २,६४,९४,५०४ | | १४७,१८१ | | १८०.० | १.३५ |

*स्रोतः Population Monograph 2014 Vol. I मा प्रकाशित तालिकाबाट गणना गरिएको*

प्रदेश नं. १ को जनसंख्याको जिल्लागत वितरण तथा जनघनत्वलाई तालिका ३.२ मा प्रस्तुत गरिएको छ । केन्द्रिय तथ्याङ्क विभागले प्रकाशित गरेको वि.सं. २०६८ को जनगणनाको नतिजा अनुसार प्रदेश नं. १ को कुल जनसंख्यामा मोरङ जिल्लाको हिस्सा सबैभन्दा धेरै (२१.३%) तथा तेह्रथुमको हिस्सा सबैभन्दा कम (२.२%) रहेको छ । क्षेत्रफलको हिसाबले सबैभन्दा सानो जिल्ला पनि तेह्रथुम नै हो । प्रदेश नं. १ मा रहेका १४ जिल्लाहरूमध्ये सबैभन्दा बढी जनघनत्व सुनसरीमा (६०७) रहेको छ भने ताप्लेजुङ जिल्लाको जनघनत्व सबैभन्दा कम (३५) रहेको छ । स्थानीय तहको जनसंख्याको विस्तृत विवरण तालिका ३.२ मा देखाइएको छ ।

**तालिका ३.२ जिल्लागत जनसंख्या वितरण, २०११**

| जिल्ला | जनसंख्या | प्रतिशत | क्षेत्रफल (व.कि.मि.) | प्रतिशत | जनघनत्व |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | १,२७,४६१ | २.८ | ३,६४६ | १४.१ | ३५ |
| पाँचथर | १,९१,८१७ | ४.२ | १,२४१ | ४.८ | १५५ |
| इलाम | २,९०,२५४ | ६.४ | १,७०३ | ६.६ | १७० |
| झापा | ८,१२,६५० | १७.९ | १,६०५ | ६.२ | ५०६ |
| मोरङ | ९,६५,३७० | २१.३ | १,८५५ | ७.२ | ५२० |
| सुनसरी | ७,६३,४८७ | १६.८ | १,२५७ | ४.९ | ६०७ |
| धनकुटा | १,६३,४१२ | ३.६ | ८९१ | ३.४ | १८३ |
| तेह्रथुम | १,०१,५७७ | २.२ | ६७९ | २.६ | १५० |
| संखुवासभा | १,५८,७४२ | ३.५ | ३,४८० | १३.४ | ४६ |
| भोजपुर | १,८२,४५९ | ४.० | १,५०७ | ५.८ | १२१ |
| सोलुखुम्बु | १,०५,८८६ | २.३ | ३,३१२ | १२.८ | ३२ |
| ओखलढुङ्गा | १,४७,९८४ | ३.३ | १,०७४ | ४.१ | १३८ |
| खोटाङ | २,०६,३१२ | ४.५ | १,५९१ | ६.१ | १३० |
| उदयपुर | ३,१७,५३२ | ७.० | २,०६३ | ८.० | १५४ |
| प्रदेश नं. १ | ४५,३४,९४३ | १००.० | २५९०४ | १००.० | १७५ |

*स्रोतः Population Monograph 2014 Vol. I मा प्रकाशित तालिकाबाट गणना गरिएको*

प्रदेश नं. १ का जिल्लाहरूको सन् २००१-२०११ को जनसंख्या वृद्धि दरलाई चित्र ३.१ मा प्रस्तुत गरिएको छ । यस प्रदेश नं. १ मा रहेका जम्मा १४ जिल्लाहरू मध्ये ९ जिल्लाहरूको जनसंख्या वृद्धि उक्त समयावधिमा ऋणात्मक रहेको छ । ऋणात्मक जनसंख्या वृद्धि रहेका यी सबै नौ जिल्लाहरू हिमाली तथा पहाडी क्षेत्रका जिल्लाहरू हुन् । मोरङ जिल्लाको जनसंख्या वृद्धि दर नेपालकै बराबर रहेको छ भने झापा र सुनसरी जिल्लाको जनसंख्या वृद्धि नेपालको औसत जनसंख्या वृद्धि दर (१.३५%) भन्दा पनि बढी छ । प्रदेश नं. १ मा रहेका १४ जिल्लाहरू मध्ये सुनसरी जिल्ला सबैभन्दा बढी जनसंख्या वृद्धि दर रहेको जिल्ला हो ।

**चित्र ३.१ जिल्लागत तहमा जनसंख्या वृद्धि दर, २००१-२०११**



तालिका ३.३ मा प्रदेश नं. १ का जिल्लाहरूमा घर-परिवारको संख्या, परिवारको औसत आकार तथा जनसंख्याको लैङ्गिक अनुपात (प्रति १०० महिला मध्ये पुरुषको संख्या) देखाइएको छ । नेपालमा रहेको जम्मा ५४,२७,३०२ घर-परिवार मध्ये प्रदेश नं. १ मा ९,९२,४४५ अर्थात् १८.३ प्रतिशत घर-परिवार रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार प्रदेश नं. १ मा परिवारको औसत आकार ४.६ जना रहेको छ, जुन राष्ट्रिय औसत ४.९ जना भन्दा केही कम हो । जिल्लाहरू बीच परिवारको औसत आकारमा त्यति धेरै अन्तर रहेको छैन । सबैभन्दा ठूलो आकार खोटाङ तथा उदयपुरमा (४.८ जना) र सबैभन्दा सानो आकार धनकुटामा (४.३ जना) देखिन्छ ।

त्यसैगरी लैङ्गिक अनुपातका हिसाबले हेर्दा, प्रदेश नं. १ को लैङ्गिक अनुपात (९१.५) रहेको छ, जुन नेपालको (९४.२) भन्दा कम हो । सबैभन्दा कम लैङ्गिक अनुपात ओखलढुङ्गा तथा तेह्रथुममा (८६.६) र सबैभन्दा बढी इलाम तथा सुनसरीमा (९४.६) रहेको छ ।

**तालिका ३.३ घर-परिवार संख्या, परिवारको औसत आकार र जनसंख्याको लैङ्गिक अनुपात**

| जिल्ला | घर-परिवार संख्या | परिवारको औसत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|
| ताप्लेजुङ | २६,५०९ | ४.८ | ९०.५ |
| पाँचथर | ४१,१९६ | ४.७ | ८८.७ |
| इलाम | ६४,५०२ | ४.५ | ९४.६ |
| झापा | १,८४,५५२ | ४.४ | ९०.१ |
| मोरङ | २,१३,९९७ | ४.५ | ९३.६ |
| सुनसरी | १,६२,४०७ | ४.७ | ९४.६ |
| धनकुटा | ३७,६३७ | ४.३ | ८८.१ |
| तेह्रथुम | २२,०९४ | ४.६ | ८६.६ |
| संखुवासभा | ३४,६२४ | ४.६ | ९०.१ |
| भोजपुर | ३९,४१९ | ४.६ | ८९.३ |
| सोलुखुम्बु | २३,७८५ | ४.५ | ९३.६ |
| ओखलढुङ्गा | ३२,५०२ | ४.६ | ८६.६ |
| खोटाङ | ४२,६६४ | ४.८ | ८८.९ |
| उदयपुर | ६६,५५७ | ४.८ | ८९.२ |
| प्रदेश नं. १ | ९,९२,४४५ | ४.६ | ९१.५ |
| नेपाल | ५४,२७,३०२ | ४.९ | ९४.२ |

*स्रोत: CBS. 2012. National Population and Housing Census 2011; National Report*

तालिका ३.४ मा प्रदेश नं. १ का जिल्लाहरूमा महिला घरमुली हुने परिवारको प्रतिशत तथा यसको उमेर संरचना देखाइएको छ । नेपालमा जम्मा २५.७ प्रतिशत घरमा महिला घरमुली रहेका छन् भने प्रदेश नं. १ मा केही बढी अर्थात् २६.३ प्रतिशत घरमा महिला घरमुली रहेका छन् । प्रदेश नं. १ मा कम उमेरको घरमुली भएको अवस्थामा महिला घरमुली हुने प्रतिशत सामान्यतया बढी देखिन्छ । जिल्लागत फरक पनि केही हदसम्म देखिन्छ, जस अनुसार उदयपुरमा सबैभन्दा बढी (२९%) र इलाममा सबैभन्दा कम (१९.७%) घरमा महिला घरमुली रहेका छन् ।

## तालिका ३.४ महिला घरमुली हुने परिवारको प्रतिशत, २०११

| जिल्ला | सबै उमेर समूह | घरमुलीको उमेर समूह | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १०-१४ | १५-१९ | २०-२९ | ३०-३९ | ४०-४९ | ५०-५९ | ६०-६९ | ७०+ |
| ताप्लेजुङ | २७.५ | ५३.३ | ४५.० | ४६.६ | ३३.४ | २१.२ | १९.१ | २४.२ | २४.४ |
| पाँचथर | २७.५ | ४६.१ | ५०.८ | ४९.० | ३५.२ | २२.० | १७.० | २०.२ | २१.९ |
| इलाम | १९.७ | ५०.० | ४६.५ | ३६.३ | २३.७ | १४.६ | १३.१ | १६.५ | १८.१ |
| झापा | २६.९ | ४४.५ | ४७.० | ४७.५ | ३३.० | २०.७ | १८.९ | २२.४ | २१.८ |
| मोरङ | २५.४ | ३९.१ | ३७.८ | ४१.१ | ३०.८ | २०.९ | १७.३ | २०.५ | २१.२ |
| सुनसरी | २६.० | ४२.१ | ४१.४ | ४२.३ | २९.६ | २०.२ | १७.८ | २२.१ | २४.३ |
| धनकुटा | २९.३ | ५८.१ | ४५.२ | ५२.३ | ३८.३ | २२.८ | १७.९ | २०.९ | २३.३ |
| तेह्रथुम | २८.३ | ६३.६ | ४८.८ | ५०.५ | ३७.३ | २३.३ | १८.४ | २१.९ | २३.१ |
| संखुवासभा | २७.४ | ३५.३ | ४५.० | ४५.२ | ३०.२ | २१.२ | २०.२ | २४.६ | २८.४ |
| भोजपुर | २७.४ | ५३.१ | ४४.७ | ४५.१ | ३१.२ | २२.६ | २१.१ | २५.९ | २६.० |
| सोलुखुम्बु | २२.९ | ३४.५ | ४१.३ | २९.७ | २१.८ | १९.८ | १८.७ | २४.४ | २८.० |
| ओखलढुङ्गा | २८.४ | ३७.० | ४८.४ | ४८.४ | ३४.३ | २३.४ | १९.५ | २५.० | २८.२ |
| खोटाङ | २६.७ | ४०.६ | ४७.० | ४७.५ | ३३.६ | २२.३ | १८.१ | २२.० | २३.२ |
| उदयपुर | २९.० | ५१.६ | ५२.२ | ४८.८ | ३४.४ | २२.१ | १८.८ | २२.६ | २२.० |
| प्रदेश नं. १ | २६.३ | ४४.६ | ४४.१ | ४४.३ | ३१.४ | २०.८ | १८.० | २१.८ | २३.१ |
| नेपाल | २५.७ | ३५.५ | ३९.२ | ४१.१ | ३०.७ | २०.५ | १७.० | २१.१ | २२.८ |

*स्रोतः CBS 2012, National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

### ३.२ जनसंख्याको संरचना

तालिका ३.५ मा प्रदेश नं. १ को जनसंख्याको उमेर र लिङ्ग अनुसारको संख्या तथा उमेर विशिष्ट लैङ्गिक अनुपात देखाइएको छ । केन्द्रिय तथ्याङ्क विभागले प्रकाशित गरेको वि.सं.२०६८ को जनगणनाको नतिजा अनुसार ०-१४ वर्षसम्म उमेर समूहको पुरुषको संख्या बढी, १५-४९ वर्षसम्मका उमेर समूहमा महिलाको संख्या बढी, ५०-८४ वर्ष उमेर समूहसम्म लगभग महिला पुरुष बराबर तथा ८५ वर्ष माथि महिला बढी भएको देखिन्छ । प्रदेश नं. १ को उमेर अनुसारको लैङ्गिक अनुपातलाई नेपालको उमेर-लैङ्गिक अनुपातसँग तुलना गर्दा त्यति फरक देखिँदैन, लगभग उस्तै स्वरूप देखिन्छ । १५-४९ उमेर समूहमा पुरुषको संख्या प्रष्ट रूपमा कम रहेको हुनुले वैदेशिक रोजगारीका कारण विदेशिएकाहरूको जनसंख्या मध्ये पुरुषको बाहुल्यता अधिक रहेको अवस्थाको संकेत गर्छ ।

## तालिका ३.५ प्रदेश नं. १ मा उमेर अनुसारको जनसंख्या वितरण, २०११

| उमेर समूह | जम्मा जनसंख्या | महिला | पुरुष | लैङ्गिक अनुपात | |
|---|---|---|---|---|---|
| | | | | प्रदेश नं. १ | नेपाल |
| ०-४ | ४,०५,२८८ | १,९८,९८९ | २,०६,२९९ | १०३.७ | १०४.९ |
| ५-९ | ५,१२,२४२ | २,५२,९७३ | २,५९,२६९ | १०२.५ | १०४.२ |
| १०-१४ | ५,७३,५०२ | २,८३,३७४ | २,९०,१२८ | १०२.४ | १०३.१ |
| १५-१९ | ५,१८,७०६ | २,६७,१११ | २,५१,५९५ | ९४.२ | ९६.९ |
| २०-२४ | ३,९५,३९८ | २,२९,७१५ | १,६५,६८३ | ७२.१ | ७९.४ |
| २५-२९ | ३,४८,४५९ | २,०३,१६८ | १,४५,२९१ | ७१.५ | ७८.९ |
| ३०-३४ | २,९३,६८६ | १,६५,९०९ | १,२७,७७७ | ७७.० | ७९.९ |

| उमेर समूह | जम्मा जनसंख्या | महिला | पुरुष | लैङ्गिक अनुपात | |
|---|---|---|---|---|---|
| | | | | प्रदेश नं. १ | नेपाल |
| ३५-३९ | २,७५,०९६ | १,५०,९१५ | १,२४,१८१ | ८२.३ | ८५.७ |
| ४०-४४ | २,५०,९०३ | १,३२,६०३ | १,१८,३०० | ८९.२ | ९१.० |
| ४५-४९ | २,१८,३३४ | १,१२,५७२ | १,०५,७६२ | ९४.० | ९६.२ |
| ५०-५४ | १,९५,३१६ | ९७,६७६ | ९७,६४० | १००.० | १०१.३ |
| ५५-५९ | १,५४,९८२ | ७६,८८९ | ७८,०९३ | १०१.६ | १०१.९ |
| ६०-६४ | १,३६,२०९ | ६८,४८३ | ६७,७२६ | ९८.९ | ९४.९ |
| ६५-६९ | ९७,७५७ | ४८,३३८ | ४९,४१९ | १०२.२ | १००.४ |
| ७०-७४ | ७०,२१९ | ३४,२४२ | ३५,९७७ | १०५.१ | १०२.१ |
| ७५-७९ | ४५,६९४ | २२,९४० | २२,७५४ | ९९.२ | ९९.६ |
| ८०-८४ | २५,२२१ | १२,७३४ | १२,४८७ | ९८.१ | ९५.१ |
| ८५-८९ | ११,५१८ | ५,९८४ | ५,५३४ | ९२.५ | ९६.६ |
| ९०-९४ | ४,२६८ | २,४५१ | १,८१७ | ७४.१ | ७८.५ |
| ९५+ | २,१४५ | १,३४१ | ८०४ | ६०.० | ६०.० |
| **जम्मा** | **४५,३४,९४३** | **२३,६८,४०७** | **२१,६६,५३६** | **९१.५** | **९४.२** |

*स्रोत: CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

प्रदेश नं. १ को जनसंख्याको उमेर-लिङ्ग संरचनालाई जनसंख्या पिरामिडमा समेत प्रस्तुत गरिएको छ । सन् २०११ को जनगणना अनुसार १०-१४ वर्ष उमेर समूहमा जनसंख्याको सबै भन्दा ठूलो हिस्सा रहेको छ । त्यो उमेर समूह वर्तमानमा (सन् २०१९) २०-२४ वर्ष उमेर समूहमा प्रवेश गरिसकेको छ । यसको अर्थ, अहिले प्रदेश नं. १ मा युवाहरूको ठूलो जमात रहेको छ । यो जमात आफ्नो पेसा सुरु गर्ने, सुरु गरिसकेको पेसा सम्हाल्ने तथा पेसामा स्थापित हुन चाहने मात्र नभई प्रजनन उमेर समूह समेतमा पर्दछ । त्यसैले यो जमात ठूलो भएको अवस्था एक विशेष जनसांख्यिक अवस्था हो । अर्कोतिर, काम गर्ने उमेर समूहहरूमा यस प्रदेश नं. १ मा पनि पुरुषहरूको संख्या कम भएको जनसंख्या पिरामिडमा प्रस्ट देख्न सकिन्छ । यो वैदेशिक रोजगारीमा जानेको कारणले भएको हो । जनसंख्या पिरामिडमा आधार खुम्चिँदै गएको अवस्थाले भविष्यमा जनसंख्या बुढ्यौली तिर जाने निश्चित रहेको संकेत गर्दछ । त्यसैले, बुढ्यौली जनसंख्याको व्यवस्थापन पनि भविष्यमा प्रदेश नं. १ को एक चुनौती हुन सक्ने देखिन्छ ।

चित्र ३.२ प्रदेश नं. १ को जनसंख्या पिरामिड




सन् २०११ को जनसंख्यालाई आधार मानी नेपालको जनसंख्या प्रक्षेपण गरिएको छ । तालिका ३.६ मा प्रदेश नं. १ को प्रक्षेपित जनसंख्या देखाइएको छ । मध्यम स्तरको जनसंख्या परिवर्तनको आधार (Medium variant population projection) प्रयोग गरी प्रक्षेपण गरिएको जनसंख्या उक्त तालिकामा प्रस्तुत गरिएको छ । सन् २०३१ मा प्रदेशको जनसंख्या ५४ लाख हुने अनुमान गरिएको छ । प्रक्षेपित जनसंख्याको संरचना हेर्दा, सन् २०११ मा रहेको बालबालिका (०-१४ वर्ष उमेर समूह) को हिस्सा ३३ प्रतिशतबाट घटेर २०३१ मा २५ प्रतिशत रहने अनुमान गरिएको छ । त्यस्तै ६५ वर्ष माथिको जनसंख्याको हिस्सा सोही अवधिमा ६ प्रतिशतको हाराहारीबाट बढेर ७ प्रतिशत पुग्ने देखिएको छ । त्यसैगरी सक्रिय रहने उमेर समूह (१५-६४ वर्ष) को जनसंख्याको हिस्सा आधार वर्षमा लगभग ६२ प्रतिशत रहेकोमा सन् २०३१ मा वृद्धि भई ६८ प्रतिशत पुग्ने देखिन्छ ।

सामान्यतया, सक्रिय जनसंख्याको हिस्सा आधा (५०%) भन्दा बढी भएको अवस्था जनसांख्यिक लाभको अवस्था हो भनिन्छ । नेपाल अहिले त्यो जनसांख्यिक लाभको स्थितिमा प्रवेश गरिसकेको छ । प्रदेश नं. १ पनि सोही स्थितिमा छ र आगामी दिनहरूमा पनि सो स्थिति बनी रहने देखिन्छ । तर निश्चित समय पछि (कम्तीमा सन् २०३१ पछि) यस्तो अवस्थामा परिवर्तन आउँछ । घटेको प्रजनन दरको असरले काम गर्ने उमेर समूहमा प्रवेश गर्ने समूह सानो हुँदै जाने तथा अहिले काम गर्ने उमेर समूहमा रहेको ठूलो जमात बूढो हुँदै जाने हुँदा बुढ्यौली जनसंख्याको हिस्सा छिटो बढ्न थाल्छ । फलस्वरूप काम गर्ने उमेर समूहको जनसंख्याको हिस्सा घट्न थाल्छ । जनसांख्यिक संक्रमणको चरणहरूमा यस्तो जनसांख्यिक लाभको स्थिति इतिहासमा एक पटक आउँछ र यो बेलामा प्रदेश नं. १ तथा देशले यो लाभको स्थितिलाई सदुपयोग गर्ने ठोस योजना बनाउनु पर्दछ । यस्तो स्थिति विकासको लागि एक महत्त्वपूर्ण अवसर पनि हो । चीन तथा भारत जस्ता ठूला जनसंख्या भएका देश समेत यस किसिमको जनसांख्यिक लाभ लिने तर्फ उन्मुख रहेका छन् ।

जनसंख्या क्रमशः बुढ्यौली तिर उन्मुख हुँदै गएको कुरा मध्यिका उमेर बढ्दै जानुले पनि देखाउँछ । जनगणना वर्ष २०११ मा आधा जनसंख्या २३ वर्ष वा सो भन्दा मुनिका रहेकोमा सन् २०३१ मा आधा जनसंख्या लगभग ३० वर्ष मुनिका हुनेछन् । वृद्ध आश्रित अनुपात बढ्दै गए पनि बाल आश्रित अनुपात निकै छिटो घटेकोले सन् २०३१ सम्मका लागि यस प्रदेशको आश्रित अनुपात घट्दै गएको (सन् २०११ मा ६३%, सन् २०३१ मा ४७%) अवस्था छ । तर त्यसपछि पनि यस्तै अवस्था रहि रहने छैन ।

**तालिका ३.६ जनसंख्या प्रक्षेपणको सारांश, प्रदेश नं. १**

| जनसंख्या | २०११ | २०१९ | २०२१ | २०३१ |
|---|---|---|---|---|
| जम्मा | ४५,३४,९४३ | ४८,९८,२९८ | ४९,८५,८८१ | ५४,०६,५६० |
| महिला | २३,६८,४०७ | २५,७६,६७४ | २६,२७,२४६ | २८,७४,८१६ |
| पुरुष | २१,६६,५३६ | २३,२१,६२४ | २३,५८,६३५ | २५,३१,७४४ |
| **उमेर समूह अनुसारको जनसंख्या (%)** | | | | |
| ०-१४ | ३२.९ | २९.२ | २८.४ | २५.३ |
| ०-४ | ८.९ | १०.१ | १०.० | ७.८ |
| ५-१४ | २३.९ | १९.१ | १८.४ | १७.५ |
| १५-६४ | ६१.५ | ६५.० | ६५.७ | ६७.८ |
| १५-२४ | २०.२ | २१.४ | २१.३ | १६.४ |
| ६५+ | ५.७ | ५.८ | ५.९ | ६.८ |
| ६५-७४ | ३.७ | ३.९ | ३.९ | ४.६ |
| ७५+ | २.० | १.९ | २.० | २.२ |
| मध्यिका उमेर (वर्ष) | २३.३ | २४.७ | २५.४ | २९.७ |
| १५-४९ का महिलाको प्रतिशत | ५३.३ | ५६.१ | ५६.५ | ५५.८ |
| आश्रित अनुपात | ६२.७ | ५३.९ | ५२.१ | ४७.४ |
| वृद्ध आश्रित अनुपात | ९.२ | ९.० | ९.० | १०.० |
| बाल आश्रित अनुपात | ५३.५ | ४५.० | ४३.२ | ३७.४ |

#मध्यम स्तरको जनसंख्या प्रक्षेपण (Medium variant population projection) लाई आधार मानेर गणना गरिएको

*स्रोतः CBS. 2012. National Population and Housing Census 2011; Population Projection 2011-2031 बाट गणना गरिएको*

## ३.३ जनसंख्या परिवर्तनका कारक तत्त्वहरूको स्थिति

यस खण्ड अन्तर्गत जनसंख्या परिवर्तनका तीन कारक तत्त्वहरूको स्थितिको बारेमा चर्चा गरिएको छ ।

### ३.३.१ विवाह तथा प्रजनन

सन् २००१ को जनगणनाको तथ्याङ्कलाई आधार मानेर प्रदेश नं. १ को १० वर्ष माथिको जनसंख्याको वैवाहिक स्थितिको चर्चा गरिएको छ । तालिका ३.७ अनुसार, प्रदेश नं. १ मा २१ लाख ६७ हजार मानिस हाल विवाहित अवस्थामा रहेका छन् भने एक लाख भन्दा बढी विधवा/विदुरहरू छन् । त्यस्तै सम्बन्ध विच्छेद भएका तथा छुट्टिएर बसेकाहरूको संख्या पनि उल्लेखनीय छ । समग्र नेपाल, प्रदेश नं. १ अन्तर्गतका सबै जिल्लाहरूमा विवाहित मध्ये पुरुषभन्दा महिलाको संख्या उल्लेखनीय रूपमा बढी तथा अविवाहितहरू मध्ये महिलाभन्दा पुरुषको संख्या उल्लेखनीय रूपमा बढी रहेको छ । त्यस्तै, विदुरहरूको संख्या भन्दा विधवाहरूको संख्या तीन गुणा भन्दा बढी रहेको छ र यस्तै अवस्था (लगभग २ देखि ४ गुणा बढी) सबै जिल्लामा छ । विस्तृत जिल्लागत विवरण तालिका ३.७ मा देखाइएको छ ।

**तालिका ३.७ प्रदेश नं. १ मा वैवाहिक स्थिति अनुसार १० वर्ष माथिको जनसंख्या विवरण, २०११**

| | लिङ्ग | अविवाहित | विवाहित | विधवा/ विधुर | सम्बन्ध विच्छेद भएका | छुट्टिएका |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | जम्मा | १३,२४,८४५ | २१,६५,६६० | १,११,९२३ | ४,३०६ | १०,६७९ |
| | पुरुष | ६,९९,१९५ | ९,६९,७१४ | २६,७८१ | २,०५४ | ३,२२४ |
| | महिला | ६,२५,६५० | ११,९५,९४६ | ८५,१४२ | २,२५२ | ७,४५५ |
| नेपाल | जम्मा | ७३,८३,१८६ | १,२६,१५,७९९ | ६,५९,८३७ | २३,१८९ | ३९,६७१ |
| | पुरुष | ४०,१४,५२१ | ५६,९८,६७४ | १,६१,२३१ | ११,६७४ | १२,८०८ |
| | महिला | ३३,६८,६६५ | ६९,१७,१२५ | ४,९८,६०६ | ११,५१५ | २६,८६३ |

*स्रोत: CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

प्रदेश नं. १ का महिलाहरूको वर्तमानमा रहेको प्रजनन दर तालिका ३.८ मा देखाइएको छ । यी प्रजनन दर नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ को तथ्याङ्कबाट गणना गरिएका हुन् । सर्वेक्षण गर्दाको समयबाट ३ वर्ष सम्मको जन्मको सूचनाका आधारमा यी दर निकालिएका छन् । उमेर विशिष्ट प्रजनन दर हेर्दा, किशोरावस्था (१५-१९ वर्ष) मा पनि प्रति हजार महिलाहरू माझ ८० जना बच्चा रहेको देखिन्छ, जुन नेपालको औसत भन्दा ८ बच्चा कम हो, तथापि आफैमा यो भनेको उच्च मान हो । सबैभन्दा उच्च प्रजनन हुने उमेर समूह, समूह २०-२४ वर्ष हो, जहाँ प्रति हजार महिलामा १७२ जना बच्चा हुन्छन् । त्यसपछिका उमेर समूहहरूमा प्रजनन दर घट्दै गएको छ । प्रदेशको कुल प्रजनन नेपालको औसत दरसँग बराबर छ । अहिलेकै उमेर विशिष्ट प्रजनन दर कायम भएको खण्डमा प्रजनन उमेर समूहका महिलाहरू माझ औसतमा जम्मा प्रति दश महिलामा २३ बच्चाहरू जन्मेका हुन्छन् । प्रदेश नं. १ को प्रजनन दर जनसंख्या प्रतिस्थापनको लागि चाहिने प्रजनन दर २.१ को नजिक पुगेको अवस्था छ ।

**तालिका ३.८ उमेर विशिष्ट तथा कुल प्रजनन दर**

*(प्रति हजार महिलामा)*

| उमेर समूह (वर्ष) | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| १५-१९ | ८० | ८८ |
| २०-२४ | १७२ | १७२ |
| २५-२९ | १०९ | १२४ |
| ३०-३४ | ७० | ५९ |
| ३५-३९ | २३ | १८ |
| ४०-४४ | १३ | ६ |
| ४५-४९ | ० | २ |
| कुल प्रजनन दर (प्रति महिला) | २.३ | २.३ |

*स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ बाट गणना गरिएको*

प्रदेश नं. १ र नेपालको प्रजनन दरको उमेर संरचनालाई चित्र ३.३ मा प्रस्तुत गरिएको छ । चित्र अनुसार, प्रदेश नं. १ को प्रजननको उमेर संरचना नेपालको औसत उमेरसँग लगभग मिल्दोजुल्दो छ । कम उमेरमै उच्च प्रजनन हुनु (२०-२४ वर्ष उमेर समूहमा) नेपालको प्रजननको पहिलेदेखि कै विशेषता हो । यो कुरा कम उमेरमै विवाह गर्ने तथा विवाह पश्चात् छिट्टै सन्तान चाहने सांस्कृतिक प्रचलनसँग पनि जोडिएको छ ।

**चित्र ३.३ प्रजनन दरको उमेर संरचना**




*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६ बाट गणना गरिएको*

### ३.३.२ मृत्यु दर तथा जीवन तालिका

प्रदेश नं. १ को मृत्यु दरको अध्ययनको लागि नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ बाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ । कोरा तथा उमेर विशिष्ट मृत्यु दर प्रत्यक्ष विधिबाट निकाल्न आवश्यक भरपर्दो तथ्याङ्क उपलब्ध नभएकोले सोही सर्वेक्षणको आधारमा प्रादेशिक तहमा निकाल्न सकिने केही सूचकहरू मात्र यस प्रतिवेदनमा समेटिएको छ ।

जन्मिए देखि पाँच वर्ष सम्मको समयमा मृत्युको जोखिम सबैभन्दा बढी हुने भएकोले यो अवधिका मृत्यु दरको अध्ययनको विशेष महत्त्व हुन्छ । तालिका ३.९ मा जन्मिए देखि पाँच वर्षसम्म हुने मृत्यु दर देखाइएको छ । बालबालिकाहरूमा हुने मृत्युको सन्दर्भमा प्रदेश नं. १ को समग्र अवस्था नेपालको जस्तै छ । नवजात शिशु मृत्यु दर नेपालको भन्दा प्रदेश नं. १ को केही बढी छ भने अरू सबै दर नेपालको भन्दा प्रदेश नं. १ मा केही कम नै छन् । नेपालमा शिशु मृत्यु दर घट्दै गएको भएपनि नवजात शिशु मृत्यु दर तुलनात्मक रूपमा उच्च नै छ, जुन प्रदेश नं. १ मा पनि छ । शिशु मृत्युदर थप घटाउन नवजात शिशु मृत्यु दर घटाउने उपायहरूमा जोड दिनुपर्ने देखिन्छ ।

**तालिका ३.९ जन्मेको पाँच वर्षसम्म हुने मृत्यु दर**

| मृत्युदर | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| नवजात शिशु मृत्युदर (Neonatal mortality rate) | २२ | २१ |
| पश्च नवजात शिशु मृत्युदर (Post-neonatal mortality rate) | ९ | १२ |
| शिशु मृत्युदर (Infant mortality rate) | ३१ | ३२ |
| बाल मृत्युदर (Child mortality rate) | ५ | ६ |
| पाँच वर्ष मुनिको मृत्युदर (Under five mortality rate) | ३६ | ३९ |
| एकाइ | प्रति १००० जीवित जन्ममा | |
| सन्दर्भ समयावधि | १० वर्ष | ५ वर्ष |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६*

जन्मदाको अपेक्षित आयु वा जीवन प्रत्याशा अर्को महत्त्वपूर्ण सूचक हो, जसले सबै उमेर विशिष्ट मृत्यु दरलाई समेटेर एकै सूचकमा व्यक्त गर्दछ । आजको दिनमा जन्मेको बच्चा कति वर्ष बाँच्ने अपेक्षा गर्न सकिन्छ भन्ने प्रश्नको उत्तर नै

अपेक्षित आयु हो । यो निकाल्नको लागि जीवन तालिका (life table) को आवश्यकता पर्दछ । प्रदेशको जीवन तालिका प्रत्यक्ष किसिमले निकाल्न प्रदेशको लागि प्रतिनिधित्व गर्ने उमेर विशिष्ट मृत्यु दर को आवश्यकता हुन्छ । त्यो तथ्याङ्क स्पष्ट नभएकोले यहाँ अप्रत्यक्ष जनसांख्यिक विधि प्रयोग गरी जीवन तालिका निर्माण गरिएको छ ।

यहाँ नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ को तथ्याङ्क अनुसारको पाँच वर्ष मुनिको मृत्युदर (Under five mortality rate) लाई MORTPAK Software मा प्रयोग गरी MATCH विधि अपनाएर नमुना जीवन तालिका छनोट गरिएको छ । पाँच वर्ष मुनिको मृत्युदर प्रयोग गरी निकालिने नमुना जीवन तालिकाको शिशु मृत्यु दरसँग MATCH गराउँदा Coale and Demeny Regional Model life Tables को West Model सँग बढी नजिक पाइएकोले Coale and Demeny Regional Model life Tables को West Model लाई नै प्रदेश नं. १ तथा नेपालको नमुना जीवन तालिका भनी मानिएको छ । यो एक अप्रत्यक्ष विधि हो र यसबाट गरिने अनुमानहरू यथार्थको नजिक हुने भएपनि वास्तविक तथ्याङ्क प्रयोग गरी निकालिने जीवन तालिका भन्दा केही भिन्न हुन सक्छन् । त्यस्तै, अन्य जनसांख्यिक विधिहरू प्रयोग गरी जीवन तालिका निकालिएको खण्डमा केही फरक नतिजा आउन सक्छ ।

यसरी पुरुष तथा महिलाको लागि निकालिएका जीवन तालिकाहरू परिशिष्ट ४ र ५ मा राखिएका छन् भने तिनीहरूबाट प्राप्त सारांश तालिका ३.१० मा देखाइएको छ । प्रदेश नं. १ का महिलाको अपेक्षित आयु ७०.३ वर्ष तथा नेपालको ६९.६ वर्ष रहेको छ भने पुरुष तर्फ प्रदेश नं. १ को ६९.५ वर्ष र नेपालको ६८.९ वर्ष रहेको छ । यसरी हेर्दा, नेपालको तुलनामा प्रदेश नं. १ मा मानिसहरूको अपेक्षित आयु केही बढी रहेको अवस्था छ । १५-५९ वर्ष तथा ६०-७९ वर्ष उमेरको बीचमा मृत्युको सम्भावना पनि प्रदेश नं. १ र नेपालमा उस्तै नै छ । यसबाट प्रदेश नं. १ तथा नेपालमा मृत्यु दरको स्थिति समग्रमा उस्तै-उस्तै रहेको मान्न सकिन्छ । प्रदेश नं. १ मा ७५ वर्ष पुगेका महिलाको औसतमा थप ८.४ वर्ष तथा पुरुषको थप ८ वर्ष बाँच्ने सम्भावना रहन्छ । त्यस्तै, ८० वर्ष पुग्दा, महिला तथा पुरुष क्रमशः थप ६.२ तथा ६ वर्ष बाँच्ने सम्भावना रहन्छ ।

**तालिका ३.१० जीवन तालिकाबाट प्राप्त सारांश**

| सूचकहरू | प्रदेश नं. १ | | नेपाल | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| जीवन प्रत्याशा (वर्ष) | ७०.३ | ६९.५ | ६९.६ | ६८.९ |
| शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३१.४ | २८.१ | ३३.० | ३०.० |
| पाँच वर्ष मुनिको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३८ | ३३ | ४१ | ३६ |
| १५-५९ उमेर भित्र मृत्यु हुने सम्भावना | ०.१५ | ०.१६४ | ०.१५८ | ०.१७२ |
| ६०-७९ उमेर भित्र मृत्यु हुने सम्भावना | ०.५६९ | ०.६२५ | ०.५७६ | ०.६३२ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ को तथ्याङ्क अप्रत्यक्ष विधिबाट विश्लेषण गरी गणना गरिएको*

### ३.३.३ बसाइँसराइ

जनसंख्या परिवर्तनको अर्को प्रमुख तत्त्व बसाइँसराइको स्थितिको लागि सन् २०११ को जनगणनाको तथ्याङ्कलाई प्रमुख आधार मानिएको छ । बसाइँसराइको एक सूचकको रूपमा लिइने अनुपस्थित व्यक्ति हुने घरपरिवारको तथ्याङ्क तालिका ३.११ मा प्रस्तुत गरिएको छ । यहाँ अनुपस्थित भन्नाले देश बाहिर रहेका सदस्यलाई सम्झनु पर्दछ । प्रदेश नं. १ मा सदस्य अनुपस्थित हुने घर-परिवार २८ प्रतिशत रहेका छन्, जुन नेपालको (२५%) भन्दा अलि बढी हो । प्रदेश नं.

१ मा ४० हजार महिला सहित ३ लाख ५७ हजार मानिस जनगणनाको समयमा घरबाट अनुपस्थित रहेका छन् । यसरी प्रदेश नं. १ मा जम्मा अनुपस्थित मध्ये ११ महिला छन्, जुन नेपालको औसत (१२%) भन्दा केही कम हो । प्रदेश नं. १ भित्र जिल्ला तहमा अनुपस्थित व्यक्ति हुने घर-परिवारको प्रतिशत तेह्रथुममा सबैभन्दा बढी (३५.५%) तथा सोलुखुम्बुमा सबैभन्दा कम (१८%) रहेको छ । जिल्ला तहमा अनुपस्थित जनसंख्या मध्ये महिलाको प्रतिशत सोलुखुम्बुमा सबैभन्दा उच्च (१६%) तथा तेह्रथुममा सबैभन्दा कम (५%) रहेको छ । संख्यात्मक हिसाबमा, झापा जिल्लामा सबैभन्दा बढी पुरुष (६८,९२८ जना) तथा महिला (११,६७९ जना) अनुपस्थित रहेका छन् । सबैभन्दा धेरै प्रतिशत जनसंख्या अनुपस्थित रहने नेपालका १० प्रमुख जिल्लाहरूमा प्रदेश नं. १ को झापा (९.९%) र मोरङ (७.३%) जिल्ला पर्दछन् ।

**तालिका ३.११ अनुपस्थित व्यक्ति हुने घर-परिवार तथा अनुपस्थित जनसंख्याको विवरण**

| जिल्ला | जम्मा घर-परिवार संख्या | अनुपस्थित व्यक्ति हुने घर-परिवार संख्या | अनुपस्थित जनसंख्या | | | अनुपस्थित व्यक्ति हुने घर-परिवारको प्रतिशत | अनुपस्थित महिलाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला | | |
| ताप्लेजुङ | २६,४७१ | ७,७४५ | ९,७९३ | ९,११४ | ६७९ | २९.३ | ६.९ |
| पाँचथर | ४१,१७६ | १४,०४१ | १७,८४२ | १६,६०५ | १,२३७ | ३४.१ | ६.९ |
| इलाम | ६४,४७७ | १६,८४६ | २१,४८६ | १८,९४९ | २,५३७ | २६.१ | ११.८ |
| झापा | १,८४,३८४ | ५९,५४५ | ८०,६२५ | ६८,९२८ | ११,६९७ | ३२.३ | १४.५ |
| मोरङ | २,१३,८७० | ५४,२२० | ७०,४६२ | ६२,०६४ | ८,३९८ | २५.४ | ११.९ |
| सुनसरी | १,६२,२७९ | ३७,९८४ | ५०,२८१ | ४३,३८१ | ६,८९४ | २३.४ | १३.७ |
| धनकुटा | ३७,६१६ | ११,८०४ | १४,४१५ | १३,५३८ | ८७६ | ३१.४ | ६.१ |
| तेह्रथुम | २२,०८४ | ७,८३२ | ९,७९१ | ९,२७३ | ५१८ | ३५.५ | ५.३ |
| संखुवासभा | ३४,६१५ | ९,५८९ | १२,१९८ | ११,३३५ | ८६३ | २७.७ | ७.१ |
| भोजपुर | ३९,३९३ | ११,५५९ | १४,८६३ | १३,८२२ | १,०४१ | २९.३ | ७.० |
| सोलुखुम्बु | २३,७५८ | ४,२३८ | ५,६१७ | ४,७३० | ८८७ | १७.८ | १५.८ |
| ओखलढुङ्गा | ३२,४६६ | ७,७१२ | १०,५५२ | ९,३७१ | १,१८१ | २३.८ | ११.२ |
| खोटाङ | ४२,६४७ | १३,६४४ | १७,६६२ | १६,५०४ | १,१५८ | ३२.० | ६.६ |
| उदयपुर | ६६,५१४ | १७,७५८ | २२,०६० | २०,०३६ | २,०२४ | २६.७ | ९.२ |
| प्रदेश नं. १ | ९,९१,७५० | २,७४,५१७ | ३,५७,६४७ | ३,१७,६५० | ३९,९९० | २७.७ | ११.२ |
| नेपाल | ५४,२३,२९७ | १३,७८,६७८ | १९,२१,४९४ | १६,८४,०२९ | २,३७,४०० | २५.४ | १२.४ |

*स्रोतः CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

जिल्लागत तहमा बसाइँ सरी आउने तथा जानेको थप विस्तृत विवरणको लागि जनगणनाको १ वर्ष अवधि भित्र अन्तर जिल्ला बसाइँ सर्नेहरूको तथ्याङ्क निकालिएको छ । यस्तो एक वर्ष भित्र हुने बसाइँसराइलाई तात्कालिक बसाइँसराइ (Current Migration) भनिन्छ । यसले हालसालै भएको बसाइँसराइको अवस्थालाई प्रस्ट पार्दछ । Population Monograph 2014 Vol. 1 मा उल्लेख भए अनुसार, अन्तरजिल्ला बसाइँसराइमा अरू जिल्लाबाट जनसंख्या प्राप्त गर्ने नेपालका १० प्रमुख जिल्लाहरूमा प्रदेश नं. १ का मोरङ र सुनसरी जिल्ला पनि पर्दछन् र मोरङ-सुनसरी आदान-प्रदानका अलावा, भोजपुर, खोटाङ, झापा र धनकुटाबाट यी जिल्लाहरूमा जनसंख्या भित्रिन्छ । त्यस्तै, जिल्ला छोडी जाने जनसंख्याको अनुपात सबैभन्दा धेरै हुने नेपालका १० प्रमुख जिल्लाहरूमध्ये पाँच जिल्लाहरू - खोटाङ, भोजपुर, ताप्लेजुङ, तेह्रथुम र ओखलढुङ्गा यसै प्रदेशका हुन् । तर ती जिल्लाहरूबाट बसाइँ सरी जानेहरू पुग्ने जिल्लाहरूमा

काठमाडौं, ललितपुर र भक्तपुरको अलावा यसै प्रदेश भित्रका विशेषगरी मोरङ, सुनसरी र झापा तथा केही हदसम्म पाँचथर, धनकुटा र उदयपुर जिल्लापनि देखिएका छन् । यसरी हेर्दा, अन्तर जिल्ला बसाइँसराइमा धेरैजसो प्रदेश भित्रै भएको पनि मान्न सकिन्छ ।

तालिका ३.१२ मा प्रदेश नं. १ का विभिन्न जिल्लामा बसाई सरी आउने, बसाइँ सरी जाने तथा खुद बसाइँसराइ दर प्रस्तुत गरिएको छ । झापा, मोरङ र सुनसरी बाहेक सबै जिल्लाहरूमा खुद बसाइँसराइ दर ऋणात्मक छ । यसको अर्थ, बसाइँ सरेको कारणले जिल्लाको जनसंख्या घट्दो अवस्थामा छ । संख्यात्मक हिसाबमा, सबैभन्दा बढी जनसंख्या जिल्ला छोडी जाने खोटाङबाट र जिल्ला भित्र आउने मोरङमा देखिन्छन् ।

**तालिका ३.१२ प्रदेश नं. १ का विभिन्न जिल्लामा बसाइँ सरी आउने, जाने तथा खुद बसाइँसराइ दर**

| जिल्ला | जनसंख्या | बसाइँ सरी जाने | बसाइँ सरी आउने | बसाइँ सरी जाने दर | बसाइँ सरी आउने दर | खुद बसाइँसराइ दर |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | १,२७,४६१ | २,४६९ | २५९ | १९.४ | २.० | -१७.३ |
| पाँचथर | १,९१,८१७ | २,९०५ | ७९३ | १५.१ | ४.१ | -११.० |
| इलाम | २,९०,२५४ | २,०९८ | १,४४८ | ७.२ | ५.० | -२.२ |
| झापा | ८,१२,६५० | ४,२४४ | ६,४७५ | ५.२ | ८.० | २.७ |
| मोरङ | ९,६५,३७० | ४,४५२ | ८,२७९ | ४.६ | ८.६ | ४.० |
| सुनसरी | ७,६३,४८७ | ३,२४१ | ६,९९६ | ४.२ | ९.२ | ४.९ |
| धनकुटा | १,६३,४१२ | २,०४४ | १,२७३ | १२.५ | ७.८ | -४.७ |
| तेह्रथुम | १,०१,५७७ | १,९३५ | ३१७ | १९.० | ३.१ | -१५.९ |
| संखुवासभा | १,५८,७४२ | २,२६३ | ४६५ | १४.३ | २.९ | -११.३ |
| भोजपुर | १,८२,४५९ | ३,८५९ | ६२३ | २१.१ | ३.४ | -१७.७ |
| सोलुखुम्बु | १,०५,८८६ | १,१९४ | १५२ | ११.३ | १.४ | -९.८ |
| ओखलढुङ्गा | १,४७,९८४ | २,४६५ | १७८ | १६.७ | १.२ | -१५.५ |
| खोटाङ | २,०६,३१२ | ४,७४२ | ३१७ | २३.० | १.५ | -२१.४ |
| उदयपुर | ३,१७,५३२ | २,७४० | २६२८ | ८.६ | ८.३ | -०.४ |

*स्रोतः Population Monograph 2014 Vol. I मा प्रकाशित तालिकाबाट गणना गरिएको*

## ३.४ जनसंख्याका केही सामाजिक पक्ष

यस खण्डमा जनसंख्याका सामाजिक पक्षसँग सम्बन्धित विभिन्न विषयहरूमा प्रदेश नं. १ को स्थितिको बारेमा चर्चा गरिएको छ ।

### ३.४.१ ग्रामीण तथा शहरी जनसंख्या वितरण

संघीयता कार्यान्वयनसँगै स्थानीय तहको पुनर्संरचना हुँदा देशमा धेरै ग्रामीण इलाकाहरूलाई समेटेर नगरपालिका बनाइएको छ । धेरैजसो नगरपालिकामा एक सानो बजार क्षेत्र तथा वरिपरिको ठूलो ग्रामीण क्षेत्र पर्दछ र यहाँ बस्ने सबै जसो जनसंख्याको चरित्र ग्रामीण नै हुन्छ । नेपालमा नगरपालिकामा बस्ने जनसंख्यालाई नै शहरी जनसंख्या भनिन्छ । त्यसैले शहरी र ग्रामीण जनसंख्या भनेर छुट्याउन कठिन पनि भएको छ । तसर्थ, यहाँ, गाउँपालिका तथा नगरपालिकामा बस्ने जनसंख्या भनी उल्लेख गरिएको छ र प्रदेश नं. १ मा यसको विवरण तालिका ३.१३ मा दिइएको छ । राष्ट्रिय जनगणना सन् २०११ का अनुसार प्रदेश नं. १ मा ६० प्रतिशत जनता नगरपालिकामा बसोबास गर्दछन् भने नेपालमा नगरपालिकामा बस्नेहरू ६३ प्रतिशत रहेका छन् । प्रदेश नं. १ का जिल्लाहरूमध्ये नगरपालिकामा बस्नेहरू सबैभन्दा बढी सुनसरीमा ८० प्रतिशत रहेका छन् भने सबैभन्दा कम ओखलढुङ्गामा १९ प्रतिशत रहेका छन् ।

### तालिका ३.१३ गाउँपालिका तथा नगरपालिकामा बस्ने जनसंख्या

| जिल्ला | गाउँपालिका बस्ने जनसंख्या | नगरपालिकामा बस्ने जनसंख्या | नगरपालिकामा बस्ने जनसंख्याको प्रतिशत# |
|---|---|---|---|
| ताप्लेजुङ | १,००,०४२ | २६,४०६ | २०.९ |
| पाँचथर | १,४१,२९० | ४९,२०१ | २५.८ |
| इलाम | ९६,३६६ | १,९१,५६६ | ६६.५ |
| झापा | २,५५,७०९ | ५,५२,२२५ | ६८.४ |
| मोरङ | २,९२,४६३ | ६,६७,१०५ | ६९.५ |
| सुनसरी | १,५०,५०२ | ६,०२,७४२ | ८०.० |
| धनकुटा | ७७,९०१ | ८३,४९७ | ५१.७ |
| तेह्रथुम | ६४,२४० | ३६,५९३ | ३६.३ |
| संखुवासभा | ४९,५११ | १,०८,७११ | ६८.७ |
| भोजपुर | १,२२,४१५ | ५८,८१० | ३२.५ |
| सोलुखुम्बु | ८४,७२० | २०,३९९ | १९.४ |
| ओखलढुङ्गा | १,१८,८२९ | २७,९९५ | १९.१ |
| खोटाङ | १,२८,७९० | ७६,४३५ | ३७.२ |
| उदयपुर | ८०,७६६ | २,३४,६६३ | ७४.४ |
| प्रदेश नं. १ | १७,६३,५४४ | २७,३६,३४८ | ६०.८ |
| नेपाल | ९६,८७,६६९ | १,६७,३७,५८९ | ६३.३ |

*नोट : संस्थागत जनसंख्यालाई गणनामा समावेश गरिएको छैन ।* *स्रोतः राष्ट्रिय जनगणना, २०११*

सबैभन्दा बढी जनसंख्या भएको स्थानीय तह विराटनगर महानगरपालिका (२,१४,६६३) हो भने यो लगायत अरू दुई उप-महानगरपालिका इटहरी (१,४०,५१७) र धरान (१,३७,७०५) तथा मेचीनगर (१,११,७३७) नगरपालिका एक लाख भन्दा बढी जनसंख्या भएका स्थानीय तह हुन् । ७५ हजार देखि १ लाख सम्म जनसंख्या भएका स्थानीय तहको संख्या ५ रहेको छ । यी सबै नगरपालिका हुन् र यी मध्ये ४ वटा तराईमा तथा एउटा (उदयपुरको त्रियुगा) भित्रि मधेश तथा पहाडमा पर्दछ । त्यस्तै, १५ वटा नगरपालिकाको जनसंख्या ५० हजार देखि ७५ हजारको बिचमा रहेको छ । यी मध्ये इलामको सूर्योदय पहाडी क्षेत्रमा, उदयपुरको कटारी भित्रि मधेश तथा पहाडमा र बाँकी सबै तराई क्षेत्रमा पर्दछन् । जनसंख्याको आधारमा प्रदेश नं. १ मा रहेका स्थानीय तहको वर्गीकरण चित्र ३.४ मा देखाइएको छ ।

चित्र ३.४ जनसंख्या अनुसार स्थानीय तहहरूको संख्या




*स्रोतः राष्ट्रिय जनगणना, २०११*

२५ हजार देखि ५० हजार सम्म जनसंख्या भएका ३९ स्थानीय तहमध्ये १७ नगरपालिका तथा २२ गाउँपालिका रहेका छन् । यो समूहमा पर्ने प्रायजसो सबै नगरपालिकाहरू पहाडी क्षेत्रका तथा गाउँपालिका तराई क्षेत्रका रहेका छन् । सबैभन्दा धेरै ६७ वटा स्थानीय तहको जनसंख्या १० हजार देखि २५ हजारको बिचमा रहेको छ । यस समूहमा ५९ गाउँपालिका तथा ८ नगरपालिका रहेका छन् । यस समूहमा पर्ने नगरपालिका तथा गाउँपालिका सबै पहाडी तथा हिमाली क्षेत्रका रहेका छन् । त्यस्तै, ७ वटा गाउँपालिकाको जनसंख्या १० हजारभन्दा कम रहेको छ र यी मध्ये सबैजसो हिमाली क्षेत्रका रहेका छन् । प्रदेश नं. १ मा सबैभन्दा कम जनसंख्या भएको नगरपालिका संखुवासभाको मादी (१४,४७०) हो भने गाउँपालिका सोलुखुम्बुको लिखु पिके (५,५३४) हो । त्यस्तै, सबैभन्दा बढी जनसंख्या भएको गाउँपालिका झापाको कमल (४४,३६५) हो ।

### ३.४.२ धर्म

तालिका ३.१४ मा विभिन्न धर्म मान्नेहरूको संख्या देखाइएको छ । नेपालमा बहुसंख्यक (८०%) जनता हिन्दु धर्म मान्दछन् । प्रदेश नं. १ मा हिन्दु धर्म मान्नेहरूको संख्या ६७% छ, जुन राष्ट्रिय औसत भन्दा कम रहेको छ । हिन्दु पछि यस प्रदेशमा किराँत धर्म मान्नेहरू (१७%) रहेका छन् । त्यसपछि, बौद्ध (९.२%) तथा इस्लाम (३.६%) धर्म मान्नेहरू रहेका छन् । जिल्लागत रूपमा सबैभन्दा बढी हिन्दु धर्म मान्नेहरू झापा र मोरङमा (८०%), बौद्ध धर्म मान्नेहरू सोलुखुम्बुमा (२७%), किराँत धर्म मान्नेहरू पाँचथरमा (५२%), इस्लाम धर्मावलम्बी सुनसरीमा (११.५%) तथा इसाई धर्म मान्नेहरू इलाममा (२.५%) रहेका छन् ।

**तालिका ३.१४ धर्मको आधारमा जनसंख्या वितरण, २०११**

| जिल्ला | हिन्दू | बौद्ध | इस्लाम | किराँत | इसाई | प्रकृति | अन्य |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ३५.९ | २०.५ | ०.० | ४१.४ | १.५ | ०.० | ०.७ |
| पाँचथर | ३४.३ | ११.७ | ०.० | ५२.० | १.६ | ०.१ | ०.२ |
| इलाम | ४४.५ | १५.३ | ०.१ | ३५.६ | २.५ | १.३ | ०.७ |
| झापा | ७९.९ | ४.८ | ३.२ | ८.३ | १.९ | १.४ | ०.४ |
| मोरङ | ८०.३ | ४.१ | ४.७ | ६.५ | १.६ | २.३ | ०.४ |
| सुनसरी | ७३.३ | ४.४ | ११.५ | ६.९ | १.५ | १.९ | ०.५ |
| धनकुटा | ४९.२ | १३.६ | ०.१ | ३४.९ | १.८ | ०.१ | ०.३ |
| तेह्रथुम | ५२.२ | १२.५ | ०.० | ३३.९ | १.० | ०.१ | ०.२ |
| संखुवासभा | ४२.७ | २६.६ | ०.० | २८.८ | १.५ | ०.१ | ०.३ |
| भोजपुर | ५३.३ | १४.२ | ०.० | ३१.५ | ०.५ | ०.२ | ०.३ |
| सोलुखुम्बु | ४०.२ | २७.२ | ०.० | ३०.२ | २.२ | ०.१ | ०.२ |
| ओखलढुङ्गा | ७०.८ | १७.७ | ०.० | १०.२ | ०.९ | ०.१ | ०.३ |
| खोटाङ | ५८.८ | ७.३ | ०.० | ३१.४ | २.१ | ०.१ | ०.३ |
| उदयपुर | ७२.६ | १२.१ | ०.७ | ९.९ | २.४ | २.१ | ०.२ |
| प्रदेश नं. १ | ६६.६ | ९.२ | ३.६ | १७.१ | १.७ | १.३ | ०.४ |
| नेपाल | ८१.३ | ९.० | ४.४ | ३.० | १.४ | ०.५ | ०.३ |

*स्रोतः CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

### ३.४.३ अपाङ्गताको स्थिति

राष्ट्रिय जनगणना, २०११ मा व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, दृष्टि सम्बन्धी, श्रवण सम्बन्धी तथा बोली सम्बन्धी अपाङ्गता भएकाहरूको विवरण लिइएको थियो । तालिका ३.१५ मा प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा जनसंख्याको अपाङ्गताको स्थिति देखाइएको छ । माथि उल्लिखित मध्ये कुनै न कुनै प्रकारको अपाङ्गता भएकाहरूको विवरण प्रस्तुत गरिएको छ । प्रदेश नं. १ मा जम्मा २.१ प्रतिशत जनसंख्या कुनै न कुनै किसिमको अपाङ्गताको स्थितिमा रहेका छन्, जुन नेपालको औसत (१.९%) भन्दा केही बढी हो । प्रदेश नं. १ मा पुरुषहरू मध्ये २.४ प्रतिशत तथा महिलाहरू मध्ये १.८ प्रतिशत मा कुनै न कुनै किसिमको अपाङ्गता रहेको छ । जिल्लाहरूमध्ये धनकुटामा सबैभन्दा बढी (जम्मामा ३%, महिलामध्ये २.५% र पुरुषमध्ये ३.५%) तथा सुनसरीमा सबैभन्दा कम (जम्मामा १.४%, महिलामध्ये १.२% र पुरुषमध्ये १.६%) जनसंख्या कुनै न कुनै किसिमको अपाङ्गतामा रहेका छन् ।

**तालिका ३.१५ अपाङ्गता भएको जनसंख्या, २०११**

| जिल्ला | पुरुषको संख्या | प्रतिशत (जम्मा पुरुष मध्ये) | महिलाको संख्या | प्रतिशत (जम्मा महिला मध्ये) | अपाङ्गता भएकाको जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २,०५३ | ३.४ | १,६७७ | २.५ | ३,७३० | २.९ |
| पाँचथर | २,६६२ | ३.० | २,३८७ | २.३ | ५,०४९ | २.६ |
| इलाम | ४,२०८ | ३.० | ३,४२८ | २.३ | ७,६३६ | २.६ |
| झापा | ८,४६६ | २.२ | ६,९१० | १.६ | १५,३७६ | १.९ |
| मोरङ | ९,४९४ | २.० | ७,५५९ | १.५ | १७,०५३ | १.८ |
| सुनसरी | ५,८०० | १.६ | ४,६०९ | १.२ | १०,४०९ | १.४ |
| धनकुटा | २,६७० | ३.५ | २,२११ | २.५ | ४,८८१ | ३.० |
| तेह्रथुम | १,३७५ | २.९ | १,२५१ | २.३ | २,६२६ | २.६ |
| संखुवासभा | २,२१७ | २.९ | १,८३७ | २.२ | ४,०५४ | २.६ |
| भोजपुर | २,५३१ | २.९ | २,०८७ | २.२ | ४,६१८ | २.५ |
| सोलुखुम्बु | १,३९७ | २.७ | १,२१२ | २.२ | २,६०९ | २.५ |
| ओखलढुङ्गा | १,८७४ | २.७ | १,६१६ | २.० | ३,४९० | २.४ |
| खोटाङ | ३,०१७ | ३.१ | २,३११ | २.१ | ५,३२८ | २.६ |
| उदयपुर | ४,१९५ | २.८ | ३,५८६ | २.१ | ७,७८१ | २.५ |
| प्रदेश नं. १ | ५१,९५९ | २.४ | ४२,६८१ | १.८ | ९४,६४० | २.१ |
| नेपाल | २,८०,०८६ | २.२ | २,३३,२३५ | १.७ | ५,१३,३२१ | १.९ |

*स्रोतः CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

### ३.४.४ भाषाभाषी

बहुभाषिक देश नेपालमा बोलिने धेरैजसो भाषाहरू प्रदेश नं. १ मा पनि मातृभाषाको रूपमा बोलिन्छन् । जनगणना २०११ को तथ्याङ्क अनुसार प्रदेश नं. १ मा बोलिने मातृभाषाको संख्या ९३ रहेको छ । तालिका ३.१६ मा प्रदेश तथा अन्तर्गतका जिल्लाहरूमा बोलिने पाँच प्रमुख मातृभाषाहरू क्रमशः तथा ती पाँच भाषा बोल्नेहरूको जम्मा प्रतिशत र अन्य भाषा बोल्नेहरूको प्रतिशत देखाइएको छ । प्रदेश नं. १ मा बोलिने पाँच प्रमुख मातृभाषाहरूमा क्रमशः नेपाली (४२.७%), मैथिली (११.२%), लिम्बु (७.३%), थारू (३.९%) र वान्तवा (२.९%) रहेका छन् भने यी पाँच भाषा बोल्नेहरूको अंश ६८ प्रतिशत हुन आउँछ । बाँकी ३२ प्रतिशतले अन्य धेरै किसिमका भाषा बोल्छन् । ताप्लेजुङ (३८%) र पाँचथरमा (४०%) लिम्बु भाषा बोल्नेहरूको हिस्सा सबैभन्दा बढी छ भने बाँकी १२ जिल्लाहरूमा नेपाली भाषा बोल्नेहरूको हिस्सा सबैभन्दा बढी छ । यी दुई जिल्लाहरूमा पनि नेपाली भाषा बोल्नेहरूको हिस्सा लिम्बु भाषा बोल्नेकै हाराहारीमा (ताप्लेजुङमा ३७% र पाँचथरमा ३४%) रहेको छ । पाँच मुख्य मातृभाषा बोल्नेको प्रतिशत ताप्लेजुङमा सबैभन्दा बढी (९३%) तथा मोरङ तथा संखुवासभामा सबैभन्दा कम (७५%) रहेको छ ।

**तालिका ३.१६ प्रदेश नं. १ का जिल्लाहरूमा मातृभाषाको रूपमा बोलिने ५ प्रमुख भाषाहरू**

| जिल्ला | ५ प्रमुख मातृभाषाहरू (क्रमशः:) | ५ मुख्य मातृभाषा बोल्नेको प्रतिशत | अन्य मातृभाषा बोल्नेको प्रतिशत |
|---|---|---|---|
| ताप्लेजुङ | लिम्बु (३७.८%), नेपाली (३७.४%), शेर्पा (१०.७%), तामाङ (४%), गुरुङ (३.१%) | ९२.९ | ७.१ |
| पाँचथर | लिम्बु (४०.१%), नेपाली (३४.१%), तामाङ (६.५%), वान्तवा (५.५%), राई (५.२%) | ९१.५ | ८.५ |
| इलाम | नेपाली (४२.८%), लिम्बु (१४.३%), वान्तवा (८.३%), राई (८.३%), तामाङ (६.०%), | ७९.८ | २०.२ |
| झापा | नेपाली (५५.८%), राजवंशी (१०.३%), लिम्बु(५.६%), मैथिली (५.५%), सन्थाली (३.६%) | ८०.८ | १९.२ |
| मोरङ | नेपाली (३७.६%), मैथिली (२३.६%), थारू (५.९%), राजवंशी (३.८%), लिम्बु (३.७%) | ७४.६ | २५.४ |
| सुनसरी | नेपाली (२९.१%), मैथिली (२८.३%), (थारू (११.६%), उर्दु (९.६%), उराव (२.८%) | ८१.४ | १८.६ |
| धनकुटा | नेपाली (४३.५%), लिम्बु (१२.४%), वान्तवा (९.६%), मगर (९.३%), तामाङ (५.७%) | ८०.५ | १९.५ |
| तेह्रथुम | नेपाली (४९.८%), लिम्बु (३४.४%), तामाङ (६.०%), मगर (२.२%), गुरुङ (१.९%) | ९४.२ | ५.८ |
| संखुवासभा | नेपाली (४६.२%), तामाङ (८.८%), शेर्पा (८.०%), कुलुङ (६.६%), लिम्बु (५.०%) | ७४.५ | २५.५ |
| भोजपुर | नेपाली (४९.१%), वान्तवा (१९.६%), तामाङ (७.५%), नेवारी (४.५%), मगर (३.४%) | ८४.१ | १५.९ |
| सोलुखुम्बु | नेपाली (३६.८%), शेर्पा (१६.८%), तामाङ (९.३%), कुलुङ (९.२%), थुलुङ (८.७%) | ८०.८ | १९.२ |
| ओखलढुङ्गा | नेपाली (५७.९%), तामाङ (९.२%), मगर (८.९%), शेर्पा (६.८%), वाम्बुले (४.८%) | ८७.६ | १२.४ |
| खोटाङ | नेपाली (५०.१%), चाम्लिङ (१६.५%), मगर (४.४%), तामाङ (३.९%), वान्तवा (३.७%) | ७८.७ | २१.३ |
| उदयपुर | नेपाली (५१.५%), मगर (११.६%), थारू (७.४%), चाम्लिङ (६.८%), तामाङ (५.८%) | ८३ | १७ |
| प्रदेश नं. १ | नेपाली (४२.७%), मैथिली (११.२%), लिम्बु (७.३%), थारू (३.९), वान्तवा (२.९%) | ६८ | ३२ |

*स्रोतः CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

### ३.४.५ जातजाति

प्रदेश नं. १ को विभिन्न जातजाति अनुसारको जनसंख्या विवरण तालिका ३.१७ मा देखाइएको छ । बहुजातीय देश नेपालमा बसोबास गर्ने जातजातिको संख्या १२५ रहेकोमा प्रदेश नं. १ मा १२२ जातजातिको बसोबास रहेको छ । प्रदेश नं. १ मा सबैभन्दा बढी क्षेत्रीहरू (१४.८%) को बसोबास रहेको छ भने त्यसपछि क्रमशः ब्राह्मण (पहाडी) (१२.१%), राई (११.३%), लिम्बु (८%) तथा तामाङ (४.७%) रहेका छन् । प्रदेश नं. १ का जातजातिहरू मध्येमा १% भन्दा बढी हिस्सा ओगट्नेहरूको संख्या १९ रहेको छ र त्यस्ता जातजातिहरूको अंश जम्मा जनसंख्याको ८२% रहेको छ ।

### तालिका ३.१७ विभिन्न जातजाति अनुसारको जनसंख्या विवरण

| जातजाति | जम्मा | पुरुष | महिला | प्रतिशत (जम्माको) |
|---|---|---|---|---|
| सबै जातजाति | ४५,३४,९४३ | २१,६६,५३६ | २३,६८,४०७ | १००.० |
| क्षेत्री | ६,६९,९९८ | ३,१४,०९४ | ३,५५,९०४ | १४.८ |
| ब्राह्मण (पहाडी) | ५,४७,९६३ | २,५८,८३८ | २,८९,१२५ | १२.१ |
| राई | ५,१३,४२२ | २,४१,८०७ | २,७१,६१५ | ११.३ |
| लिम्बु | ३,६४,७०१ | १,६९,४०६ | १,९५,२९५ | ८.० |
| तामाङ | २,११,१३१ | ९८,९०८ | १,१२,२२३ | ४.७ |
| मगर | १,८९,२२४ | ८८,५३४ | १,००,६९० | ४.२ |
| थारू | १,८८,१५४ | ९०,५३० | ९७,६२४ | ४.१ |
| नेवार | १,६८,८५३ | ८०,२०८ | ८८,६४५ | ३.७ |
| मुसलमान | १,६२,४९२ | ८१,०९३ | ८१,३९९ | ३.६ |
| कामी | १,४८,७६१ | ६९,५७९ | ७९,१८२ | ३.३ |
| राजवंशी | १,१२,३९९ | ५४,८८६ | ५७,५१३ | २.५ |
| दमाई/ढोली | ८०,९९० | ३७,३५९ | ४३,६३१ | १.८ |
| शेर्पा | ६४,०७८ | ३०,३८६ | ३३,६९२ | १.४ |
| गुरुङ | ६२,४३८ | २८,९८४ | ३३,४५४ | १.४ |
| मुसहर | ६१,५१२ | ३१,०१६ | ३०,४९६ | १.४ |
| यादव | ५९,९९४ | ३१,९०२ | २८,०९२ | १.३ |
| सन्थाल | ५०,२६२ | २४,७७० | २५,४९२ | १.१ |
| सार्की | ४५,३१६ | २१,३४६ | २३,९७० | १.० |
| बाँकी सबै जातजाति | ८,३३,२५५ | ४,१२,८९० | ४,२०,३६५ | १८.४ |

*स्रोत: CBS. 2012. National Population and Housing Census 2011; National Report बाट गणना गरिएको*

# खण्ड चार :
# प्रदेशको आर्थिक तथा रोजगारीको स्थिति

प्रदेश नं. १ को कुल गार्हस्थ्य उत्पादन आ.व. २०७४/७५ मा रु. ५ खर्ब, ५ अर्ब, ८४ करोड रहेको छ, जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको १४.६ प्रतिशत हुन आउँछ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान सर्वाधिक रहेको छ भने निर्माण, औद्योगिक प्रतिष्ठान तथा थोक तथा खुद्रा व्यापारको योगदान पनि उल्लेखनीय रहेको छ । यसैगरी सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः १३.७ प्रतिशत र १६.८ प्रतिशत रहेको छ । प्रदेशको श्रमशक्तिको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको करिब ९६ प्रतिशत रहेको छ । यस प्रदेशको प्रति व्यक्ति आय ९३४ अमेरिकी डलर रहेको छ ।

आ.व. २०७५/७६ मा प्रदेश नं. १ मा कर राजस्व तर्फ रु. २ अर्ब, ५६ करोड, २३ लाख, गैरकर तर्फ रु. ८५ करोड, दण्ड जरिबाना तर्फ २५ करोड, राजस्व बाँडफाँट तर्फ रु. ९ अर्ब १८ करोड ११ लाख, अनुदान तर्फ रु. २२ करोड ८८ लाख गरी जम्मा रु. ३५ अर्ब ९३ करोड ६० लाख प्राप्त भएको छ । प्रदेशको कुल बजेटको करिब १० प्रतिशत आन्तरिक आयबाट पूर्ति हुने तथा संघीय सरकारबाट प्रवाह हुने जम्मा बजेटमध्ये करिब २९ प्रतिशत मात्र प्रदेश मार्फत खर्च हुने गरी प्रवाह भएको अवस्था छ ।

दिगो, समावेशी तथा फराकिलो आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक खर्चको उपयोगलाई मितव्ययी एवं विश्वसनीय बनाउन प्रदेश नं. १ ले वित्तीय सुशासन तथा सार्वजनिक उत्तरदायित्वका सन्दर्भमा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५; सार्वजनिक खर्चको मापदण्ड; कार्यविधि र मितव्ययिता सम्बन्धी मापदण्ड, २०७५; प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५; प्रदेश सशर्त अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ निर्माण भएका छन् । प्रदेशको आ.व. २०७५/७६ को कुल बजेट रु. ३५ अर्ब ९३ करोड ६० लाख रहेको छ । उक्त विनियोजनमा चालु तर्फ रु. १४ अर्ब ५५ करोड ३५ लाख, पुँजीगत तर्फ रु. १८ अर्ब ८७ करोड ७४ लाख र वित्तीय हस्तान्तरण रु. ३ अर्ब ७३ करोड ९० लाख रहेको छ । उक्त रकम कुन विनियोजित रकमको क्रमशः ४०.५ प्रतिशत, ५२.५ प्रतिशत र ७ प्रतिशत हुन आउँछ । प्रदेशबाट स्थानीय तहलाई दिइने अनुदानमा आ.व. २०७५/७६ मा समानीकरण अनुदान रु. ६ अर्ब ६१ करोड ३ लाख, सशर्त अनुदान रु. १३ अर्ब २७ करोड ६७ लाख, समपूरक २ अर्ब र विशेष अनुदान १ अर्ब दिइएको छ ।

यस प्रदेशका कुल १३७ स्थानीय तहमध्ये १३० वटामा वित्तीय संस्थाको पहुँच पुगेको अवस्था छ । २०७५ असार मसान्त सम्म १ खर्ब ६४ अर्ब निक्षेप सङ्कलन तथा २ खर्ब ६५ अर्ब कर्जा लगानी भएको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा बचतको अनुपात ३१ प्रतिशत रहेको छ । प्रति व्यक्ति वार्षिक उपभोग रु. ३३,६१२ रहेको छ । प्रदेशको विप्रेषण आय प्रति घर-परिवार औसत रु. ६५,६२९ रहेको छ । सहकारी संस्थाले कुल पूँजी ७ अर्ब ५ करोड परिचालन गरेका छन्, जसमा रु. २६ अर्ब ९७ करोड ९७ लाख बचत र रु. ३१ अर्ब ५३ करोड २२ लाख ऋण प्रवाह भएको छ । त्यसैगरी वैदेशिक लगानीको हकमा हालसम्म यस प्रदेशमा

१२७ वटा उद्योगमा रु. १५.२३ अर्ब वैदेशिक लगानी स्वीकृत भएको अवस्था छ, जुन कुल वैदेशिक लगानीको ६.२७ प्रतिशत हुन आउँछ ।

## ४.१ प्रदेशको अर्थतन्त्रको संरचनात्मक स्थिति

औद्योगिक वर्गीकरण, २०७५/७६ अनुसार वर्तमान मूल्यमा प्रदेश नं. १ तथा नेपालको कुल मूल्य अभिवृद्धिलाई तालिका ४.१ मा देखाइएको छ । आ.व. २०७५/७६ को तथ्याङ्क अनुसार प्रदेश नं. १ मा कृषि तथा वन, औद्योगिक प्रतिष्ठान, विद्युत, ग्याँस तथा पानी, निर्माण, एवं स्वास्थ्य तथा सामाजिक कार्यबाट प्राप्त मूल्य अभिवृद्धिको हिस्सा नेपालको भन्दा बढी छ भने अन्य विभिन्न क्षेत्रहरू जस्तै थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुराँ, यातायात, भण्डारण तथा सञ्चार, वित्तीय मध्यस्थता, घर घडेरी, बहाल तथा व्यापारिक क्रियाकलाप, जन प्रशासन र सुरक्षा, शिक्षा आदिमा कम हिस्सा छ ।

वर्तमान मूल्यमा नेपालको सम्पूर्ण क्षेत्रगत मूल्य अभिवृद्धिको आधारमा तुलना गर्दा प्रदेश नं. १ को सबैभन्दा बढी हिस्सा औद्योगिक प्रतिष्ठान; विद्युत, ग्याँस तथा पानी र कृषि तथा वनमा (प्रत्येकमा २२%) रहेको छ । त्यस्तै, अन्य सामूदायिक क्षेत्र, सामाजिक र व्यक्तिगत सेवा क्रियाकलापहरू, स्वास्थ्य तथा सामाजिक कार्य र निर्माण क्षेत्र प्रत्येकमा १९ प्रतिशत, शिक्षामा १६ प्रतिशत, जन प्रशासन र सुरक्षामा १५ प्रतिशत, होटल तथा रेष्टुराँमा १५ प्रतिशत, खानी तथा भुगर्भमा १४ प्रतिशत, माछापालनमा १३ प्रतिशत, यातायात, भण्डारण तथा सञ्चारमा ११ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ११ प्रतिशत, घर घडेरी, बहाल तथा व्यापारिक क्रियाकलापमा ९ प्रतिशत र वित्तीय मध्यस्थतामा ९ प्रतिशत योगदान रहेको छ ।

**तालिका ४.१ प्रदेश नं. १ को औद्योगिक वर्गीकरण अनुसार २०७५/७६ अनुसार कुल मूल्य अभिवृद्धि**

*(वर्तमान मूल्यमा, रु. दश लाखमा)*

| औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रहरू | प्रदेश नं. १ | प्रदेश नं. १ को क्षेत्रगत वितरण | नेपाल | नेपालको क्षेत्रगत वितरण | प्रदेश नं. १ को हिस्सा (%) |
|---|---|---|---|---|---|
| कृषि तथा वन | १,७६,०९५ | ३६.४ | ८,११,३४७ | २६.५ | २१.७ |
| माछापालन | १,८५८ | ०.४ | १४,६६१ | ०.५ | १२.७ |
| खानी तथा भूगर्भ | २,५२८ | ०.५ | १८,५०८ | ०.६ | १३.७ |
| औद्योगिक प्रतिष्ठान | ३७,६४० | ७.८ | १,७१,१९० | ५.६ | २२.० |
| विद्युत, ग्याँस तथा पानी | ८,३५२ | १.७ | ३८,१६२ | १.२ | २१.९ |
| निर्माण | ४३,७७६ | ९.० | २,३७,७२० | ७.८ | १८.४ |
| थोक तथा खुद्रा व्यापार | ४६,१७९ | ९.५ | ४,३९,९३० | १४.४ | १०.५ |
| होटल तथा रेष्टुराँ | ९,३२७ | १.९ | ६२,८१७ | २.१ | १४.८ |
| यातायात, भण्डारण तथा सञ्चार | २३,४५५ | ४.८ | २,२१,३५३ | ७.२ | १०.६ |
| वित्तीय मध्यस्थता | १७,४१३ | ३.६ | १,९३,४६९ | ६.३ | ९.० |
| घर घडेरी, बहाल तथा व्यापारिक क्रियाकलाप | ३३,१५७ | ६.८ | ३,५३,०७७ | ११.५ | ९.४ |
| जन प्रशासन र सुरक्षा | १२,४५५ | २.६ | ८२,९७५ | २.७ | १५.० |
| शिक्षा | ३३,८२१ | ७.० | २,१६,१०६ | ७.१ | १५.७ |

| औद्योगिक वर्गीकरण अनुसारका क्षेत्रहरू | प्रदेश नं. १ | प्रदेश नं. १ को क्षेत्रगत वितरण | नेपाल | नेपालको क्षेत्रगत वितरण | प्रदेश नं. १ को हिस्सा (%) |
|---|---|---|---|---|---|
| स्वास्थ्य तथा समाज कार्य | १०,०२५ | २.१ | ५३,४९४ | १.७ | १८.७ |
| अन्य सामुदायिक क्षेत्र | २८,०५९ | ५.८ | १,४६,४२१ | ४.८ | १९.२ |
| कुल मूल्य अभिवृद्धि (FISIM सहित) | ४,८४,१३९ | १००.० | ३०,६१,२३० | १००.० | १५.८ |
| अप्रत्यक्ष विधिको वित्तीय मध्यस्थताका सेवा | ११,५६५ | | १२८४८६ | | ९.० |
| स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादन | ४,७२,५७५ | | २९,३२,७४४ | | १६.१ |
| कम छुट दिइएको सामानमा कर | ३३,२७३ | | ५,३१,५७५ | | ६.३ |
| कुल गार्हस्थ्य उत्पादन | ५,०५,८४८ | | ३४,६४,३१९ | | १४.६ |

*स्रोतः https://cbs.gov.np/regional-provincial-national-accounts-2019/*

कुल गार्हस्थ्य उत्पादनमा श्रमशक्ति तथा श्रमको उत्पादकत्वको प्रमुख भूमिका हुन्छ । यसै परिप्रेक्ष्यमा प्रदेश नं. १ का जिल्लाहरूमा रहेको श्रमको उत्पादकत्व तथा राष्ट्रिय उत्पादकत्वको तुलनामा जिल्लाहरूको उत्पादकत्वको स्थिति तालिका ४.२ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ का जिल्लाहरूमा उत्पादकत्वको तुलना गर्दा मोरङ, सुनसरी, झापा, सोलुखुम्बु जिल्लामा श्रम उत्पादकत्व राष्ट्रिय औसत भन्दा बढी रहेको अवस्था छ भने अरू जिल्लाहरूमा राष्ट्रिय औसत भन्दा कम रहेको छ । राष्ट्रिय औसतको तुलनामा कम उत्पादकत्व रहेका प्रदेश नं. १ का जिल्लाहरू मध्ये भोजपुर, ओखलढुङ्गा र सङ्खुवासभामा श्रम उत्पादकत्व सबैभन्दा कम रहेको छ ।

**तालिका ४.२ प्रदेश नं. १ का जिल्लाहरूमा श्रम उत्पादकत्वको स्थिति**

| जिल्ला | श्रम उत्पादकत्व (रु.) | राष्ट्रिय औसतको तुलनामा श्रम उत्पादकत्वको अनुपात (%) |
|---|---|---|
| ताप्लेजुङ | १,१४,८२३.९ | ९७.२ |
| सङ्खुवासभा | ८६,३०४.८ | ७३.१ |
| सोलुखुम्बु | १,२९,००९.८ | १०९.२ |
| पाँचथर | ९७,८८७.७ | ९२.९ |
| इलाम | १,०४,७०२.७ | ८८.७ |
| तेह्रथुम | ९१,५६१.८ | ८९.४ |
| धनकुटा | १,०५,६००.१ | ७७.५ |
| भोजपुर | ७८,४००.६ | ६६.४ |
| खोटाङ | ८२,५४७.३ | ८६.९ |
| ओखलढुङ्गा | १,०२,६०७.९ | ६९.९ |
| उदयपुर | ८८,६४८.९ | ७५.१ |
| झापा | १,२२,५७७.२ | १०३.८ |
| मोरङ | १,२९,८९९.० | ११०.० |
| सुनसरी | १,२७,६१०.१ | १०८.० |

*स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ४.२ कृषि तथा पशुपालन

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा एक तिहाइ भन्दा बढी योगदान कृषि तथा वनको रहेकोमा कृषिको कुल राष्ट्रिय उत्पादनमा २१.५ प्रतिशत हिस्सा यस प्रदेशको रहेको छ । कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिनको आकार प्रति परिवार ०.६६ हेक्टर रहेकोमा जमिन खण्डीकरणले यो अनुपात घट्दो अवस्थामा छ । देशको कुल खेती गरिएको जमिन (३० लाख ९१ हजार हेक्टर) मध्ये २३ प्रतिशत जमिन यस प्रदेशको रहेको छ । राष्ट्रिय खाद्यान्न उत्पादनमा यस प्रदेशको योगदान २३ प्रतिशत रहेको छ । यस प्रदेशमा कृषि भूमिको उत्पादकत्व ३.०३ मे.ट. प्रति हेक्टर रहेको छ । प्रदेशको अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा ८ प्रतिशत रहेको छ ।

यस खण्ड अन्तर्गत मुख्य खाद्यान्न बाली, फलफूल, तरकारी, मसला, दूध तथा मासुको उत्पादन सम्बन्धी तथ्याङ्क प्रस्तुत गरिएको छ । प्रदेश तहको तथ्याङ्कलाई नेपालको समग्र तथ्याङ्कसँग तुलना गरिएको छ र जिल्लातहको विस्तृत तथ्याङ्क परिशिष्ट तालिकाहरूमा देखाइएको छ ।

### ४.२.१ प्रमुख अन्नबाली

प्रदेश नं. १ मा मुख्य बालीहरू धान, मकै तथा गहुँको उत्पादन जिल्लागत रूपमा तालिका ४.३ मा दिइएको छ । धानमा प्रदेश नं. १ को क्षेत्रफलको हिस्सा नेपालको २१.९ प्रतिशत तथा उत्पादनको हिस्सा नेपालको २१.५ प्रतिशत छ । त्यस्तै उत्पादकत्व भने राष्ट्रिय औसतभन्दा केही कम (९८.२%) छ । त्यस्तै मकैमा नेपालमा प्रदेश नं. १ को क्षेत्रफलको हिस्सा २८.६ प्रतिशत, उत्पादन २८.३ प्रतिशत छ । यसको उत्पादकत्व समग्र नेपालको भन्दा १.२ प्रतिशतले कम छ । गहुँमा नेपालमा प्रदेश नं. १ को क्षेत्रफलको ९.१ प्रतिशतमा मात्र खेती हुने तथा उत्पादनको हिस्सा १०.२ प्रतिशत छ । यसको उत्पादकत्व समग्र नेपालको भन्दा ११.० प्रतिशतले बढी छ ।

जिल्लागत रूपमा अन्नबाली उत्पादनको स्थिति तालिका ४.३ मा देखाइएको छ । धान उत्पादनमा झापा, मोरङ, सुनसरी जस्ता तराईका जिल्ला अग्रस्थानमा छन् भने पहाडी जिल्लाहरू भोजपुर, इलाम, सङ्खुवासभाको पनि उत्पादन उल्लेखनीय रहेको छ । मकै उत्पादनमा झापा पहिलो नम्बरमा आउछ भने पहाडका जिल्लाहरू इलाम, भोजपुर तथा खोटाङको पनि मकै उत्पादनमा उल्लेखनीय योगदान रहेको छ । गहुँ उत्पादनमा सुनसरी, मोरङ, झापा जस्ता तराईका जिल्ला अग्रस्थानमा छन् भने पहाडी जिल्लाहरू इलाम र खोटाङको पनि उत्पादन बढी छ । उत्पादकत्वका हिसावले धानको उत्पादकत्व तराईका जिल्लामा बढी छ । मकैको उत्पादकत्व झापा, मोरङ जस्ता तराई तथा इलाम, ताप्लेजुङ जस्ता पहाडी जिल्लामा बढी देखिन्छ । त्यस्तै गहुँको उत्पादकत्व झापा, सुनसरी, जस्ता तराई तथा इलाम जस्ता पहाडी जिल्लामा बढी देखिन्छ ।

**तालिका ४.३ प्रदेश नं. १ मा प्रमुख अन्नबाली उत्पादनको स्थिति, २०१६/१७**

| अन्नबाली | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| धान | क्षेत्रफल (हे.) | ३,४०,३६३ | १५,५२,४६९ | २१.९ |
| | उत्पादन (मे.ट.) | ११,२५,४७७ | ५२,३०,३२७ | २१.५ |
| | उत्पादकत्व (मे.ट. प्रति हे.) | ३,३०७ | ३,३६९ | ९८.२ |
| मकै | क्षेत्रफल (हे.) | २,६४,६५१ | ९,२४,३२१ | २८.६ |
| | उत्पादन (मे.ट.) | ६,६०,९७५ | २३,३६,६७५ | २८.३ |
| | उत्पादकत्व (मे.ट. प्रति हे.) | २,४९८ | २,५२८ | ९८.८ |
| गहुँ | क्षेत्रफल (हे.) | ६८,२४० | ७,४५,८३२ | ९.१ |
| | उत्पादन (मे.ट.) | १,७६,४९९ | १७,३६,८४९ | १०.२ |
| | उत्पादकत्व (मे.ट. प्रति हे.) | २,५८६ | २,३२९ | १११.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

### ४.२.२ दलहन तथा तेलहन बाली

तालिका ४.४ ले प्रदेश नं. १ को दलहन तथा तेलहन बालीको उत्पादनको अवस्था देखाउँछ । प्रदेश नं. १ मा दाल तथा तेलबाली कम उत्पादन हुने गरेको तथ्याङ्कबाट प्रष्ट हुन्छ । नेपालमा दाल खेतीको क्षेत्रफलमध्ये प्रदेश नं. १ ले ३.३ प्रतिशत ओगटेको र यसले जम्मा उत्पादनमा ३ प्रतिशत योगदान गरेको अवस्था छ । दलहनको उत्पादकत्व भने नेपालको तुलनामा प्रदेश नं. १ को उत्पादकत्व ८.८ प्रतिशतले कम रहेको छ । जिल्लाहरूको उत्पादन स्थिति परिशिष्ट तालिका ७ मा प्रस्तुत गरिएको छ ।

त्यस्तै, तेलबालीको हकमा नेपालको कुल तेलबाली लगाएको क्षेत्रको ३.२ प्रतिशत क्षेत्रफल प्रदेश नं. १ मा भएको र यसबाट कुल तेलहन उत्पादनमा ४.६ प्रतिशत हिस्सा प्रदेश नं. १ बाट भएको अवस्था छ । प्रदेश नं. १ को उत्पादकत्व राष्ट्रिय औसतको तुलनामा ४४ प्रतिशतले बढी छ । जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी दाल लगाईएको क्षेत्रफल सुनसरी र त्यसपछि झापा हो भने तथा उत्पादनमा झापा पहिलो र सुनसरी दोश्रो हुन् । त्यस्तै उत्पादकत्व पनि झापामा नै सबैभन्दा बढी छ । जिल्लागत रूपमा तेल सबैभन्दा बढी लगाइएको क्षेत्रफल मोरङ, सुनसरी र त्यसपछि उदयपुरमा छ भने तथा उत्पादनमा क्रमशः सुनसरी, मोरङ र झापामा सबैभन्दा बढी रहेको छ । त्यस्तै उत्पादकत्व क्रमशः सुनसरी, झापा, मोरङ र इलाममा बढी छ । मोरङ जिल्ला तेलबाली खेती गर्ने नेपालका प्रमुख ५ जिल्लामा पर्दछ ।

**तालिका ४.४ प्रदेश नं. १ मा दलहन र तेलहन बालीको उत्पादनको अवस्था, २०१६/१७**

| जिल्ला | दलहन | | | तेलहन | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| प्रदेश नं. १ | १०,८११ | ११,४४१ | १,०५८ | ६९४ | ९६१ | १,३८५ |
| नेपाल | ३,२४,६२४ | ३,७६,५२२ | १,१६० | २,१७,८६७ | २,०८,२९१ | ९५६ |
| प्रदेश नं. १ को अंश (%) | ३.३ | ३.० | ९१.२ | ३.२ | ४.६ | १४४.८ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

### ४.२.३ नगदे बालीहरू

प्रदेश नं. १ मा विभिन्न किसिमका नगदे बालीहरूको पनि खेती गर्ने गरिन्छ । यहाँ आलु, उखु, सुर्ती, चिया तथा कफी उत्पादनको स्थिति दर्शाइएको छ । देशको आलु खेती क्षेत्रको ३२.४ प्रतिशत प्रदेश नं. १ मा रहेको छ (तालिका ४.५) । त्यस्तै आलुको राष्ट्रिय उत्पादनको ३३.१ प्रतिशत उत्पादन यस प्रदेशमा हुन्छ भने उत्पादकत्व पनि राष्ट्रिय उत्पादकत्व भन्दा बढी रहेको छ । जिल्लागत रूपमा हेर्दा क्रमशः झापा, सोलुखुम्बु तथा इलाममा बढी क्षेत्रफलमा आलु खेती गरिन्छ र उत्पादनको हिसाबले पनि यिनै जिल्लाहरू आलु उत्पादनमा अग्रस्थनमा छन् । त्यस्तै उत्पादकत्वका हिसावले क्रमशः इलाम, धनकुटा र सुनसरी अग्रस्थानमा आउँछन् । समग्र नेपालमा इलाम र झापा आलु खेती गर्ने प्रमुख ५ जिल्लामा पर्दछन् ।

देशको कुल उखु खेतीको क्षत्रफलको मात्र ८.२ प्रतिशत प्रदेश नं. १ मा पर्दछ । त्यस्तै राष्ट्रिय उत्पादनको ९.३ प्रतिशत उखु उत्पादन यस क्षेत्रमा हुन्छ भने उखुको उत्पादकत्व पनि राष्ट्रिय उत्पादकत्व भन्दा बढी नै छ । जिल्लागत रूपमा हेर्दा क्रमशः सुनसरी तथा मोरङमा बढी क्षेत्रफलमा उखु खेती गरिन्छ र उत्पादनको हिसाबले पनि यिनै जिल्लाहरू अग्रस्थनमा छन् । त्यस्तै उत्पादकत्वका हिसावले पनि क्रमशः मोरङ, सुनसरी तथा झापा अगाडि आउँछन् ।

प्रदेश नं. १ मा देशको कुल सुर्ती खेतीको क्षेत्रफलको मात्र ५.५ प्रतिशत क्षेत्रफलमा सूर्तीजन्य पदार्थको खेती गरिन्छ । त्यस्तै राष्ट्रिय उत्पादनको ४.२ प्रतिशत सुर्ती उत्पादन यस प्रदेशमा हुन्छ भने उत्पादकत्व राष्ट्रिय उत्पादकत्व भन्दा २३ प्रतिशतले कम छ । जिल्लागत रूपमा हेर्दा खोटाङ, ओखलढुङ्गा र उदयपुरमा मात्र सुर्ती खेती भएको देखिन्छ र उत्पादनको हिसाबले क्रमशः खोटाङ, उदयपुर र ओखलढुङ्गा नै आउँछन् (परिशिष्ट तालिका ८)। त्यस्तै उत्पादकत्वका हिसावले पनि क्रमशः उदयपुर, ओखलढुङ्गा र खोटाङ आउँछन् । अन्य जिल्लाहरूमा सूर्ती खेती गरिएको अभिलेख छैन ।

**तालिका ४.५ प्रदेश नं. १ मा आलु, उखु र सुर्ती उत्पादनको स्थिति, २०१६/१७**

| नगदे बाली | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश |
|---|---|---|---|---|
| आलु | क्षेत्रफल (हे.) | ६४,८१९ | १,९९,९७१ | ३२.४ |
| | उत्पादन (मे.ट.) | ९,२७,४०१ | २८,०५,५८२ | ३३.१ |
| | उत्पादकत्व (मे.ट./ हे.) | १४,३०८ | १४,०३० | १०२.० |

| नगदे बाली | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश |
|---|---|---|---|---|
| उखु | क्षेत्रफल (हे.) | ६,६०० | ८०,९३१ | ८.२ |
| | उत्पादन (मे.ट.) | ४,०३,६३३ | ४३,४६,७५४ | ९.३ |
| | उत्पादकत्व (मे.ट./ हे.) | ६१,१५७ | ५३,७०९ | ११३.९ |
| सुर्ती | क्षेत्रफल (हे.) | ३५ | ६३९ | ५.५ |
| | उत्पादन (मे.ट.) | २६ | ६१८ | ४.२ |
| | उत्पादकत्व ( मे.ट. /हे.) | ७४३ | ९६७ | ७६.८ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

चियाको उत्पादनमा प्रदेश नं. १ को हिस्सा अत्यन्त अहम रहेको छ । चिया उत्पादनका क्षेत्रहरू तथा उत्पादनको स्थिति तालिका ४.६ मा देखाइएको छ । प्रदेश नं. १ का झापा, इलाम, पाँचथर, धनकुटा तथा तेह्रथुम जिल्लाहरू प्रदेश नं. १ मा चिया खेती गरिने प्रमुख जिल्लाहरू हुन् । त्यस्तै, प्रदेशका मोरङ लगायत अन्य जिल्लाहरूमा समेत चिया खेती गरिन्छ । कुल उत्पादन राष्ट्रिय चिया खेती क्षेत्रको ७८.४ प्रतिशत क्षेत्र प्रदेश नं. १ मा रहेको छ, जहाँ देशको कुल चिया उत्पादनको ९९ प्रतिशत चिया उत्पादन हुन्छ । जिल्लागत रूपमा क्रमशः झापा, इलाम, पाँचथर, धनकुटा तथा तेह्रथुममा बढी चिया खेती गरिन्छ । उत्पादनको हिसाबले पनि क्रमशः यिनै जिल्ला प्रमुख हुन् । प्रदेश नं. १ मा चिया खेतीलाई अझ विस्तार गर्न सकिने सम्भावना पनि छ ।

**तालिका ४.६ प्रदेश नं. १ का जिल्लाहरूमा चिया उत्पादनको स्थिति, २०१६/१७**

| जिल्ला | क्षेत्रफल (हे.) | उत्पादन (के.जी.) |
|---|---|---|
| झापा | ११,४४३ | १८,५४७,४३२ |
| इलाम | ७,९६५ | ४,८८४,८३४ |
| पाँचथर | १,३३९ | ५०३,०३३ |
| धनकुटा | ९५२ | १८२,८९२ |
| तेह्रथुम | ४५५ | ८८,४८५ |
| प्रदेश नं. १ का अन्य जिल्ला | ६,०८७ | २०२,६५० |
| प्रदेश नं. १ | २२,१५४ | २४,२०६,६७६ |
| नेपाल | २८,२४१ | २४,४०९,३२६ |
| प्रदेश नं. १ को अंश | ७८.४ | ९९.२ |

*स्रोतः चिया तथा कफी विकास बोर्ड, २०७३/७४*

जुटको उत्पादनमा प्रदेश नं. १ को महत्त्वपूर्ण स्थान रहेको छ । जम्मा जुट खेतीको क्षेत्रफलमध्ये प्रदेश नं. १ को हिस्सा ९८.३ प्रतिशत छ भने उत्पादनका हिसावले यसको हिस्सा ९८.८ प्रतिशत छ (तालिका ४.७) । जिल्लागत रूपमा क्षेत्रफलको हिसावले जुट खेतीमा क्रमशः मोरङ, सुनसरी, झापा, इलाम र उदयपुर रहेका छन् । त्यस्तै उत्पादनको हिसावले पनि क्रमशः यिनै जिल्लाहरू अगाडि छन् । जुटको उत्पादकत्वमा मोरङ र सुनसरी अगाडि छन् ।

**तालिका ४.७ प्रदेश नं. १ का जिल्लाहरूमा जुट उत्पादनको स्थिति, २०१६/१७**

| जिल्ला | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (के.जी./ हे.) |
|---|---|---|---|
| इलाम | १५ | १८ | १,२०० |
| झापा | ६०५ | ६०५ | १,००० |
| मोरङ | ५,७३८ | ८,६०७ | १,५०० |
| सुनसरी | १,५०० | २,२५० | १,५०० |
| उदयपुर | १८ | १८ | १,००० |
| प्रदेश नं. १ | ७,८७६ | ११,४९८ | १,४६० |
| नेपाल | ८,०११ | ११,६३३ | १,४५२ |
| प्रदेश नं. १ को अंश (प्रतिशत) | ९८.३ | ९८.८ | |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

कफीको उत्पादनमा प्रदेश नं. १ को योगदान कम रहेको छ । क्षेत्रफलका हिसावले प्रदेश नं. १ को हिस्सा सम्पूर्ण कफी खेतीको क्षेत्रफलको १५.१ प्रतिशत छ भने उत्पादनका हिसावले प्रदेश नं. १ को योगदान १४.७ प्रतिशत छ । नेपालको कफी खेतीमा संलग्न जम्मा कृषकहरूमध्ये यस प्रदेशमा ७.४ प्रतिशत रहेका छन् । जिल्लागत रूपमा हेर्दा क्षेत्रफलको हिसावले कफी खेतीमा सबैभन्दा बढी पाँचथर त्यसपछि इलाम र संखुवासभा अगाडि आउँछन् । त्यस्तै उत्पादनको हिसावले क्रमशः संखुवासभा, पाँचथर र इलाम जिल्ला अगाडि छन् । कफीको उत्पादकत्वमा संखुवासभा, इलाम र खोटाङ अगाडि छन् । त्यस्तै पाँचथर, इलाम र संखुवासभामा क्रमशः बढी कृषकहरू कफी खेतीमा संलग्न छन् ।

**तालिका ४.८ प्रदेश नं. १ का जिल्लाहरूमा कफी उत्पादनको स्थिति, २०१६/१७**

| जिल्ला | क्षेत्रफल (हे.) | उत्पादन (मे. ट.) | उत्पादकत्व (के. जी./हे.) | कृषकको संख्या |
|---|---|---|---|---|
| भोजपुर | १५ | २ | १३३ | १६२ |
| इलाम | ६० | १९ | ३१७ | ७१५ |
| खोटाङ | २१ | ५ | २३८ | २७८ |
| पाँचथर | २७१ | २१ | ७७ | ९०० |
| सङ्खुवासभा | २८ | ३१ | १,१०७ | ३६८ |
| प्रदेश नं. १ | ३९५ | ७८ | १९७ | २४२३ |
| नेपाल | २,६१८ | ५३२ | २०३ | ३२५८१ |
| प्रदेश नं. १ को अंश (%) | १५.१ | १४.७ | ९७.३ | ७.४ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

### ४.२.४ फलफूल उत्पादनको स्थिति

प्रदेश नं. १ मा कुल फलफूलहरूको उत्पादनको विश्लेषण गर्दा प्रदेश नं. १ मा नेपालको कुल जमिनको २१.१ प्रतिशत भूभागमा फलफूल खेती गरिन्छ (तालिका ४.९) । त्यस्तै, यस प्रदेशले नेपालको कुल फलफूल उत्पादनको २१.२ प्रतिशत हिस्सा लिन्छ । यस प्रदेशको फलफूल उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको तुलनामा लगभग बराबर देखिन्छ । जिल्लागत रूपमा हेर्दा झापा, मोरङ, सुनसरी तथा उदयपुरमा बढी क्षेत्रफलमा फलफूल खेती गरिएको पाइन्छ । त्यस्तै उत्पादन पनि क्रमशः तिनै जिल्लाहरूमा बढी हुने गरेको छ ।

उत्पादकत्वको विश्लेषण गर्दा बढी उत्पादकत्व हुने जिल्लाहरू क्रमशः मोरङ, ताप्लेजुङ, सुनसरी र झापा आउँछन् ।

**तालिका ४.९ प्रदेश नं. १ मा कुल फलफूलजन्य बालीहरूको उत्पादनको स्थिति, २०१६/१७**

| जिल्ला | क्षेत्रफल (हे.) | उत्पादन क्षेत्र (हे.) | उत्पादन (मे. ट.) | उत्पादकत्व (मे. ट./हे.) |
|---|---|---|---|---|
| ताप्लेजुङ | १३९ | ७७ | ७७३ | १०.० |
| संखुवासभा | २४७ | ८७ | ८१० | ९.३ |
| सोलुखुम्बु | २६ | २० | १९२ | ९.६ |
| पाँचथर | १०९ | ३६ | २४२ | ६.७ |
| इलाम | ३६७ | २९५ | १,४७१ | ५.० |
| तेह्रथुम | ३७४ | १७३ | १,७०२ | ९.८ |
| धनकुटा | ३८० | २४६ | १,२९५ | ५.३ |
| भोजपुर | ३१० | २१५ | १,२८० | ६.० |
| खोटाङ | ९२० | ४२३ | ३,५३९ | ८.४ |
| ओखलढुङ्गा | ७१ | ६४ | ४३५ | ६.८ |
| उदयपुर | १,२२८ | ७०९ | ६,६७३ | ९.४ |
| झापा | ६,३२० | ५,९९१ | ५८,७१७ | ९.८ |
| मोरङ | ४,५१५ | ४,३७५ | ४८,०७९ | ११.० |
| सुनसरी | २,६४६ | २,०४० | १९,९७४ | ९.८ |
| प्रदेश नं. १ | १७,६५२ | १४,७५१ | १,४५,१८२ | ९.८ |
| नेपाल | ८८,४१४ | ६९,८०६ | ६,८४,९४२ | ९.८ |
| प्रदेश नं. १ को अंश | २०.० | २१.१ | २१.२ | १००.३ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

पछिल्लो समयमा आएर सुन्तला जात अन्तर्गतका सुन्तला, जुनार, कागती जस्ता फलहरू प्रमुख नगदे बालीको रूपमा आएका छन् । शहरीकरण तथा यातायातको सुगमताले गर्दा सुन्तला जातका (Citrus) बालीहरूको बजार विस्तार भइरहेको छ । प्रदेश नं. १ मा पनि सुन्तला, कागती, जुनार, अबोकाडो र किवी उत्पादन हुनुको साथै विस्तारको प्रचुर सम्भावना रहेको छ । सुन्तला जातका (Citrus) बालीहरूमध्ये सुन्तला खेती गर्न सकिने जम्मा क्षेत्रफलको २.४ प्रतिशत क्षेत्रफल मात्र प्रदेश नं. १ मा रहेको भएतापनि देशको जम्मा सुन्तला खेती गरिएको क्षेत्रको २७ प्रतिशत खण्ड यस प्रदेशमा रहेको छ (तालिका ४.१०) । देशको सम्पूर्ण सुन्तला उत्पादनमा प्रदेश नं. १ को हिस्सा एक चौथाइ रहेको छ । प्रदेश नं. १ मा सुन्तलाको उत्पादकत्व राष्ट्रिय औसत जत्तिकै रहेको छ । पहाडका जिल्लाहरू खोटाङ, पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर सुन्तला उत्पादनमा अग्रणी रहेका छन् (परिशिष्ट तालिका ९)।

त्यस्तै, नेपालको सम्पूर्ण जुनार उत्पादन हुन सक्ने क्षेत्रको १.३ प्रतिशत क्षेत्रफल मात्र प्रदेश नं. १ मा पर्छ, तर हाल जुनार खेती गरिएको सम्पूर्ण क्षेत्रमध्ये १७ प्रतिशत क्षेत्रफल प्रदेश नं. १ मा पर्दछ र यहाँको उत्पादनले १३.५ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशको जुनारको उत्पादकत्व राष्ट्रिय औसत भन्दा २० प्रतिशत कम रहेको छ ।

प्रदेश नं. १ मा नेपालको सम्पूर्ण कागती उत्पादन हुन सक्ने क्षेत्रको ४१ प्रतिशत क्षेत्रफल रहेको छ । हाल कागती खेती गरिएको सम्पूर्ण क्षेत्रमध्ये ४९ प्रतिशत क्षेत्रफल प्रदेश नं. १ मा पर्दछ र यहाँको उत्पादनले ४५ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशको कागतीको उत्पादकत्व राष्ट्रिय औसत भन्दा १४ प्रतिशत कम रहेको छ ।

**तालिका ४.१० प्रदेश नं. १ मा सुन्तला जातका बालीहरूको उत्पादन, २०१६/१७**

| सुन्तला जातका (Citrus) फलफूल | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| सुन्तला (Mandarin, Common orange) | क्षेत्रफल (हे.) | ६,९०१ | २,८७,७६० | २.४ |
| | उत्पादन क्षेत्र (हे.) | ४,६९१ | १७,४५७ | २६.९ |
| | उत्पादन (मे. टन) | ४१,८०४ | १,६४,५९३ | २५.४ |
| | उत्पादकत्व (मे. टन/हे.) | ९ | ९ | १००.० |
| जुनार (Sweet orange) | क्षेत्रफल (हे.) | ९० | ६,९९१ | १.३ |
| | उत्पादन क्षेत्र (हे.) | ६४३ | ३,८८१ | १६.६ |
| | उत्पादन (मे. टन) | ५,२८१ | ३९,११३ | १३.५ |
| | उत्पादकत्व (मे. टन/हे.) | ८ | १० | ८०.० |
| निबुवा (lime) | क्षेत्रफल (हे.) | ३,६४० | ८,८०८ | ४१.३ |
| | उत्पादन क्षेत्र (हे.) | २,१९८ | ४,५०७ | ४८.८ |
| | उत्पादन (मे. टन) | १३,८९९ | ३०,९३९ | ४४.९ |
| | उत्पादकत्व (मे. टन/हे.) | ६ | ७ | ८५.७ |
| कागती (lemon) | क्षेत्रफल (हे.) | ३७० | ९२६ | ४०.० |
| | उत्पादन क्षेत्र (हे.) | १८७ | ६१० | ३०.७ |
| | उत्पादन (मे. टन) | १,५११ | ५,९०० | २५.६ |
| | उत्पादकत्व (मे. टन/हे.) | ८ | १० | ८०.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८ (Statistical Information on Nepalese Agriculture, 2016-17)*

प्रदेश नं. १ का विभिन्न ठाउँहरूमा विभिन्न किसिमका हिउँदे फलफूलहरू उत्पादन हुन्छन् । ती मध्ये सर्वाधिक महत्त्वपूर्ण किवी र स्याउको उत्पादन स्थितिको बारेमा तालिका ४.११ मा उल्लेख गरिएको छ । देशको कुल किवि उत्पादन क्षेत्रफलको ६४.५ प्रतिशत प्रदेश नं. १ मा रहेको छ भने उत्पादनको हिस्सा ३८ प्रतिशत मात्र रहेको छ । यस प्रदेशमा किवीको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको आधा मात्र छ । जिल्लागत रूपमा किवीको सबैभन्दा बढी उत्पादन इलाम तथा उत्पादकत्व ताप्लेजुङमा छ (परिशिष्ट तालिका १०)। त्यसैगरी प्रदेश नं. १ को स्याउ उत्पादन क्षेत्र देशको कुल स्याउ उत्पादन क्षेत्रफलको ६.३ प्रतिशत मात्र छ भने स्याउ खेती गरिएको क्षेत्रफलको १२ प्रतिशत तथा उत्पादन १३ प्रतिशत छ । त्यस्तै स्याउको उत्पादकत्व राष्ट्रिय स्याउ उत्पादकत्वको तुलनामा १३ प्रतिशतले बढी रहेको छ । स्याउको सबैभन्दा बढी उत्पादन सोलुखुम्बुमा र उत्पादकत्व पाँचथरमा छ । झापा, मोरङ र सुनसरीमा यी फलहरूको उत्पादनको तथ्याङ्क छैन ।

**तालिका ४.११ प्रदेश नं. १ मा केही हिउँदे फलफूलहरूको उत्पादन स्थिति, २०१६/१७**

| जिल्ला | किवी | | | | स्याउ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन क्षेत्र (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन क्षेत्र (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| प्रदेश नं. १ | २३९ | १२० | २७३ | २ | ७६२ | ४२९ | २,५९६ | ६१.० |
| नेपाल | ५५१ | १८६ | ७१९ | ४ | १२,०१५ | ३,७०७ | १९,८५० | ५.४ |
| प्रदेश नं. १ को अंश (%) | ४३.४ | ६४.५ | ३८.० | ५० | ६.३ | ११.६ | १३.१ | ११३.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१६/१७ (Statistical Information on Nepalese Agriculture, 2016-17)*

त्यस्तै, प्रदेश नं. १ मा विभिन्न वर्षे फलफूलहरू पनि उत्पादन हुन्छन् । आँप, केरा, लिची र मेवाको उत्पादनको स्थिति तालिका ४.१२ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ मा आँपको उत्पादन राष्ट्रिय उत्पादनको १.५ प्रतिशत मात्र रहेको छ । त्यस्तै केराको उत्पादन राष्ट्रिय उत्पादनको ३२.८ प्रतिशत, लिचिको उत्पादन राष्ट्रिय उत्पादनको ८.९ प्रतिशत र मेवाको उत्पादन २१ प्रतिशत रहेको छ । यस प्रदेशमा आँपको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको ७१ प्रतिशत मात्र छ । केराको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको ९७ प्रतिशत, लिचिको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको तुलनामा १०२ प्रतिशत र मेवाको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको तुलनामा १५७ प्रतिशत रहेको छ ।

जिल्लागतरूपमा प्रदेश नं. १ को विश्लेषण गर्दा आँप उत्पादन बढी हुने जिल्लाहरू सुनसरी, झापा, मोरङ र उदयपुर रहेका छन् भने आँपको उत्पादकत्व बढी भएका जिल्लाहरू क्रमशः मोरङ, उदयपुर, झापा तथा सुनसरी हुन् । केरा उत्पादन बढी भएका जिल्लाहरू क्रमशः मोरङ, झापा, सुनसरी हुन् भने केराको उत्पादकत्व क्रमशः झापा, सुनसरी तथा मोरङमा बढी छ । लिची उत्पादन बढी भएका जिल्लाहरू क्रमशः सुनसरी, मोरङ, उदयपुर र झापा हुन् भने लिचीको उत्पादकत्व बढी भएका जिल्लाहरू झापा, उदयपुर, मोरङ र सुनसरी हुन् । मेवा उत्पादन बढी भएका जिल्लाहरू क्रमशः मोरङ, झापा, सुनसरी र उदयपुर हुन् भने मेवा उत्पादकत्व बढी भएका जिल्लाहरू क्रमशः संखुवासभा, मोरङ र सुनसरी रहेका छन् (परिशिष्ट तालिका ११)।

**तालिका ४.१२ प्रदेश नं. १ मा केही वर्षे फलफूलजन्य बालीको उत्पादनको स्थिति, २०१६/१७**

| वर्षे फलफूल | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| आँप | क्षेत्रफल (हे.) | १,८३५ | ४८,२०४ | ३.८ |
| | उत्पादन क्षेत्र (हे.) | ७६७ | ३७,०१३ | २.१ |
| | उत्पादन (मे. टन) | ४,३७४ | २,९८,६९२ | १.५ |
| | उत्पादकत्व (मे. टन/हे.) | ५.७ | ८.१ | ७०.७ |
| केरा | क्षेत्रफल (हे.) | ५,४७७ | १७,८३९ | ३०.७ |
| | उत्पादन क्षेत्र (हे.) | ५,१७५ | १५,२२३ | ३४.० |
| | उत्पादन (मे. टन) | ८१,३२३ | २,४७,६२२ | ३२.८ |
| | उत्पादकत्व (मे. टन/हे.) | १५.७ | १६.३ | ९६.६ |
| **वर्षे फलफूल** | | **प्रदेश नं. १** | **नेपाल** | **प्रदेश नं. १ को अंश (%)** |

| वर्षे फलफूल | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| लिची | क्षेत्रफल (हे.) | १,०१५ | ९,०९६ | ११.२ |
| | उत्पादन क्षेत्र (हे.) | ५५५ | ६,३२९ | ८.८ |
| | उत्पादन (मे. टन) | ४,०४९ | ४५,२४९ | ८.९ |
| | उत्पादकत्व (मे. टन/हे.) | ७.३ | ७.१ | १०२.० |
| मेवा | क्षेत्रफल (हे.) | २८० | १,४५७ | १९.२ |
| | उत्पादन क्षेत्र (हे.) | २२१ | १,०११ | २१.९ |
| | उत्पादन (मे. टन) | २,७१५ | १२,९१२ | २१.० |
| | उत्पादकत्व (मे. टन/हे.) | १२.३ | ७.८ | १५६.९ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

### ४.२.५ तरकारी खेतीको स्थिति

प्रदेश नं. १ मा केही मुख्य तरकारी बालीहरूको उत्पादनको स्थिति तालिका ४.१३ मा देखाइएको छ । नेपालको कुल उत्पादनमा प्रदेश नं. १ मा काउलीको हिस्सा २१ प्रतिशत, बन्दाको ३० प्रतिशत, ब्रोकाउलीको २६ प्रतिशत, टमाटरको २९ प्रतिशत, मुलाको २६ प्रतिशत, रायोको सागको २५ प्रतिशत, बेसारको २४ प्रतिशत, अकबरे खोर्सानीको हिस्सा ६६ प्रतिशत (सबैभन्दा बढी), खोर्सानीको २४ प्रतिशत, प्याजको १२ प्रतिशत, काँक्रोको १७ प्रतिशत, फर्सीको २४ प्रतिशत, खरबुजाको ८ प्रतिशत र तरुलको ११ प्रतिशत हिस्सा रहेको छ ।

नेपालमा तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएका ५५ प्रकारका सागसब्जी मध्ये यहाँ १४ प्रकारका सागसब्जीको मात्र विश्लेषण गरिएको छ । उत्पादकत्वको विश्लेषण गर्दा प्रदेश नं. १ मा विभिन्न सागसब्जीहरू जस्तै काउली, बन्दा, ब्रोकाउली, टमाटर, काक्रो, फर्सी, खरवुजा आदिको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वभन्दा बढी र मूला, रायोको साग, बेसार, अकबरे खोर्सानी, खोर्सानी, प्याज, तरुलको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वभन्दा कम छ । यस प्रदेशका इलाम, झापा र मोरङ नेपालका ५ अधिकतम तरकारी बाली उत्पादन गर्ने जिल्लामा पर्छन् । जिल्लागत रूपमा पनि विभिन्न सागसब्जीहरूको क्षेत्रफल, उत्पादन, उत्पादकत्व परिशिष्ट तलिका १२ मा दिइएको छ ।

## तालिका ४.१३ प्रदेश नं. १ मा मुख्य तरकारी बालीहरूको उत्पादनको स्थिति, २०१८

| तरकारी | प्रदेश नं. १ | | | नेपाल | | | प्रदेश नं. १ को अंश | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) | क्षेत्रफल (हे.) | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
| काउली | ७,१२२ | १,१४,१४० | १६ | ३५,९७४ | ५,३४,१४१ | १५ | २० | २१ | १०७ |
| बन्दा | ७,५९५ | १,४४,३०२ | १९ | २९,३७३ | ४,८५,१९९ | १७ | २६ | ३० | ११२ |
| ब्रोकाउली | ५२१ | ५,१९३ | १० | १,९८६ | २०,०४८ | १० | २६ | २६ | १०० |
| टमाटर | ४,९८८ | १,१६,६९० | २३ | २१,३८९ | ४,००,६७४ | १९ | २३ | २९ | १२३ |
| मूला | ४,९८५ | ६९,२११ | १४ | १७,६८७ | २,६३,३४६ | १५ | २८ | २६ | ९३ |
| साग (रायो) | ३,९२४ | ३८,१९२ | १० | १२,४०७ | १,५३,६२० | १२ | ३२ | २५ | ८१ |
| बेसार | १४२ | १,१३४ | ८ | ४६६ | ४,७९८ | १० | ३० | २४ | ८० |
| अकबरे खोर्सानी | ८०९ | ३,०३६ | ४ | १,०२५ | ४,५९२ | ४ | ७९ | ६६ | ९४ |
| खोर्सानी | २,१५५ | २२,९७६ | ११ | ८,९३९ | ९६,७०७ | ११ | २४ | २४ | ९७ |
| प्याज | २,५७१ | २८,९९९ | ११ | १९,६०० | २,३७,०१७ | १२ | १३ | १२ | ९४ |
| काक्रा | १,६६३ | २५,९०० | १६ | ९,६९१ | १,४८,७०२ | १५ | १७ | १७ | १०४ |
| फर्सी | १,७१० | २५,९३६ | १५ | ७,५२३ | १,०९,१८० | १५ | २३ | २४ | १०१ |
| खरबुजा | ११७ | २,७२० | २३ | १,९१३ | ३३,१५६ | १७ | ६ | ८ | १३७ |
| तरुल | १७४ | २,०६९ | १२ | १,३७० | १८,५६१ | १४ | १३ | ११ | ८५ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

### ४.२.६ मसलाजन्य बालीहरूको उत्पादनको स्थिति

प्रदेश नं. १ मा उत्पादन हुने विभिन्न मसलाजन्य बालीहरूको उत्पादनको स्थिति तालिका ४.१४ मा प्रस्तुत गरिएको छ । अलैंची नेपालको पहाडी क्षेत्रको एउटा उदयमान मसला बालीको रूपमा विकास हुदै गएको छ जसको अधिकांश हिस्सा प्रदेश नं. १ ले लिएको छ । नेपालको अलैंची खेती गरिएको कुल क्षेत्रफलको ९३.२ प्रतिशत क्षेत्रफल यस प्रदेशमा पर्दछ । त्यस्तै नेपालको अलैंचीको कुल उत्पादनको ९४.२ प्रतिशत उत्पादन यसै प्रदेशमा भएको तथ्याङ्क छ । अलैंची बालीलाई यस प्रदेशको सुहाउदो हावापानी भएका क्षेत्रमा प्रदेश सरकारले विरुवा तथा प्राविधिक सहयोग गर्न सके यसको उल्लेखनीय रूपमा विकास र विस्तार हुन सक्छ ।

त्यस्तै, नेपालको अदुवा खेती गरिएको कुल क्षेत्रफलको ३४.३ प्रतिशत क्षेत्रफल यस प्रदेशमा पर्छ । नेपालको अदुवाको कुल उत्पादनको ३४.८ प्रतिशत उत्पादन यसै प्रदेशमा हुन्छ । यस प्रदेशको अदुवाको उत्पादकत्व राष्ट्रिय औसतकै हाराहारीमा छ । यसैगरी नेपालको लसुन खेती गरिएको कुल क्षेत्रफलको १४.८ प्रतिशत क्षेत्रफल यस प्रदेशमा पर्छ । नेपालको लसुनको कुल उत्पादनको १०.४ प्रतिशत उत्पादन मात्र यस प्रदेशमा रहेको छ । यस प्रदेशको लसुनको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको तुलनामा ३० प्रतिशत कम छ । नेपालको बेसार खेती गरिएको कुल क्षेत्रफलको २०.१ प्रतिशत क्षेत्रफल यस प्रदेशमा पर्छ । नेपालको बेसारको कुल उत्पादनको ११ प्रतिशत उत्पादन मात्र यस प्रदेशमा छ । यस प्रदेशको बेसारको उत्पादकत्व कुल उत्पादकत्वको तुलनामा मात्र ५४.७ प्रतिशत मात्र छ । यसैगरी खोर्सानी खेती गरिएको कुल क्षेत्रफलको २८.२ प्रतिशत क्षेत्रफल यस प्रदेशमा पर्छ । नेपालको खोर्सानीको कुल उत्पादनको २७.३ प्रतिशत उत्पादन यसै प्रदेशमा छ । यस प्रदेशको खोर्सानीको उत्पादकत्व कुल उत्पादकत्वको तुलनामा ९६.८ प्रतिशत छ । यसैगरी प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा भएको मसलाजन्य बालीहरू उत्पादनमा विविधता छ (परिशिष्ट तालिका १३)। अलैंची खेती सबैभन्दा बढी ताप्लेजुङ तथा संखुवासभा जिल्लामा छ । त्यस्तै अदुवा खेती सबैभन्दा बढी इलाम र त्यसपछि मोरङ जिल्लामा छ । लसुन खेतीमा सुनसरी पहिलो र त्यसपछि मोरङ आउँछ । त्यस्तै बेसार खेतीमा पहिलो इलाम र त्यसपछि मोरङ जिल्ला छन् । त्यसैगरी खोर्सानी उत्पादनमा मोरङ पहिलो स्थानमा छ । समग्र नेपालमा मोरङ, सुनसरी मसला खेती गर्ने ५ प्रमुख जिल्लामा पर्छन् ।

**तालिका ४.१४ प्रदेश नं. १ मा प्रमुख मसलाजन्य बालीहरूको उत्पादनको स्थितिः क्षेत्रफल (हे.), उत्पादन (टन) तथा उत्पादकत्व (टन प्रति हे.), २०१६/१७**

| मसलाजन्य बालीहरू | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| अलैंची | क्षेत्रफल | ११,३०० | १२,१२० | ९३.२ |
| | उत्पादन | ६,०६४ | ६,४३९ | ९४.२ |
| | उत्पादकत्व | ५३७ | ५३१ | १०१.१ |
| अदुवा | क्षेत्रफल | ७,५०८ | २१,८६९ | ३४.३ |
| | उत्पादन | ९४,४८० | २,७१,८६३ | ३४.८ |
| | उत्पादकत्व | १२,५८४ | १२,४३१ | १०१.२ |
| लसुन | क्षेत्रफल | १,११६ | ७,५५१ | १४.८ |
| | उत्पादन | ५,२४८ | ५०,४२६ | १०.४ |

| मसलाजन्य बालीहरू | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|
| | उत्पादकत्व | ४,७०३ | ६,६७९ | ७०.४ |
| बेसार | क्षेत्रफल | १,३९० | ६,९०१ | २०.१ |
| | उत्पादन | ७,०९८ | ६४,४०० | ११. |
| | उत्पादकत्व | ५,१०६ | ९,३३२ | ५४.७ |
| खुर्सानी | क्षेत्रफल | २,१७५ | ७,७०७ | २८.२ |
| | उत्पादन | ११,२१० | ४१,०४६ | २७.३ |
| | उत्पादकत्व | ५,१५४ | ५,३२६ | ९६.८ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१७*

### ४.२.७ पशुपालनको स्थिति

प्रदेश नं. १ मा पशुपालन सम्बन्धी स्थितिको बारेमा यस खण्डमा चर्चा गरिएको छ । यस अन्तर्गत पशु चौपायाहरू, माछा, मासु, दूध, अण्डा, ऊन लगायतको उत्पादनको चर्चा गरिएको छ । तालिका ४.१५ मा प्रदेश अन्तर्गतका जिल्लाहरूको घरपालुवा पशुपक्षीहरूको स्थिति देखाइएको छ । प्रदेश नं. १ मा कुल नेपालमा रहेका गाईको हिस्सा २७ प्रतिशत, भैंसीको १६.६ प्रतिशत, भेडाको ९.६ प्रतिशत, बाख्राको २०.८ प्रतिशत, सुँगुरको ४४.८ प्रतिशत, कुखुराको ११.५ प्रतिशत र हाँसको २६.९ प्रतिशत रहेको छ । जिल्लागत रूपमा हेर्दा गाईपालन इलाममा सबैभन्दा बढी तथा भैंसीपालनमा सुनसरी, मोरङ तथा उदयपुर, भेडापलनमा भोजपुर तथा संखुवासभा, बाख्रापालनमा मोरङ, झापा, सुनसरी तथा उदयपुर, सुँगुरपालनमा झापा, सुनसरी, मोरङ, उदयपुर तथा खोटाङ, कुखुरापालनमा मोरङ, सुनसरी, झापा, उदयपुर तथा धनकुटा र हाँसपालनमा मोरङ, सुनसरी तथा झापा अग्रस्थानमा रहेका छन् (परिशिष्ट तालिका १४)।

**तालिका ४.१५ प्रदेश नं. १ मा घरपालुवा पशुपक्षीहरूको स्थिति, २०१६/१७**

| जिल्ला | पशुपक्षीको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गाई | भैंसी | भेडा | बाख्रा | सुँगुर | कुखुरा | हाँस |
| प्रदेश नं. १ | १९,७०,१७७ | ८,५७,०८५ | ७६,८४१ | २२,८५,१८० | ५,७८,४७२ | ७९,१७,५८९ | १,०५,४७७ |
| नेपाल | ७३,०२,८०८ | ५१,६८,८०९ | ८,००,६५८ | १,०९,८६,११४ | १२,९१,३०८ | ६,८६,३०,६३८ | ३,९२,२५५ |
| प्रदेश नं. १ (%) | २७.० | १६.६ | ९.६ | २०.८ | ४४.८ | ११.५ | २६.९ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

प्रदेश नं. १ दूध उत्पादनका लागि प्रमुख क्षेत्र हो । तालिका ४.१६ मा प्रदेश नं. १ को दूध उत्पादनको स्थिति देखाइएको छ । नेपालमा भएका दूध दिने गाईको कुल संख्याको २८.१ प्रतिशत हिस्सा प्रदेश नं. १ मा पर्छ । त्यस्तै यस प्रदेशमा दूध दिने भैंसीको संख्याको हिस्सा नेपालको १६.७ प्रतिशत रहेको छ । त्यस्तै यस प्रदेशमा गाईको दूधको उत्पादन देशको कुल गाईको दूध उत्पादनको २६.७ प्रतिशत र भैंसीको दूधको उत्पादन देशको कुल भैंसीको दूध उत्पादनको १५.५ प्रतिशत रहेको छ । जिल्लागत रूपमा हेर्दा दूध दिने गाईको संख्या सुन्सरी, मोरङ, झापा तथा इलाममा बढी छ भने दूध दिने भैंसीको संख्या सुन्सरी, मोरङ र उदयपुरमा बढी छ । त्यस्तै यस प्रदेशमा गाईको दूध उत्पादनमा झापा, मोरङ, इलाम र भैंसीको दूध उत्पादनमा मोरङ, झापा, सुनसरी, इलाम अगाडि छन् । कुल दूध उत्पादनमा क्रमशः मोरङ, झापा, सुनसरी र इलाम जिल्ला अगाडि छन् (परिशिष्ट तालिका १५)।

**तालिका ४.१६ प्रदेश नं. १ मा दूध उत्पादनको स्थिति, २०१६/१७**

| जिल्ला | संख्या | | दूध उत्पादन (मे.ट.) | | |
|---|---|---|---|---|---|
| | दूध दिने गाई | दूध दिने भैंसी | गाईको दूध | भैंसीको दूध | कुल दूध उत्पादन |
| प्रदेश नं. १ | २,८८,१६० | २,२६,७८३ | १,७१,९३० | २,१२,३४७ | ३,८४,२७६ |
| नेपाल | १०,२६,१३५ | १३,५५,३८४ | ६,४३,८०६ | १२,१०,४४१ | १८,५४,२४७ |
| प्रदेश नं. १ को अंश | २८.१ | १६.७ | २६.७ | १७.५ | २०.७ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

प्रदेश नं. १ मा मासु उत्पादनको स्थितिलाई तालिका ४.१७ मा प्रस्तुत गरिएको छ । यस प्रदेशमा मासु उत्पादन कुल राष्ट्रिय मासु उत्पादनको १९.५ प्रतिशत हुने गरेको छ । विभिन्न जनावर विशेषको मासुको सन्दर्भमा सबैभन्दा बढी हिस्सा ओगट्ने सुँगुरको मासु रहेको छ, जसले राष्ट्रिय उत्पादनमा ४०.५ प्रतिशत हिस्सा लिएको छ । त्यसैगरी हाँसको मासु उत्पादनले २९.५ प्रतिशत, भैंसीको मासु उत्पादनले १९.५ प्रतिशत, खसीको मासु उत्पादनले १८.७ प्रतिशत, कुखुराको मासु उत्पादनले १२.७ प्रतिशत र भेडाको मासु उत्पादनले ९.६ प्रतिशत योगदान राष्ट्रिय उत्पादनमा पुर्याएको छ ।

प्रदेश नं. १ मा सबैभन्दा बढी मासु उत्पादन हुने जिल्ला मोरङ, झापा र सुनसरी हुन् । मोरङ, सुनसरी, झापा र उदयपुर भैंसीको मासु बढी उत्पादन हुने जिल्ला हुन् । त्यस्तै भेडाको मासु बढी उत्पादन हुने जिल्लाहरू भोजपुर तथा संखुवासभा हुन् भने खसीको मासु बढी उत्पादन हुने जिल्लाहरू सुनसरी, मोरङ, झापा र उदयपुर हुन् । सुँगुरको मासु बढी उत्पादन हुने जिल्लाहरू झापा, भोजपुर, सुनसरी, मोरङ र उदयपुर हुन् । कुखुराको मासु बढी उत्पादन हुने जिल्लाहरू मोरङ, झापा र सुनसरी हुन् । त्यस्तै हाँसको मासु बढी उत्पादन हुने जिल्लाहरू क्रमशः मोरङ र सुनसरी हुन् (परिशिष्ट तालिका १६)।

**तालिका ४.१७ प्रदेश नं. १ का जिल्लाहरूमा मासु उत्पादनको स्थिति**

| जिल्ला | मासु उत्पादन (मे.ट.) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भैंसी | भेडा | खसी | सुँगुर | कुखुरा | हाँस | कुल उत्पादन |
| प्रदेश नं. १ | ३४,१३२ | २५९ | १२,२४३ | ९,५२७ | ६,७०१ | ७० | ६२,९३२ |
| नेपाल | १,७५,००५ | २,६८४ | ६५,५८३ | २३,५०९ | ५५,०४१ | २३७ | ३,२२,०५९ |
| प्रदेश नं. १ को अंश | १९.५ | ९.६ | १८.७ | ४०.५ | १२.२ | २९.५ | १९.५ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

प्रदेश नं. १ मा हुने अन्डाको उत्पादनको स्थितिलाई तालिका ४.१८ मा देखाइएको छ । अण्डा उत्पादनका दृष्टिले प्रदेश नं. १ को हिस्सा राष्ट्रिय अण्डा उत्पादनको १४ प्रतिशत हुन आउँछ । जसमा कुखुराको अण्डाको हिस्सा १३.८ प्रतिशत र हाँसको अण्डाको हिस्सा २४.५ प्रतिशत रहेको छ । त्यस्तै, प्रदेश नं. १ मा अण्डा दिने कुखुराको संख्या कुल राष्ट्रिय अण्डा दिने कुखुराको संख्याको ११.५ प्रतिशत छ भने अण्डा दिने हाँसको संख्या कुल राष्ट्रिय अण्डा दिने हाँसको संख्याको २४ प्रतिशत रहेको छ । जिल्लागत रूपमा प्रदेश नं. १ मा सबैभन्दा बढी अण्डा उत्पादन गर्ने जिल्लाहरू क्रमशः उदयपुर, मोरङ, सुनसरी तथा झापा हुन् । त्यस्तै प्रदेश नं. १ मा सबैभन्दा बढी कुखुराको अण्डा उत्पादन गर्ने जिल्ला क्रमशः उदयपुर, मोरङ, सुनसरी तथा झापा हुन् भने सबैभन्दा बढी हाँसको अण्डा उत्पादन गर्ने जिल्ला मोरङ हो (परिशिष्ट तालिका १७)।

### तालिका ४.१८ प्रदेश नं. १ का जिल्लाहरूमा अण्डा उत्पादनको स्थिति

| जिल्ला | अण्डा दिने पक्षीको संख्या | | अण्डा उत्पादन (हजारमा मा) | | |
|---|---|---|---|---|---|
| | कुखुरा | हाँस | कुखुरीको | हाँसको | कुल उत्पादन |
| प्रदेश नं. १ | १,४२५,१६७ | ४३,४९५ | १,७८,९२८ | ३,४०४ | १,८२,३३२ |
| नेपाल | १,२३,५३,५१५ | १,८०,९२७ | १२,९४,१६६ | १३,९०६ | १३,०८,०७२ |
| प्रदेश नं. १ को अंश | ११.५ | २४.० | १३.८ | २४.५ | १३.९ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

प्रदेश नं. १ मा देशका कुल १७.५ प्रतिशत पोखरीहरू रहेका छन् जसको पानीको सतहको क्षेत्रफल देशका कुल पोखरीको क्षेत्रफलको १२.८ प्रतिशत हुन आउँछ (तालिका ४.१९) । त्यस्तै देशको कुल माछा उत्पादनको १२.७ प्रतिशत माछा यस प्रदेशबाट उत्पादन हुन्छ । त्यसैगरी यस प्रदेशको माछाको उत्पादकत्व राष्ट्रिय उत्पादकत्वको ९९.३ प्रतिशत मात्र हुन आउँछ । जिल्लागत रूपमा हेर्दा बढी पोखरी भएका जिल्लाहरू क्रमशः मोरङ, झापा र सुनसरी छन् भने पानीको सतहको क्षेत्रफल तथा माछा उत्पादन तथा माछाको उत्पादकत्वमा क्रमश मोरङ, सुनसरी र झापा अगाडि छन् । यी जिल्लाहरूमा व्यावसायिक माछापालन गरिएको छ (परिशिष्ट तालिका १८)।

### तालिका ४.१९ प्रदेश नं. १ मा पानीको क्षेत्रफल र माछा उत्पादनको स्थिति

| क्षेत्र | पोखरी संख्या | पानीको सतहको क्षेत्रफल (हे.) | कुल माछा उत्पादन (के.जी.) | उत्पादकत्व (के.जी./हे.) |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ६,८७६ | १,२७३.५ | ६१,८०,६१६ | ४,८५३ |
| नेपाल | ३९,३०८ | ९,९३४.९ | ४,८५,४३,००० | ४,८८७ |
| प्रदेश नं. १ (%) | १७.५ | १२.८ | १२.७ | ९९.३ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

नेपालको खासगरी हिमाली क्षेत्रमा भेडाको ऊन उत्पादन हुने गर्दछ र ऊन उत्पादन पनि देशको एक प्रमुख कृषिजन्य उत्पादनमा पर्दछ । तालिका ४.२० मा प्रदेशको ऊन उत्पादनको स्थिति देखाइएको छ । कुल भेडाको ऊन उत्पादनको ९.५ प्रतिशत मात्र प्रदेश नं. १ मा उत्पादन हुन्छ भने यहाँ ऊन दिने भेडाको संख्या पनि नेपालको ९.६ प्रतिशत मात्र रहेको छ । यस प्रदेशमा जिल्लागत रूपमा भोजपुर, संखुवासभा, ओखलढुङ्गा र सोलुखुम्बु भेडाको ऊन उत्पादनमा अगाडि छन् ।

### तालिका ४.२० प्रदेश नं. १ का जिल्लाहरूमा ऊन उत्पादन, २०१६/१७

| जिल्ला | भेडाको संख्या | भेडाको ऊन उत्पादन (के.जी.) |
|---|---|---|
| ताप्लेजुङ | ५,७७७ | ३,५१९ |
| संखुवासभा | १२,१८१ | ९,०५० |
| सोलुखुम्बु | ८,४६१ | ६,२८६ |
| पाँचथर | १,३३८ | ९९४ |
| इलाम | १६० | ११८ |
| तेह्रथुम | ७,०८३ | ५,२६२ |
| धनकुटा | ५७७ | ३२४ |
| भोजपुर | १८,२१० | १३,५३० |

| जिल्ला | भेडाको संख्या | भेडाको ऊन उत्पादन (के.जी.) |
|---|---|---|
| खोटाङ | ९,१५६ | ५,९२५ |
| ओखलढुङ्गा | ९,१०५ | ६,७५६ |
| उदयपुर | ६०९ | ४५२ |
| झापा | ३६ | १३ |
| मोरङ | ४९० | ३६४ |
| सुनसरी | ३,६५८ | ३,१५२ |
| प्रदेश नं. १ | ७६,८४१ | ५५,७४५ |
| नेपाल | ८,००,६५८ | ५,८८,३४८ |
| प्रदेश नं. १ को अंश | ९.६ | ९.५ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

उच्च पहाडी तथा हिमाली भेगमा पाइने याक, नाक, चौंरीहरू सामान ढुवानी तथा दुग्ध उत्पादनका लागि महत्त्वपूर्ण हुन्छन् । तालिका ४.२१ मा प्रदेश नं. १ मा रहेका यस्ता जनावरहरूको संख्या उल्लेखनीय गरिएको छ । नेपालमा रहेका कुल याक, नाक, चौंरीको संख्याको ३३.१ प्रतिशत हिस्सा प्रदेश नं. १ मा छ । सबैभन्दा बढी याक, नाक, चौंरी सोलुखुम्बु जिल्लामा छन् भने त्यसपछि क्रमशः संखुवासभा तथा ताप्लेजुङमा रहेका छन्।

**तालिका ४.२१ प्रदेश नं. १ का जिल्लाहरूमा याक, नाक, चौंरीको संख्या, २०१६/१७**

| जिल्ला | याक, नाक, चौंरीको संख्या |
|---|---|
| ताप्लेजुङ | ३,४६५ |
| संखुवासभा | ३,९४५ |
| सोलुखुम्बु | १२,२३५ |
| पाँचथर | १,०७५ |
| इलाम | १६५ |
| भोजपुर | ८८७ |
| खोटाङ | ३५० |
| ओखलढुङ्गा | ६७५ |
| प्रदेश नं. १ | २२,७९७ |
| नेपाल | ६८,८३१ |
| प्रदेश नं. १ को अंश (%) | ३३.१ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

## ४.३ व्यावसायिक फूल खेतीको स्थिति

नेपालमा बागमती प्रदेशमा सबैभन्दा बढीले फूल खेतीलाई व्यावसायिक रूपमा अँगालेका पाइन्छ (तालिका ४.२२)। प्रदेश नं. १ व्यावसायिक फूल खेती गर्नेमा बागमती प्रदेशपछि दोस्रो स्थानमा छ, जसमा ६८ जनाले व्यावसायिक फूल खेती गर्छन् । फूल खेतीमा बागमती प्रदेशले मात्र दुई  तिहाइ भन्दा बढी हिस्सा ओगटेको छ । त्यसैले प्रदेश नं. १ मा नेपालको कुल व्यावसायिक फूल खेती गर्नेको संख्याको १२ प्रतिशत मात्र छ।

**तालिका ४.२२ प्रदेशगत रूपमा व्यावसायिक रूपमा फूल खेती गर्नेको संख्या २०७२/७३**

| प्रदेश | व्यावसायिक फूल खेती गर्नेको संख्या | व्यावसायिक फूल खेती गर्नेको प्रतिशत |
|---|---|---|
| प्रदेश नं. १ | ६८ | १२.१ |
| प्रदेश नं. २ | ५४ | ९.६ |
| बागमती | ३८१ | ६७.९ |
| गण्डकी | २२ | ३.९ |
| प्रदेश नं. ५ | २४ | ४.३ |
| कर्णाली | २ | ०.४ |
| सुदूरपश्चिम | १० | १.८ |
| नेपाल | ५६१ | १०० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१७;Monitoring, Commercial Floriculture Survey 2072/73 (2015/16)*

प्रदेश नं. १ का व्यावसायिक फूल खेती गर्ने जिल्लाहरूमा मोरङ पहिलो स्थानमा रहेको छ जुन नेपालको बढी फुल खेती गर्नेमा तेश्रो जिल्ला हो । यहाँ २३ प्रतिशत मनिसले व्यावसायिक खेती गर्छन् (तालिका ४.२३) । त्यसपछि झापा (१९) र सुनसरी (१५) फूल खेती गर्ने मुख्य जिल्लामा पर्छन् । क्षेत्रफलको हिसावले झापा पहिलो, त्यसपछि मोरङ र सुनसरी आउँछन् ।

**तालिका ४.२३ प्रदेश नं. १ का जिल्लाहरूमा फूल खेतीको स्थिति**

| जिल्ला | नर्सरी संख्या (फूल खेतीका लागि) | क्षेत्रफल (हे.) |
|---|---|---|
| इलाम | ५ | ०.०५ |
| झापा | १९ | १९.११ |
| मोरङ | २३ | ३.६० |
| सुनसरी | १५ | १.३९ |
| धनकुटा | ३ | ०.०८ |
| खोटाङ | २ | ०.०२ |
| उदयपुर | १ | NA |
| प्रदेश नं. १ | ६८ | (उदयपुर बाहेक) २४.२५ |
| नेपाल | ५६१ | १४७.४९ |
| प्रदेश नं. १ को अंश (%) | १२.१ | १६.४४ |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१७*

## ४.४ रासायनिक मलको प्रयोगको स्थिति

रासायनिक मलको प्रयोगको विश्लेषण गर्दा नेपालको कुल युरिया खपतको १५.५ प्रतिशत प्रदेश नं. १ मा खपत भएको देखिन्छ (तालिका ४.२४) । त्यस्तै, यो प्रदेशमा देशको कुल डिएपी प्रयोगको १६ प्रतिशत र पोटासको प्रयोगको २७.७ प्रतिशत प्रयोग रहेको छ । समग्र राष्ट्रिय रूपमा रासायनिक मलको प्रयोगको १६ प्रतिशत यस प्रदेशमा गरेको देखिन्छ । युरिया, डिएपी तथा पोटास एवं समग्र रासायनिक मल प्रयोग गर्ने जिल्लाहरू क्रमशः मोरङ, झापा र सुनसरी प्रमुख हुन् । ठूलो हिस्सा उत्पादन हुने जिल्लाहरूमा रासायनिक मलको प्रयोगले आम जनताको स्वास्थ्यमा पार्ने प्रभाव पनि एउटा चुनौतिको विषय हुन सक्छ ।

**तालिका ४.२४ प्रदेश नं. १ का जिल्लाहरूमा रासायनिक मलहरूको बिक्री, २०१६/१७**

| जिल्ला | युरिया | डिएपी | पोटास | कुल |
|---|---|---|---|---|
| झापा | ६,७६७ | ३,५७१ | ६३० | १०,९६८ |
| इलाम | ५८२ | १५६ | १९ | ७५७ |
| पाँचथर | ४२२ | ४८ | ३ | ४७३ |
| ताप्लेजुङ | ३५३ | १० | १ | ३६३ |
| मोरङ | १०,६७० | ६,३९३ | ७२२ | १७,७८५ |
| सुनसरी | २,७८३ | २,३०६ | ४११ | ५,५०० |
| धनकुटा | ९३० | ४७० | ९ | १,४०९ |
| भोजपुर | ४५२ | १४७ | ० | ५९९ |
| संखुवासभा | ५१४ | २६५ | १ | ७७९ |
| तेह्रथुम | ४८६ | १२२ | २ | ६१० |
| खोटाङ | २३९ | ५९ | - | २९८ |
| ओखलढुङ्गा | ३९९ | ८८ | १ | ४८८ |
| सोलुखुम्बु | २१५ | ३७ | - | २५२ |
| उदयपुर | ८३५ | ३३१ | २१ | १,१८७ |
| प्रदेश नं. १ | २५,६४७ | १४,००३ | १,८२० | ४१,४६८ |
| नेपाल | १,६४,९५२ | ८७,५३२ | ६,५७७ | २,५९,०६१ |
| प्रदेश नं. १ को अंश | १५.५ | १६.० | २७.७ | १६.० |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

## ४.५ खाद्य सुरक्षा तथा आत्मनिर्भरताको स्थिति

प्रदेश नं. १ खाद्यान्नमा आत्मनिर्भर छ भन्ने कुरा तालिका ४.२५ बाट प्रष्ट हुन्छ । खाद्य सुरक्षामा सबैभन्दा बढी झापा जिल्ला अगाडि रहेको देखिन्छ भने त्यसपछि अन्न भण्डार भनिने मोरङ तथा सुनसरीमा खाद्य सुरक्षा अलि कम देखिन्छ । खाद्यान्न उत्पादनमा झापा, मोरङ, सुनसरी अगाडि भएपनि मोरङ र सुनसरीमा बढी जनसंख्यालाई खाद्यान्न आवश्यकता भएकोले खाद्य सुरक्षा तुलनात्मक रूपमा कमजोर छ। त्यस्तै पहाडी जिल्लाहरू खोटाङ, भोजपुर तथा इलाममा पनि उत्पादनका दृष्टिले खाद्य सुरक्षा राम्रो रहेको छ । धानबाली सबैभन्दा बढी झापा, मोरङ, सुनसरीमा छ भने मकैमा झापा, इलाम, भोजपुर अगाडि छन् । त्यस्तै कोदो उत्पादनमा खोटाङ अगाडि छ । फापर उत्पादनमा झापा त्यसपछि खोटाङ अगाडि छन् । गहुँ उत्पादनमा क्रमशः सुनसरी, मोरङ, झापा अग्रस्थानमा छन् । जौ उत्पादन बढी हुने जिल्लाहरू क्रमशः खोटाङ, पाँचथर र ताप्लेजुङ हुन् (परिशिष्ट तालिका १९)।

**तालिका ४.२५ प्रदेश नं. १ मा खाद्यान्न उपलब्धता र आवश्यकता, २०१६/१७ (मे. टनमा)**

| जिल्ला | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|
| जनसंख्या | ४७,९४,७४४ | २,८९,२२,०३० | १६.६ |
| धान | ५,८५,४९९ | २८,५७,५६८ | २०.५ |
| मकै | ४,४९,१०६ | १७,८१,७८१ | २५.२ |
| कोदो | ६३,६९३ | २,३०,३८० | २७.६ |
| फापर | २,११९ | ९३०१ | २२.८ |
| गहुँ | १,३७,१८८ | १५,११,४८८ | ९.१ |

| जिल्ला | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|
| जौ | ४९८ | ७,८३० | ६.४ |
| जम्मा खाद्यान्न उत्पादन | १२,३८,१०३ | ६३,९८,३४८ | |
| आवश्यकता | ९,०३,८८८ | ५५,००,२३३ | |
| सन्तुलन | ३,३४,२१५ | ८,९८,११५ | |

*स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१८*

अन्न उत्पादनको हिसाबले प्रदेश आत्मनिर्भर भएतापनि सबै घर-परिवारले सधैँभरि खान पाए नपाएको कुरा अझ महत्त्वपूर्ण हुन्छ । प्रदेश नं. १ का घर-परिवारहरू खाद्य सुरक्षाको दृष्टिले कतिको सुरक्षित छन् भन्ने कुरा तालिका ४.२६ मा देखाइएको छ । खाद्य सुरक्षाको दृष्टिले प्रदेश नं. १ मा ५२.६ प्रतिशत घर-परिवार खाद्यान्न सुरक्षित अवस्थामा रहेका छन् जब कि नेपालमा सुरक्षित घरपरिवारको हिस्सा ४८.२ प्रतिशत मात्र छ । त्यस्तै प्रदेश नं. १ मा ९.२ प्रतिशत परिवारमा सघन स्तरको खाद्यान्न असुरक्षा छ भने नेपालमा १० प्रतिशत घरमा सघन स्तरको खाद्यान्न असुरक्षा छ । प्रदेश नं. १ खाद्यान्न उत्पादनको हिसाबमा आत्मनिर्भर रहे पनि सबै घर-परिवारहरू पूर्ण खाद्य सुरक्षित अवस्थामा छैनन् । यसबाट के प्रस्ट छ भने अहिले पनि नेपाल लगायत प्रदेश नं. १ मा खाद्यान्न सुरक्षा एउटा जटिल समस्याको रूपमा रहेको छ ।

**तालिका ४.२६ प्रदेश नं. १ मा घरायसी खाद्य सुरक्षाको स्थिति (खाद्य सुरक्षाको स्थितिको आधारमा घरपरिवारको प्रतिशत वितरण), २०१६**

| खाद्य सुरक्षाको स्थिति | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| सुरक्षित | ५२.६ | ४८.२ |
| अलि-अलि असुरक्षित | २०.३ | १९.७ |
| मध्यम स्तरको असुरक्षित | १८.० | २२.२ |
| सघन स्तरको असुरक्षित | ९.२ | ९.९ |
| जम्मा | १००.० | १००.० |
| नमुना छनौटमा परेका परिवारको संख्या | २,००४ | ११,०४० |

*स्रोतः नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

## ४.६ घरपरिवारको आयस्तर तथा गरिबीको स्थिति

तालिका ४.२७ मा प्रदेश नं. १ अन्तर्गतका जिल्लाहरूको औसत आयु, मानव विकास सूचकाङ्क तथा मानव गरिबी को सूचकाङ्क देखाइएको छ । प्रदेशमा सबैभन्दा बढी औसत आयु ओखलढुङ्गा र खोटाङ जिल्लामा बसोबास गर्ने मानिसहरूको देखिएको छ भने कम ताप्लेजुङमा रहेको छ । त्यसैगरी बढी मानव विकास सूचकाङ्क हुने जिल्लामा क्रमशः तेह्रथुम, इलाम, झापा र मोरङ छन् भने कम मानव विकास सूचकाङ्क हुने जिल्लामा क्रमशः भोजपुर र ताप्लेजुङ छन् । त्यस्तै मानव गरिबी सूचकाङ्कको आधारमा राम्रो अवस्था भएका भएको (सूचकाङ्कको मान कम भएका) जिल्लामा झापा र मोरङ पर्छन् भने मानव गरिबी सूचकाङ्क नराम्रो भएको जिल्लामा ओखलढुङ्गा, पाँचथर र संखुवासभा हुन् ।

यस प्रदेशका ६ वटा जिल्लाको मानव विकास सूचकाङ्क ०.४५-०.४९ को बीचमा छ भने ८ वटा जिल्लाको ०.५–०.५४९ को बीचमा छ । सन २००१ को तुलनामा सोलुखुम्बु र ताप्लेजुङको मानव विकास सूचकाङ्क १२–१२ स्थानले माथि आएको छ जुन सबैभन्दा बढी वृद्धि भएका जिल्लामा पर्छन् । त्यस्तै उदयपुरको

मानव विकास सूचकाङ्क १४ स्थानले तल झरेको छ जुन सबैभन्दा बढी झर्ने ५ जिल्लाभित्र पर्छ । झापा सबैभन्दा कम गरिबी सूचकाङ्क भएको जिल्लामा पर्छ । प्रदेशका जिल्लाहरूको तथ्याङ्क हेर्दा ६ वटा जिल्लाहरू (पाँचथर, तेह्रथुम, संखुवासभा, भोजपुर, सोलुखुम्बु र ओखलढुङ्गा) मा मानव गरिबी को सूचकाङ्क राष्ट्रिय औसत भन्दा उच्च छ, जसको अर्थ यी जिल्लाहरूमा मानव गरिबी को स्थिति सघन रहेको छ ।

**तालिका ४.२७ औसत आयु, मानव विकास सूचकाङ्क र मानव गरिबीको सूचकाङ्क, २०१४**

| जिल्ला | औसत आयु | मानव विकास सूचकाङ्क | मानव गरिबीको सूचकाङ्क |
|---|---|---|---|
| ताप्लेजुङ | ६५.८३ | ०.४९ | २६.४२ |
| पाँचथर | ६८.१२ | ०.५० | ३३.६६ |
| इलाम | ६७.९५ | ०.५३ | २६.९६ |
| झापा | ६७.२९ | ०.५२ | २१.८२ |
| मोरङ | ६९.०५ | ०.५१ | २५.३२ |
| सुनसरी | ६८.३३ | ०.५० | २६.५२ |
| धनकुटा | ६९.०४ | ०.५२ | २७.५७ |
| तेह्रथुम | ६८.०५ | ०.५३ | ३३.०१ |
| संखुवासभा | ६८.४२ | ०.४९ | ३३.६४ |
| भोजपुर | ६८.३३ | ०.४८ | ३३.०३ |
| सोलुखुम्बु | ६८.८३ | ०.५० | ३२.४८ |
| ओखलढुङ्गा | ७०.५६ | ०.४७ | ३५.६० |
| खोटाङ | ७०.२४ | ०.४९ | २९.४७ |
| उदयपुर | ६९.२९ | ०.४८ | २९.७४ |
| नेपाल | ६८.८० | ०.४९ | ३१.१२ |

*स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४*

त्यसैगरी बहुआयामिक गरिबीको स्थितिको आधारमा प्रदेश नं. १ को अवस्था नेपालको भन्दा केही राम्रो रहेको छ (तालिका ४.२८) । नेपालमा बहुआयामिक गरिबीको दर २८.६ प्रतिशत छ भने यस प्रदेशमा सो दर १९.७ प्रतिशत रहेको छ । प्रदेश नं. १ मा गरिबीको सघनता ४३.२ प्रतिशत रहेको छ जुन नेपालको सोही दर ४४.२ प्रतिशत कै हाराहारीमा रहेको छ । यसरी नै प्रदेश नं. १ मा बहुआयामिक गरिबीको सूचकाङ्क ०.०८५ छ जुन नेपालको बहुआयामिक गरिबीको सूचकाङ्क ०.१२७ भन्दा कम हो ।

**तालिका ४.२८ प्रदेश नं. १ को बहुआयामिक गरिबीको स्थिति**

| गरिबीको स्थिति | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| बहुआयामिक गरिब (प्रतिशत) | १९.७ | २८.६ |
| गरिबीको सघनता (प्रतिशत) | ४३.२ | ४४.२ |
| बहुआयामिक गरिबीको सूचकाङ्क | ०.०८५ | ०.१२७ |

*स्रोतः नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ४.७ श्रमशक्ति तथा रोजगारीको स्थिति

यस खण्डमा प्रदेश नं. १ को क्रियाशिल जनसंख्याको आकार, श्रम बजार तथा रोजगारीको अवस्था, जनशक्तिको शैक्षिक अवस्था, श्रम उत्पादकत्व तथा युवा श्रमशक्तिको अवस्थाको बारेमा चर्चा गरिएको छ ।

### ४.७.१ क्रियाशिल जनसंख्याको आकार

नेपालका प्रदेशहरूमा रहेका क्रियाशिल जनसंख्या तथा तिनको लैङ्गिक वितरण तालिका ४.२९ मा देखाइएको छ । नेपालको कुल क्रियाशिल जनसंख्याको करिब १७ प्रतिशत हिस्सा प्रदेश नं. १ ले लिएको छ । प्रदेश नं. १ मा क्रियाशिल जनसङ्ख्यामध्ये करिब ४५ प्रतिशत पुरुष र ५५ प्रतिशत महिला क्रियाशिल जनसंख्या पर्दछन् जुन अनुपात समग्र नेपालको अनुपातको तथ्याङ्कसँग मिल्दोजुल्दो छ ।

**तालिका ४.२९ लिङ्ग अनुसार नेपाल र विभिन्न प्रदेशको क्रियाशिल जनसंख्या (हजारमा)**

| क्षेत्र | संख्या | | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला |
| प्रदेश नं. १ | १,५९८ | १,९५७ | ३,५५६ | ४४.९ | ५५.१ |
| प्रदेश नं. २ | १,७८५ | २,१८८ | ३,९७३ | ४४.९ | ५५.१ |
| बागमती | २,३५९ | २,५०६ | ४,८६५ | ४८.५ | ५१.५ |
| गण्डकी | ७७० | १,०९८ | १,८६८ | ४१.२ | ५८.८ |
| प्रदेश नं. ५ | १,४८१ | १,९५६ | ३,४३७ | ४३.१ | ५६.९ |
| कर्णाली | ४८६ | ६७६ | १,१६३ | ४१.८ | ५८.१ |
| सुदूरपश्चिम | ७२८ | १,१५५ | १,८८३ | ३८.७ | ६१.३ |
| नेपाल | ९,२०८ | ११,५३७ | २०,७४४ | ४४.४ | ५५.६ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

### ४.७.२ कुल गार्हस्थ्य उत्पादन (जिडिपि) मूल्य अभिवृद्धि तथा श्रम उत्पादकत्व

प्रदेश नं. १ को आर्थिक रूपले सक्रिय जनसंख्या, यहाँको जिडिपि मूल्य अभिवृद्धि तथा श्रमको उत्पादकत्व तालिका ४.३० मा देखिएको छ । प्रदेश नं. १ मा नेपालको आर्थिक रूपले सक्रिय जनसंख्याको १८.४ प्रतिशत जनसंख्या छ भने जम्मा जिडिपि मूल्य अभिवृद्धिमा यस प्रदेशको योगदान १७.५ प्रतिशत रहेको छ । यस प्रदेशमा श्रमको उत्पादकत्व राष्ट्रिय औसतभन्दा ५ प्रतिशतले कम रहेको छ । आर्थिक रूपले सक्रिय जनसंख्या धेरै भएका जिल्लाहरू मोरङ, झापा, सुनसरी र उदयपुर हुन् भने आर्थिक रूपले सक्रिय जनसंख्या कम भएका जिल्लाहरू तेह्रथुम र ताप्लेजुङ हुन् (परिशिष्ट तालिका २०)। त्यस्तै जिडिपि मूल्य अभिवृद्धि (रु. १० लाख) बढी भएका मोरङ, झापा, सुनसरी तथा उदयपुर र कम भएका जिल्लाहरू ओखलढुङ्गा र तेह्रथुम हुन् । श्रम उत्पादकत्व बढी भएका जिल्लाहरू मोरङ, सोलुखुम्बु, सुनसरी र झापा हुन् भने कम भएका भोजपुर र ओखलढुङ्गा हुन् । यसरी नै राष्ट्रिय औसतको तुलनामा श्रम उत्पादकत्व बढी भएका जिल्लाहरू मोरङ, सोलुखुम्बु, सुनसरी र झापा हुन् भने बाँकी सबैको श्रम उत्पादकत्व नेपालको औसत भन्दा कम रहेको छ ।

**तालिका ४.३० आर्थिक रूपले सक्रिय जनसंख्या स्थिति**

| जिल्ला | आर्थिक रूपले सक्रिय | जिडिपि मूल्य अभिवृद्धि (रु. १० लाखमा) | श्रम उत्पादकत्व (रु. प्रति व्यक्ति) |
|---|---|---|---|
| प्रदेश नं. १ | १९,४९,१६४ | २१७९९७.६ | १,११,८४२.६ |
| नेपाल | १,०५,७०,७०८ | १२,४८,४८१.६ | १,१८,१०७.७ |
| प्रदेश नं. १ को अंश (%) | १८.४ | १७.५ | ९४.७ |

*स्रोतः मानव विकास प्रतिवेदन, २०१४*

### ४.७.३ श्रम बजारका मुख्य सूचकहरू

प्रदेश तहका विभिन्न श्रम सूचकहरू तालिका ४.३१ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ को मुख्य श्रम बजार सूचकहरू अध्ययन गर्दा प्रदेश नं. १ मा काम गर्ने उमेरको जनसंख्या बागमती प्रदेश र प्रदेश नं. २ पछि तेस्रो स्थानमा आउँछ । त्यसैगरी बागमती प्रदेशपछि दोस्रो बढी संख्यामा रोजगार व्यक्तिहरू भएको प्रदेश यही हो । त्यस्तै बेरोजगारहरूको संख्या बढी हुनेमा यो चौथो प्रदेश हो । श्रम शक्तिमा नभएका जनसंख्याको आधारमा बागमती प्रदेश र प्रदेश नं. २ पछि यो प्रदेश तेस्रो स्थानमा आउँछ । प्रदेश नं. १ मा श्रमशक्तिको आकार पनि बागमती प्रदेश र प्रदेश नं. २ पछि तेस्रो स्थानमा आउँछ । नेपालको बेरोजगारी दर ११.४ रहेकोमा प्रदेश नं. १ मा बेरोजगार दर थोरै कम (१०.२%) छ जुन प्रदेश नं. २, सुदूरपश्चिम र प्रदेश नं. ५ पछि चौथो स्थानमा पर्दछ । यसैगरी रोजगार र जनसंख्या अनुपात यो प्रदेशमा ३४ छ जुन राष्ट्रिय अनुपात कै हाराहारी हो । यो अनुपात बागमती प्रदेशपछिको दोस्रो अनुपात पनि हो । यसरी नै यस प्रदेशको श्रम शक्ति संलग्न दर ३७.८ छ जुन नेपालको श्रम शक्ति संलग्न दर ३८.५ भन्दा थोरै कम छ । यो दर पनि बागमती प्रदेश पछिको दोस्रो हो ।

**तालिका ४.३१ प्रदेशगत रूपमा श्रम बजारका मुख्य सूचकहरू**

| प्रदेश | जनसंख्या (हजारमा मा) | | | | | बेरोजगार दर | रोजगार र जनसंख्या अनुपात (%) | श्रमशक्ति संलग्न दर |
|---|---|---|---|---|---|---|---|---|
| | काम गर्ने उमेर समूहको जनसंख्या | रोजगार | बेरोजगार | श्रम शक्तिमा नभएका | श्रम शक्ति | | | |
| प्रदेश नं. १ | ३,५५६ | १,२०८ | १३६ | २,२११ | १,३४४ | १०.२ | ३४ | ३७.८ |
| प्रदेश नं. २ | ३,९७३ | १,२६१ | ३१७ | २,३९५ | १,५७८ | २०.१ | ३१.८ | ३९.७ |
| बागमती | ४,८६५ | २,१२९ | १६१ | २,५७५ | २,२९० | ७.० | ४३.८ | ४७.१ |
| गण्डकी | १,८६८ | ६०६ | ६० | १,२०२ | ६६६ | ९.० | ३२.५ | ३५.७ |
| प्रदेश नं. ५ | ३,४३७ | १,१३९ | १४४ | २,१५४ | १,२८३ | ११.२ | ३३.१ | ३७.३ |
| कर्णाली | १,१६३ | २८८ | ३१ | ८४३ | ३१९ | ९.७ | २४.८ | २७.५ |
| सुदूरपश्चिम | १,८८३ | ४५५ | ५९ | १,३७० | ५१३ | ११.५ | २४.१ | २७.३ |
| नेपाल | २०,७४४ | ७,०८६ | ९०८ | १२,७५० | ७,९९४ | ११.४ | ३४.२ | ३८.५ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८*

प्रदेश नं. १ मा रोजगार, बेरोजगार तथा श्रमशक्ति बाहिर रहेको जनसंख्याको लैङ्गिक वितरण तालिका ४.३२ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ मा लगभग प्रत्येक २ जना पुरुषमा १ जना रोजगार छन् भने

महिलाको करिब ५ जनामा १ जना रोजगार छन् । शहरको तुलनामा गाउँमा रोजगार हुनेहरू पुरुष तथा महिलाहरू दुबै कम छन् । बेरोजगारहरूको संख्या महिला तथा पुरुष एवं शहर तथा गाउँ दुबैमा निकै कम छ । श्रमशक्ति बाहिर हुनेहरू पनि पुरुषहरू प्रत्येक २ मा १ छन् भने महिलाहरू प्रत्येक ५ जनामा १ जना छन् । यो हिस्सा नेपालमा पनि मिल्दोजुल्दो छ ।

**तालिका ४.३२ प्रदेश नं. १ को स्थान तथा लिङ्ग अनुसार श्रम बजारको अवस्था (१५ वर्ष वा सो भन्दा माथि, हजारमा)**

| क्षेत्र | रोजगार | | | बेरोजगार | | | श्रमशक्ति बाहिर | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| नेपाल | ४,४४६ | २,६४० | ७,०८६ | ५११ | ३९७ | ९०८ | ४,२५० | ८,५०० | १२,७५० | ९,२०८ | ११,५३७ | २०,७४४ |
| सहर | ३,०४३ | १,८५८ | ४,९०१ | ३४३ | २९७ | ६४० | २,५६४ | ५,१८८ | ७,७५१ | ५,९५० | ७,३४२ | १३,२९३ |
| गाउँ | १,४०३ | ७८२ | २,१८५ | १६८ | १०० | २६८ | १,६८६ | ३,३१३ | ४,९९९ | ३,२५८ | ४,१९४ | ७,४५२ |
| प्रदेश नं. १ | ७६६ | ४४२ | १,२०८ | ७७ | ६० | १३६ | ७५६ | १,४५६ | २,२११ | १,५९८ | १,९५७ | ३,५५६ |
| सहर | ४७५ | २९४ | ७६९ | ४५ | ४७ | ९२ | ४०७ | ८५६ | १,२६३ | ९२७ | १,१९७ | २,१२४ |
| गाउँ | २९१ | १४८ | ४३९ | ३२ | १३ | ४४ | ३४९ | ५९९ | ९४८ | ६७१ | ७६० | १,४३२ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

प्रदेश नं. १ मा उमेर  र लिङ्ग अनुसार रोजगारीको अवस्था परिशिष्ट तालिका मा देखाइएको छ । दुबै लिङ्गको उमेर समूह २५ देखि ३५ वर्षमा रोजगार निकै बढी देखिन्छ । बेरोजगारी दर उमेर अनुसार घट्दै गएको देखिन्छ । त्यस्तै रोजगार बाहिरको जनसंख्या सुरुको उमेर र पछिल्ला उमेर समूहमा बढी देखिन्छ । श्रमशक्तिमा नरहेको जनसंख्या वास्तवमा एउटा ठूलो समस्या हो जसलाई रोजगारीमा ल्याउन सके देशको कुल उत्पादनमा ठूलो योगदान पुग्छ ।

प्रदेश नं. १ मा रोजगार रहेका जनसंख्याको कार्यक्षेत्र तालिका ४.३३ मा देखाइएको छ । प्रदेश नं. १ मा औपचारिक क्षेत्रमा जम्मा ३६.७ प्रतिशत मानिसहरू रोजगारी गर्दछन् जसमा कृषिमा मात्र १.७ प्रतिशत र गैर कृषिमा ३५ प्रतिशत रोजगार छन् । जब कि नेपालको अनौपचारिक क्षेत्रमा पनि रोजगारी दर उस्तै रहेको छ । यसैगरी प्रदेश नं. १ मा अनौपचारिक क्षेत्रमा जम्मा ६३.२ प्रतिशत मानिसहरू रोजगार छन् जसमा कृषिमा २०.४ प्रतिशत, गैर कृषिमा ४२.१ प्रतिशत र व्यक्तिगत क्षेत्रमा ०.८ प्रतिशत रोजगार छन् । नेपालको औपचारिक क्षेत्रमा पनि उस्तै मात्रामा रोजगारी दर रहेको छ ।

**तालिका ४.३३ प्रदेशगत रूपमा औपचारिक र अनौपचारिक क्षेत्रको रोजगारीको हिस्सा**

| प्रदेश | संलग्न जनसंख्याको प्रतिशत | | | | | | | राष्ट्रिय कुल |
|---|---|---|---|---|---|---|---|---|
| | औपचारिक क्षेत्र | | | अनौपचारिक क्षेत्र | | | | |
| | कृषि | गैह्र कृषि | कुल | कृषि | गैह्र कृषि | व्यक्तिगत | कुल | |
| प्रदेश नं. १ | १.७ | ३५ | ३६.७ | २०.४ | ४२.१ | ०.८ | ६३.३ | १,२०८ |
| प्रदेश नं. २ | ०.२ | २१.४ | २१.६ | ३५.४ | ४१.७ | १.३ | ७८.४ | १,२६१ |
| बागमती | १.२ | ४७ | ४८.२ | ११.५ | ३८.८ | १.४ | ५१.८ | २,१२९ |
| गण्डकी | १.८ | ३७.८ | ३९.७ | १५.४ | ४४.१ | ०.८ | ६०.३ | ६०६ |
| प्रदेश नं. ५ | १.६ | ३४.४ | ३६ | २४.४ | ३९.१ | ०.६ | ६४ | १,१३९ |
| कर्णाली | २.२ | ४३.४ | ४५.५ | १४.५ | ३९.४ | ०.५ | ५४.५ | २८८ |
| सुदूरपश्चिम | १.१ | ३२.२ | ३३.३ | १८.३ | ४७.९ | ०.५ | ६६.७ | ४५५ |
| नेपाल | १.३ | ३६.५ | ३७.८ | २०.२ | ४१ | १ | ६२.२ | ७,०८६ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

### ४.७.४ श्रमशक्तिको शैक्षिक स्थिति

प्रदेश नं. १ तथा समग्र नेपाल दुबैमा काम गर्ने उमेर समूहको जनसंख्या मध्ये धेरै अशिक्षित रहनु एउटा समस्याको रूपमा रहेको छ । यस्तो जनसंख्या प्रदेश नं. १ मा ३२ प्रतिशत र नेपालमा ३३ प्रतिशत रहेको छ (तालिका ४.३४) । शिक्षा तथा सीप विनाको जनशक्तिबाट उत्पादन र उत्पादकत्व दुवै कमजोर हुने कुरा सर्वविदितै छ । शहर केन्द्रित अशिक्षित क्रियाशिल जनसंख्या झन् बढी अनुपयोगी हुन्छ । तसर्थ यसलाई आवश्यक तालिम र शिक्षा अति महत्त्वपूर्ण हुन्छ । उच्च शिक्षा लिएको जनसंख्या नेपालमा तथा प्रदेश नं. १ मा पनि ज्यादै कम छ, जुन तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका ४.३४ उच्चतम शैक्षिक स्तर अनुसार १५ वर्ष वा सो भन्दा बढी उमेरको जनसंख्या (हजारमा)**

| क्षेत्र | नेपाल | | | प्रदेश नं. १ | | |
|---|---|---|---|---|---|---|
| | सहर | गाउँ | जम्मा | सहर | गाउँ | जम्मा |
| अशिक्षित | ३,७९४ | ३,०५१ | ६,८४५ | ६२८ | ५१० | १,१३८ |
| बाल शिक्षा | २२ | ७ | २९ | २ | ० | २ |
| शिक्षित (अनौपचारिक) | ५५३ | ३६४ | ९१७ | ६९ | ४९ | ११८ |
| आधारभूत भन्दा कम | २,६३० | १,७४९ | ४,३७९ | ४४९ | ३८१ | ८३० |
| आधारभूत | ८०८ | ४८१ | १,२८९ | १३९ | ९६ | २३४ |
| माध्यमिक भन्दा कम | ३०६ | १,२९५ | ४,३६४ | ५५८ | ३०३ | ८६२ |
| माध्यमिक | १,४५५ | ३५२ | १,८०६ | ११ | ७२ | २६३ |
| उच्च | ९६२ | १५४ | १,११६ | ८७ | २१ | १०८ |
| जम्मा | १३,२९३ | ७,४५२ | २०,७४४ | २,१२४ | १,४३२ | ३,५५६ |
| अशिक्षितको प्रतिशत | २८.५ | ४०.९ | ३३.० | २९.६ | ३५.६ | ३२.० |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

विभिन्न शैक्षिक स्तरमा रहेका काम गर्ने उमेर समूहका जनसंख्यामा प्रदेश नं. १ को अंश तालिका ४.३५ मा देखाइएको छ । प्रदेश नं. १ को क्रियाशिल जनसंख्या नेपालको कुल क्रियाशिल जनसंख्याको १७.१ प्रतिशत रहेको छ । नेपालमा रहेका कुल अशिक्षित क्रियाशिल मानिसहरूमध्ये प्रदेश नं. १ को हिस्सा १६.६ प्रतिशत छ । त्यसरी नै बाल शिक्षा लिने मध्ये ६.९ प्रतिशत, अनौपचारिक शिक्षा लिने मध्ये १२.९ प्रतिशत, आधारभूत भन्दा कम शिक्षा लिने मध्ये १९ प्रतिशत, आधारभूत शिक्षा लिने मध्ये १८.२ प्रतिशत, माध्यमिक भन्दा कम शिक्षा लिने मध्ये १९.२ प्रतिशत, माध्यमिक शिक्षा लिने मध्ये १४.६ प्रतिशत र उच्च शिक्षा लिने मध्ये ९.७ प्रतिशत प्रदेश नं. १ मा रहेका छन् । प्रदेश नं. १ ले अशिक्षितलाई शिक्षित बनाउने र उच्च शिक्षा लिनेहरूको संख्या बढाउनेमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । उच्च शिक्षा लिनेहरू अन्य प्रदेश, विशेषतः बागमती प्रदेशमा रहेका वा विदेशिएका कारणले पनि यो प्रदेशमा सो जनसंख्या कम भएको हुन सक्छ । जसलाई अवसरहरू बढाएर आफ्नै प्रदेशमा रहने वातावरण बनाउन प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**तालिका ४.३५ उच्चतम शैक्षिक स्तर अनुसार प्रदेश नं. १ को क्रियाशिल जनसंख्याको अंश**

| शिक्षा | जनसंख्या (हजारमा) | | प्रदेश नं. १ को हिस्सा (%) |
|---|---|---|---|
| | प्रदेश नं. १ | नेपाल | |
| अशिक्षित | १,१३८ | ६,८४५ | १६.६ |
| बाल शिक्षा | २ | २९ | ६.९ |
| शिक्षित (अनौपचारिक) | ११८ | ९१७ | १२.९ |
| आधारभूत भन्दा कम | ८३० | ४,३७९ | १९.० |
| आधारभूत | २३४ | १,२८९ | १८.२ |
| माध्यमिक भन्दा कम | ८६२ | ४,३६४ | १९.८ |
| माध्यमिक | २६३ | १,८०६ | १४.६ |
| उच्च | १०८ | १,११६ | ९.७ |
| जम्मा | ३,५५६ | २०,७४४ | १७.१ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

प्रदेश नं. १ मा शैक्षिक स्थिति अनुसार रोजगारीको अवस्था तालिका ४.३६ मा देखाइएको छ । शिक्षित तथा अशिक्षित दुबै बेरोजगार उल्लेखनीय संख्यामा छन् जुन नेपालको पनि साझा समस्या हो । प्राविधिक शिक्षालाई बढवा दिन सके बेरोजगारी दर न्यून गर्न ठूलो टेवा पुग्दछ । उच्च शिक्षा भएका पुरुषहरू रोजगार बाहिर कम संख्यामा हुनु एउटा सुखद पक्ष हो । उच्च शिक्षा दिन सके पुरुषहरू रोजगारमा लाग्न सक्छन् भन्ने कुराको यो एउटा प्रमाण हो । तर पनि महिलाहरू अनुपातको हिसाबले उच्च शिक्षा प्राप्त गरेको भए पनि ठूलो संख्यामा रोजगार बाहिर छन् । यसले पढे-लेखेका महिलाहरूमा काम गर्ने वातावरण अहिले पनि कम रहेको देखाउँछ । यो तथ्य नेपालको हकमा पनि लागू हुन्छ ।

**तालिका ४.३६ लिङ्ग तथा उच्चतम शिक्षाको स्तर अनुसार प्रदेश नं. १ मा श्रम बजारको अवस्था (१५ वर्ष वा सो भन्दा बढी, हजारमा)**

| शैक्षिक स्थिति | रोजगार | | | बेरोजगार | | | रोजगार बाहिर | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| अशिक्षित | १२९ | १५७ | २८६ | ६ | ८ | १४ | १९५ | ६४४ | ८३८ | ३२९ | ८०९ | ११३८ |
| बाल शिक्षा | ० | १ | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | २ |
| शिक्षित (अनौपचारिक) | २३ | १४ | ३८ | २ | ० | २ | ३२ | ४६ | ७८ | ५७ | ६१ | ११८ |
| आधारभूत भन्दा कम | २४७ | ७४ | ३२१ | १४ | ११ | २५ | २०३ | २८१ | ४८४ | ४६४ | ३६७ | ८३० |
| आधारभूत | ५८ | ३३ | ९१ | १२ | २ | १४ | ५४ | ७६ | १३० | १२४ | ११० | २३४ |
| माध्यमिक भन्दा कम | १९५ | १०३ | २९८ | ३१ | २० | ५१ | १९० | ३२३ | ५१३ | ४१६ | ४४५ | ८६२ |
| माध्यमिक | ६७ | ४० | १०७ | ८ | १४ | २३ | ६८ | ६५ | १३३ | १४३ | ११९ | २६३ |
| उच्च | ४७ | १९ | ६६ | ३ | ४ | ७ | १४ | २० | ३४ | ६४ | ४४ | १०८ |
| जम्मा | ७६६ | ४४२ | १२०८ | ७७ | ६० | १३६ | ७५६ | १४५६ | २२११ | १५९८ | १९५७ | ३५५६ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

### ४.७.५ शहर तथा ग्रामीण क्षेत्रमा श्रम बजारको अवस्था

प्रदेश नं. १ को बेरोजगारी दर नेपालको समग्र बेरोजगारी दर भन्दा कम छ (तालिका ४.३७) । श्रमशक्ति सहभागिता दर प्रदेश नं. १ मा ३८ प्रतिशत रहेको छ, जुन राष्ट्रिय औसतकै हाराहारी हो । समग्रमा श्रमशक्ति सहभागिता दर कम रहेको अवस्था छ । श्रमशक्ति सहभागिता दर गाउँमा भन्दा शहरमा तथा महिलाको भन्दा पुरुषको बढी रहेको अवस्था छ । प्रदेश नं. १ मा अहिले पनि पुरुष, महिला दुबैको १५ वर्ष माथिको ठूलो

संख्या गाउँमा भन्दा शहरमा केन्द्रित छ । रोजगारको हिस्सा शहरले बढी लिएको छ । त्यस्तै, प्रदेश नं. १ मा पुरुष बेरोजगारी दर गाउँमा बढी र महिला बेरोजगारी दर शहरमा बढी छ । यस्तै शहर तथा गाउँ दुबैमा महिला बेरोजगारी दर पुरुष बेरोजगारी दर भन्दा बढी छ । नेपालको समग्र तथ्याङ्क हेर्दा श्रमशक्ति बाहिरको संख्या शहरमा महिलाको बढी र गाउँमा पुरुषको बढी छ । त्यस्तै गाउँमा भन्दा शहरमा श्रमशक्ति बाहिरको संख्या बढी छ ।

**तालिका ४.३७ स्थान तथा लिङ्ग अनुसार प्रदेश नं. १ मा श्रम बजारको अवस्था (१५ वर्ष वा सो भन्दा बढी, हजारमा)**

| प्रदेश नं. १ /नेपाल | शहर | | | गाउँ | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| **प्रदेश नं. १** | | | | | | | | | |
| १५+ को जनसंख्या | ९२७ | १,१९७ | २,१२४ | ६७१ | ७६० | १४३२ | १५९८ | १९५७ | ३५५६ |
| श्रम शक्ति | ५२० | ३४१ | ८६१ | ३२३ | १६१ | ४८४ | ८४२ | ५०२ | १३४४ |
| रोजगार | ४७५ | २९४ | ७६९ | २९१ | १४८ | ४३९ | ७६६ | ४४२ | १२०८ |
| बेरोजगार | ४५ | ४७ | ९२ | ३२ | १३ | ४४ | ७७ | ६० | १३६ |
| श्रम शक्ति बाहिर | ४०७ | ८५६ | १,१६३ | ३४९ | ५९९ | ९४८ | ७५६ | १४५६ | २२११ |
| बेरोजगार दर | ८.६ | १३.९ | १०.७ | ९.९ | ७.८ | ९.२ | ९.१ | ११.९ | १०.२ |
| रोजगार जनसङ्ख्या अनुपात | ५१.२ | २४.५ | ३६.२ | ४३.३ | १९.५ | ३०.७ | ४७.९ | २२.६ | ३४.० |
| श्रमशक्ति सहभागिता दर | ५६.१ | २८.५ | ४०.५ | ४८.१ | २१.२ | ३३.८ | ५२.७ | २५.६ | ३७.८ |
| **नेपाल** | | | | | | | | | |
| १५+ को जनसंख्या | ५,९५० | ७,३४२ | १३,२९३ | ३,२५८ | ४,१९४ | ७,४५२ | ९,२०८ | ११,५३७ | २०,७४४ |
| श्रम शक्ति | ३,३८६ | २,१५५ | ५,५४१ | १,५७१ | ८८२ | २,४५३ | ४,९५८ | ३,०३६ | ७,९९४ |
| रोजगार | ३,०४३ | १,८५८ | ४,९०१ | १,४०३ | ७८२ | २,१८५ | ४,४४६ | २,६४० | ७,०८६ |
| बेरोजगार | ३४३ | २९७ | ६४० | १६८ | १०० | २६८ | ५११ | ३९७ | ९०८ |
| श्रम शक्ति बाहिर | २,५६४ | ५,१८८ | ७,७५१ | १,६८६ | ३,३१३ | ४,९९९ | ४,२५० | ८,५०० | १२,७५० |
| बेरोजगार दर | १०.१ | १३.८ | ११.६ | १०.७ | ११.३ | १०.९ | १०.३ | १३.१ | ११.४ |
| रोजगार जनसंख्या अनुपात | ५१.१ | २५.३ | ३६.९ | ४३.१ | १८.६ | २९.३ | ४८.३ | २२.९ | ३४.२ |
| श्रमशक्ति सहभागिता दर | ५६.१ | २९.३ | ४१.७ | ४८.२ | २१.० | ३२.९ | ५३.८ | २६.३ | ३८.५ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

### ४.७.६ काम गर्ने समय तथा अर्ध बेरोजगारीको अवस्था

क्रियाशिल जनसंख्याले काम गर्ने समय कति हो भन्ने कुराले उनीहरूको श्रमको पूर्ण उपयोग भएको अथवा अर्ध बेरोजगार अवस्थामा रहेको भन्ने कुरा संकेत गर्दछ । तालिका ४.३८ मा काम गर्ने औसत कार्य घण्टा अनुसार रोजगारीमा रहेकाको संख्या देखाइएको छ । प्रदेश नं. १ मा शहर तथा गाउँ दुबैमा बढी घण्टा काम गर्नेहरू महिलाको तुलनामा पुरुष बढी रहेको अवस्था छ । महिलाले गर्ने घरायसी कामको गणना नगरेर पनि यस्तो तथ्याङ्क आएको हुन सक्छ । प्रदेश नं. १ कै जस्तो अवस्था समग्र नेपालको हकमा पनि देखिन्छ । पुरुष तथा महिला दुबैमध्ये बढी समय काम गर्नेहरू गाउँमा भन्दा शहरमा तुलनात्मक रूपमा बढी रहेको पाइन्छ ।

**तालिका ४.३८ लिङ्ग तथा औसत कार्य गर्ने घण्टा अनुसार श्रम गर्नेहरूको विवरण (हजारमा)**

| क्षेत्र | ४० घण्टा भन्दा कम | | | ४० घण्टा | | | ४१–४८ घण्टा | | | ४८ घण्टा भन्दा बढी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| प्रदेश नं. १ | १७१ | २०७ | ३७७ | ५७ | २६ | ८४ | १५९ | ९८ | २५७ | ३७८ | १११ | ४९० |
| शहर | ९२ | १३२ | २२४ | ३४ | १६ | ५१ | १०५ | ७२ | १७७ | २४३ | ७३ | ३१७ |
| गाउँ | ७९ | ७५ | १५३ | २३ | १० | ३३ | ५४ | २६ | ८० | १३५ | ३८ | १७३ |
| नेपाल | ८६१ | १,११२ | १,९७३ | ४३४ | २७५ | ७०९ | १,०४१ | ६०० | १,६४१ | २,१११ | ६५३ | २,७६४ |
| शहर | ५२८ | ७०८ | १,२३६ | ३०९ | २०४ | ५१३ | ७२१ | ४४१ | १,१६३ | १,४८६ | ५०५ | १,९९० |
| गाउँ | ३३३ | ४०४ | ७३७ | १२५ | ७१ | १९६ | ३१९ | १५९ | ४७८ | ६२६ | १४८ | ७७४ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

अर्ध-बेरोजगारी समस्या पनि नेपालको साझा समस्या हो जसमा प्रदेश नं. १ पनि अछुतो छैन । प्रदेश नं. १ को शहर तथा गाउँको उमेर अनुसारको अर्ध बेरोजगारीको अवस्था तालिका ४.३९ मा प्रस्तुत गरिएको छ । यस प्रदेशको शहरमा १५-२४ वर्षको अर्ध-बेरोजगार संख्या गाउँको भन्दा निकै बढी छ । त्यसमा पनि महिलाको अझ अर्ध-बेरोजगार संख्या बढी छ । त्यसपछिका उमेरमा क्रमशः यो अन्तर घट्दै गएको छ । यसरी नै ४० वर्ष भन्दा माथिका उमेरका महिलाको शहरको तुलनामा गाउँमा अर्ध बेरोजगार निकै कम छ । समग्र नेपालको सन्दर्भमा पनि यो लागू हुन्छ । महिलाको तुलनामा पुरुष शहर तथा गाउँ दुबैमा अर्ध-बेरोजगार बढी छ ।

**तालिका ४.३९ लिङ्ग, उमेर तथा स्थान अनुसार काम गर्ने समयसँग सम्बन्धित अर्ध-बेरोजगारको संख्या (जनसंख्या, हजारमा)**

| क्षेत्र | १५–२४ वर्ष | | | ५–३९ वर्ष | | | ४०–५९ वर्ष | | | ६० वर्ष र बढी | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल | पुरुष | महिला | कुल |
| प्रदेश नं. १ | २३ | १५ | ३८ | ३४ | २५ | ५९ | ३३ | १६ | ४९ | ६ | १ | ७ | ९६ | ५७ | १५३ |
| सहर | १६ | ११ | २६ | १९ | १५ | ३४ | १६ | १३ | २९ | ३ | १ | ४ | ५४ | ४० | ९४ |
| गाउँ | ८ | ४ | १२ | १५ | १० | २५ | १६ | ३ | २० | २ | | २ | ४२ | १८ | ५९ |
| नेपाल | ९४ | ५९ | १५३ | १५१ | १२५ | २७६ | १३० | ६५ | १९५ | २३ | १५ | ३९ | ३९८ | २६५ | ६६३ |
| सहर | ६० | ३४ | ९४ | ९७ | ९१ | १८८ | ७५ | ४३ | ११८ | १६ | १४ | ३० | २४८ | १८२ | ४३० |
| गाउँ | ३४ | २५ | ५८ | ५४ | ३४ | ८९ | ५५ | २२ | ७७ | ७ | १ | ९ | १५० | ८२ | २३३ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

### ४.७.७ श्रमशक्तिको आम्दानीको स्थिति

समग्रमा प्रदेश नं. १ मा श्रमिकहरूको आम्दानी नेपालको औसतभन्दा केही कम रहेको छ (तालिका ४.४०) । प्रदेश नं. १ मा तल्लो ५ प्रतिशत मानिसहरूको मध्यक आम्दानी मासिक रु.६,००० छ जब कि माथिल्लो ५ प्रतिशत मानिसहरूको मध्यक आम्दानी मासिक रु.२६,००० छ । सबै आम्दानी समूहमा भएको प्रदेश नं. १ को मध्यक आम्दानी राष्ट्रिय औसत भन्दा केही कम रहेको छ, जसको अर्थ, प्रदेश नं. १ का कामदारहरूले औसतमा नेपालको भन्दा अलि कम कमाउँछन् भन्ने हो । श्रमिकको मासिक आम्दानी सम्बन्धी विस्तृत विवरण परिशिष्ट तालिका २२ मा देखाइएको छ ।

**तालिका ४.४० प्रदेश अनुसार श्रमिकको मासिक आम्दानी (मध्यक, रु.)**

| संख्या तथा आम्दानी समूह | प्रदेश नं. १ | नेपाल | राष्ट्रिय औसतको तुलनामा प्रदेश नं. १ को अनुपात |
|---|---|---|---|
| रोजगार गर्नेको संख्या (हजारमा) | ५८६ | ३,५८७ | |
| तल्लो ५ प्रतिशत | ४,३३३ | ५,००० | ०.८७ |
| तल्लो १० प्रतिशत | ६,००० | ६,५०० | ०.९२ |
| तल्लो २५ प्रतिशत | ८,६६७ | ९,००० | ०.९६ |
| मध्यिका | १२,००० | १३,००० | ०.९२ |
| माथिल्लो २५ प्रतिशत | १७,५०० | २०,००० | ०.८७ |
| माथिल्लो १० प्रतिशत | २३,५०० | २६,००० | ०.९० |
| माथिल्लो ५ प्रतिशत | २६,००० | ३०,५०० | ०.८५ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८*

### ४.७.८ युवा जनसंख्याको रोजगारीको स्थिति

जनसंख्या संक्रमणको क्रममा नेपालमा हाल युवा जनसंख्याको हिस्सा ठूलो रहेको अवस्था छ । त्यसैले, जनसंख्या अध्ययनमा प्रयुक्त युवा अर्थात् १५-२४ उमेर समूहमा रहेको जनसंख्या तथा त्यो उमेर समूहको श्रम सहभागिताको स्थिति छुट्टै अध्ययन गरिएको छ । नेपाल तथा प्रदेश नं. १ का शहर तथा गाउँ दुबैमा १५-२४ वर्षका युवाहरूमा पुरुषको तुलनामा महिलाको संख्या ठूलो रहेको छ (तालिका ४.४१) । पुरुषको अन्तर्राष्ट्रिय बसाइँसराइले युवा उमेर समूहमा पनि महिलाभन्दा पुरुषको संख्या कम भएको तथ्य नकार्न मिल्दैन । नेपालको शहरको कुल युवा पुरुषको १५.६ प्रतिशत र गाउँको कुल युवा पुरुषको १९.८ प्रतिशत युवा पुरुष प्रदेश नं. १ मा रहेका छन् । त्यसैगरी महिलाको हकमा नेपालको शहरको कुल युवा महिलाको १६.१ प्रतिशत र गाउँको कुल युवा महिलाको १४.६ प्रतिशत युवा महिला प्रदेश नं. १ मा रहेका छन् ।

**तालिका ४.४१ प्रदेश नं. १ मा लिङ्ग र स्थान अनुसार १५-२४ वर्षका युवा जनसंख्या (हजारमा)**

| क्षेत्र | पुरुष | | महिला | | कुल संख्या |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| प्रदेश नं. १ | ३९५ | ४४.० | ५०२ | ५६.० | ८९७ |
| शहर | २३० | ४२.४ | ३१३ | ५७.६ | ५४३ |
| गाउँ | १६५ | ४६.५ | १९० | ५३.५ | ३५५ |
| नेपाल | २,५३५ | ४४.८ | ३,१२० | ५५.२ | ५,६५५ |
| शहर | १,७०० | ४५.७ | २,०१७ | ५४.३ | ३,७१७ |
| गाउँ | ८३४ | ४३.१ | १,१०२ | ५६.९ | १,९३६ |
| **प्रदेश नं. १ को हिस्सा (%)** | | | | | |
| प्रदेश नं. १ | १५.६ | | १६.१ | | १५.९ |
| शहर | १३.५ | | १५.५ | | १४.६ |
| गाउँ | १९.८ | | १७.२ | | १८.३ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

तालिका ४.४२ मा युवाहरूको श्रमशक्तिको अवस्था प्रस्तुत गरिएको छ । प्रदेश नं. १ मा १५–२४ वर्षका युवा जनसंख्या मध्ये ३० प्रतिशत श्रमशक्तिमा रहेका छन्, जुन नेपालको औसत मान भन्दा केही बढी हो । प्रदेश नं. १ मा गाउँमा भन्दा शहरमा श्रमशक्तिमा रहेकाको हिस्सा अलि बढी छ, जुन समग्र नेपालको प्रवृत्ति सँग मिल्दो छ । प्रदेश नं. १ मा १५-२४ वर्षका युवा श्रमशक्तिमध्ये ८१ प्रतिशत रोजगार रहेका छन् भने नेपालमा केही कम (८७.६%) रोजगार हरेका छन् । नेपालमा युवा रोजगारीको दर शहर तथा गाउँ दुबैमा उस्तै रहेको भएतापनि प्रदेश नं. १ मा भने युवा रोजगारी दर शहरमा (७९.१%) भन्दा गाउँमा (८५.७%) बढी रहेको छ । युवा श्रमशक्तिको लैङ्गिक फरक सहितको तालिका परिशिष्ट तालिका २३ मा देखाइएको छ ।

**तालिका ४.४२ वासस्थान अनुसार नेपाल र प्रदेश नं. १ को १५-२४ वर्षका युवा श्रमशक्तिको अवस्था (जनसंख्या हजारमा)**

| क्षेत्र | रोजगार | बेरोजगार | श्रमशक्ति बाहिर | जम्मा जनसंख्या | श्रमशक्तिको प्रतिशत | रोजगारी दर (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | २१८ | ५० | ६२९ | ८९७ | २९.९ | ८१.३ |
| शहर | १४० | ३७ | ३६५ | ५४२ | ३२.७ | ७९.१ |
| गाउँ | ७८ | १३ | २६३ | ३५४ | २५.७ | ८५.७ |
| नेपाल | १,२७३ | ३४६ | ४,०३५ | ५,६५४ | २८.६ | ७८.६ |
| शहर | ८८४ | २४६ | २,५८८ | ३,७१८ | ३०.४ | ७८.२ |
| गाउँ | ३८९ | १०० | १,४४७ | १,९३६ | २५.३ | ७९.६ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

प्रदेश नं. १ मा रहेका युवा जनसंख्याको शैक्षिक स्थितिलाई तालिका ४.४३ मा देखाइएको छ । प्रदेश नं. १ मा उच्च शिक्षा लिने महिला पुरुषको तुलनामा कम र शहरको तुलनामा गाउँमा कम रहेको छ, जुन नेपालको पनि साझा चरित्र हो । त्यस्तै कहिल्यै स्कूल नगएका पुरुष महिला दुबै गाउँभन्दा शहरमा बढी संख्यामा रहेको देखिन्छ । अझै पनि अशिक्षाको अँध्यारो गाउँ तथा शहर दुबैमा छ भन्ने कुराको प्रमाण हो यो । समग्र जनसंख्या शहरमा बढी भएकोले यो संख्या बढी देखिए पनि एउटा समस्या हो भनेर प्रस्ट छ (परिशिष्ट तालिका २४)।

**तालिका ४.४३ वासस्थान तथा शैक्षिक स्थिति अनुसार १५-२४ वर्षका प्रदेश नं. १ र नेपालका युवाहरूको जनसंख्या (हजारमा)**

| क्षेत्र | शैक्षिक स्थिति अनुसारको जनसंख्या (हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | कहिल्यै स्कूल नगएका | आधारभूत भन्दा कम | आधारभूत | माध्यमिक भन्दा कम | माध्यमिक | उच्च शिक्षा |
| **प्रदेश नं. १** | | | | | | |
| शहर | २२ | १२१ | ५६ | २३९ | ८४ | २० |
| गाउँ | १५ | १०१ | ४९ | १५० | ३५ | ४ |
| जम्मा | ३७ | २२२ | १०६ | ३८८ | ११९ | २५ |

| क्षेत्र | शैक्षिक स्थिति अनुसारको जनसंख्या (हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | कहिल्यै स्कूल नगएका | आधारभूत भन्दा कम | आधारभूत | माध्यमिक भन्दा कम | माध्यमिक | उच्च शिक्षा |
| **नेपाल** | | | | | | |
| शहर | २३९ | ६८१ | ३४४ | १,४९६ | ७५६ | २०२ |
| गाउँ | १७३ | ५६० | २६५ | ७४१ | १६६ | ३१ |
| जम्मा | ४१२ | १,२४१ | ६०९ | २,२३६ | ९२२ | २३३ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८*

श्रमशक्तिमा नरहेका युवाहरू सामान्यतया शिक्षा तथा तालिमको क्रममा हुने गर्दछन् । तर शिक्षा, रोजगार र तालिममा नरहेका युवाहरू पनि समाजमा रहेका छन् । प्रदेश नं. १ मा रहेका यस्ता युवाहरूको संख्या तथा हिस्सालाई तालिका ४.४४ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ मा १५-२४ वर्षका ३७.३ प्रतिशत युवा वर्तमानमा कुनै रोजगार, शिक्षा र तालिममा आएका छैनन्, जुन राष्ट्रिय औसत (३५.३%) भन्दा केही बढी हो । यस्ता युवाहरूको हिस्सा शहरमा (३५.४%) भन्दा गाउँमा अलि बढी (४०.३%) रहेको छ । रोजगारीमा नरहेका युवाहरूलाई शिक्षा तथा तालिममा तत्काल समेट्न सकेमा भविष्यमा तिनिहरू रोजगारीमा लाग्न सक्ने सहज अवस्था बन्दछ र यसमा प्रदेश सरकारले विशेष ध्यान दिनु आवश्यक छ ।

**तालिका ४.४४ शिक्षा, रोजगार र तालिममा नरहेका (Not in Employment, Education or Training-NEET) १५-२४ वर्षका युवा**

| प्रदेश | जनसंख्या (हजारमा) | रोजगार, शिक्षा वा तालिममा नभएका (हजारमा) | रोजगार, शिक्षा वा तालिममा नभएकाको प्रतिशत |
|---|---|---|---|
| प्रदेश नं. १ | ८९७ | ३३५ | ३७.३ |
| शहर | ५४२ | १९२ | ३५.४ |
| गाउँ | ३५५ | १४३ | ४०.३ |
| नेपाल | ५,६५४ | १,९९९ | ३५.३ |
| शहर | ३,७१८ | १,१६० | ३१.२ |
| गाउँ | १,९३६ | ८३८ | ४३.३ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८*

### ४.७.९ वैदेशिक रोजगारीमा जानेहरूको स्थिति

रोजगारीका लागि विदेश जानु नेपालको एक प्रमुख विशेषता भइसकेको छ । वैदेशिक रोजगारीमा रहेकाहरूको यकिन तथ्याङ्क उपलब्ध हुन् कठिन रहेको सन्दर्भमा विदेश जानका लागि श्रम स्वीकृति लिनेहरूको संख्याले केही हदसम्म जानकारी दिन्छ । प्रदेश नं. १ का विभिन्न जिल्लाहरूबाट श्रम स्वीकृति लिनेहरूको संख्या तालिका ४.४५ मा देखाइएको छ । सन् २०१६/१७ मा जम्मा श्रम स्वीकृति लिनेहरूमध्ये प्रदेश नं. १ बाट २३ प्रतिशत रहेका छन् । त्यस अन्तर्गत महिलाहरूमध्ये ३८ प्रतिशत र पुरुषहरूमध्ये २२.६ प्रतिशत रहेका छन् । जम्मा श्रम स्वीकृति लिनेहरूमध्ये महिलाहरूको अंश प्रदेश नं. १ मा ८.५ प्रतिशत रहेको छ जुन नेपालमा रहेको ५.३ प्रतिशत भन्दा बढी हो । प्रदेश नं. १ मा श्रम स्वीकृति लिने मध्ये महिलाको हिस्सा सबैभन्दा बढी भएको जिल्ला सोलुखुम्बु (२१%) हो भने सबैभन्दा कम भएको जिल्ला तेह्रथुम (४.७%) हो ।

#### तालिका ४.४५ प्रदेश नं. १ का जिल्लाहरूबाट २०१६/१७ मा श्रम स्वीकृति लिनेको विवरण

| जिल्ला | श्रम स्वीकृति लिनेको संख्या | | | श्रम स्वीकृति लिने मध्ये महिलाको प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| ताप्लेजुङ | २,६४६ | १५१ | २,७९७ | ५.४ |
| पाँचथर | ५,०४४ | ३७९ | ५,४२३ | ७.० |
| इलाम | ५,६२६ | ७१४ | ६,३४० | ११.३ |
| झापा | १४,९१७ | १,७१४ | १६,६३१ | १०.३ |
| मोरङ | १४,३४५ | ९९६ | १५,३४१ | ६.५ |
| सुनसरी | ९,९१८ | १,४५१ | ११,३६९ | १२.८ |
| धनकुटा | ३,८८६ | २६४ | ४,१५० | ६.४ |
| तेह्रथुम | २,४७९ | १२३ | २,६०२ | ४.७ |
| संखुवासभा | ३,०४८ | २१७ | ३,२६५ | ६.६ |
| भोजपुर | ४,७६६ | ३२६ | ५,०९२ | ६.४ |
| सोलुखुम्बु | १,३२८ | ३५५ | १,६८३ | २१.१ |
| ओखलढुङ्गा | २,३०३ | २२१ | २,५२४ | ८.८ |
| खोटाङ | ५,९४९ | ३३० | ६,२७९ | ५.३ |
| उदयपुर | ५,७६० | ४२३ | ६,१८३ | ६.८ |
| प्रदेश नं. १ | ८२,०१५ | ७,६६४ | ८९,६७९ | ८.५ |
| नेपाल | ३,६२,७६६ | २०,१०५ | ३,८२,८७१ | ५.३ |
| प्रदेश नं. १ को अंश | २२.६ | ३८.१ | २३.४ | |

*स्रोतः नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, २०१८, Labour migration for employment (status report for Nepal: 2015/16 and 2016/17).*

## ४.८ उद्योग तथा खानी क्षेत्रको स्थिति

नेपालमा उद्योगमा भएको जम्मा लगानीको २० प्रतिशत लगानी प्रदेश नं. १ मा रहेका उद्योगहरूमा भएको छ; जहाँ नेपालका कुल उद्योगहरूको ९.४ प्रतिशत उद्योगहरू छन् भने यी उद्योगहरूमा सृजित रोजगारीको अंश नेपालका सम्पूर्ण उद्योगहरूमा उपलब्ध रोजगारीको १३ प्रतिशत रहेको छ । प्रदेश नं. १ मा रहेका सम्पूर्ण उद्योगहरूमध्ये दुई तिहाइ भन्दा बढी उद्योगहरू झापा, मोरङ र सुनसरीमा मात्र रहेका छन् ।

#### तालिका ४.४६ प्रदेश नं. १ मा दर्ता भएका उद्योगहरूको अवस्था

| जिल्ला | आ. व. २०७२/७३ मा दर्ता भएका | | | आ. व. २०७२/७३ सम्म दर्ता भएका जम्मा | | |
|---|---|---|---|---|---|---|
| | उद्योगको संख्या | जम्मा पूँजी (रु. १० लाखमा) | रोजगार रहेकाको संख्या | उद्योग को संख्या | जम्मा पूँजी (रु. १० लाखमा) | रोजगार रहेकाको संख्या |
| ताप्लेजुङ | २ | ८,०७९.३ | १०० | ११ | २३,६२५.७२ | ४६७ |
| पाँचथर | | | | ९ | ५,९५७.१४ | २,७४३ |
| इलाम | २ | १,३५६.४२ | ११० | ३८ | १३,०५०.३६ | ६,०६५ |
| झापा | १० | २,२४०.०९ | ७५१ | १०४ | ९,६७१.८८ | १५,०८४ |
| मोरङ | १३ | ४,१२३.०४ | ७२३ | २३३ | २१,३४८.७८ | २०,०१८ |
| सुनसरी | २ | ३१४.९ | १८७ | १२६ | १२,२४४.६४ | १३,८९३ |
| धनकुटा | | | | १७ | २,२४०.४४ | २,७५९ |

| जिल्ला | आ. व. २०७२/७३ मा दर्ता भएका | | | आ. व. २०७२/७३ सम्म दर्ता भएका जम्मा | | |
|---|---|---|---|---|---|---|
| | उद्योगको संख्या | जम्मा पूँजी (रु. १० लाखमा) | रोजगार रहेकाको संख्या | उद्योग को संख्या | जम्मा पूँजी (रु. १० लाखमा) | रोजगार रहेकाको संख्या |
| तेह्रथुम | | | | ५ | २,५७५ | १९५ |
| संखुवासभा | ३ | १०,७६३.३५ | १३४ | १५ | १,००,७५९.३९ | १,६८६ |
| भोजपुर | १ | १,६१७.८४ | ५२ | ७ | ४,३५३.११ | ६७४ |
| सोलुखुम्बु | १ | १०० | ४२ | ३५ | २८,९१०.५१ | २,९१७ |
| ओखलढुङ्गा | | | | १ | १२१४ | ५० |
| खोटाङ | १ | ३९६.१८ | ६५ | ४ | १,३८४.६८ | १६५ |
| उदयपुर | | | | ५ | ५,८५३.७१ | ७६४ |
| प्रदेश नं. १ | ३५ | २८,९९१.१ | २,१६४ | ६१० | २,३३,१८९.४ | ६७,४८० |
| नेपाल | ४१० | १,२२,००७.५९ | १८,९६० | ६,५२३ | ११,६९,३५९.३२ | ५,२१,७५६ |
| प्रदेश नं. १ को अंश (%) | ८.५ | २३.८ | ११.४ | ९.४ | १९.९ | १२.९ |

*स्रोतः उद्योग विभाग, २०१६, औद्योगिक तथ्याङ्क, आ. व. २०१५/२०१६; नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग*

### ४.८.१ घरेलु तथा साना उद्योगहरूको स्थिति

प्रदेशगत रूपमा विभिन्न वर्षहरूमा घरेलु तथा साना उद्योग दर्ताको विश्लेषण गर्दा सन् २०१४/१५ मा नेपालका कुल घरेलु तथा साना उद्योगहरूमध्ये १५.६ प्रतिशत घरेलु तथा साना उद्योग प्रदेश नं. १ मा दर्ता भएका थिए भने सन् २०१३/१४ देखि सन् २०१७/१८ को पहिलो ८ महिनासम्मको समग्र तथ्याङ्क विश्लेषण गर्दा यो अवधिमा नेपालमा दर्ता भएका कुल १ लाख २३ हजार ३ सय ४२ घरेलु तथा साना उद्योग मध्ये प्रदेश नं. १ मा १३.१ प्रतिशत घरेलु तथा साना उद्योग दर्ता भएको देखिन्छ । यो संख्या यहाँको जनसंख्याको तुलनामा औसत भन्दा कम हो ।

**तालिका ४.४७ प्रदेशगत रूपमा विभिन्न वर्षहरूमा दर्ता भएका घरेलु तथा साना उद्योगहरूको संख्या**

| प्रदेश | आर्थिक वर्ष | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|
| | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | |
| प्रदेश नं. १ | २,४५५ | ४,०९५ | ३,३८७ | ४,३३३ | १,९०४ | १६,१७४ |
| प्रदेश नं. २ | २,५८३ | २,८१९ | २,३१८ | ४,८२० | ३,१८७ | १५,७२७ |
| बागमती | ७,५३० | ८,४१९ | ८,२७५ | १०,०५७ | ५,५३२ | ३९,८१३ |
| गण्डकी | २,२३४ | ३,०३९ | २,५९८ | ३,१८० | २,३७१ | १३,४२२ |
| प्रदेश नं. ५ | ५,३३० | ४,८०९ | ४,४९४ | ५,६३७ | ३,७७४ | २४,०४४ |
| कर्णाली | ७४२ | १,२२५ | १,२०२ | १,५७९ | ५०६ | ५,२५४ |
| सुदूरपश्चिम | १,२८० | १,८६४ | २,०४३ | २,४३३ | १,२८८ | ८०,८०८ |
| नेपाल | २२,१५४ | २६,२७० | २४,३१७ | ३२,०३९ | १८,५६२ | १,२३,३४२ |
| प्रदेश नं. १ को अंश (%) | ११.१ | १५.६ | १३.९ | १३.५ | १०.३ | १३.१ |

*स्रोतः Ministry of Industry, Commerce and Supplies. *First eight months, Ministry of Finance, Economic Survey 2017/18*

चित्र ४.१ प्रदेश नं. १ मा विभिन्न आर्थिक वर्षमा दर्ता भएका उद्योगहरूको संख्या




### ४.८.२ उद्योगमा वैदेशिक लगानीको स्थिति

नेपालमा प्रदेशगत रूपमा भएको वैदेशिक लगानीलाई तालिका ४.४८ मा देखाइएको छ । नेपालको कुल वैदेशिक लगानीमा प्रदेश नं. १ को अंश ४.१ प्रतिशत मात्र रहेको छ । नेपालमा कुल वैदेशिक लगानीबाट रोजगार पाएकाहरूमध्ये प्रदेश नं. १ मा ६.३ प्रतिशत रहेका छन् । यस अन्तर्गत साना उद्योग ७३ वटा, मध्यम उद्योग ३० वटा र ठूला २२ गरी कुल १२५ वटा उद्योगमा वैदेशिक लगानी रहेको छ । यस प्रदेशमा कुल वैदेशिक लगानी १,०२४ करोड रहेको छ भने जम्मा १४,९१८ जनाले यी उद्योगहरूमा रोजगार पाएका छन् ।

तालिका ४.४८ प्रदेशगत रूपमा वैदेशिक लगानीको स्थिति, २०१७/१८

| प्रदेश | उद्योगको प्रकार | | | | वैदेशिक लगानी (रु. करोडमा) | रोजगार |
|---|---|---|---|---|---|---|
| | साना | मध्यम | ठूला | कुल | | |
| प्रदेश नं. १ | ७३ | ३० | २२ | १२५ | १,०२४ | १४,९१८ |
| प्रदेश नं. २ | ७१ | ३१ | २८ | १३० | ९२५.३ | १३,८९७ |
| बागमती | २,९९८ | २७४ | १७० | ३,४४२ | १,३७,३९५ | १,७१,५८७ |
| गण्डकी | २९७ | १९ | २७ | ३४३ | ३,९७१ | १७,२०२ |
| प्रदेश नं. ५ | ११० | ३९ | २९ | १७८ | १,३६४ | १५,१९० |
| कर्णाली | १८ | ० | ४ | २२ | ३,६६५ | १,१७२ |
| सुदूरपश्चिम | २८ | २ | ३ | ३३ | ९७ | ३,१६८ |
| राष्ट्रिय कुल | ३,५९५ | ३९५ | २८३ | ४,२७३ | २४,७८६ | २,३७,१३४ |
| प्रदेश नं. १ को अंश (%) | २.० | ७.६ | ७.८ | २.९ | ४.१ | ६.३ |

स्रोतः *Department of Industry. #First eight months of the Financial year 2017/18 from Ministry of Finance, Economic survey 2075.*

**चित्र ४.२ प्रदेश नं. १ मा रहेका उद्योगहरूको वर्गीकरण (%)**




सन् २०१६/१७ को औद्योगिक तथ्याङ्क अनुसार नेपालमा वैदेशिक लगानीमा स्थापित तथा सञ्चालित उद्योगहरूमध्ये अत्यन्तै कम मात्र प्रदेश नं. १ मा रहेका छन् । यस्ता उद्योगहरू झापा, मोरङ, सुनसरी र इलाममा रहेका छन् । इलाममा इनर्जी क्षेत्रमा ८ मेघाबाट जलविद्युत उत्पादन गर्ने उद्देश्यले स्विजरल्याण्डले लगानी गरेको छ । संयुक्त लगानी कम्पनीको रूपमा रहेको यो उद्योगमा रु. ६१ करोड ७१ लाख २५ हजार ३ सय ७२ लगानी भएको मध्ये ४७.२२ प्रतिशत विदेशको लगानी छ भने बाँकी स्थानीय लगानी रहेको छ । त्यस्तै, झापामा २ वटा वैदेशिक लगानी रहेका उद्योगहरू छन् । ती मध्ये एउटा प्लाइउड उत्पादन गर्ने उद्योग हो, जसको रु. ५८ लाख लगानीमध्ये भारतको ५८ प्रतिशत लगानी रहेको छ । अर्को उद्योगले घरायसी विद्युतीय उपकरणहरू उत्पादन गर्दछ, जसमा रु. १ करोड ४२ लाख १० हजार लगानी रहेकोमा २९ प्रतिशत भारतीय लगानी रहेको छ र ४० जनालाई रोजगारी दिएको छ । मोरङमा तयारी पोसाक उत्पादन गर्ने उद्देश्यले रु. ४ करोड ६४ लाख ३६ हजार लगानी गरी उद्योग स्थापना भएको छ, जसमा चीन (हङ्कङ्ग) को ९४ प्रतिशत लगानी रहेको छ । यसले १३० जनालाई रोजगारी दिएको छ । सुनसरीमा सेवा क्षेत्रमा वैदेशिक लगानी भएको छ, जहाँ दक्षिण कोरियाको पूर्ण लगानीमा रु. ३९ लाख ४० हजार लगानी गरी भाषा प्रशिक्षण कार्य हुने गरेको छ ।

### ४.८.३ निर्यातको लागि स्थापित उद्योगहरू

प्रदेश नं. १ मा उत्पादित वस्तु निर्यात गर्ने नै विशिष्ट उद्देश्य राखी केही उद्योगहरू स्थापना भएको तथ्याङ्क भेटिन्छ । यस्ता उद्योगहरू मोरङ तथा सुनसरीमा केन्द्रित भएका छन् र तिनको उत्पादन भारत लक्षित रहेको छ । सन् २०१६/१७ को औद्योगिक तथ्याङ्क अनुसार सुनसरीमा ३ वटा तथा मोरङमा ५ वटा यस्ता उद्योगहरू रहेका छन् । सुनसरीका उद्योगबाट चुइङ्गम, क्यान्डी, पोली-प्याक फ्याब्रिक, कत्था, रोजिन तथा टर्पेन्टाइन् उत्पादन भई भारत निकासी हुन्छ भने मोरङका उद्योगहरूबाट रोजिन तथा टर्पेन्टाइन्, प्लास्टिक फर्निचर तथा घरायसी सामानहरू, पेन्सिल बक्स (शार्पनर र इरेजर सहित), बलपेन तथा रंगीन जस्ता पाता उत्पादन तथा निकासी हुन्छ ।

## ४.९ पेट्रोलियम खपत तथा भण्डारणको स्थिति

प्रदेश नं. १ को पेट्रोलियम पदार्थको भण्डारण क्षमता ११,९७४ किलो लिटर छ जुन राष्ट्रिय भण्डारण क्षमताको १६.७ प्रतिशत हुन आउँछ (तालिका ४.४९) । प्रदेश नं. १ मा सन् २०१६/१७ मा २६,९६० किलो लिटर पेट्रोलियम पदार्थको विक्री भएको थियो जुन कुल राष्ट्रिय विक्रीको १६.२ प्रतिशत हुन आउँछ । त्यस्तै प्रदेश नं. १ को भण्डारणले १५ दिनसम्म पेट्रोलियम पदार्थ विक्री गर्न सकिने क्षमता राख्दछ । जब कि समग्र नेपालमा पेट्रोलियम पदार्थ १६ दिनसम्म बिक्री गर्न सकिने गरी भण्डारण गर्ने क्षमता रहेको छ ।

**तालिका ४.४९ प्रदेशगत रूपमा पेट्रोलियम पदार्थ भण्डारण क्षमता र बिक्री हुने मात्रा**

| प्रदेश | भण्डारण क्षमता | | २०१६/१७ मा भएको बिक्री | | भण्डारण क्षमताले बिक्री गर्न पुग्ने दिन |
|---|---|---|---|---|---|
| | मात्रा (किलो लिटर) | प्रतिशत | मात्रा (किलो लिटर) | प्रतिशत | |
| प्रदेश नं. १ | ११,९७४ | १६.७ | २,७६,९६० | १६.२ | १५ |
| प्रदेश नं. २ | २३,४७० | ३२.७ | ४,८१,९५६ | २८.१ | १६ |
| बागमती | २२,८९७ | ३१.९ | ४,६३,५९५ | २७.१ | १६ |
| गण्डकी | ३,४५४ | ४.८ | ७५,६४६ | ४.४ | १५ |
| प्रदेश नं. ५ | ७,१९८ | १०.० | ३,२६,५४८ | १९.१ | ७ |
| कर्णाली | १०५ | ०.२ | १५,५९८ | ०.९ | २ |
| सुदूरपश्चिम | २,६०९ | ३.७ | ७२,१७४ | ४.२ | १२ |
| नेपाल | ७१,७०७ | १००.० | १,७२,४७७ | १००.० | १४ |

*स्रोत: Nepal Oil Corporation from Ministry of Finance, Economic Survey 2017/18*

## ४.१० हिमाल आरोहणबाट प्राप्त भएको राजस्व

नेपालमा सन् २०१७ मा हिमाल आरोहणबाट रु. ५१ करोड ७७ लाख राजस्व सङ्कलन भएकोमा प्रदेश नं. १ मा रु. ४४ करोड ३ लाख सङ्कलन भएको थियो जुन कुल सङ्कलित राजस्वको ८५ प्रतिशत हुन आउँछ । सो मध्ये नेपाल सरकारबाट करिब ८० प्रतिशत र हिमाल आरोहण संघले करिब २० प्रतिशत राजस्व सङ्कलन गरेको देखिन्छ ।

**तालिका ४.५० प्रदेशगत रूपमा हिमाल आरोहणबाट उठेको राजस्व (रु. लाखमा), २०१७**

| प्रदेश | नेपाल सरकारले गरेको राजस्व सङ्कलन | हिमाल आरोहण सङ्घले गरेको सङ्कलन | कुल राजस्व सङ्कलन | प्रदेशगत राजस्व प्रतिशत |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ३५१४ (७९.८%) | ८८९ (२०.२%) | ४४०३ | ८५.० |
| बागमती | १० (१६.१%) | ५२ (८३.९%) | ६२ | १.२ |
| गण्डकी | ६१९ (८८.९%) | ७७ (११.१%) | ६९६ | १३.४ |
| कर्णाली | १६ (१००.०%) | ० (०.०%) | १६ | ०.३ |
| नेपाल | ४,१५९ (८०.३%) | १,०१८ (१९.७%) | ५,१७७ | १००.० |

*नोटः कोष्ठमा देखाइएको प्रतिशतले प्रत्येक प्रदेशमा राजस्व सङ्कलनको स्रोतलाई संकेत गर्दछ*

*स्रोतः आर्थिक सर्वेक्षण २०१७/१८, अर्थ मन्त्रालय*

## ४.११ आर्थिक (औद्योगिक तथा व्यापारिक) प्रतिष्ठानहरूको स्थिति

देशमा भइरहेका आर्थिक क्रियाकलापहरूको गणना गर्ने उद्देश्यले प्रथम पटक सन् २०१८ मा सरकारले आर्थिक गणना गरेको थियो । यसबाट प्राप्त तथ्याङ्कको आधारमा प्रदेशको आर्थिक क्रियाकलाप गर्ने सम्पूर्ण औद्योगिक तथा व्यापारिक प्रतिष्ठानहरूको विवरण प्रस्तुत गरिएको छ । सम्पूर्ण प्रतिष्ठानहरूको प्रदेशगत विवरण परिशिष्ट तालिका २५ मा दिइएको छ । प्रदेश नं. १ ले नेपालको कुल प्रतिष्ठानहरूको १८.३ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशमा नेपालको कुल प्रतिष्ठानमा संलग्न मानिसको संख्याको १६.९ प्रतिशत मानिसहरू संलग्न रहेका छन् जसमा पुरुषको हिस्सा १६.१ प्रतिशत र महिलाको हिस्सा १८.१ प्रतिशत रहेको छ । प्रदेशगत रूपमा हेर्दा, बागमती प्रदेशमा सबैभन्दा बढी करिब ३१ प्रतिशत प्रतिष्ठानहरू रहेका र तिनमा करिब ३८ प्रतिशत मानिस संलग्न रहेका छन् ।

जिल्ला तहमा रहेका प्रतिष्ठानहरूलाई हेर्दा, प्रदेश नं. १ मा सबैभन्दा बढी प्रतिष्ठानहरू क्रमशः झापा, मोरङ, सुनसरी र उदयपुरमा छन् भने सबैभन्दा कम तेह्रथुम र त्यसपछि सोलुखुम्बुमा छन् (तालिका ४.५१)। यसरी नै यस्ता प्रतिष्ठानहरूमा सबैभन्दा बढी व्यक्तिहरू संलग्न भएका जिल्लाहरू क्रमशः मोरङ, झापा र सुनसरी हुन् भने कम भएको जिल्ला तेह्रथुम हो । पुरुष सबैभन्दा बढी संलग्न भएका जिल्लाहरू क्रमशः मोरङ, सुनसरी र झापा हुन् भने महिला सबैभन्दा बढी संलग्न भएका जिल्लाहरू क्रमशः झापा, मोरङ र सुनसरी हुन् । महिला तथा पुरुष दुवै सबैभन्दा कम संलग्न भएको जिल्ला तेह्रथुम हो ।

**तालिका ४.५१ प्रदेश नं. १ मा जिल्लागत रूपमा आर्थिक प्रतिष्ठान तथा संलग्न व्यक्तिको संख्या**

| प्रदेश | प्रतिष्ठानको जम्मा संख्या | संलग्न व्यक्तिहरूको संख्या | संलग्न पुरुषहरूको संख्या | संलग्न महिलाहरूको संख्या |
|---|---|---|---|---|
| ताप्लेजुङ | ४,६५० | ११,५७३ | ६,६९९ | ४,८७४ |
| संखुवासभा | ६,०३८ | १९,२२७ | १०,८५० | ८,३७७ |
| सोलुखुम्बु | ३,५०८ | १९,१३४ | ९,७०६ | ९,४२८ |
| ओखलढुङ्गा | ४,३४६ | २२,०३१ | १०,२९० | ११,७४१ |
| खोटाङ | ४,३०८ | ११,३१४ | ६,६४५ | ४,६६९ |
| भोजपुर | ४,०७४ | १०,३६२ | ५,८७८ | ४,४८४ |
| धनकुटा | ५,९९७ | १५,८२० | ८,६८५ | ७,१३५ |
| तेह्रथुम | ३,४१२ | ८,९५५ | ५,०४५ | ३,९१० |
| पाँचथर | ५,४३७ | १३,५३४ | ७,६६१ | ५,८७३ |
| इलाम | ९,६६१ | २६,८०४ | १५,११३ | ११,६९१ |
| झापा | ३८,७८९ | १,१६,८३७ | ६८,८९० | ४७,९४७ |
| मोरङ | ३५,२४७ | १,२७,८८७ | ८३,२७५ | ४४,६१२ |
| सुनसरी | ३१,५३६ | १,१२,७०८ | ६९,०२१ | ४३,६८७ |
| उदयपुर | ११,५१५ | २७,८९३ | १६,२७९ | ११,६१४ |

| प्रदेश | प्रतिष्ठानको जम्मा संख्या | संलग्न व्यक्तिहरूको संख्या | संलग्न पुरुषहरूको संख्या | संलग्न महिलाहरूको संख्या |
|---|---|---|---|---|
| प्रदेश नं. १ | १,६८,५१८ | ५,४४,०७९ | ३,२४,०३७ | २,२०,०४२ |
| नेपाल | ९,२३,३५६ | ३२,२८,४५७ | २०,१२,२३७ | १२,१६,२२० |
| प्रदेश नं. १ को हिस्सा (%) | १८.३ | १६.९ | १६.१ | १८.१ |

*स्रोतः नेपालको राष्ट्रिय आर्थिक गणना, २०१८*

औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूको संख्या तालिका ४.५२ मा देखाइएको छ । बागमती प्रदेशपछि दोस्रो बढी प्रतिष्ठानहरू प्रदेश नं. १ मा नै रहेका छन् । नेपालका सम्पूर्ण प्रतिष्ठानहरू मध्ये प्रदेश नं. १ मा १८.३ प्रतिशत प्रतिष्ठानहरू रहेका छन् । नेपालमा रहेका प्रतिष्ठानहरू मध्ये प्रदेश नं. १ मा विद्युत, ग्यास (२१.६%) एवं पारवहन तथा भण्डारण सम्बन्धी प्रतिष्ठानहरूको हिस्सा सबैभन्दा बढी (२१%) रहेको छ भने खानी तथा भूगर्भ क्षेत्रका प्रतिष्ठानहरूको हिस्सा सबैभन्दा कम (९%) रहेको छ । त्यस्तै, कृषि, वन तथा माछापालन, उद्योग, थोक तथा खुद्रा व्यापार, वित्तीय तथा इस्योरेन्स, शिक्षा, मानव स्वास्थ्य एवं सामाजिक कार्यका क्षेत्रमा पानी प्रदेश नं. १ को हिस्सा उल्लेखनीय रहेको छ ।

यस प्रदेशमा सबैभन्दा बढी थोक तथा खुद्रा विक्रेताका प्रतिष्ठानहरू (५२.८%) रहेका छन्; त्यसपछि क्रमशः बास तथा खाना, उद्योग प्रतिष्ठान, शिक्षा, कृषि, बन तथा माछापालन, मानव स्वास्थ्य, सामाजिक कार्य, वित्तीय, इस्योरेन्स आदि सम्बन्धी प्रतिष्ठानहरू रहेका छन् । यसैगरी सबैभन्दा कम क्रमशः घरघडेरी एवं खानी तथा भूगर्भ क्षेत्रका प्रतिष्ठानहरू रहेका छन् । औद्योगिक वर्गीकरणका आधारमा प्रदेश नं. १ का प्रतिष्ठानहरूको वितरण राष्ट्रिय स्तरमा रहेको प्रतिष्ठानहरूको वितरण सँग मिल्दोजुल्दो छ । प्रदेश नं. १ का जिल्लाहरूमा विभिन्न औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूको संख्या परिशिष्ट तालिका २६ मा देखिएको छ ।

## तालिका ४.५२ प्रदेश नं. १ मा औद्योगिक वर्गीकरण अनुसार उद्योग प्रतिष्ठानहरूको संख्या, २०१८

| औद्योगिक वर्गिकरण अनुसारका क्षेत्र | प्रदेश नं. १ | | नेपाल | | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| कृषि, वन, माछापालन | ४,४०६ | २.६ | २४,२२९ | २.६ | १८.२ |
| खानी तथा भूगर्भ | ६० | ०.० | ६६३ | ०.१ | ९.० |
| उद्योग | १९,३८० | ११.५ | १,०४,०५८ | ११.३ | १८.६ |
| विद्युत, ग्याँस | २६८ | ०.२ | १,२४२ | ०.१ | २१.६ |
| पानी वितरण | ३७५ | ०.२ | २,५२५ | ०.३ | १४.९ |
| निर्माण | २७८ | ०.२ | १,६०८ | ०.२ | १७.३ |
| थोक तथा खुद्रा व्यापार | ८९,०२४ | ५२.८ | ४,९८,०६९ | ५३.९ | १७.९ |
| पारवहन तथा भण्डारण | ६७६ | ०.४ | ३,१८२ | ०.३ | २१.२ |
| बास तथा खाना | २४,२६९ | १४.४ | १,३०,५४० | १४.१ | १८.६ |
| सूचना, सञ्चार | ३९२ | ०.२ | २,७९६ | ०.३ | १४.० |
| वित्तीय, इस्योरेन्स | ३,२३५ | १.९ | १७,९९६ | १.९ | १८.० |
| घरघडेरी | ३० | ०.० | २०७ | ०.० | १४.५ |
| व्यावसायिक, वैज्ञानिक, प्राविधिक | १,३९२ | ०.८ | ८,२०४ | ०.९ | १७. |
| प्रशासनिक, सहयोग सेवा | ९६४ | ०.६ | ६,८७३ | ०.७ | १४. |
| शिक्षा | ७,८६७ | ४.७ | ४०,८३९ | ४.४ | १९.३ |
| मानव स्वास्थ्य, सामाजिक कार्य | ३,९७२ | २.४ | १९,९९० | २.२ | १९.९ |
| कला तथा मनोरञ्जन | ४७४ | ०.३ | २,८२१ | ०.३ | १६.८ |
| अन्य सेवा क्रियाकलाप | ११,४५६ | ६.८ | ५७,५१४ | ६.२ | १९.९ |
| कुल | १,६८,५१८ | १००.० | ९,२३,३५६ | १००.० | १८.३ |

*स्रोतः नेपालको राष्ट्रिय आर्थिक गणना, २०१८*

प्रदेशगत रूपमा विभिन्न औद्योगिक वर्गीकरण अनुसार संलग्न मानिसहरूको संख्या परिशिष्ट तालिका २७ मा देखाइएको छ । प्रदेश नं. १ मा सबैभन्दा बढी मानिसहरू थोक तथा खुद्रा विक्रेतामा संलग्न छन् त्यसपछि क्रमशः उद्योग प्रतिष्ठान, शिक्षा, बास तथा खाना, मानव स्वास्थ्य सामाजिक कार्य, वित्तीय इस्योरेन्स, कृषि बन माछापालन आदिमा संलग्न छन् । यसैगरी सबैभन्दा कम मानिस संलग्न भएको प्रतिष्ठान क्रमशः घरघडेरी एवं खानी तथा भूगर्भ क्षेत्र हुन् । यी तथ्याङ्कहरू राष्ट्रिय रूपमा पनि केही मिल्दोजुल्दो छन् ।

**तालिका ४.५३ प्रदेश नं. १ मा औद्योगिक वर्गीकरण अनुसार विभिन्न क्षेत्रका आर्थिक प्रतिष्ठानहरूमा संलग्न मानिसहरूको संख्या**

| क्षेत्र | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को हिस्सा (%) |
|---|---|---|---|
| कृषि, बन, माछापालन | २०,४०९ | १,०६,४१० | १९.२ |
| खानी तथा भूगर्भ | ८०८ | ७,७२६ | १०.५ |
| उद्योग | १,०१,२७९ | ५,१०,५२३ | १९.८ |
| विद्युत, ग्याँस | ३,२८९ | २०,१७० | १६.३ |
| पानी वितरण | १,७४१ | १५,३१२ | ११.४ |
| निर्माण | २,८७४ | १४,७५० | १९.५ |
| थोक तथा खुद्रा व्यापार | १,६७,७५४ | ९,८८,३४६ | १७.० |
| पारवहन तथा भण्डारण | ३,३१५ | २०,०२७ | १६.६ |
| बास तथा खाना | ५४,६६५ | ३,४६,२७३ | १५.८ |
| सूचना, सञ्चार | ३,७६७ | ३९,७८९ | ९.५ |
| वित्तीय, इस्योरेन्स | २५,४७३ | २,०६,९७९ | १२.३ |
| घरघडेरी | २०९ | १,९७७ | १०.६ |
| व्यावसायिक, वैज्ञानिक, प्राविधिक | ३,१४२ | ३३,२५४ | ९.४ |
| प्रशासनिक, सहयोग सेवा | ३,२६३ | ४५,९९९ | ७.१ |
| शिक्षा | ९०,३५१ | ५,१३,३३६ | १७.६ |
| मानव स्वास्थ्य, सामाजिक कार्य | २७,६५२ | १,६४,४९८ | १६.८ |
| कला तथा मनोरञ्जन | १,७६७ | १६,०६२ | ११.० |
| अन्य सेवा क्रियाकलाप | ३२,३२१ | १,७७,०२६ | १८.३ |
| जम्मा | ५,४४,०७९ | ३२,२८,४५७ | १६.९ |

*स्रोतः नेपालको राष्ट्रिय आर्थिक गणना २०१८*

प्रदेश नं. १ का जिल्लाहरूमा विभिन्न प्रतिष्ठानमा संलग्न मानिसहरूको संख्या परिशिष्ट तालिका २८ मा देखाइएको छ । सबैभन्दा बढी मानिसहरू संलग्न भएका जिल्लाहरू क्रमशः झापा, मोरङ र सुनसरी तथा कम भएका तेह्रथुम र ताप्लेजुङ हुन् । त्यसैगरी सबैभन्दा बढी मानिस संलग्न भएको थोक तथा खुद्रा व्यापारमा पनि क्रमशः झापा, मोरङ र सुनसरी नै अगाडि छन् । अन्य विभिन्न क्षेत्रमा काम गर्ने जनशक्ति पनि यी तीन जिल्ला अगाडि छन् । केही जिल्लामा घरघडेरी एवं खानी तथा भूगर्भ क्षेत्रमा काम गर्ने जनशक्ति नै छैनन् ।

## ४.१२ खनिज पदार्थ

नेपालमा खनिज तत्त्वहरू प्रचुर मात्रामा पाइने कुरा विभिन्न अध्ययनले देखाएको छ । तथापि, देशमा खनिज पदार्थहरूको उत्खनन तथा प्रयोगको स्थिति त्यति सन्तोषजनक छैन । प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा रहेका विभिन्न खनिज पदार्थहरूको विवरण तालिका ४.५४ मा देखाइएको छ । केन्द्रिय तथ्याङ्क विभागद्वारा प्रकाशित वातावरणीय तथ्याङ्क २०१९ का अनुसार प्रदेश नं. १ का विभिन्न जिल्लाहरूमा तामा, फलाम, शिशा, निकेल, जिङ्क, बिस्मुथ जस्ता धातुजन्य खनिजहरू रहेको देखिन्छ । त्यस्तै, चूनढुङ्गा, मार्वल, क्ले, ग्रेनाइट, कोइला जस्ता गैर-धातुजन्य खनिज पदार्थहरू समेत पाइने प्रदेशका विभिन्न जिल्लाहरूमा पाइने देखिन्छ । तालिकामा

उल्लिखित खनिजहरूको अलावा मोरङमा पेट्रोलियम पदार्थको खानी रहेको सम्बन्धमा अन्वेषण जारी रहेको अवस्था छ ।

**तालिका ४.५४ प्रदेश नं. १ मा रहेका प्रमुख खनिज तत्त्वहरूको विवरण**

| जिल्ला | मुख्य खनिज तत्त्वहरू |
|---|---|
| ताप्लेजुङ | आर्सेनिक, तामा, फलाम, शिशा, ग्रेनाइट, मार्वल |
| पाँचथर | टर्मालिन, गार्नेट |
| इलाम | आर्सेनिक, बिस्मुथ, तामा, निकेल, चाँदी, जिङ्क |
| झापा | कोइला |
| मोरङ | |
| सुनसरी | तामा |
| धनकुटा | तामा, क्ले, चुनढुङ्गा, मार्वल |
| तेह्रथुम | |
| संखुवासभा | शिशा, ग्रेनाइट, जिंक, चुनढुङ्गा |
| भोजपुर | तामा |
| सोलुखुम्बु | बिस्मुथ, तामा, शिशा, जिंक, ग्रेनाइट |
| ओखलढुङ्गा | तामा |
| खोटाङ | चुनढुङ्गा |
| उदयपुर | आर्सेनिक, बिस्मुथ, तामा, ग्रेनाइट, क्ले, चुनढुङ्गा, डोलोमाइट |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१९, Environmental Statistics of Nepal, 2019*

यहाँ विभिन्न खनिज पदार्थहरू भएको अनुमान गरिएको भएतापनि खानी तथा उत्खनन् सम्बन्धी कार्यको अनुसन्धान खासै भएको पाइदैन । खानी तथा उत्खननजन्य पदार्थमा तराईका भापा, मोरङ र सुनसरी जिल्लामा ढुँगा, गिट्टी, वालुवा आदिको उपयोग स्थानीय स्तरमा निकै बढेको छ । यसको उपयोगले स्थानीय तहलाई बर्षेनी करोडौ आम्दानी भएको छ तर यसले वातावरणमा नकारात्मक प्रभाव पारेको छ ।

## ४.१३ बैंक तथा वित्तिय सुविधाको स्थिति

आर्थिक गतिविधिलाई सहज बनाउने तथा सम्पूर्ण आर्थिक कारोबारलाई बैंकिङ प्रणाली भित्र ल्याउने उद्देश्यले नेपालमा सरकारी तथा निजी क्षेत्रमा बैंक स्थापना तथा सञ्चालनलाई सहज वातावरण बनाइएको छ । संघीयता कार्यान्वयनसँगै प्रत्येक स्थानीय तहमा बैंक स्थापना गर्न तदारुकता देखाइएको छ र केही अपवाद बाहेक धेरै स्थानीय तहहरूमा कुनै न कुनै बैंकको शाखा विस्तार भइसकेको पनि छ ।

प्रदेश नं. १ मा कुल १३७ स्थानीय तहहरू रहेकोमा यस प्रदेशमा ५५४ वाणिज्य बैकहरू, १६८ विकास बैकहरू र ३९ वित्त कम्पनीहरू छन् । विभिन्न बैक र वित्तीय संस्थाको उपस्थितिको संख्यात्मक दृष्टिकोणले यो प्रदेश तेस्रो स्थानमा छ । सबैभन्दा बढी विभिन्न बैक र वित्तीय संस्थाहरू बागमती प्रदेशमा र त्यसपछि प्रदेश नं. ५ मा छन् । 'क' वर्गका बैकहरूको उपस्थितिमा भने यो प्रदेश दोस्रो स्थानमा छ । त्यस्तै 'ख' वर्गका वित्तीय संस्थाहरूमा बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं. ५ पछि यो प्रदेश चौथो स्थानमा आउँछ । यसैगरी 'ग' वर्गको बैंकहरूमा यो प्रदेशको स्थान बागमती प्रदेशपछि दोस्रो स्थानमा आउँछ ।

प्रदेश नं. १ मनि चेन्जरहरूमा पनि बागमती प्रदेशपछि दोस्रो स्थानमा आउँछ जुन कुल मनि चेन्जरहरूको संख्याको १७.२ प्रतिशत हुन्छ ।

### तालिका ४.५५ प्रदेशगत रूपमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको स्थिति

| प्रदेश | स्थानीय तह | | बैंक तथा वित्तीय संस्थाको संख्या | | | | | | | | सटही काउन्टर* | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 'क' वर्ग | | 'ख' वर्ग | | 'ग' वर्ग | | कुल | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| प्रदेश नं. १ | १३७ | १८.२ | ५५४ | १६.५ | १६८ | १३.७ | ३९ | १९.१ | ७६१ | १५.९ | ६५ | १७.२ |
| प्रदेश नं. २ | १३६ | १८.१ | ४०४ | १२.० | ९२ | ७.५ | २३ | ११.३ | ५१९ | १०.८ | ३२ | ८.४ |
| बागमती | ११९ | १५.८ | ११४३ | ३३.९ | ३१९ | २६.० | ७८ | ३८.२ | १५४० | ३२.१ | १६६ | ४३.८ |
| गण्डकी | ८५ | ११.३ | ३७९ | ११.३ | २५२ | २०.५ | २७ | १३.२ | ६५८ | १३.७ | ४८ | १२.७ |
| प्रदेश नं. ५ | १०९ | १४.५ | ४९३ | १४.६ | ३१५ | २५.६ | ३० | १४.७ | ८३८ | १७.५ | ६५ | १७.२ |
| कर्णाली | ७९ | १०.५ | १५५ | ४.६ | १८ | १.५ | ४ | २.० | १७७ | ३.७ | | ०.० |
| सुदूरपश्चिम | ८८ | ११.७ | २३९ | ७.१ | ६५ | ५.३ | ३ | १.५ | ३०७ | ६.४ | ३ | ०.८ |
| नेपाल | ७५३ | १००.० | ३,३६७ | १००.० | १२२९ | १००.० | २०४ | १००.० | ४८०० | १००.० | ३७९ | १००.० |

**Presence of Commercial Banks at local levels, NRB, Research Department, 2018*    *स्रोतः नेपाल राष्ट्र बैंक,* *Banking & Financial Statistics, Mid May 2019*

प्रदेश नं. १ मा नेपालको कुल 'क' वर्गको बैंकको १६.५ प्रतिशत बैंक प्रदेश नं. १ मा छन् । यसैगरी 'ख' वर्गको १३.७ प्रतिशत र 'ग' वर्गको १९.१ प्रतिशत बित्तीय संस्था छन् । त्यस्तै कुल बैंक र वित्तीय संस्थाहरूको हिस्सा १५.९ प्रतिशत छ । जवकि यस प्रदेशको जनसंख्याको हिस्सा १६.६ प्रतिशत छ । झापा, मोरङ र सुनसरीमा बैंक तथा वित्तिय संस्थाहरू बढी छन् । जनसंख्याको हिसावले बढी बैंक भएको जिल्ला तेह्रथुम हो भने सबैभन्दा कम भएको जिल्ला उदयपुर हो ।

### तालिका ४.५६ प्रदेश नं. १ मा रहेका जिल्लागत बैंक र वित्तीय संस्थाको विवरण

| जिल्ला | बैंकको संख्या | | | | प्रत्येक शाखामा पर्न आउने औसत जनसंख्या |
|---|---|---|---|---|---|
| | 'क' वर्ग | 'ख' वर्ग | 'ग' वर्ग | जम्मा | |
| ताप्लेजुङ | १७ | १ | | १८ | ७,२३४ |
| पाँचथर | २१ | ३ | २ | २६ | ७,५४५ |
| इलाम | ३० | १० | २ | ४२ | ७,३१८ |
| झापा | १०९ | ५३ | ९ | १७१ | ५,२७१ |
| सङ्खुवासभा | २५ | | | २५ | ६,२७३ |
| भोजपुर | २३ | | १ | २४ | ६,७६५ |
| तेह्रथुम | १५ | ३ | | १८ | ५,६१८ |
| धनकुटा | २० | ६ | १ | २७ | ६,२८२ |
| मोरङ | ११६ | ५० | १२ | १७८ | ५,९८६ |
| सुनसरी | ९६ | २८ | ११ | १३५ | ६,५१८ |
| सोलुखुम्बु | २० | | | २० | ५,१६७ |
| खोटाङ | १४ | ६ | | २० | ९,०९६ |
| ओखलढुङ्गा | १७ | ५ | | २२ | ६,८६२ |
| उदयपुर | ३१ | ३ | १ | ३५ | ९,९३८ |
| प्रदेश नं. १ | ५५४ | १६८ | ३९ | ७६१ | ६,३७९ |
| नेपाल | ३,३६७ | १,२२९ | २०४ | ४,८०० | |
| प्रदेश नं. १ को अंश (%) | १६.५ | १३.७ | १९.१ | १५.९ | |

*स्रोतः नेपाल राष्ट्र बैंक,* *Banking & Financial Statistics. Mid May 2019*

## ४.१४ निक्षेप तथा कर्जा प्रवाहको स्थिति

प्रदेश नं. १ मा सबैभन्दा बढी कर्जा प्रवाह हुने जिल्लाहरू क्रमशः मोरङ, सुनसरी र झापा हुन् । यसैगरी सबैभन्दा कम कर्जा प्रवाह हुने जिल्लाहरू क्रमशः ताप्लेजुङ, ओखलढुङ्गा र खोटाङ हुन् । त्यस्तै यस प्रदेशमा सबैभन्दा बढी निक्षेप जम्मा गर्ने जिल्लाहरू क्रमशः मोरङ, झापा र सुनसरी आदि हुन् भने कम निक्षेप जम्मा गर्ने जिल्लाहरू क्रमशः भोजपुर, खोटाङ र ओखलढुङ्गा हुन् । यसरी नै चल्ती निक्षेप बढी जम्मा गर्ने जिल्लाहरू क्रमशः मोरङ, झापा र सुनसरी नै छन् भने कम गर्ने जिल्लाहरू क्रमशः खोटाङ, भोजपुर र धनकुटा हुन् । यसैगरी बचत बढी गर्ने जिल्लाहरू पनि क्रमशः मोरङ, झापा र सुनसरी हुन् भने कम गर्ने जिल्लाहरू क्रमशः भोजपुर, ओखलढुङ्गा तेह्रथुम र खोटाङ हुन् । यसरी नै मुद्धति जम्मा बढी गर्ने जिल्लाहरू क्रमशः मोरङ, सुनसरी र झापा हुन भने कम मुद्धति निक्षेप कम जम्मा गर्ने खोटाङ, भोजपुर, ओखलढुङ्गा र पाँचथर हुन् । सि.डी. अनुपात (Credit Deposit Ratio) १०० भन्दा बढी भएका जिल्लाहरू क्रमशः मोरङ र सुनसरी हुन् भने सबैभन्दा कम अनुपात भएका जिल्लाहरू क्रमशः ताप्लेजुङ, ओखलढुङ्गा र सोलुखुम्बु हुन् । प्रदेश नं. १ को सि.डी. अनुपात १०० भन्दा बढी अर्थात् १०८.८ छ, जुन अनुपात नेपालको समग्र सि. डी. अनुपातभन्दा ४१.९ प्रतिशत बढी छ ।

**तालिका ४.५७ जिल्लागत रूपमा कर्जा प्रवाह र निक्षेप सङ्कलन (रु. दश लाखमा)**

| जिल्ला | कुल कर्जा पेस्की | निक्षेप | | | | | सि. डी. अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | चल्ती | बचत | मुद्दती | अन्य | कुल | |
| झापा | १३,८१९ | १,६२३ | ९,३१६ | २,४४२ | २,३३४ | १५,७१५ | ८७.९ |
| इलाम | १,५४५ | ६३१ | १,५५१ | ३८१ | ३४९ | २,९१२ | ५३.१ |
| पाँचथर | ३५९ | १९१ | ४५९ | ४५ | ८६ | ७८१ | ४६.० |
| ताप्लेजुङ | १५६ | १६६ | ४१३ | ७९ | ८५ | ७४३ | २१.० |
| सुनसरी | १५,०९७ | १,०१३ | ८,७३८ | २,९७१ | १,६५२ | १४,३७४ | १०५.० |
| मोरङ | ३४,६१८ | १,९२७ | ९,८८३ | ६,३०५ | ४,२२५ | २२,३३९ | १५५.० |
| धनकुटा | ६१२ | ८५ | ६४६ | १५२ | ९० | ९७३ | ६२.९ |
| तेह्रथुम | २५६ | १०९ | २८७ | ७४ | २७ | ४९६ | ५१.६ |
| सङ्खुवासभा | ६४७ | २८६ | ५७८ | २१७ | ३४ | १,११४ | ५८.१ |
| भोजपुर | १५६ | ५९ | १८६ | ४४ | ६ | २९६ | ५२.७ |
| उदयपुर | ९६६ | २८६ | ९०३ | २५८ | ७९ | १,५२६ | ६३.३ |
| खोटाङ | २५१ | ४५ | २९० | १६ | ७ | ३५८ | ७०.१ |
| ओखलढुङ्गा | २०६ | १८२ | २८० | ५५ | ७३ | ५९० | ३४.९ |
| सोलुखुम्बु | ६६४ | २३९ | १,०१२ | १८३ | ६८ | १,५०१ | ४४.२ |
| प्रदेश नं. १ | ६९,३५१ | ६,८४० | ३४,५४२ | १३,२२२ | ९,११२ | ६३,७१६ | १०८.८ |
| नेपाल | ७,५७,८५६ | ९०,६०१ | ३,६४,०६७ | ३,६७,४२४ | १,६०,३२४ | ९,८२,४१६ | ७७.१ |
| प्रदेश नं. १ को अंश (%) | ९.२ | ७.५ | ९.५ | ३.६ | ५.७ | ६.५ | १४१.१ |

*स्रोतः नेपाल राष्ट्र बैंक, Monthly Statistics. Mid April 2012*

## ४.१५ प्राकृतिक, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक महत्त्वका स्थलहरू

प्राकृतिक सुन्दरताको खानी नेपालकै प्रतिरूप प्रदेश नं. १ पनि रहेको छ । वन जङ्गल, हरियाली, डाँडापाखा, नदी, ताल तलैया तथा हिमालहरू प्रदेशका प्राकृतिक सुन्दरताका अवयवहरू हुन् ।समथर जमिन, होचा तथा अग्ला पहाडहरू तथा उच्च हिमालहरूयुक्त प्राकृतिक विविधता यस प्रदेशमा पाइन्छ । पर्यावरणीय विविधताका लागि यस प्रदेशका तीनजुरे-मिल्के-जलजले क्षेत्र, माईपोखरी क्षेत्र, कोशी टप्पु क्षेत्र, बर्जु ताल लगायतका धेरै स्थानहरू प्रसिद्ध रहेका छन् । सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र, कञ्चनजङ्घा संरक्षित क्षेत्र, कोशी टप्पु वन्यजन्तु आरक्ष लगायतका प्राकृतिक सम्पदाहरू यस प्रदेशमा रहेका छन् ।

यस प्रदेश भित्रका धेरै ठाउँहरू ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वका छन् । यसै क्षेत्रमा किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्घा, वालागुरु षडानन्द, योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान् विदुषीको जन्म भएको हो । किराँत राजाहरूदेखि महाभारतकालीन विराट राजासम्मको राज्य रहेको यो क्षेत्रको आफ्नै ऐतिहासिक महत्त्व छ । विराटनगरको राधाकृष्ण रथ यात्रा यस प्रदेशको एक प्रमुख धार्मिक सांस्कृतिक विशिष्टताको उदाहरण भइसकेको छ । यस प्रदेश अन्तर्गतका धार्मिक महत्त्वका प्रमुख स्थलहरूमा पाथीभरा, बराहक्षेत्र, हलेसी, पिण्डेश्वर, दन्तकाली आदि रहेका छन् । त्यस्तै, किराँतकालीन इतिहास तथा संस्कृतिसँग जोडिएका धेरै स्थलहरू समेत यस प्रदेशमा रहेका छन् ।

यस प्रदेशमा रहेका पुरातात्त्विक महत्त्वका स्थलहरूमध्ये झापाका किचकबध, अर्जुनधारा, विराटपोखरी, कृष्णथुम्की; मोरङका विराट राजाको दरबार क्षेत्र,  धनपालगढी; सुनसरीका बराहक्षेत्र, विजयपुर तथा धेरै गढीहरू पर्दछन् ।

## ४.१६ पर्यटकीय स्थल

पर्यटन क्षेत्र प्रदेश नं. १ को लागि सबैभन्दा बढी अवसर भएका क्षेत्रहरू मध्येको एक हो । यस प्रदेशमा पर्यटन विकासका सम्भावना बोकेका धेरै सुन्दर क्षेत्रहरू अवस्थित छन् । हिलस्टेसन, ट्रेकिङ तथा साहसिक पर्यटनको प्रचुर सम्भावना प्रदेश नं. १ मा रहेको छ । सूर्योदयको प्रदेश भनेर चिनिने यो प्रदेशमा सूर्यको पहिलो किरण आइपुग्छ । विश्वका ८ हजार मिटरभन्दा अग्ला ६ उच्च हिमालहरू सगरमाथा, कञ्चनजङ्घा, ल्होत्से, यालुङकाङ, मकालु, चोयु यही प्रदेशमा छन् । यस प्रदेशमा प्रत्येक वर्ष धेरै आन्तरिक तथा बाह्य पर्यटकहरू भ्रमण गर्छन् । प्राकृतिक सौन्दर्यका अलावा पर्वतारोहण, बन्जी जम्पिङ्, राफ्टिङ तथा पर्यटकका आकर्षणका अन्य धेरै आकर्षणहरू यस प्रदेशमा छन् । धार्मिक पर्यटनको पनि यस प्रदेशमा प्रचुर सम्भावना छ । यस प्रदेशले अन्य विभिन्न पर्यटकीय सम्भावनाहरू बोकेको छ । मकालु वेस क्याम्प, सगरमाथाको पूर्वी मोहडा, कञ्चनजङ्घा जस्ता हिमाल आरोहण गर्ने सम्भावना यसै प्रदेशमा छन् । झापा, धनकुटा, भोजपुर तथा संखुवासभा जस्ता जिल्लामा आकर्षणका रूपमा विभिन्न जनजातिको बसोवास रहेको छ । तराईका जिल्लाहरू झापा, मोरङ्, सुनसरी तथा भित्री मधेशको उदयपुर धान उत्पादनका लागि प्रसिद्ध छन् । त्यस्तै इलाम चियाका लागि प्रसिद्ध छ । संसारकै गहिरो उपत्यका अरुण उपत्यकामा बाक्लो वस्ती छ । जैविक विविधता र जडिबुटीको भण्डारको रूपमा यो प्रदेश रहेको छ । यो प्रदेशमा  रहेका अरुण तथा तमोर नदीहरू राफ्टिङको लागि अनुकुल छन् ।

१४ वटा एयरपोर्ट यसै प्रदेशमा छन्, जसमा नाम्चे, तुम्लिङटार र ताप्लेजुङ हिमाल आरोहणका लागि छोटो समयमा उडान हुन सक्ने प्रमुख स्थान हुन् । यस प्रदेशमा भारतबाट व्यपारिक तथा अन्य पर्यटकहरू पनि आउने गरेको पाइएको छ । तसर्थ पर्यटकीय दृष्टिकोणले यो प्रदेशमा अत्यन्त धेरै अवसरहरू रहेका देखिन्छन् । हिमालमा शेर्पा, गुरुङ, पहाडमा राई, लिम्बु तराईमा राजवंशी, धिमाल, गनगाई, सन्थाल लगायत ब्राह्मण क्षेत्री र अन्य जातजातिहरूको संगम स्थलको रूपमा रहको यो प्रदेश सांस्कृतिक रूपले पनि सम्पन्न छ । यस प्रदेशमा विभिन्न होटल तथा लजहरू पर्यटकीय हिसावले विस्तार भएका छन् । यहाँ सुविधायुक्त तारे होटलहरू बन्ने कामले हाल तीव्रता पाएको छ । यहाँ भएका विभिन्न प्रमुख पर्यटकीय स्थलहरूको जानकारी जिल्लागत रूपमा छोटकरीमा प्रस्तुत गरिएको छ ।

झापा जिल्लामा नेपालको सवभन्दा होचो भाग कचनकवल पर्दछ । यसका प्रमुख तालहरूमा केचना, विराटपोखरी सरोवर, चिल्लागढ, गौरादह र धनुष पोखरी रहेका छन् । अन्य प्रमुख पर्यटकीय स्थलहरूमा अर्जुनधारा, सतासीधाम, किच्चक बध, बाल्मीकी आश्रम, साधुटार (शंकराचार्य पीठ), कन्काई माई, कोटीहोम, चिल्लागढ, दोमुखा, कृष्णथुम्की, टाँसी छोयलीङ गुम्बा, पातालगंगा, जामुनखाडी सिमसार क्षेत्र, रानीवन (झापा), दोमुखा, शहीद स्मारक (सुखानी) पार्क, कलवलगुडी, बाह्रदशी (कंचनगढ), वर्ने चिया बगान, सुनमाई, चन्द्रगढ, शहीद पार्क (भद्रपुर) आदि पर्छन् ।

इलाम जिल्ला चियाका लागि प्रसिद्ध छ । सन्दकपुर हिमाली दृष्याबलोकनका लागि पनि अति उपयुक्त स्थल हो र यो ठाउँ आफैंमा सौन्दर्यपूर्ण छ । कन्याम, फिक्कल, पशुपतिनगर इलामका प्रमुख रमणीय स्थल हुन् । कन्याममा घोडचढी, हाइकिङ, पिकनिक आदि प्रख्यात छ । टोड्के झरना, अन्तु डाँडा, माइपोखरी, सिद्धि थुम्बा, छिन्तापु डाँडो, गजुरमुखी गुफा, छोटी पाथिभरा, माइबेनी, नारायणथान, भिमसेनस्थान, सिंहबाहिनी इलामका प्रमुख पर्यटकीय स्थल हुन् । यसै जिल्लामा सतिदेवी मन्दिर पनि छ । यहाँका प्रमुख कृषि उत्पादनहरू आलु, अलैंची, अम्लिसो, अदुवा, अकबरे, ओलन (दूध) ६ "अ" को रूपमा नेपालमा नै प्रख्यात रहेका छन् ।

पाँचथर जिल्लाका फिदिम बजार, आङसराङ र यासोक मुख्य स्थलहरू हुन् । हिमालको दृश्यावलोकन गर्ने मनोरम स्थल आङसराङ पनि हो । राँके भञ्ज्याङ तथा साधुटार रमणीय स्थलहरू हुन् ।

ताप्लेजुङ जिल्लामा समुद्री सतहबाट ३,७९४ मिटर उचाइमा अवस्थित पाथिभरा देवीको मन्दिर छ । हिन्दु र बौद्धको आस्थाको केन्द्र रहेको यो मन्दिरमा पाथिभरा देवीलाई सौभाग्यका सामग्रीहरू चढाउने प्रचलन छ । यहाँबाट कञ्चनजंघा, ल्होत्से, काङबाचेन हिमालको दृष्याबलोकन पनि गर्न सकिन्छ । कञ्चनजङ्घाको सूर्योदय र सूर्यास्त पनि यहँबाट राम्ररी अवलोकन गर्न सकिन्छ । यहाँ प्राचीन डिकी छ्योलिङ्ग गुम्बा अबस्थित छ । ओलाङचुङगोला, कञ्चनजङ्घा ट्रेक, तिम्बुङ पोखरी आदि पर्यटकीय दृष्टिले प्रसिद्ध छन् ।

मोरङ जिल्लामा हिन्दु, बौद्ध, इस्लाम, इसाई आदि धर्मावलम्बीहरूका धार्मिक स्थलहरू विभिन्न ठाउँमा रहेका छन् । यसका अतिरिक्त ऐतिहासिक तथा धार्मिक स्थलहरू जस्तै विराट राजाको दरवार, धनपाल गढी, राजारानी पोखरी (धिमाल दरवार), राजा धनपाल थान, सुनवर्षी पोखरी, बागझोडा, सप्तकन्या गुफा, महादेव पार्वती गुफा, मिक्लाजुङ्ग डाँडा, हरिशचन्द्र गढी, कानेपोखरी बयरवन, चुली पोखरी टाँडी आदि मुख्य रहेका छन् ।

सुनसरी जिल्लाका प्रमुख पर्यटकीय स्थलहरूमा बुढासुब्बा मन्दिर, पिण्डेश्वर मन्दिर, पञ्चकन्या मन्दिर, दन्तकाली मीन्दर, शिबजटा झरना, विजयपुर डाडा, चतरा धाम, वराह क्षेत्र, साँगुरी भन्ज्याङ, सुली क्षेत्र, सप्तकोशी नदी आदि छन् । कोकाहा र सप्तकोशी नदीको संगम स्थल बराह क्षेत्र अत्यन्त पवित्र धार्मिक सथल मानिन्छ । कोशीटापु वन्य जन्तु आरक्ष नेपालको पहिलो र ठूलो रामसार क्षेत्र हो । अर्नाको बसोबास भएको यो आरक्षमा हिउँदमा साइबेरिया देखि चराहरू जाडो छल्न आउँछन् । माछामारा डाँडाबाट हिमालको दर्शन गर्न सकिन्छ । त्यस्तै चारकोशे झाडी सबैभन्दा ठूलो जङ्गल हो ।

तेह्रथुम जिल्लाको सबैभन्दा प्रसिद्ध स्थल टिएमजे (तीनजुरे, मिल्के र जलजले) हो । यो स्थल गुराँसका लागि प्रसिद्ध छ । कैलाशहिल, गुराँस र ढुंगाको बगैचा, बसन्तपुरको भ्यूटावर यहाँका आकर्षक हुन् । नेपालका ३२ प्रजातिमध्ये २८ प्रजातिका गुरास यहीं छन् । संखुवासभा र तेह्रथुमको सिमानामा पर्ने गुफापोखरी अत्यन्त रमणीय स्थल हो । सबैभन्दा लामो हयात्रुङ झरना पनि यसै जिल्लामा रहेको छ ।

संखुबासभा जिल्लामा पर्ने मकालु हिमाल, मकालु बरुण राष्ट्रिय निकुञ्ज, हटिया तातोपानी, खम्पालुङ गुफा, सभा पोखरी, शिबधारा, मनकामना मन्दिर, सिद्धकाली मन्दिर, प्रमुख पर्यटकीय स्थलहरू हुन् । यस जिल्लाको चैनपुरको करुवा प्रख्यात छ ।

धनकुटा जिल्लामा रानी बन, जाल्पादेबी मन्दिर (छिन्ताङ), निशान भगबती मन्दिर, विश्रान्ती मन्दिर, मधुगंगा, नागेश्वर, पाथिभरा देबी मन्दिर, हिले आादि प्रसिद्ध छन् । त्यस्तै, अत्यन्त रमणिय भेडेटार तथा यसैको नजिकमा रहेको नाम्जे होम स्टे तथा नमस्ते झरना पर्यटकीय दृष्टिमा प्रसिद्ध छन् ।

भोजपुर जिल्ला खुकुरीको लागि प्रख्यात छ । यस जिल्लाको हतुवागढी किराँतहरूको ऐतिहासिक स्थल हो । त्यस्तै, टेम्के डाँडा, साल्पा पोखरी, दिङ्ला आदि प्रमुख स्थलहरू हुन् ।

उदयपुर जिल्लामा इन्द्रश्वर महादेवको मन्दिर छ जसको महिमा पशुपतिनाथ जत्तिकै छ र गैर हिन्दु पनि यसको दर्शन गर्न आउँछन् । यो जिल्ला कमला, तावा, दुधौली नदीको त्रिवेणी भएको जिल्ला हो । यो जिल्लामा रौताहा पोखरी छ ।

खोटाङ जिल्ला हलेसी महादेवको मन्दिर र गुफाले प्रसिद्ध छ । महाशिवरात्री, बालाचतुर्दशी र रामनवमीमा यहाँ विशेष पुजा गरिन्छ । वराहा पोखरी, जसको पानीको रङ्ग मौसम अनुसार परिवर्तन हुन्छ, यसै जिल्लामा पर्छ । यहाँ रहेको कालिका देवी मन्दिर पनि प्रसिद्ध धार्मिक स्थल हो । यसै जिल्लामा धोद्रेश्वर महादेव गुफा पर्दछ, जसमा एकैचोटी ७०० मानिस अटाउँछन् । धार्मिक तथा पर्यटकीयस्थल भुलभूले दूधकुण्ड तथा यसको नजिकै रहेको प्राकृतिक रूपले भरिपूर्ण रुवालुङ झरनामा पर्यटक आउने क्रम दिनानुदिन बढ्दै गएको छ ।

ओखलढुङ्गा जिल्लामा चण्डीदेवी मन्दिर तथा २९९ फिट लामो चण्डीदेवी गुफा रहेका छन् । यसका साथै यहाँ पोकली, साल्बु, ढिकुरे, रातमाटे, भुसेनी र सेप्ली झरना छन् । ओखलढुङ्गा, रुम्जाटार, कुद्कावेनी र ककनी यस जिल्लाका पर्यटकका लागि मनमोहक स्थलहरू हुन् ।

सोलुखुम्बुमा विश्वसम्पदा सुचीमा रहेको सगरमाथा पर्दछ । यहाँ सगरमाथा राष्ट्रिय निकुञ्ज, खुम्बु हिमनदी, सूर्योदय र सूर्यास्त हेर्नको लागि उपयुक्त स्थान स्याङबोचे विहार छ । यसैगरी खुम्जुङ विहार यहाँको मुख्य स्थल हो । नाम्चे सगरमाथाको प्रवेशद्वार हो । लुक्ला विमानस्थलबाट ७ दिनको पैदल यात्रामा सगरमाथाको

आधार शिविर पुग्न सकिन्छ । ट्रेकिङका लागि सोलुखुम्बु जिल्ला उपयुक्त स्थान हो । प्रदेश नं. १ का विभिन्न पर्यटकीय गन्तव्यहरूको सूची तालिका ४.५९ मा देखाइएको छ ।

**तालिका ४.५८ प्रदेश नं. १ का प्रमुख पर्यटकीय गन्तव्यहरूको सूची**

| जिल्ला | पर्यटकीय गन्तव्यहरू |
|---|---|
| ताप्लेजुङ | पाथिभरा मन्दिर, फुङ्फुडे झरना, कञ्चनजङ्घा पद मार्ग, तिम्बुङ पोखरी, घुन्सा |
| पाँचथर | गुरु फाल्गुनन्द सर्किट, हिलिहाङ दरवार, जोर पोखरी, पौवा भञ्ज्याङ, चिवा भञ्ज्याङ, साधुटार, आङसराङ |
| इलाम | सन्दकपुर, माइपोखरी, कन्याम-फिक्कल-श्रीअन्तु सर्किट, गजुरमुखी |
| झापा | अर्जुनधारा, सतासीधाम, बाँसबारी सिमसार, जामुनखाडी, रानीवन, दोमुखा |
| मोरङ | धनापाल गढी, बिराट राजाको दरवार क्षेत्र, बेतना सिमसार, जेफाले डांडा |
| सुनसरी | कोशी टप्पु वन्यजन्तु आरक्ष, बराहक्षेत्र, पिण्डेश्वर, दन्तकाली, बुढासुब्बा, बर्जुताल, तालतलैया थिम पार्क, चतरा |
| धनकुटा | खोकु-छिन्ताङ, भेडेटार, नाम्जे, नमस्ते झरना, पटेक डांडा, राजारानी, सल्लेरी तथा रानीवन, पाख्रीवास कृषि केन्द्र |
| तेह्रथुम | तीनजुरे डांडा र मेन्छ्याम डांडा (तीनजुरे-मिल्के-जलजले क्षेत्र), हयात्रुङ झरना, बसन्तपुर |
| संखुवासभा | अरुण उपत्यका, बालेश्वर गुफा, शिवाधारा, सभापोखरी, गुफा पोखरी, मकालु हिमाल, निउरेनी धाम, केन्पा, मनकामना, बन्दुके, चिचिला, बरुण उपत्यका, किमाथाङ्का, संखुवा शिर |
| भोजपुर | टयाम्के डांडा, मुन्धुम ट्रेल, साल्पा पोखरी, दिङ्ला |
| सोलुखुम्बु | सगरमाथा, तेङ्बोचे गुम्बा, स्याङ्बोचे, पाँचपोखरी, दुध कुण्ड, लोदिङ, सोलु-सल्लेरी |
| ओखालढुङ्गा | पाताले, पोकली झरना |
| खोटाङ | हलेंसी महादेवस्थान, बराह पोखरी |
| उदयपुर | उदयपुर गढी, रौता माई, चौदण्डी गढी |

## ४.१७ आर्थिक विकासका अन्य क्षेत्र

यो प्रदेशको आर्थिक विकासको लागि सबैभन्दा ठूलो संभावना कृषि तथा पर्यटन क्षेत्रमा नै रहेको छ । प्रदेश सरकारले विभिन्न स्थान विशेषका संभावनाहरूलाई उजागर गरी आवश्यक कार्यक्रमहरू लिएर जान सकेमा यस प्रदेशको विकासमा कायापलट हुन सक्छ । यो प्रदेशका मौलिक बालीहरू चिया, अलैंची, जुट आदिलाई व्यबस्थित गर्न नितान्त आवश्यक छ । यहाँ उपलब्ध जलस्रोतबाट सिँचाइ, खानेपानी तथा हाइड्रो पावरको सम्भावनालाई विकासको मूल कडीका रूपमा अगाडि लान सकिन्छ । यसैगरी पहाडी लोकमार्ग तथा स्थानीय अन्य बाटाघाटोको सञ्जाल विकास गरी पहाडमा उब्जने अपार भिटामिनयुक्त शुद्ध अर्गानिक तरकारी तथा फलफूलहरूलाई तराई तथा राजधानीसम्म पुऱ्याउन र तराईमा उब्जने अन्न, विशेषत धान र गहुँलाई, त्यहाँसम्म पुऱ्याउनुका साथै दैनिक जीवन यापनका सामाग्रीहरू सहज र सुलभ मूल्यमा पाउन सकिन्छ । उच्च पहाडी तथा हिमाली क्षेत्रका जडीबुटी पहिचान, प्रवर्द्धन, सङ्कलन एवं प्रशोधनबाट पनि राम्रो आम्दानी लिन सकिने प्रचुर सम्भावना रहेको छ ।

# खण्ड पाँच :
# भौतिक तथा सार्वजनिक पूर्वाधारको स्थिति

यस एकाइमा प्रदेशको भौतिक पूर्वाधार तथा अन्य सार्वजनिक पूर्वाधारहरूको अवस्थाको बारेमा विश्लेषण गरिएको छ । यस अन्तर्गत सडक तथा अन्य यातायातको अवस्था, विद्युत उत्पादन तथा प्रयोगको अवस्था तथा सञ्चारको सुविधा तथा प्रयोगको अवस्थालाई विशेष ध्यान दिइएको छ ।

## ५.१ यातायात

### ५.१.१ सडक यातायात

यस खण्डको विश्लेषणका लागि सडक विभागको वेबसाइटबाट हालसम्म उपलब्ध सडक सञ्जालको तथ्याङ्कलाई प्रयोग गरिएको छ । यसमा सन् २०१५/१६ सम्मको तथ्याङ्क मात्र अद्यावधिक गरिएको छ, जस अनुसार प्रदेश नं. १ तथा अन्तर्गतका जिल्लाहरूको सडक तथ्याङ्क तालिका ५.१ मा प्रस्तुत गरिएको छ । यस तथ्याङ्कका आधारमा प्रदेशभित्रका सबै प्रकारका सडकको अवस्था हेर्दा समग्र नेपालको सडकको १८ प्रतिशत सडक यस प्रदेशभित्र परेको देखिन्छ भने कालोपत्रे सडक १५.८ प्रतिशत, ग्रावेल २३.८ प्रतिशत र कच्ची सडक १८.९ प्रतिशत छ । त्यसैगरी सडक घनत्व (प्रति १०० वर्ग किलोमिटरमा पर्ने सडकको लम्बाइ) हेर्ने हो भने यो प्रदेश र समग्र नेपालको अवस्था उस्तै छ । जिल्लागत हिसाबले हेर्दा सडक घनत्व पाँचथर र तेह्रथुममा सबभन्दा बढी (१८ कि.मि.) छ भने सबभन्दा कम सोलुखुम्बुमा (१ कि.मि.) र ताप्लेजुङमा (२ कि.मि.) छ । यो तथ्याङ्कले भोजपुरमा कालोपत्रे सडक नभएको देखाएता पनि हाल लेगुवादेखि भोजपुरसम्म कालोपत्रे भइसकेको अवस्था छ । यो तथ्याङ्क अनुसार तराईका जिल्लामा पिच सडक बढी देखिन्छ भने पहाडी जिल्लामा कच्ची सडक बढी देखिन्छ जसले गर्दा जम्मा सडकको अवस्था हेर्दा तराईका जिल्लामा भन्दा पहाडी जिल्लामा बढी सडक छ ।

**तालिका ५.१ बाटोको प्रकार तथा लम्बाइ (कि.मि.), २०१५/१६**

| जिल्ला | कालोपत्रे | ग्रावेल | कच्ची | जम्मा | सडक घनत्व |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | ३४.५ | १३.० | २१.० | ६८.५ | २ |
| पाँचथर | ९७.९ | १९.० | १०४.० | २२०.९ | १८ |
| इलाम | ११५.८ | १२.२ | १२३.० | २५१.० | १५ |
| झापा | १३९.९ | ३९.७ | १७.० | १९६.६ | १२ |
| मोरङ | १५३.० | ३९.९ | २३.३ | २१६.२ | १२ |
| सुनसरी | ११५.० | ६८.८ | १०.० | १९३.८ | १५ |
| धनकुटा | ८०.७ | ४५.० | ९.० | १३४.७ | १५ |
| तेह्रथुम | ३३.१ | ३७.० | ५५.० | १२५.१ | १८ |
| संखुवासभा | ९२.० | २१.७ | ७६.४ | १९०.१ | ५ |
| भोजपुर | ०.० | ४४.० | ६३.० | १०७.० | ७ |
| सोलुखुम्बु | ३७.२ | ०.० | ०.० | ३७.२ | १ |
| ओखलढुङ्गा | ६९.९ | ०.० | ६५.० | १३४.९ | १३ |
| खोटाङ | १८.० | १२.० | १७०.५ | २००.५ | १३ |

| जिल्ला | कालोपत्रे | ग्रावेल | कच्ची | जम्मा | सडक घनत्व |
|---|---|---|---|---|---|
| उदयपुर | ९०.० | १३३.३ | २५.९ | २४९.२ | १२ |
| प्रदेश नं. १ | १,०७६.९ | ४८५.६ | ७६३.१ | २,३२५.५ | ९ |
| नेपाल | ६,८२३.४ | २,०४४.२ | ४,०३०.६ | १२,८९८.२ | ९ |
| प्रदेश नं. १ को अंश (%) | १५.८ | २३.८ | १८.९ | १८.० | |

स्रोत: *Compiled from Road Network Data (accessed from www.dor.gov.np)*

मुख्य राजमार्गहरू तथा तिनका प्रदेश नं. १ मा पर्ने खण्डको लम्बाइलाई हेर्दा पूर्व पश्चिम राजमार्गको १३ प्रतिशत लम्बाइ यस प्रदेशमा पर्दछ भने मध्ये पहाडी राजमार्गको ३५.५ प्रतिशत खण्ड पर्दछ । त्यसैगरी हुलाकी राजमार्गको १२.१६ प्रतिशत खण्ड यस प्रदेशमा पर्दछ । सगरमाथा राजमार्गको ९२.३ प्रतिशत खण्ड यही प्रदेश भएर जान्छ भने मेची र कोशी राजमार्गको पुरै भाग यही प्रदेशमा पर्दछ । पूर्व पश्चिम राजमार्गले यस प्रदेशको तराईका तीनवटा जिल्ला छुन्छ भने मेची राजमार्ग सुदूर-पूर्वका चार जिल्ला भएर जान्छ । त्यस्तै, कोशी राजमार्ग मोरङ, सुनसरी र धनकुटा हुँदै जान्छ भने सगरमाथा राजमार्गले खोटाङ र उदयपुरलाई समेट्छ । हुलाकी राजमार्गले तराईका तीन जिल्ला समेट्छ भने मध्य-पहाडी लोकमार्गले सातवटा पहाडी जिल्लाहरूलाई जोड्छ ।

### तालिका ५.२ प्रदेश नं. १ स्थित मुख्य राजमार्गहरूको विवरण

| जिल्ला | पूर्व पश्चिम राजमार्ग | मेची राजमार्ग | कोशी राजमार्ग | सगरमाथा राजमार्ग | हुलाकी राजमार्ग | मध्य पहाडी लोकमार्ग |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | | ६८.५ | | | | |
| पाँचथर | | ९१.८६ | | | | ७१ |
| इलाम | | ९४ | | | | |
| झापा | ५४.७५ | ५६ | | | ३२ | |
| मोरङ | ३६.३ | | १८.०४ | | २४ | |
| सुनसरी | ४३.८८ | | ४५.१५ | | २२ | |
| धनकुटा | | | ४८.२७ | | | २६ |
| तेह्रथुम | | | | | | ९२ |
| संखुवासभा | | | | | | |
| भोजपुर | | | | | | १०७ |
| सोलुखुम्बु | | | | | | |
| ओखलढुङ्गा | | | | | | १४ |
| खोटाङ | | | | ७७ | | ११३ |
| उदयपुर | | | | ६८.८६ | | १ |
| प्रदेश नं. १ | १३४.९३ | ३११.०६ | १११.४६ | १४५.८६ | ७८ | ४२४ |
| जम्मा लम्बाइ | १,०२७.६७ | ३११.०६ | १११.४६ | १५७.९७ | ६४१.७ | ११९६ |
| प्रदेश नं. १ को अंश (%) | १३.१३ | १०० | १०० | ९२.३३ | १२.१६ | ३५.४५ |

स्रोत: *Compiled from Road Network Data accessed from website dor.gov.np of The Departments of Road*

### ५.१.२ यातायातको अन्य साधनहरू

नेपालमा रहेका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहेक २८ वटा चालु र १६ वटा सञ्चालनमा नरहेका आन्तरिक विमानस्थलहरूमध्ये यस प्रदेशमा चालु हालतका ११ र हाल चालु नरहेका ३ गरी जम्मा १४ वटा विमानस्थल रहेका छन् । यी मध्ये विराटनगर र चन्द्रगढी विमानस्थलमा मध्यम आकारका विमानहरू अवतरण गर्न सकिने अवस्था छ भने अन्यमा साना आकारका जहाजहरूमात्र अवतरण गर्न सकिन्छ । सोलुखुम्बुको लुक्ला विमानस्थल नेपालकै बढी व्यस्त विमानस्थलहरू मध्ये पर्दछ । खोटाङ र सोलुखुम्बु यस प्रदेशका सबभन्दा बढी विमानस्थल हुने जिल्लामा पर्दछन्।

**तालिका ५.३ प्रदेश नं. १ अन्तर्गत रहेका विमानस्थलहरूको विवरण**

| विमानस्थल | जिल्ला |
|---|---|
| हाल चालु रहेका | |
| विराटनगर | मोरङ |
| चन्द्रगढी | झापा |
| सुकेटार | ताप्लेजुङ |
| भोजपुर | भोजपुर |
| तुम्लिङटार | संखुवासभा |
| खानीडाँडा (मनमाया राई) | खोटाङ |
| लामिडाँडा | खोटाङ |
| थामखर्क | खोटाङ |
| रुम्जाटार | ओखलढुङ्गा |
| फाप्लु | सोलुखुम्बु |
| लुक्ला (तेन्जिङ हिलारी) | सोलुखुम्बु |
| हाल चालु नरहेका | |
| काँगेलडाँडा | सोलुखुम्बु |
| सुकिलुम्बा | इलाम |
| स्याङ्गबोचे | सोलुखुम्बु |

*स्रोतः नागरिक उड्डयन प्राधिकरणको वेबसाइट www.caanepal.gov.np बाट तयार पारिएको*

हाल कोशी नदीमा चतरादेखि सिम्लेसम्म निजी क्षेत्रबाट स्टिमरको माध्यमबाट सानो मात्रामा भएपनि यातायात सेवा सञ्चालनमा रहेको छ भने निर्माणाधीन बथनाहा-कटहरी रेलमार्गले यस प्रदेशमा जल तथा रेल यातायातको सुरुवात भएको सन्देश दिएको छ । कोशी नदीमै पानीजहाज सञ्चालनको चर्चा सुनिए पनि तत्कालका लागि साना किसिमका स्टिमर, मोटरबोट आदिको सम्भावना भने प्रशस्त देखिन्छ, जसबाट मानिसहरूको आवतजावत एवं सरसामानहरूको ओसारपसार गर्न सकिन्छ । त्यस्तै, बथनाहा-कटहरी रेलमार्गको अलावा प्रस्तावित पूर्व-पश्चिम रेलमार्गको पूर्वी खण्ड यस प्रदेशमा पर्ने भएकोले रेलमार्गको सम्भावना पनि त्यतिकै छ ।

## ५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

नेपाल सरकारले सूचना प्रविधिलाई देशको सामाजिक-आर्थिक परिवर्तनको मुख्य औजारको रूपमा लिएको छ । पछिल्लो एक दशकमा सूचना प्रविधिको व्यापक बिस्तार भएको देखिन्छ । प्रदेश सरकारले समेत संघीय सरकारको लक्ष्य अनुरूप आफ्ना योजना अघि सारेको छ । यसै सन्दर्भमा, यस प्रतिवेदनमा प्रदेशमा सूचना प्रविधि तथा सञ्चार

क्षेत्रको स्थिति देखाएको छ । यसमा मुख्यतः प्रदेश तथा यसका जिल्ला तहमा प्रकाशन हुने पत्रपत्रिका, सञ्चार सुविधाहरूको प्रयोग, हुलाक सेवाको अवस्था तथा एफ.एम.रेडियोको सेवा आदिको अवस्था देखाइएको छ ।

प्रस्तुत तालिका ५.४ मा प्रदेशमा प्रकाशित हुने विभिन्न पत्र-पत्रिकाको अवस्था देखिएको छ । यस प्रदेशमा १७ वटा दैनिक पत्रिका विभिन्न जिल्लाहरूबाट नियमित प्रकाशन भइरहेका छन् । नेपालमा भने यस किसिमका नियमित रूपमा प्रकाशन हुने दैनिक पत्र-पत्रिकाको संख्या १४७ रहेको छ । जिल्ला तहमा यस प्रदेशको मोरङ जिल्लाबाट ५ र सुनसरी जिल्ला बाट नियमित रूपमा ५ पत्र-पत्रिका प्रकाशनमा रहेका छन् । प्रदेश नं. १ का करिब ९ जिल्लाहरूमा यस किसिमका दैनिक पत्रिका नियमित प्रकाशन भइरहेका छैनन् । प्रेस काउन्सिल नेपालको वि.सं. २०७४ को प्रतिवेदन अनुसार, यस प्रदेश नं. १ मा कुनै पनि अर्ध-साप्ताहिक प्रकाशन हुने भनि दर्ता कायम भएका पत्रपत्रिकाहरू छैनन् । साप्ताहिकको हकमा प्रदेश नं. १ मा ७१ वटा पत्रिका नियमित प्रकाशन भइरहेका छन् जसमा सबै भन्दा बढी मोरङ जिल्लाबाट २४ वटा हुन्छन् भने ओखलढुङ्गा र संखुवासभाबाट १/१ वटा नियमित प्रकाशन भइरहेका छन् । यस्ता पत्रिकाको नियमित प्रकाशन ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु लगायतका जिल्लाहरूमा नरहेको समेत उक्त प्रतिवेदनले जनाएको छ । एउटा पाक्षिक पत्रिका नियमित रूपमा यस प्रदेश नं. १ को मोरङ जिल्लाबाट मात्र प्रकाशन भइरहेको छ । यस प्रदेशको हरेक जिल्लाहरूबाट साप्ताहिक पत्रिका प्रकाशन हुने भनि इजाजत लिइएता पनि धेरैजसो जिल्लाहरूमा अप्रकाशित रहेका छन् ।

## तालिका ५.४ प्रदेश तथा जिल्ला तहमा दर्ता रहेका, प्रकाशनमा रहेका पत्र–पत्रिकाहरू

| स्थान | दैनिक | | | अर्ध-साप्ताहिक | | | साप्ताहिक | | | पाक्षिक | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रकाशित | | अप्रकाशित | प्रकाशित | | अप्रकाशित | प्रकाशित | | अप्रकाशित | प्रकाशित | | अप्रकाशित | प्रकाशित | | अप्रकाशित |
| | नियमित | अनियमित | | नियमित | अनियमित | | नियमित | अनियमित | | नियमित | अनियमित | | नियमित | अनियमित | |
| ताप्लेजुङ | - | १ | - | - | - | १ | - | - | ५ | - | - | १ | - | १ | ७ |
| पाँचथर | - | - | १ | - | - | - | - | १ | १५ | - | - | - | - | १ | १६ |
| इलाम | १ | १ | २ | - | - | - | २ | - | १५ | - | - | २ | ३ | १ | १९ |
| झापा | ५ | १ | १३ | - | - | १ | १० | ६ | ३९ | - | - | २ | १५ | ७ | ५५ |
| मोरङ | ४ | ४ | ३२ | - | - | - | २४ | २ | ७१ | १ | - | १९ | २९ | ६ | १२२ |
| सुनसरी | ५ | ३ | १३ | - | - | २ | १८ | ९ | ४५ | - | - | ३ | २३ | १२ | ६३ |
| धनकुटा | - | - | - | - | - | - | ५ | - | ३ | - | - | १ | ५ | - | ४ |
| तेह्रथुम | - | - | - | - | - | - | - | - | ७ | - | - | - | - | - | ७ |
| संखुवासभा | - | - | - | - | - | - | १ | १ | १० | - | - | ५ | १ | १ | १५ |
| भोजपुर | - | - | - | - | - | - | - | - | ४ | - | - | - | - | - | ४ |
| सोलुखुम्बु | - | - | - | - | - | - | - | - | २ | - | - | - | - | - | २ |
| ओखलढुङ्गा | - | - | - | - | - | - | १ | - | ४ | - | - | १ | १ | - | ५ |
| खोटाङ | - | १ | - | - | - | - | २ | - | ३ | - | १ | ७ | २ | २ | १० |
| उदयपुर | २ | - | ४ | - | - | - | ८ | २ | १४ | - | - | २ | १० | २ | २० |
| प्रदेश नं. १ | १७ | ११ | ६५ | ० | ० | ४ | ७१ | २१ | २३७ | १ | १ | ४३ | ८९ | ३३ | ३४९ |
| नेपाल | १४७ | ६४ | ४६४ | ३ | ३ | २५ | ४८५ | १५४ | २१७१ | १३ | १३ | ३७३ | ६४८ | २३४ | ३०३३ |

*स्रोत: प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन, २०७५*

### ५.२.१ सञ्चारमा पहुँच

कुनैपनि घर-परिवारले प्रयोग गर्ने सामान्य सञ्चार प्रविधिका सरसामानहरूको उपलब्धता/प्रयोगले उनीहरूको सामाजिक-आर्थिक अवस्थालाई समेत जनाउँछ । राष्ट्रिय जनगणना २०६८ ले प्रत्येक घर-परिवारले उपभोग गरेका सञ्चार प्रविधिका सरसामानको अवस्थालाई मात्र विश्लेषण गरेको छ । पछिल्लो जनगणनामा केही सञ्चार/प्रविधि (रेडियो, केबुल टेलिभिजन, कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाइल आदि) सम्बन्धी सरसामानहरूको उपलब्धताको तथ्याङ्क तालिका ५.५ मा देखाइएको छ । प्रस्तुत तालिकाका अनुसार नेपालमा करिब ६५ प्रतिशत घर-परिवारसँग सूचना/सञ्चार सम्बन्धी उपकरणको उपलब्धतामा मोबाइल उपलब्ध छ भने प्रदेश नं. १ मा समेत बराबरीको अवस्थाका घर-परिवारसँग सञ्चारको यो साधन उपलब्ध रहेको छ । जिल्लागत तहमा सबैभन्दा बढी धनकुटामा करिब ७६ प्रतिशत घर-परिवारसँग मोबाइल सुविधा रहेको छ भने सबैभन्दा कम खोटाङ जिल्लामा करिब ४१ प्रतिशत घर-परिवारसँग मोबाइल सुविधा रहेको छ ।

त्यसैगरी नेपालमा करिब ५१ प्रतिशतसँग रेडियोको सुविधा रहेकोमा प्रदेश नं. १ मा समेत सोही प्रतिशतसँग रेडियो सुविधा रहेको छ । जिल्ला गत तहमा सबै भन्दा बढी रेडियो सुविधा सोलुखुम्बु (७०%) र सबै भन्दा कम करिब ४० प्रतिशत मोरङ जिल्लामा रहेको छ । नेपालमा ३.३ प्रतिशत घर-परिवारसँग इन्टरनेटको सुविधामा पहुँच रहेकोमा प्रदेश नं. १ मा त्यो भन्दा निकै कम (१.६%) घर-परिवारमा इन्टरनेटको सुविधा उपलब्ध छ । मोरङ जिल्लामा २.६ प्रतिशतसँग इन्टरनेट सुविधा रहेको छ भने सुनसरी, धनकुटा, झापा बाहेक यस प्रदेशका धेरैजसो जिल्लाहरूमा १ प्रतिशत भन्दा कम घर परिवारले इन्टरनेटको सुविधा प्रयोग गर्दछन् ।

यस प्रदेशका ३९ प्रतिशत घर-परिवारहरूसँग टेलिभिजनको उपलब्धता रहेको छ जुन समग्र नेपाल भन्दा करिब ३ प्रतिशतले अधिक हो । नेपालमा करिब १९ प्रतिशत घर-परिवारसँग केवल टेलिभिजनको सुविधा रहेको छ भने यस प्रदेश मा करिब १२ प्रतिशतसँग मात्र यस किसिमको सुविधा रहेको छ । यस प्रदेशको सुनसरी जिल्लामा करिब समग्र नेपालको हाराहारीका घर-परिवारले केवल टेलिभिजन प्रयोग गर्दछन् । टेलिभिजन सुविधा सबैभन्दा बढी झापा जिल्लावासीसँग (६२%) रहेको छ भने भोजपुर, खोटाङका करिब ९ प्रतिशतसँग मात्र टेलिभिजन सुविधा उपलब्ध रहेको छ । आधुनिक सुविधा अन्तर्गत कम्प्युटरको उपलब्धता समग्र नेपालमै न्यून (७%) रहेको मा यस प्रदेशमा ४ प्रतिशतसँग यस किसिमको सुविधा रहेको छ ।

**तालिका ५.५ प्रदेश नं. १ मा सञ्चारका विभिन्न साधनहरूको प्रयोगको स्थिति (घर-परिवारको प्रतिशत)**

| स्थान | रेडियो | टि..भी. | केवल टि.भी. | कम्प्युटर | इन्टरनेट | टेलिफोन | मोबाइल | नखुलेको | जम्मा घर-परिवार |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ६७.६२ | ११.१७ | ४.३७ | १.५६ | ०.४७ | ४.१७ | ५८.७८ | ०.०५ | २६,४७१ |
| पाँचथर | ६३.७६ | ११.५८ | ४.५१ | १.५१ | ०.५७ | २.२८ | ५९.१७ | ०.५७ | ४१,१७६ |
| इलाम | ६७.१० | ३८.४४ | ७.४६ | २.५६ | ०.७२ | ४.०० | ६९.२४ | ०.९८ | ६४,४७७ |
| झापा | ५१.३४ | ६२.६७ | १६.२९ | ६.५७ | २.२९ | ७.८४ | ७३.६६ | ०.५४ | १,८४,३८४ |
| मोरङ | ३९.७९ | ४५.५१ | १७.१० | ६.५१ | २.६१ | ७.८९ | ६७.८१ | ०.८२ | २,१३,८७० |
| सुनसरी | ३७.८९ | ५२.६० | १९.४४ | ६.६२ | १.९९ | ९.११ | ६९.४९ | ०.७६ | १,६२,२७९ |
| धनकुटा | ६०.९७ | ४०.०९ | ८.६१ | ३.२९ | १.३३ | ४.९० | ७५.८२ | १.०७ | ३७,६१६ |
| तेह्रथुम | ६५.७९ | २७.८७ | ७.५८ | १.७३ | ०.७३ | ३.७० | ६८.५० | १.५७ | २२,०८४ |
| संखुवासभा | ६२.६० | १६.७६ | ७.३५ | २.२९ | ०.७८ | ५.०५ | ६१.८१ | १.६२ | ३४,६१५ |
| भोजपुर | ६१.७५ | ९.०४ | १.११ | ०.७४ | ०.४५ | २.५८ | ५४.३८ | १.२६ | ३९,३९३ |
| सोलुखुम्बु | ७०.१९ | ७.७५ | ५.०७ | १.४४ | ०.६९ | ५.२३ | ४४.३९ | १.३१ | २३,७५८ |
| ओखलढुङ्गा | ६८.९३ | ५.१३ | २.४१ | ०.७१ | ०.४७ | ३.४७ | ४२.८४ | २.५० | ३२,४६६ |

| स्थान | रेडियो | टि..भी. | केवल टि.भी. | कम्प्युटर | इन्टरनेट | टेलिफोन | मोबाइल | नखुलेको | जम्मा घर-परिवार |
|---|---|---|---|---|---|---|---|---|---|
| खोटाङ | ६२.८२ | ९.४४ | २.२६ | १.१२ | ०.३० | ३.८३ | ४०.९९ | २.४८ | ४२,६४७ |
| उदयपुर | ४५.५१ | २५.१८ | ९.३१ | २.२५ | ०.४५ | ३.८० | ६१.०१ | ०.९९ | ६६,५१४ |
| प्रदेश नं. १ | ५१.२५ | ३८.८८ | १२.४० | ४.५१ | १.५८ | ६.३२ | ६५.२६ | ०.९६ | ९,९१,७५० |
| नेपाल | ५०.८२ | ३६.४५ | १९.३३ | ७.२८ | ३.३३ | ७.३७ | ६४.६३ | १.७६ | ५४,२३,२९७ |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग, २०११*

वि.स.२०५२ देखि सञ्चालनमा आएको एफ.एम. रेडियो सेवा प्रदान गर्न नेपालमा ७४० वटा स्टेसनहरूले इजाजत लिएको तथ्याङ्क सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको वि.सं. २०७४/४/९ सम्मको तथ्याङ्कले देखाउँछ, जसमध्ये ११७ वटा एफ.एम. रेडियो यस प्रदेशका विभिन्न जिल्लामा रहेका छन् । यस प्रदेशको मोरङ (२५), सुनसरी (२१) र झापा (२०) धेरै संख्यामा एफ.एम. रेडियो स्टेसनहरू रहेका जिल्लाहरू हुन् भने अन्य जिल्लाहरूमा १० भन्दा कम संख्यामा एफ.एम. रेडियो स्टेसनहरू रहेका छन् । भोजपुर जिल्लामा सबैभन्दा कम (१ वटा मात्र) एफ.एम. रेडियो स्टेसन रहेको छ ।

त्यसैगरी यस प्रदेशमा १८८ वटा जिल्ला तथा अन्य तहका हुलाकहरू जसको हुलाक संकेत नम्बर (पिन कोड) समेत रहेको छ । हुलाक पिन नम्बर समेत रहेको हुलाकहरू मध्ये सबै भन्दा धेरै मोरङ (१८) तथा झापा (१८) जिल्लामा छन् भने सबै भन्दा कम सोलुखुम्बु (९ वटा) मा रहेका छन् ।

त्यसैगरी स्पेसलिङ्क टि भी. एण्ड मिडिया प्रा. लि. (झापा), स्माइल एरिना टि.भी. प्रा. लि. (सुनसरी), मकालु टि.भी. प्रा. लि. (मोरङ), किर्तीदर्शन मिडिया प्रा.लि. (सुनसरी) तथा हिमशिखर मिडिया प्रा. लि. (झापा) गरी ५ वटा टि.भी. स्टेसनहरू यस प्रदेशका ३ जिल्लाहरूमा रहेको तथ्याङ्क सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७४/०४/०९ सम्मको अद्यावधिक तथ्याङ्कमा रहेको छ ।

**तालिका ५.६ प्रदेश तहमा रहेका एफ.एम रेडियो तथा जिल्ला स्थित विभिन्न तहका हुलाकको विवरण**

| स्थान | एफ.एम. रेडियोको संख्या | विभिन्न तहका हुलाकको संख्या |
|---|---|---|
| ताप्लेजुङ | ३ | १३ |
| पाँचथर | ७ | १२ |
| इलाम | ८ | १२ |
| झापा | २० | १८ |
| मोरङ | २५ | १८ |
| सुनसरी | २१ | १७ |
| धनकुटा | ४ | १४ |
| तेह्रथुम | ३ | १० |
| संखुवासभा | ७ | १४ |
| भोजपुर | १ | १५ |
| सोलुखुम्बु | ५ | ०९ |
| ओखलढुङ्गा | ७ | १२ |
| खोटाङ | २ | १२ |
| उदयपुर | ४ | १२ |
| प्रदेश नं. १ | ११७ (१५.८१%) | १८८ |
| नेपाल | ७४० | - |

*स्रोत: सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७४/४/९ सम्मको अद्यावधिक तथ्याङ्क; हुलाक सेवा सम्बन्धी तथ्याङ्क* http://www.gpo.gov.np *बाट प्राप्त गरेको ।*

## ५.३ विद्युत तथा अन्य वैकल्पिक ऊर्जा प्रयोगको स्थिति

खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा यस प्रदेशमा सबभन्दा धेरै काठ दाउरा (६७.५%) को प्रयोग भएको देखिन्छ भने सबभन्दा कम प्रयोग चाहिँ बिजुलीको भएको देखिन्छ । काठ दाउरापछि एल.पी. ग्याँस र गुइँठाको प्रयोग अधिक देखिन्छ । त्यसैगरी पहाडका जिल्लामा अधिकांशले दाउरा प्रयोग गर्छन् भने तराईका जिल्लामा एल.पी. ग्याँसको प्रयोग धेरै छ । समग्र नेपालमा भन्दा यस प्रदेशमा दाउरा प्रयोग गर्नेको संख्या धेरै देखिन्छ ।

**तालिका ५.७ खाना पकाउन प्रयोग हुने इन्धनका श्रोतहरू तथा तिनको प्रयोगको अवस्था**

| जिल्ला | घर-परिवार संख्या | काठ/ दाउरा | मट्टीतेल | एल. पी. ग्याँस | गुइँठा | गोबर ग्याँस | बिजुली | अन्य | उल्लेख नगर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २६,४७१ | ९५.५३ | ०.४८ | ३.२१ | ०.०२ | ०.२४ | ०.०१ | ०.०२ | ०.४९ |
| पाँचथर | ४१,१७६ | ९२.०८ | ०.८ | ५.७५ | ०.३३ | ०.४८ | ०.०३ | ०.१९ | ०.३४ |
| इलाम | ६४,४७७ | ९०.२३ | ०.७१ | ५.८५ | ०.१७ | २.३७ | ०.०६ | ०.०८ | ०.५४ |
| झापा | १,८४,३८४ | ५८.९ | १.०२ | २२.६९ | ७.२१ | ८.८३ | ०.०६ | ०.८८ | ०.४२ |
| मोरङ | २,१३,८७० | ४४.९ | १.३१ | २३.२७ | २४.६२ | ३.९७ | ०.०४ | १.४८ | ०.४१ |
| सुनसरी | १,६२,२७९ | ३५.७३ | १.१९ | २८.९५ | ३०.९९ | १.८४ | ०.०८ | ०.७ | ०.५२ |
| धनकुटा | ३७,६१६ | ८६.२७ | ०.६ | १२.२ | ०.०८ | ०.२४ | ०.१ | ०.२७ | ०.२४ |
| तेह्रथुम | २२,०८४ | ९४.१५ | ०.२९ | ४.९ | ०.०९ | ०.१४ | ०.०६ | ०.०५ | ०.३२ |
| संखुवासभा | ३४,६१५ | ९४.६२ | ०.५२ | ४.१३ | ०.० | ०.२ | ०.०८ | ०.०३ | ०.४ |
| भोजपुर | ३९,३९३ | ९७.२ | ०.४५ | १.२५ | ०.३९ | ०.१८ | ०.०१ | ०.३९ | ०.१२ |
| सोलुखुम्बु | २३,७५८ | ९५.५४ | ०.५३ | ०.३८ | ०.०८ | ०.०५ | ३.२१ | ०.० | ०.२ |
| ओखलढुङ्गा | ३२,४६६ | ९७.० | ०.४२ | १.५४ | ०.१८ | ०.०९ | ०.० | ०.०६ | ०.७ |
| खोटाङ | ४२,६४७ | ९८.१४ | ०.४१ | ०.७१ | ०.१४ | ०.०८ | ०.० | ०.०३ | ०.४९ |
| उदयपुर | ६६,५१४ | ९१.१४ | ०.४९ | ५.७७ | ०.४५ | १.३३ | ०.४१ | ०.१ | ०.३१ |
| प्रदेश नं. १ | ९,९१,७५० | ६७.०५ | ०.९ | १५.९२ | ११.८१ | ३.१ | ०.१५ | ०.६५ | ०.४२ |
| नेपाल | ५४,२३,२९७ | ६३.९९ | १.०३ | २१.०३ | १०.३८ | २.४३ | ०.०८ | ०.४२ | ०.६४ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन खण्ड १*

### ५.३.१ उज्यालोको लागि प्रयोग हुने इन्धनका स्रोतहरू

उज्यालोको लागि प्रयोग हुने इन्धनका श्रोतहरूमध्ये ६५.८ प्रतिशतले बिजुली प्रयोग गरेको अवस्था छ भने मट्टीतेल प्रयोग गर्नेहरू २१ प्रतिशत र सौर्य ऊर्जा प्रयोग गर्नेहरू ८.८ प्रतिशत छन् । समग्र नेपालको तुलनामा उज्यालोको लागि बिजुली प्रयोग गर्नेहरू थोरै कम छन् भने मट्टीतेल प्रयोग गर्नेहरू थोरै बढी छन् । धेरै कमले मात्र उज्यालोको लागि जैविक ग्याँस प्रयोग गरेका छन् । बिजुली प्रयोग गर्नेहरू तराईका जिल्लामा बढी छन् भने सौर्य ऊर्जा प्रयोग गर्नेहरू पहाडी जिल्लामा धेरै देखिन्छन् ।

**तालिका ५.८ उज्यालोको लागि प्रयोग हुने इन्धनका स्रोतहरू तथा तिनको प्रयोगको अवस्था**

| जिल्ला | जम्मा घर-परिवार संख्या | बिजुली | मट्टीतेल | जैविक ग्याँस (गोबर ग्याँस) | सौर्य ऊर्जा | अन्य | उल्लेख नगरेको |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २६,४७१ | २५.०७ | ४४.९५ | ०.११ | २८.०५ | १.३४ | ०.४९ |
| पाँचथर | ४१,१७६ | २७.८७ | ३९.५३ | ०.७२ | २६.७८ | ४.७६ | ०.३३ |
| इलाम | ६४,४७७ | ६५.५४ | २३.०७ | ०.६८ | ६.८२ | ३.३४ | ०.५४ |
| झापा | १,८४,३८४ | ८२.१ | १६.२१ | ०.५ | ०.५४ | ०.२३ | ०.४२ |
| मोरङ | २,१३,८७० | ७५.८ | २२.१४ | ०.३३ | १.०२ | ०.३ | ०.४१ |
| सुनसरी | १,६२,२७९ | ८१.७२ | १६.६३ | ०.३४ | ०.५३ | ०.२४ | ०.५४ |
| धनकुटा | ३७,६१६ | ८३.९८ | ११.५२ | ०.३ | ३.०५ | ०.८९ | ०.२५ |
| तेह्रथुम | २२,०८४ | ६७.१७ | १९.८८ | ०.२९ | ९.२६ | ३.०८ | ०.३३ |
| संखुवासभा | ३४,६१५ | ५२.५८ | २२.८४ | ०.१३ | १९.२९ | ४.७७ | ०.३९ |
| भोजपुर | ३९,३९३ | १४.८४ | २७.०१ | ०.५६ | ४२.१३ | १५.३४ | ०.१२ |
| सोलुखुम्बु | २३,७५८ | ६२.७९ | १९.८१ | ०.८९ | १०.३९ | ५.९१ | ०.२१ |
| ओखलढुङ्गा | ३२,४६६ | ४१.७१ | २७.९७ | ०.३९ | २१.७५ | ७.४८ | ०.६९ |
| खोटाङ | ४२,६४७ | ३१.०९ | २८.०१ | ०.३४ | २५.१६ | १४.९१ | ०.५ |
| उदयपुर | ६६,५१४ | ५१.२९ | २२.४८ | ०.२५ | १९.७२ | ५.९६ | ०.३१ |
| प्रदेश नं. १ | ९,९१,७५० | ६५.८२ | २१.७ | ०.४१ | ८.७५ | २.९ | ०.४२ |
| नेपाल | ५४,२३,२९७ | ६७.२६ | १८.२८ | ०.२८ | ७.४४ | ६.०९ | ०.६५ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन खण्ड १*

नेपाल विद्युत प्राधिकरण (२०१८) तथा विद्युत विकास विभागको तथ्याङ्क अनुसार यस प्रदेशको जलविद्युत उत्पादनको अवस्था हेर्दा समग्र नेपालको जम्मा १३ प्रतिशत उत्पादन भएको देखिन्छ । यस हिसाबले यस प्रदेशमा विद्युत उत्पादनको प्रचुर सम्भावना भएतापनि बागमती प्रदेश र गण्डकी प्रदेशको तुलनामा हालसम्म कम उत्पादन भएको देखिन्छ । यस प्रदेशमा हालसम्म जम्मा १३३.८ मेगावाट जलविद्युत उत्पादन भएको छ । नेपाल विद्युत प्राधिकरणले गरेको उत्पादन भन्दा निजी क्षेत्रले गरेको उत्पादन बढी रहेको अवस्था छ । प्रदेशको इलाम जिल्लामा सबैभन्दा धेरै संख्यामा जल विद्युत उत्पादन केन्द्रहरू छन् र यी मध्ये धेरैजसो माई खोलाका विभिन्न स्थलहरूमा रहेका छन् । प्रदेश अन्तर्गत संखुवासभा जिल्लामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत आयोजाना यस प्रदेशको ठूलो आयोजना हुनेछ । त्यसको अलावा, हाल चालु रहेका आयोजानालाई हेर्दा, साना जलविद्युत आयोजनाहरूको बाहुल्यता देखिन्छ ।

**तालिका ५.९ प्रदेश नं. १ मा रहेका विद्युत उत्पादन केन्द्रहरू तथा उत्पादन क्षमता**

| विद्युत आयोजनाको नाम | नदी/खोलाको नाम | जिल्ला | क्षमता (मेगावाट) | उत्पादक |
|---|---|---|---|---|
| पुवा | पुवा खोला | इलाम | ६.२ | नेपाल विद्युत प्राधिकरण |
| पुवा खोला १ | पुवा खोला | इलाम | ४.० | निजी क्षेत्र |
| माथिल्लो (Upper) पुवा १ | पुवा खोला | इलाम | ३.० | निजी क्षेत्र |
| माई | माई खोला | इलाम | २२.० | निजी क्षेत्र |
| माई Cascade हाइड्रो पावर प्रोजेक्ट | माई खोला | इलाम | ८.० | निजी क्षेत्र |
| माई Cascade | माई खोला | इलाम | ७.० | निजी क्षेत्र |
| माई खोला | माई खोला | इलाम | ४.५ | निजी क्षेत्र |

| विद्युत आयोजनाको नाम | नदी/खोलाको नाम | जिल्ला | क्षमता (मेगावाट) | उत्पादक |
|---|---|---|---|---|
| माथिल्लो (Upper) माई | माई खोला | इलाम | १२.० | निजी क्षेत्र |
| माथिल्लो (Upper) माई Cascade | माई खोला | इलाम | ६.१ | निजी क्षेत्र |
| सुपर माई हाइड्रो पावर प्रोजेक्ट | माई खोला | इलाम | ७.८ | निजी क्षेत्र |
| जोगमाई खोला | जोगमाई खोला | इलाम | ७.६ | निजी क्षेत्र |
| फावा खोला | फावा खोला | ताप्लेजुङ | ५.० | निजी क्षेत्र |
| हेंवा खोला | हेंवा खोला | पाँचथर | १४.९ | निजी क्षेत्र |
| हेवा खोला | हेवा खोला | संखुवासभा | ४.४५५ | निजी क्षेत्र |
| पिलुवा खोला | पिलुवा खोला | संखुवासभा | ३.० | निजी क्षेत्र |
| सभा खोला | सभा खोला | संखुवासभा | ३.३ | निजी क्षेत्र |
| तल्लो पिलुवा | पिलुवा खोला | संखुवासभा | ०.९९ | निजी क्षेत्र |
| मोलुन खोला | मोलुन खोला | ओखलढुङ्गा | ७.० | निजी क्षेत्र |
| फेमे खोला | फेमे खोला | पाँचथर | ०.९९५ | निजी क्षेत्र |
| थामे साना हाइड्रो पावर प्रोजेक्ट | थामे खोला | सोलुखुम्बु | ०.६३ | निजी क्षेत्र |
| चतरा | | सुनसरी | ३.२ | नेपाल विद्युत प्राधिकरण |
| खाँदबारी | | संखुवासभा | ०.२५ | लिजमा दिइएको |
| भोजपुर | | भोजपुर | ०.२५ | लिजमा दिइएको |
| फिदिम | | पाँचथर | ०.२४ | लिजमा दिइएको |
| ताप्लेजुङ | | ताप्लेजुङ | ०.१२५ | लिजमा दिइएको |
| तेह्रथुम | | तेह्रथुम | ०.१ | लिजमा दिइएको |
| ओखलढुङ्गा | | ओखलढुङ्गा | ०.१२५ | नेपाल विद्युत प्राधिकरण |
| नाम्चे | | सोलुखुम्बु | ०.६ | नेपाल विद्युत प्राधिकरण |
| सल्लेरी | | सोलुखुम्बु | ०.४ | नेपाल विद्युत प्राधिकरण |
| प्रदेश नं. १ को जम्मा | | | १३३.८ | |
| नेपालको जम्मा | | | १०४५.८८ | |
| प्रदेश नं. १ को अंश (%) | | | १२.८ | |

*स्रोतः नेपाल विद्युत प्राधिकरण, २०१८. A Year in Review: Fiscal Year 2017/18 को प्रकाशित प्रतिवेदन तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको नेपाल विद्युत विकास विभागको वेबसाइट http://doed.gov.np बाट लिइएको तथ्याङ्क*

दाउराजन्य इन्धन खाना पाकाउने मुख्य स्रोत भएको नेपालमा चुलोबाट निस्कने धुवाँको कारण त्यसको सधैं निकटमा आउने व्यक्तिहरू, खासगरी महिलाहरूको, स्वास्थ्यमा नकारात्मक असर परिरहेको हुन्छ । चुलोबाट आउने धुवाँको मात्रा कम गर्न तथा निस्कने धुवाँलाई घर बाहिर फाल्न सुधारिएको चुलोको अवधारणा आएको हो । यस्तो चुलोको प्रयोग बाट मानिसको स्वास्थ्यमा पर्ने नकारात्मक असर कम हुने विश्वास गरिएको छ । त्यस्तै, अन्य परम्परागत प्रविधिहरूलाई परिष्कृत गरी प्रयोग गरेमा मानव जीवन थप सहज हुने भएकोले, त्यस्ता प्रविधिको विकास र विस्तारमा पनि जोड दिइएको छ ।

### ५.३.२ वैकल्पिक ऊर्जा प्रयोगको स्थिति

सुधारिएको तथा वैकल्पिक ऊर्जा प्रयोगको स्थितिको अध्ययन गर्दा यस प्रदेशमा २ लाख ७८ हजार ९ सय ५५ सुधारिएको चुल्हो प्रयोग भएको देखिन्छ जुन समग्र नेपालको १९.४ प्रतिशत हो । त्यसैगरी ७४ हजार ३ सय ५९ गोबर ग्याँस प्लान्ट प्रयोग भएको देखिन्छ जुन समग्र नेपालको १७.२ प्रतिशत हो भने सुधारिएको पानीघट्टको संख्या

१६१ छ जुन नेपालमा भएका पानीघट्टको १.५ प्रतिशत हो । साथै, यस प्रदेशमा १ लाख २१ हजार २ सय ६६ सौर्य ऊर्जा एकाइ छन् जुन नेपालभरी भएकाको १२.७ प्रतिशत हो । माइक्रो/पिको हाइड्रो अवस्था हेर्ने हो भने यस प्रदेशमा समग्र नेपालको २१.६ प्रतिशत अर्थात् ६,९१९ किलोवाट देखिन्छ । जिल्लागत रूपमा हेर्दा तराईका जिल्लामा गोबर ग्याँसको प्रयोग बढी देखिन्छ भने सुधारिएको पानीघट्टको प्रयोग पहाडी तथा हिमाली जिल्लामा बढी देखिन्छ । त्यस्तै सौर्य ऊर्जाको प्रयोगमा ताप्लेजुङ, सुनसरी र सोलुखुम्बु धेरै अगाडी छन् भने झापा जिल्ला सबभन्दा पछाडी छ । तुलनात्मक हिसाबले जनसंख्याको अनुपातमा मोरङमा सुधारिएको चुल्होको संख्या न्यून देखिन्छ ।

**तालिका ५.१० सुधारिएको तथा वैकल्पिक ऊर्जा प्रयोगको स्थिति, सन् २०१८ सम्मको जम्मा (Cumulative)**

| जिल्ला | सुधारिएको चुलो (संख्या) | गोबर ग्याँस प्लान्ट (संख्या) | सुधारिएको पानी घट्ट (संख्या) | सौर्य ऊर्जा एकाइ (संख्या) | माइक्रो/पिको हाइड्रो प्लान्ट (कि. वा.) |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | १९,०५४ | ३०१ | २ | २१,६८४ | १,४३६ |
| पाँचथर | २०,२८५ | १,१७९ | १५ | ४,३०३ | ८९७ |
| इलाम | ३०,६३९ | ७,८८२ | ६९ | १,४५८ | ४९७ |
| झापा | २६,५११ | २८,२९२ | ० | १,१०६ | ० |
| मोरङ | १०,३८४ | १४,८२२ | ० | ९,९३५ | ० |
| सुनसरी | १८,९५५ | ५,३९७ | ० | २३,८२९ | ० |
| धनकुटा | ३३,६३० | ३,८६३ | ३ | १२,६०१ | १६३ |
| तेह्रथुम | २२,८५२ | १,९६३ | ० | ४,२९५ | ४६८ |
| संखुवासभा | २४,३६३ | ७४५ | ५ | ४,४४० | २४७ |
| भोजपुर | १९,८१५ | २९६ | ० | ४,५१७ | ५०८ |
| सोलुखुम्बु | ६,७९४ | ११८ | ३१ | २०,८६२ | १,४८२ |
| ओखलढुङ्गा | १८,७०८ | ९३६ | ५ | ४,५९६ | १४७ |
| खोटाङ | १५,३८८ | २३२ | १८ | ५,४२४ | ८९२ |
| उदयपुर | ११,५७७ | ८,३३३ | १३ | २,२१६ | १८२ |
| प्रदेश नं. १ | २,७८,९५५ | ७४,३५९ | १६१ | १,२१,२६६ | ६,९१९ |
| नेपाल | १४,३४,५५४ | ४,३१,२२९ | १०,३९६ | ९,५२,९०३ | ३२,०७४ |
| प्रदेश नं. १ को अंश (%) | १९.४ | १७.२ | १.५ | १२.७ | २१.६ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१९.* *Environment Statistics of Nepal 2019*

## ५.४ खानेपानी तथा सरसफाइको स्थिति

नेपालको संविधानले नागरिकको खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने कुरा उल्लेख खानेपानी सेवालाई प्रदेशको अधिकार सूचीमा राखेको छ | प्रदेशको प्रथम आवधिक योजनाका अनुसार हाल यस प्रदेशमा ९७ प्रतिशत जनसंख्यामा खानेपानीको सुविधा पुगेको छ जसमध्ये ४९.५ प्रतिशतलाई पाइपबाट खानेपानी पुगेको अवस्था छ भने १५ प्रतिशत घरधुरीमा सुरक्षित खानेपानी उपलब्ध रहेको छ |

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस प्रदेशमा खानेपानीको प्रमुख श्रोतहरू मध्ये धारा प्रयोग गर्ने ४४ प्रतिशत र ट्युबेल/हाते पम्प प्रयोग गर्ने ४४.१ प्रतिशत छन् भने मूलको पानी प्रयोग गर्ने ४.४ प्रतिशत छन् । त्यसैगरी इनार/कुवा प्रयोग गर्ने ५.७ प्रतिशत छन् भने नदी/खोलामा नै भर पर्ने १ प्रतिशत भन्दा थोरै कम देखिन्छन् । समग्र नेपालको तुलनामा प्रदेश नं. १ मा धारा प्रयोग गर्ने ३.८ प्रतिशत बिन्दुले कम देखिन्छन् भने ट्युबेल/हाते पम्प प्रयोग

गर्ने चाहिँ ९ प्रतिशतले बढी देखिन्छन् । अन्य श्रोतहरूको हकमा समग्र नेपालको भन्दा यो प्रदेशको अवस्था थोरै कमजोर देखिन्छ । जिल्लागत रूपमा खानेपानीका विभिन्न किसिमका श्रोतहरू प्रयोग गर्नेको विवरण तालिका ५.११ मा उल्लेख छ ।

**तालिका ५.११ खानेपानीको स्रोत तथा प्रयोगको अवस्था**

| जिल्ला | जम्मा घर-परिवार संख्या | धारा | ट्युबवेल /हाते पम्प | ढाकिएको इनार/कुवा | नाढाकिएको इनार/कुवा | मूलको पानी | नदी/खोला | अन्य | उल्लेख नगरेको |
|---|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | २६,४७१ | ९०.५ | ०.० | ०.२ | १.८ | ५.४ | ०.७ | ०.८ | ०.५ |
| पाँचथर | ४१,१७६ | ७१.५ | ०.२ | १.५ | १०.४ | १३.७ | २.१ | ०.३ | ०.३ |
| इलाम | ६४,४७७ | ७३.३ | ४.७ | १.० | ७.८ | १०.३ | १.३ | १.० | ०.५ |
| झापा | १,८४,३८४ | २१.७ | ७२.८ | १.१ | २.७ | ०.२ | ०.१ | ०.९ | ०.४ |
| मोरङ | २,१३,८७० | १८.९ | ७८.० | ०.३ | ०.७ | ०.५ | ०.३ | ०.८ | ०.४ |
| सुनसरी | १,६२,२७९ | २८.८ | ६७.६ | ०.४ | ०.७ | ०.५ | ०.२ | १.२ | ०.५ |
| धनकुटा | ३७,६१६ | ८१.७ | ०.१ | १.८ | ८.८ | ६.१ | १.० | ०.४ | ०.२ |
| तेह्रथुम | २२,०८४ | ७७.६ | ०.१ | ०.९ | ५.२ | १४.९ | ०.४ | ०.७ | ०.३ |
| संखुवासभा | ३४,६१५ | ६७.६ | ०.० | १.३ | ८.३ | २०.३ | १.८ | ०.२ | ०.४ |
| भोजपुर | ३९,३९३ | ६८.४ | ०.२ | २.५ | १०.२ | १७.४ | १.० | ०.२ | ०.१ |
| सोलुखुम्बु | २३,७५८ | ८८.८ | ०.० | ०.४ | २.९ | ५.९ | १.७ | ०.१ | ०.२ |
| ओखलढुङ्गा | ३२,४६६ | ८२.६ | ०.१ | १.९ | ७.९ | ४.८ | २.० | ०.२ | ०.७ |
| खोटाङ | ४२,६४७ | ७८.१ | ०.१ | १.९ | ८.४ | ९.४ | १.६ | ०.१ | ०.५ |
| उदयपुर | ६६,५१४ | ४३.४ | ३४.५ | १.४ | १६.० | १.३ | २.२ | ०.९ | ०.३ |
| प्रदेश नं. १ | ९,९१,७५० | ४४.० | ४४.१ | १.० | ४.७ | ४.४ | ०.८ | ०.८ | ०.४ |
| नेपाल | ५४,२३,२९७ | ४७.८ | ३५.१ | २.४ | ४.७ | ५.७ | १.१ | २.४ | ०.६ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१२, राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन खण्ड १*

नेपाल हालसालै खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरिएको भएतापनि २०६८ को जनगणना को तथ्याङ्क अनुसार यस प्रदेशमा सरसफाइको अवस्थाको अध्ययन गर्दा ३०.३ प्रतिशत घर-परिवारसँग कुनैपनि प्रकारको चर्पी नभएको अवस्था छ जुन समग्र नेपालको ३८.२ प्रतिशतभन्दा लगभग ८ प्रतिशतले कम हो । जिल्लागत रूपमा चर्पी नहुनेको अवस्था हेर्दा इलाममा सबभन्दा कम ९.५ प्रतिशत र सबभन्दा बढी उदयपुरमा ४८.४ प्रतिशत छन् । चर्पी हुनेमध्ये पनि साधारण चर्पी हुने ३५.१ प्रतिशत छन् भने ३४.२ प्रतिशतले कुनै न कुनै किसिमको फ्लस चर्पी प्रयोग गर्ने गरेको अवस्था छ । फ्लस चर्पी मध्येपनि सेफ्टी ट्यांक सहिको चर्पी प्रयोग गर्ने ३२.७ प्रतिशत देखिन्छन् । समग्र नेपालको तुलनामा साधारण चर्पी प्रयोग गर्ने १५.६ प्रतिशतले बढी छन् भने सेफ्टी ट्यांक सहितको फ्लस चर्पी प्रयोग गर्ने लगभग १ प्रतिशतले कम छन् साथै ढलको व्यवस्था सहितको फ्लस चर्पी प्रयोग गर्ने ६.८ प्रतिशतले कम छन् । यही तथ्याङ्कलाई जिल्लागत रूपमा हेर्दा पाँचथरमा सबभन्दा बढी ६५.१ प्रतिशतले र सबभन्दा कम सुनसरीमा २०.७ प्रतिशतले साधारण चर्पी प्रयोग गर्छन् । त्यस्तै फ्लस चर्पी प्रयोग गर्ने सबभन्दा बढी झापामा ४४.१ प्रतिशत र सबभन्दा कम भोजपुरमा १३ प्रतिशत छन् ।

तालिका ५.१२ चर्पी प्रयोगको अवस्था तथा चर्पीको प्रकार

| जिल्ला | जम्मा घर परिवार संख्या | चर्पी नहुने | चर्पीको प्रकार | | | उल्लेख नगरिएको |
|---|---|---|---|---|---|---|
| | | | फ्लस चर्पी (सार्वजनिक ढलको व्यवस्था सहित) | फ्लस चर्पी (सेफ्टी ट्याङ्क सहित) | साधारण चर्पी | |
| ताप्लेजुङ | २६,४७१ | २६.१ | ०.८ | १७.२ | ५५.४ | ०.५ |
| पाँचथर | ४१,१७६ | ११.८ | २.२ | २०.६ | ६५.१ | ०.३ |
| इलाम | ६४,४७७ | ९.५ | २.० | ३१.८ | ५६.१ | ०.५ |
| झापा | १,८४,३८४ | २५.८ | १.६ | ४२.५ | २९.७ | ०.४ |
| मोरङ | २,१३,८७० | ३६.२ | १.४ | ३९.६ | २२.४ | ०.४ |
| सुनसरी | १,६२,२७९ | ३६.१ | १.७ | ४०.९ | २०.७ | ०.५ |
| धनकुटा | ३७,६१६ | २२.८ | १.३ | २९.९ | ४५.७ | ०.२ |
| तेह्रथुम | २२,०८४ | २४.८ | १.४ | २४.० | ४९.४ | ०.३ |
| संखुवासभा | ३४,६१५ | २१.८ | ०.० | १५.५ | ६२.३ | ०.४ |
| भोजपुर | ३९,३९३ | ३५.९ | २.४ | १०.६ | ५१.० | ०.१ |
| सोलुखुम्बु | २३,७५८ | २४.६ | २.६ | १९.७ | ५२.९ | ०.२ |
| ओखलढुङ्गा | ३२,४६६ | २९.२ | १.६ | १६.६ | ५१.८ | ०.७ |
| खोटाङ | ४२,६४७ | ३६.६ | १.३ | १३.७ | ४७.९ | ०.५ |
| उदयपुर | ६६,५१४ | ४८.४ | १.० | २८.५ | २१.८ | ०.३ |
| प्रदेश नं. १ | ९,९१,७५० | ३०.३ | १.५ | ३२.७ | ३५.१ | ०.४ |
| नेपाल | ५४,२३,२९७ | ३८.२ | ८.३ | ३३.५ | १९.५ | ०.६ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन खण्ड १*

## ५.५ सिँचाइको सुविधाको स्थिति

नेपालमा उपलब्ध जलस्रोतको बहु-उपयोगी विकास गर्ने तथा नदी व्यवस्थापन एवं जल उत्पन्न प्रकोप नियन्त्रण गर्दै सिँचाइको दिगो र भरपर्दो विकास गर्ने राज्यको नीति रहेको कुरा संविधानमा उल्लेख भएको छ | प्रदेश नं. १ मा उपलब्ध ७ लाख ८३ हजार हेक्टर खेतीयोग्य जमिन मध्ये हालसम्म ३ लाख २ हजार हेक्टर (३८.५%) मा मात्र सिँचाइ सुविधा पुगेको अवस्था छ | कोशी नदीमा बनेको सुनसरी-मोरङ सिँचाइ आयोजना यस प्रदेशको सबैभन्दा ठूलो सिँचाइ आयोजना हो | यस आयोजनाको कमाण्ड क्षेत्र ६८ हजार हेक्टर रहेकोमा वर्षा याममा करिब ४० हजार हेक्टर र हिउँदमा करिब १५ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्ने गरेको छ | सुनसरी जिल्लाको करिब ७५ प्रतिशत जग्गा यस आयोजनाको कमाण्ड क्षेत्रभित्र पर्ने भएकोले यस जिल्लाको अधिकांश जमिनमा सिँचाइ सुविधा उपलब्ध रहेको छ | त्यस्तै, झापाको करिब ५२ प्रतिशत र मोरङको करिब ६३ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ | यस प्रदेशमा कृषक व्यवस्थित सिँचाइबाट जम्मा २ लाख ५५ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ |

प्रदेश नं. १ मा नदी, ताल, पोखरीबाट सिधैं सिंचित जमिनको संख्या नेपालको कुल नदी, ताल, पोखरीबाट सिधैं सिंचित जमिनको संख्याको १९.७ प्रतिशत हुन्छ जुन क्षेत्रफलको हिसाबले २२.५ प्रतिशत हुन आउँछ (तालिका ५.१२) । यसैगरी प्रदेश नं. १ मा नदी, ताल, पोखरीको पानी पम्पिङबाट सिंचित जमिनको संख्या नेपालको कुल नदी, ताल, पोखरीको पानी पम्पिङबाट सिंचित जमिनको संख्याको ६.४ प्रतिशत हुन्छ जुन ९.१ प्रतिशत

क्षेत्रफल बराबर हुन आउँछ । यसैगरी प्रदेश नं. १ मा बाँध तथा संचित पानीले सिंचित जमिनको संख्या नेपालको कुल बाँध तथा संचित पानीले सिंचित जमिनको संख्याको ८.७ प्रतिशत छ जुन क्षेत्रफलको हिसाबले १३.९ प्रतिशत हुन आउँछ । यसैगरी प्रदेश नं. १ मा ट्युववेल, बोरिङबाट सिंचित जमिनको संख्या नेपालको कुल ट्युववेल, बोरिङबाट सिंचित जमिनको संख्याको १७.४ प्रतिशत छ जुन २०.८ प्रतिशत क्षेत्रफल हुन आउँछ । यस्तै प्रदेश नं. १ मा अन्य स्रोतबाट सिंचित जमिनको संख्या नेपालको अन्य स्रोतबाट सिंचित जमिनको संख्याको १७.० प्रतिशत छ जुन २६.६ प्रतिशत क्षेत्रफल हुन आउँछ । यस्तै प्रदेश नं. १ मा मिश्रित स्रोतबाट सिंचित जमिनको संख्या नेपालको कुल मिश्रित स्रोतबाट सिंचित जमिनको संख्याको १५.० प्रतिशत छ जुन १५.९ प्रतिशत क्षेत्रफल हुन आउँछ ।

**तालिका ५.१३ प्रदेश नं. १ मा सिंचित जमिनको स्थिति तथा सिँचाइ प्रणाली**

| विवरण | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ को अंश (%) |
|---|---|---|---|
| जमिनको संख्या | ७,१७,१४८ | ३८,३१,०९३ | १८.७ |
| क्षेत्रफल (हे.) | ६,०२,४७२.५ | २५,२५,६३९.२ | २३.९ |
| रिपोर्ट गरिएको जमिनको संख्या | ४,२०,६७९ | २४,७२,२९६ | १७.० |
| क्षेत्रफल (हे.) | २,९५,६५३.५ | १३,१३,४०६.३ | २२.५ |
| नदी, ताल, पोखरीबाट सिधैं सिंचित जमिनको संख्या | २,५३,०४८ | १२,८१,५५६ | १९.७ |
| क्षेत्रफल (हे.) | १,५५,१६४.४ | ५,१४,०७९.४ | ३०.२ |
| नदी, ताल, पोखरीको पानी पम्पिङबाट सिंचित जमिनको संख्या | १४,००३ | २,१८,२९७ | ६.४ |
| क्षेत्रफल (हे.) | १०,२४६.८ | १,१२,९६५.५ | ९.१ |
| बाँध, संचित पानीले सिंचित जमिनको संख्या | ३०,५९० | ३,५१,९४९ | ८.७ |
| क्षेत्रफल (हे.) | २९,०२७.१ | २,०८,१३६.४ | १३.९ |
| ट्युव वेल, बोरिङ जमिनको संख्या | १,१६,९७३ | ६,७०,६७७ | १७.४ |
| क्षेत्रफल (हे.) | ८१,५३२.९ | ३,९१,८४६.० | २०.८ |
| अन्य | ३४,५८४ | २,०३,१९७ | १७.० |
| क्षेत्रफल (हे.) | १४,८०४.८ | ५५,६८७.३ | २६.६ |
| मिश्रित सिँचाइ | ८,६८९ | ५८,१०५ | १५.० |
| क्षेत्रफल (हे.) | ४,८७७.६ | ३०,६९१.८ | १५.९ |

*स्रोतः केन्द्रिय तथ्याङ्क विभाग २०१९, Environment Statistics of Nepal 2019. पेज १०६*

## ५.६ जल उत्पन्न प्रकोप व्यवस्थापन

यस प्रदेशमा हिमाली, पहाडी तथा तराई क्षेत्र पर्ने भएकोले, यी तीनै क्षेत्रमा जल उत्पन्न प्रकोपका भिन्दाभिन्दै घटनाहरू तथा असरहरू हुने गरेका छन् | हिमाली क्षेत्रमा हिम पहिरो तथा हिम ताल विस्फोट, पहाडी क्षेत्रमा बाढी र पहिरो तथा तराई क्षेत्रमा बाढी तथा नदी कटानको जोखिम उच्च रहेको छ | हिमाली जिल्लामा १५ वटा जोखिमयुक्त हिमतालहरू रहेको कुरा उल्लेख भइसकेको छ | ताप्लेजुङको हांगदेवा, खोटाङको दुर्खिम जस्ता पहिरोहरू उल्लेखनीय रहेका छन् | त्यस्तै, चुरे तथा महाभारत क्षेत्रमा मुहान भई बग्ने बिरिङ, कन्काई, रतुवा, मावा, कमल, वक्राहा जस्ता नदीहरूले बेला बेलामा जमिन कटान गर्ने गरेका छन् | त्यस्तै, ठूलो नदी सप्तकोशीको कटानले पनि तटबन्ध भत्काई ठूलो क्षति गरेको इतिहास छ |

यस प्रदेशमा जल उत्पन्न प्रकोपबाट वार्षिक औसत १,१७५ परिवार प्रभावित भएको अवस्था छ।नदी नियन्त्रण तथा व्यवस्थापन तर्फ यस प्रदेशमा हालसम्म १६८ कि. मि. तटबन्ध निर्माण भइसकेको छ भने ५ वटा पहिरो नियन्त्रण गरिएको छ।पहिरो नियन्त्रणका लागि बायो-इन्जीनियारिङ्गमा जम्मा खर्चको १० प्रतिशत खर्च भएको अवस्था छ।त्यस्तै, कोशी र कन्काई नदीमा बाढी सूचना प्रणाली जडान गरिएको छ।

## ५.७ विज्ञान प्रविधि

वैज्ञानिक अध्ययन अनुसन्धान तथा विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने राज्यको नीति रहेकोमा, यस प्रदेशमा पनि उच्च शिक्षामा मेधावी विद्यार्थीहरूको आकर्षण रहेको देखिन्छ। यस प्रदेशमा, उच्च शिक्षामा भर्ना हुने मध्ये करिब २० प्रतिशत विद्यार्थी विज्ञान तथा प्रविधि सङ्कायमा भर्ना हुने गरेका छन्। प्रदेशभरी रहेका ५ वटा विश्वविद्यालयहरूका क्याम्पसहरूमध्ये ४ वटा विश्वविद्यालयहरूका क्याम्पसहरूमा विज्ञान र प्रविधि सम्बन्धी विषय अध्ययन अध्यापन हुने गरेको छ। नेपालमा नै प्रविधि अनुसन्धानमा त्यति धेरै लगानी हुन नसकिरहेको तथा खास प्रगति हुन नसकिरहेको अवस्थामा यस प्रदेशमा पनि उस्तै अवस्था छ। प्रदेश अन्तर्गत सुनसरीको तरहरा, धनकुटाको पात्ले तथा पाखीबास कृषि अनुसन्धानमा उल्लेखनीय रहेका छन्। परम्परागत प्रविधिहरूको आधुनिकीकरण तथा नवीन प्रविधिको अनुसन्धान र प्रयोगमा प्रदेशले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने प्रशस्त सम्भावना रहेको छ।

## ५.८ राष्ट्रिय गौरवका आयोजनाहरूको स्थिति

राष्ट्रिय योजना आयोगले निर्धारण गरेका राष्ट्रिय गौरवका २१ वटा योजनाहरूमध्ये उत्तर-दक्षिण कोशी कोरीडर आयोजना यस प्रदेशमा पर्दछ भने मध्य पहाडी पुष्पलाल लोकमार्ग, पूर्व-पश्चिम रेलवे, तराई हुलाकी मार्ग र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण क्षेत्रको केही अंश यस प्रदेशमा पर्दछ। यसका अलावा ठूला जलविद्युत आयोजनाहरू मध्येको अरूण तेस्रो जलविद्युत आयोजना समेत यसै प्रदेशको अरुण नदीमा निर्माणाधीन छ।

# खण्ड छ :
# सामाजिक क्षेत्रको स्थिति

यस एकाइमा सामाजिक क्षेत्रसँग सम्बन्धित विविध पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ । सामाजिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाहरू एकीकृत तथा व्यवस्थित हिसाबमा उपलब्ध नभएको हुनाले पनि कतिपय विषयलाई समेट्न सकिएको छैन भने कतिपय विषयको बारेमा पर्याप्त जानकारी दिन सकिएको छैन । यस एकाइमा खासगरी शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, लैङ्गिक अल्पसङ्ख्यक, सामाजिक सुरक्षा तथा समावेशीकरण लगायतका विषयहरू समावेश छन् । शिक्षा क्षेत्र अन्तर्गत साक्षरता, विद्यार्थीको संख्या, विभिन्न किसिमका भर्ना दर, शिक्षक शिक्षिकाको अनुपात, विद्यालय तथा विश्वविद्यालयको संख्या र त्यसमा अध्ययनरत छात्रछात्राको अवस्था, प्राविधिक शिक्षाको अवस्था आदिको अवस्था चित्रण गरिएको छ । त्यसैगरी स्वास्थ्यतर्फ स्वास्थ्य तथा पोषणको समग्र अवस्था, मातृ तथा प्रजनन स्वास्थ्य, स्वास्थ्य संस्थाको विवरण प्रस्तुत गरिएको छ भने महिलाका सम्बन्धमा शिक्षा, रोजगारी, महिला हिंसा, परिवार नियोजन, महिला श्रम, बसाइँसराइ, राजनीतिक सहभागिता लगायतका पक्षहरू समावेश छन् । यी बाहेक बालश्रम, बाल संरक्षण, अपाङ्गता भएका व्यक्तिहरूको अवस्था पनि समावेश छन् ।

## ६.१ शिक्षा

### ६.१.१ साक्षरताको स्थिति

लेख पढ गर्न सक्ने, सामान्य अङ्क गणित समेत जान्ने पाँच वर्ष र सो भन्दा माथिको जनसंख्या को आधारमा साक्षरता दर गणना गरिन्छ । तालिका ६.१ मा प्रदेश नं. १ तथा यस अन्तर्गत रहेका जिल्लाहरूको ५ वर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति देखाइएको छ । सन् २०११ को जनगणनाको तथ्याङ्कको आधारमा हेर्दा, समग्र नेपालमा ६६ प्रतिशत जनसंख्या साक्षर रहेका छन् । जसमा ७५ प्रतिशत पुरुष र ५७ प्रतिशत महिला साक्षर रहेका छन् । प्रदेश नं. १ को साक्षरता दर ७१ प्रतिशत रहेको छ, जसमा ७९ प्रतिशत पुरुष र ६४ प्रतिशत महिला साक्षर रहेका छन् ।यसैगरी नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार यस प्रदेशको साक्षरता दर ७९.१ प्रतिशत पुगेको देखिन्छ । हालसम्म यस प्रदेशमा ११ जिल्ला पूर्ण साक्षर घोषित भएका छन् । पूर्ण साक्षर घोषणा हुन बाँकी जिल्लाहरू ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बु हुन् ।

यस तथ्याङ्कबाट भन्न सकिन्छ कि प्रदेश नं. १ को शिक्षाको स्थिति समग्र नेपालको भन्दा राम्रो रहेको छ । यस प्रदेश नं. १ मा पुरुष-महिला बिचको साक्षरता दरमा भएको फरक १५ प्रतिशत रहेको छ । जुन समग्र नेपालको पुरुष-महिला बिचको साक्षरता दरको भिन्नता भन्दा कम नै रहेको छ । जिल्लागत अवस्थालाई अध्ययन गर्दा पाँचथर, इलाम, धनकुटा, झापा, तेह्रथुम जिल्लाहरूको साक्षरता दर समग्र प्रदेश नं. १ को भन्दा बढी रहेको छ । सबै भन्दा कम साक्षरता दर सोलुखुम्बु र ओखलढुङ्गा (६४%) जिल्लाहरूमा रहेको छ ।

त्यसैगरी लेख-पढ दुवै गर्न नसक्ने जनसंख्यालाई दृष्टिगत गर्दा, समग्र नेपालको पुरुष महिलाको लेख-पढ गर्न नसक्ने अवस्था भन्दा यस प्रदेश नं. १ को अवस्था कम नै रहेको छ । जस्तै, नेपालमा रहेका पुरुषहरू मध्ये २२ प्रतिशत पुरुष लेख-पढ दुवै गर्न नसक्ने छन् भने यस प्रदेश नं. १ मा यस्ता पुरुषहरू १८ प्रतिशत रहेका छन् ।

**तालिका ६.१ प्रदेश नं. १ को पाँच वर्ष र सो भन्दा माथिको जनसंख्याको साक्षरताको स्थिति**

| जिल्ला | साक्षरता दर (प्रतिशतमा) | | | लेख-पढ दुवै गर्न नसक्ने (प्रतिशतमा) | |
|---|---|---|---|---|---|
| | दुवै | पुरुष | महिला | पुरुष | महिला |
| ताप्लेजुङ | ७१.३० | ७९.२९ | ६४.१५ | १७.८३ | ३३.१२ |
| पाँचथर | ७२.५८ | ८०.३५ | ६५.७८ | १६.४५ | ३१.०२ |
| इलाम | ७७.९१. | ८४.१६ | ७२.०५ | १३.४३ | २५.५३ |
| झापा | ७५.०१ | ८२.३४ | ६८.६५ | १५.८३ | २९.६१ |
| मोरङ | ७०.६३ | ७८.७३ | ६३.१३ | १९.२७ | ३४.८१ |
| सुनसरी | ६८.४६ | ७६.९६ | ६०.४९ | २१.१० | ३७.३८ |
| धनकुटा | ७४.३७ | ८२.४० | ६७.४१ | १५.७४ | ३०.४८ |
| तेह्रथुम | ७४.६२ | ८३.५३ | ६७.०४ | १४.१८ | ३०.८३ |
| संखुवासभा | ६९.३८ | ७७.४७ | ६२.२० | १९.५५ | ३४.९३ |
| भोजपुर | ६९.३४ | ७८.३९ | ६१.३८ | १९.०५ | ३६.०९ |
| सोलुखुम्बु | ६४.२२ | ७३.३९ | ५५.६९ | २३.२८ | ४१.१७ |
| ओखलढुङ्गा | ६४.४३ | ७४.३३ | ५६.०१ | २२.७९ | ४१.२० |
| खोटाङ | ६८.८२ | ७७.६७ | ६१.१० | १८.७७ | ३५.४९ |
| उदयपुर | ६८.८२ | ७७.१८ | ६१.४७ | २०.२९ | ३५.९३ |
| प्रदेश नं. १ | ७१.२२ | ७९.२७ | ६३.९४ | १८.४४ | ३३.७६ |
| नेपाल | ६५.९ | ७५.२ | ५७.४ | २२.३३ | ३९.९३ |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग, २०११*

### ६.१.२ विद्यालय तथा विद्यार्थी संख्या

प्रदेश नं. १ मा रहेका विद्यालय तथा विद्यार्थीको संख्यालाई चित्रमा देखाइएको छ । यस प्रदेशमा जम्मा ६,७२१ विद्यालय मध्ये ५,४९८ वटा सामुदायिक तथा १,२२३ वटा संस्थागत विद्यालयहरू छन् जसमा ११ लाख ७५ हजार ३ जना विद्यार्थीमध्ये ६ लाख ५ हजार ४ सय ९८ छात्रा तथा ५ लाख ६९ हजार ५ सय ५ छात्र अध्ययनरत छन् । प्रदेश नं. १ मा नेपालको जम्मा विद्यालयहरूको १९ प्रतिशत विद्यालयहरू रहेका छन् । जसमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा कुल विद्यार्थीको १६ प्रतिशत रहेको छ । प्रदेश अन्तर्गतका जिल्लाहरूमा रहेका विद्यालय तथा अध्ययनरत विद्यार्थीहरूको विस्तृत विवरण परिशिष्ट तालिका मा देखाइएको छ ।

## चित्र ६.१ प्रदेश नं. १ मा रहेका विद्यालयको प्रतिशत




*स्रोतः MOEST 2018. Education in Figures 2017 (At a Glance)*

## चित्र ६.२ प्रदेश नं. १ मा रहेका विद्यार्थीको प्रतिशत




*स्रोतः MOEST 2018. Education in Figures 2017 (At a Glance)*

### ६.१.३ कुल भर्ना दर तथा खुद भर्ना दर

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) का अनुसार कुनै निश्चित शैक्षिक तहमा (जुनसुकै उमेरको) भर्ना भएका कुल विद्यार्थी संख्याको आधारमा कुल भर्ना दर निकालिन्छ । यसको गणना गर्दा कुनै पनि स्थानमा रहेका विभिन्न शैक्षिक तहमा विद्यालयमा भर्ना हुन योग्य रहेका मध्ये विभिन्न शैक्षिक तहमा भर्ना भएका विद्यार्थी संख्यालाई लिइन्छ । कुनै पनि शैक्षिक तहमा भर्ना हुन योग्य विद्यार्थी भन्दा कम उमेर तथा बढी उमेरकालाई समेत लिइने हुनाले कुल भर्ना दर शत प्रतिशत भन्दा बढी समेत हुने गर्छ । त्यसैगरी खुद भर्ना दर भन्नाले औपचारिक उमेर समूहमा रहेको जनसंख्या मध्ये निश्चित विद्यालय तह/शैक्षिक तहमा भर्ना भएका विद्यार्थीको प्रतिशतलाई जनाउँछ । त्यसैले कुनै पनि स्थानको खुद भर्ना दर शत प्रतिशत भित्र नै रहन्छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार विद्यालय भर्ना दर तालिका ६.२ मा प्रस्तुत गरिएको छ । आधारभूत तह (१-८ कक्षा) को कुल भर्ना दर प्रदेश नं. १ मा १२४.१ प्रतिशत रहेको छ । जुन नेपालको कुल भर्ना दर १२० प्रतिशत भन्दा केही बढी हो । प्रदेश नं. १ को आधारभूत तहको कुल भर्ना दर समग्र नेपालको पुरुष र महिलाको छुट्टाछुट्टै भर्ना दर भन्दा बढी रहेको छ । त्यस्तै, नेपालमा रहेका पुरुषहरूको आधारभूत तहको कुल भर्ना दर (११८%) भन्दा प्रदेश नं. १ मा रहेका पुरुषहरूको सोही तहको कुल भर्ना दर बढी (१२२%) रहेको छ र यस्तै प्रकारको फरक महिलाको हकमा पनि लागू हुन्छ ।

त्यसैगरी, सोही तथ्याङ्कको आधारमा नेपालमा आधारभूत तहमा ९२ प्रतिशत खुद भर्ना दर रहेको छ भने प्रदेश नं. १ को करिब ९५ प्रतिशत रहेको छ । प्रदेश नं. १ को खुद भर्ना दर आधारभूत तह तर्फ महिला/पुरुष बिचको फरक नरहेको पाइएको छ भने नेपालमा भने न्यून मात्रामा महिला पुरुष बीच फरक रहेको छ ।

त्यसैगरी माध्यमिक तह (९-१२ कक्षा) तर्फ प्रदेश नं. १ को कुल भर्ना दर (५९.३%) नेपालकै (६०%) हाराहारीमा रहेको छ । जसमा पुरुषको कुल भर्ना दर समग्र नेपालको भन्दा प्रदेश नं. १ मा ३ प्रतिशतले कम रहेको छ । महिलाको कुल भर्ना दर प्रदेश नं. १ र नेपालको बराबरीको अवस्थामा छ ।

त्यसैगरी माध्यमिक तहको खुद भर्ना दर तर्फ प्रदेश नं. १ मा ४६ प्रतिशत रहेको छ भने नेपालको ४४ प्रतिशत रहेको छ । महिलाहरू मध्ये नेपालको माध्यमिक तहको खुद भर्ना दर भन्दा प्रदेश नं. १ को खुद भर्ना दर करिब ३ प्रतिशत बिन्दुले बढी रहेको छ ।

**तालिका ६.२ प्रदेश नं. १ मा कुल तथा खुद भर्ना दर (प्रतिशतमा), वि.सं. २०७४**

| स्थान | आधारभूत ( १-८) | | | | | | माध्यमिक (९-१२) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल भर्ना दर | | | खुद भर्ना दर | | | कुल भर्ना दर | | | खुद भर्ना दर | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | १२१.८ | १२६.४ | १२४.१ | ९४.७ | ९४.६ | ९४.७ | ५८.० | ६०.७ | ५९.३ | ४५.५ | ४६.५ | ४६.० |
| नेपाल | ११७.९ | १२२.४ | १२०.१ | ९३.० | ९१.७ | ९२.३ | ६१.३ | ६०.० | ६०.६ | ४४.१ | ४३.७ | ४३.९ |

स्रोत: *Ministry of Education, Science and Technology, 2017; p. 39*

शैक्षिक स्थिति तर्फ विद्यालय तह (१-१२ कक्षा) सम्मको अवस्थालाई आधारभूत तह (१-५ कक्षा), आधारभूत तह (६-८ कक्षा), माध्यामिक तह (९-१० कक्षा) तथा उच्च माध्यामिक तह (११-१२ कक्षा) मा विभाजन

गरी कुल भर्ना दर तथा खुद भर्ना दरको अवस्थालाई विश्लेषण गर्दा, आधारभूत तह (१-५ कक्षा) तथा माध्यामिक तह (९-१० कक्षा) सम्मको जम्मा जनसंख्याको प्रदेश नं. १ को कुल भर्ना दर नेपालकै हाराहारीमा छ भने आधारभूत तह (६-८ कक्षा) मा प्रदेश नं. १ को स्थिति नेपालको भन्दा ८ प्रतिशतले बढी छ । उच्च माध्यामिक तह (११-१२ कक्षा) मा प्रदेश नं. १ को कुल भर्ना दर नेपालको भन्दा करिब ३ प्रतिशतले कम छ ।

खुद भर्ना दर तर्फ प्रदेश नं. १ को अवस्थामा आधारभूत तह (१-५ कक्षा) तथा माध्यामिक तह (११-१२ कक्षा) मा समग्र नेपालको स्थितिसँग बराबरीको अवस्थामा रहेको पाइएको छ । आधारभूत तह (६-८ कक्षा) तथा माध्यामिक तह (९-१० कक्षा) मा भने प्रदेश नं. १ को खुद भर्ना दर नेपालको खुद भर्ना दर भन्दा करिब ५ प्रतिशतले बढी रहेको पाइएको छ ।

**तालिका ६.३ प्रदेश नं. १ का विभिन्न तहहरूमा कुल भर्ना दर, वि.सं. २०७४**

| स्थान | आधारभूत (१-५) | | | आधारभूत (६-८ ) | | | माध्यामिक (९-१०) | | | उच्च माध्यामिक (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | १२८.२ | १३५.७ | १३१.९ | ११५.५ | ११७.२ | ११६.४ | ८०.६ | ८२.१ | ८१.४ | ३५.४ | ३९.३ | ३७.३ |
| नेपाल | १२८.६ | १३६.० | १३२.३ | १०७.२ | १०८.० | १०८.० | ८२.२ | ७८.५ | ८०.३ | ४०.४ | ४१.४ | ४०.९ |
| **खुद भर्ना दर** | | | | | | | | | | | | |
| प्रदेश नं. १ | ९७.५ | ९७.२ | ९७.३ | ९१.९ | ९२.० | ९२.० | ७०.४ | ६९.८ | ७०.१ | २०.५ | २३.२ | २१.९ |
| नेपाल | ९७.४ | ९७.१ | ९७.२ | ८८.६ | ८६.३ | ८७.४ | ६६.७ | ६५.१ | ६५.९ | २१.६ | २२.४ | २२.० |

स्रोत: *Ministry of Education, Science and Technolgoy, 2017; p. 39*

### ६.१.४ शिक्षक/शिक्षिका सम्बन्धी विवरण

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार प्रदेश नं. १ मा कार्यरत शिक्षक/शिक्षिकाको विवरण तालिका ६.४ मा देखाइएको छ । नेपालमा कक्षा १-१२ सम्मका सम्पूर्ण विद्यालयमा कार्यरत शिक्षक/ शिक्षिकाको संख्या ३ लाख २५ हजार ५ सय १९ रहेको छ भने प्रदेश नं. १ मा ५३ हजार ८ सय १७ जना कार्यरत रहेका छन् । जसमध्ये प्रदेश नं. १ मा सामुदायिक तर्फ ४१ हजार ९ सय ४७ तथा संस्थागत विद्यालय तर्फ ११ हजार ८ सय ६० जना रहेका छन् । प्रदेश नं. १ मा सबै तहका विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये दुई तिहाइ पुरुष रहेका छन् भने बाँकी एक तिहाइ महिला शिक्षिका रहेका छन् (चित्र ६.३) ।

**तालिका ६.४ प्रदेश नं. १ का सबै तहका विद्यालयहरूमा कार्यरत शिक्षक शिक्षिकाको संख्या, २०७४**

| स्थान | सबै तहका विद्यालय | | | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | ३५,६३८ | १८,१७९ | ५३,८१७ | २८,८७६ | १३,०७१ | ४१,९४७ | ६,७६२ | ५,१०८ | ११,८७० |
| नेपाल | २,०५,४६३ | १,२०,०५६ | ३,२५,५१९ | १,५७,९०१ | ८०,६०६ | २,३८,५०७ | ४७,५६२ | ३९,४५० | ८७,०१२ |

स्रोत: *MOEST, 2017; p. 39*

चित्र ६.३ प्रदेश नं. १ मा कार्यरत शिक्षकहरूको लैङ्गिक स्थिति (प्रतिशतमा), २०७४




### ६.१.५ वाल विकासको स्थिति

संघीयता कार्यान्वयनसँगै नेपाल सरकारले पूर्व वाल विकास/पूर्व प्राथमिक कक्षा (ECD/PPC) लाई समेत विद्यालय तहमै कायम राखे बमोजिम सामुदायिक विद्यालयहरूले क्रमिक रूपमा ECD/PPC कक्षाहरू सञ्चालन गर्दै आएका छन् । सामुदायिक तथा संस्थागत विद्यालयहरूले व्यवस्थापन गरेका ECD/PPC कक्षाहरूमा भर्ना भई/उत्तीर्ण भई प्राथमिक कक्षामा भर्ना हुन पर्ने भनि दिगो विकासको लक्ष्यमा समेत उल्लेख गरिएको छ । प्रदेश नं. १ मा ECD/PPC मा १ लाख ५५ हजार ७ सय ७८ विद्यार्थी भर्ना भई अध्ययनरत छन् जुन नेपालमा ECD/PPC मा अध्ययनरत विद्यार्थीको कुल संख्याको १६.२६ प्रतिशत हुन आउँछ । त्यसैगरी नेपालमा रहेका कुल संख्या ३६ हजार ५ सय ६८ ECD/PPC मध्ये संख्याको आधारमा सबैभन्दा बढी ६,९८३ वटा ECD/PPC यसै प्रदेश नं. १ मा रहेका छन् । यस्ता ECD/PPC मा कार्यरत सहयोगी शिक्षकहरूको विवरण तालिका ६.५ मा देखाइएको छ ।

**तालिका ६.५ प्रदेश नं. १ मा ECD/PPC मा रहेका सहयोगी शिक्षक (facilitators) को विवरण**

| स्थान | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| प्रदेश नं. १ | १,०५७ | ७,९५२ | ९,००९ |
| नेपाल | ५,८९० | ४५,६०० | ५१,४९० |

*स्रोत: MOEST, 2017; p. 35*

### ६.१.६ क्याम्पस/विश्वविद्यालय एवं तिनमा अध्ययनरत छात्र/छात्राको स्थिति

क्याम्पस/विश्वविद्यालय एवं तिनमा अध्ययनरत छात्र/छात्राको विवरण तालिका ६.६ मा देखाइएको छ । नेपालभरि १५ वटा उच्च शैक्षिक संस्थाहरू (विश्वविद्यालय) रहेकोमा प्रदेश नं. १ मा जम्मा ५ वटा उच्च शैक्षिक संस्थाको उपस्थिति रहेको छ । समग्र नेपालमा त्रिभुवन विश्वविद्यालयको आङ्गिक/सम्बन्धन प्राप्त कुल १,१६१ क्याम्पसहरूमध्ये यस प्रदेश नं. १ मा १६१ वटा (१३.९%) क्याम्पसहरू रहेका छन् । त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालयको केन्द्रिय कार्यालय नै यस प्रदेशमा रहेको तथा उक्त विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरू मध्ये ३२ वटा यसै प्रदेशमा रहेका छन् । यस विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये २० प्रतिशत र नेपालभरि उच्च शिक्षा (विश्वविद्यालयहरूमा) अध्ययन गर्ने कुल विद्यार्थीहरूको १.३ प्रतिशत मात्र विद्यार्थीहरू प्रदेश

नं. १ मा पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत अध्ययनरत छन् । त्यसैगरी यस प्रदेश नं. १ मा रहेका विभिन्न विश्वविद्यालयहरूमा ४१,३५० (कुल विद्यार्थी संख्याको ११.४५%) मात्र विद्यार्थी अध्ययनरत रहेका छन् ।

**तालिका ६.६ प्रदेश नं. १ मा रहेका क्याम्पस/विश्वविद्यालय एवं तिनमा अध्ययनरत छात्र/छात्राको स्थिति**

| क्र.सं. | विश्वविद्यालय | क्याम्पस संख्या | | विद्यार्थी संख्या | |
|---|---|---|---|---|---|
| | | प्रदेश नं. १ | नेपाल | प्रदेश नं. १ | नेपाल |
| १ | त्रिभुवन विश्वविद्यालय | १६१ | १,१६१ | ३३,९०८ | २,८४,४५३ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | १ | १८ | ६२ | १,४७१ |
| ३ | काठमाडौं विश्वविद्यालय | १ | २१ | १,२३६ | १६,६५८ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | ३२ | १३१ | ४,६९६ | २३,५३९ |
| ५ | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | १ | १,४४८ | १,४४८ |
| जम्मा | | १९६ | १,४०७ | ४१,३५० | ३,६१,०७७ |

स्रोत: *MOEST, 2017; pp. 50-51*

### ६.१.७ प्राविधिक शिक्षा

नेपालको संविधानले प्राविधिक शिक्षाको प्रवर्धन तथा विकासमा प्रदेशको सशक्त भूमिकाको परिकल्पना गरेको छ । त्यसै कारणले पनि प्राविधिक शिक्षा यस प्रदेशको प्राथमिकतामा परेको छ । भर्खरमात्र मिति २०७६ मङ्सिर २० मोरङ जिल्लास्थित मनमोहन पोलिटेक्निक इन्स्टिच्युटलाई प्रदेश सरकारले प्रदेशस्तरीय प्राविधिक विश्वविद्यालयमा रूपान्तरण गरेको छ । मोरङको उर्लाबारीस्थित मदन भण्डारी स्मृति प्रतिष्ठानले पनि पोलिटेक्निक, ईन्जिनियरिङ, कृषि, नर्सिंङ विषयमा अध्ययन अध्यापन गरी रहेको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभीटी) अन्तर्गतका १०३ वटा प्राविधिक महाविद्यालयहरू सञ्चालित छन् । साथै, अन्य विश्वविद्यालयका यस प्रदेशभित्र सञ्चालित आङ्गिक तथा निजी महाविद्यालयहरू मार्फत पनि प्राविधिक शिक्षाको अध्ययन अध्यापन भइरहेको छ । हालसम्म सञ्चालित त्यस्ता प्राविधिक महाविद्यालयहरूको को विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ६.७ प्रदेश नं. १ मा रहेका प्राविधिक शिक्षालयाको स्थिति**

| क्र.सं. | नाम | स्वामित्व | अध्ययन अध्यापनको क्षेत्र |
|---|---|---|---|
| १ | मनमोहन प्राविधिक विश्वविद्यालय | प्रदेश सरकार | पोलिटेक्निक, इन्जिनियरिङ |
| २ | खाद्य प्रविधि क्याम्पस | त्रि.वि. | खाद्य प्रविधि |
| ३ | पूर्वाञ्चल विश्वविद्यालय स्कूल अफ साइन्स एण्ड टेक्नोलोजी | पू.वि. | इन्जिनियरिङ |
| ४ | इस्टर्न कलेज अफ इन्जिनियरिङ | पू.वि. | इन्जिनियरिङ |
| | पूर्वाञ्चल विश्वविद्यालय कलेज अफ इन्भाईरोमेन्ट एण्ड फरेष्ट्री | पू.वि. | बन विज्ञान |
| | पूर्वाञ्चल विश्वविद्यालय कलेज अफ एग्रिकल्चर एण्ड भेटेनरी साइन्स | पू.वि. | कृषि तथा पशुविज्ञान |
| ५ | मदन भण्डारी स्मृति प्रतिष्ठान | सामुदायिक | पोलिटेक्निक, इन्जिनियरिङ, कृषि, नर्सिङ |
| ६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तर्गतका संस्थाहरू | १०३ वटा स्कूल/महाविद्यालयहरू | पोलिटेक्निक, इन्जिनियरिङ, कृषि, नर्सिङ |

| क्र.सं. | नाम | स्वामित्व | अध्ययन अध्यापनको क्षेत्र |
|---|---|---|---|
| ७ | कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट सम्बन्धन प्राप्त | २ वटा कलेज | कृषि, वन |
| ८ | पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ब्राइट भिजन ल क्याम्पस, विराटनगर | पू.वि. | कानून |

### ६.१.८ वैकल्पिक एवं अनौपचारिक शिक्षा

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सन् २०१७ को तथ्याङ्क अनुसार प्रदेश नं. १ मा रहेका ५ वर्ष वा सो भन्दा माथिका कुल जनसंख्या २९ लाख ८८ हजार ७ सय ७६ मध्ये १ लाख ४३ हजार ५ सय १५ जनाले औपचारिक रूपमा विद्यालय/विश्वविद्यालयमा विविध कारणवश भर्ना भई अध्ययन गर्न सकेका छैनन् । उक्त जनसंख्या मध्ये ७२ हजार ४ सय ६४ जना पुरुष रहेका छन् भने ७१ हजार ५१ जना महिला जनसंख्या रहेको छ ।

त्यसैगरी प्रदेश नं. १ मा रहेको उक्त जनसंख्या देशको कुल अनौपचारिक शिक्षा प्राप्त गरेका मध्ये २१.५ प्रतिशत हुन आउँछ ।

## ६.२ स्वास्थ्य एवं पोषणको अवस्था

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा प्रस्तुत गर्दै आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकलाई निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकासको लक्ष्य रहेको छ।

पाँच वर्ष मुनिका पुड्कोपना भएका बालबालिकाको अंश ३२.६ प्रतिशत छ भने पुड्कोपनाबाट अति प्रभावित बालबालिकाको अंश ९.३ प्रतिशत छ । पाँच वर्ष मुनिका कम तौल भएका बालबालिकाको अंश २४.४ प्रतिशत छ भने अति प्रभावित बालबालिकाको अंश ४.१ प्रतिशत छ । पाँच वर्ष मुनिका रक्तअल्पता भएका बालबालिकाको अंश ५५.२ प्रतिशत छ भने अति प्रभावित बालबालिका ०.५ प्रतिशत छ । त्यस्तै संस्थागत सुत्केरी ६२ प्रतिशत, शिशु मृत्युदर र बाल मृत्युदर क्रमशः ३१ र ३६ प्रति हजार जीवित जन्ममा, नवजात शिशु मृत्युदर २२ प्रति हजारमा कुल प्रजनन दर २.३ प्रतिशत छ भने परिवार नियोजनका साधनको प्रयोग दर ४० प्रतिशत छ ।

### ६.२.१ प्रजननको अवस्था

प्रदेश नं. १ मा प्रजननको अवस्थालाई कोरा जन्म दर, पहिलो बच्चा जन्मदाको मध्यक वर्ष (२५-४९ वर्षका महिलाहरू) तथा किशोर अवस्थामा गर्भधारण गर्ने महिलाको प्रतिशतको आधारमा प्रस्तुत गरिएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार नेपालको कोरा जन्म दर २२ प्रति हजार रहेको छ, जुन प्रदेश नं. १ को लागि तथ्याङ्क उपलब्ध नरहेको अवस्था छ । त्यसैगरी प्रदेश नं. १ मा रहेका २५-४९ का महिलाहरू मध्ये आधाले २१.५ वर्ष पुग्दा पहिलो बच्चा जन्माइ सकेको अवस्था रहेको छ, जुन उमेर नेपालमा अझ कम अर्थात् २०.४ वर्ष रहेको छ । त्यसैगरी १०-१९ वर्षका किशोरीहरू मध्ये करिब १६

प्रतिशत किशोरीहरू किशोर/किशोरी अवस्थामा नै गर्भधारण गर्ने गरेका छन् , यस किसिमको अवस्था नेपालमा भने १६.७ प्रतिशत रहेको छ ।

**तालिका ६.८ प्रजननको अवस्था**

| सूचक | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| कोरा जन्म दर | - | २२ |
| पहिलो बच्चा जन्मदाको मध्यक उमेर (२५-४९ वर्षका महिलाहरूमध्ये) | २१.५ | २०.४ |
| किशोरी अवस्थामा गर्भधारण गर्ने | १५.५ | १६.७ |

*स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

### ६.२.२ मातृस्वास्थ्यको अवस्था

मातृस्वास्थ्यको स्थिति विश्व स्वास्थ्य सङ्गठनको मान्यता तथा नेपाल सरकारले प्रदान गरेको सेवा सुविधा तथा मूल्य मान्यता, नीति तथा निर्देशनको आधारमा विश्लेषण गरिएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार नेपालमा करिब ६ प्रतिशत गर्भवती महिलाहरू गर्भवती परीक्षण (ANC visits) मा विल्कुलै नजाने/ सेवा प्राप्त नगर्ने रहेका छन् भने प्रदेश नं. १ मा यस्ता महिलाहरू ४.५ प्रतिशत मात्र रहेका छन् । प्रदेश नं. १ मा कम्तीमा १ पटक गर्भवती जाँच गराउन जाने तथा दक्ष प्रसूतिकर्मीबाट गराउनेको प्रतिशत नेपालकै हाराहारीमा रहेको छ । नेपाल सरकारले प्रवर्द्धन गर्दै आएको गर्भवती जाँच समय: ४, ६, ८ र ९ महिना गरी कम्तीमा ४ पटक गर्भवती गराउने करिब ६३ प्रतिशत महिला प्रदेश नं. १ मा रहेका छन् भने उक्त मान नेपालमा ५९ प्रतिशत मात्र रहेको छ । प्रदेश नं. १ मा करिब ९३ प्रतिशतले गर्भावस्थामा शुक्ष्म पोषणको लागि iron/folic tablet लिने गरेका छन् भने नेपालमा करिब ९१ प्रतिशतले मात्र आइरन चक्की (iron/folic tablet) लिने गरेका छन् ।

त्यसैगरी ANC जाँचका बेला लिइने विभिन्न प्रकारका सेवाहरू लिएको अवस्थालाई विश्लेषण गर्दा करिब ७४ प्रतिशतले जुकाको औषधि खाएको, ९५ प्रतिशतले रक्तचाप जाँच गराएको, ८० प्रतिशतले पिसाब जाँच गराएको तथा ६७ प्रतिशतले रगत जाँच गराएको बताएका छन् । माथि उल्लिखित ANC visit का बेला लिइने सेवा उपयोग गर्ने महिलाको प्रतिशत समग्र देशको भन्दा प्रदेश नं. १ को बढी छ । गर्भवती भएको बेला लिइने Neonatal tetanus विरुद्धको खोप नेपालका साथै प्रदेश नं. १ का ९० प्रतिशत महिलाले लिने गरेका छन् ।

**तालिका ६.९ प्रदेश नं. १ मा मातृस्वास्थ्य सेवा उपभोगको स्थिति**

| सूचक | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| विल्कुलै ANC नगराउने | ४.५ | ५.९ |
| कम्तीमा १ पटक ANC गराउने | ९५.५ | ९४.० |
| दक्ष प्रसूतिकर्मी बाट ANC गराउने | ८२.७ | ८३.६ |
| ४, ६ ,८, ९ महिनाहरू सबैमा ANC गर्न जाने | ६२.६ | ५८.८ |
| गर्भवती अवस्थामा Iron/folic लिने | ९२.८ | ९०.९ |
| गर्भवती अवस्थामा जुकाको औषधि लिने | ७३.८ | ६९.२ |
| गर्भवती अवस्थामा | | |
| ब्लडप्रेसर जाँच गर्ने | ९४.७ | ९१.३ |
| पिसाब जाँच गर्ने | ७९.९ | ७६.१ |
| रगत जाँच गर्ने | ६७.२ | ६६.३ |
| Neonatal Tetanus विरुद्ध सुई लिने | ९०.० | ८८.७ |

### ६.२.३ सुत्केरी गराउने स्थान

विश्व स्वास्थ्य सङ्गठन, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९४ (International Conference on Population and Development 1994) को कार्ययोजना ( Programme of Action) लगायत अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरूले प्रत्येक महिलाले दक्ष प्रसूतिकर्मीको हेरचाह/रेखदेखबाट आफ्नो सन्तान जन्माउन पाउनु पर्ने अधिकारलाई जोड दिँदै आएको छ । हालका दिनमा दिगो विकास लक्ष्य- २०३० तथा नेपाल सरकारले समेत सन् २०३० सम्ममा ९० प्रतिशत गर्भवती महिलाले स्वास्थ्य संस्थामै सन्तान जन्माउने अवस्थामा नेपाललाई पुर्याउने लक्ष्य लिएको छ । यस परिवेशमा प्रदेश नं. १ मा ६२ प्रतिशत महिलाले आफ्नो पछिल्लो सन्तान (सर्वेक्षण वर्ष भन्दा ५ वर्ष अघिको अवधि सम्ममा जन्मेको) स्वास्थ्य संस्थामा जन्माएको पाइएको छ भने समग्र नेपालमा ५७.४ प्रतिशत महिलाले उक्त सेवा उपयोग गरेको पाइएको छ (MOH, New Era, ICF, 2016) । सोही तथ्याङ्कको स्रोतका अनुसार प्रदेश नं. १ का करिब ३७ प्रतिशत महिलाले सन्तान घरमै जन्माएको पाइएको छ । नेपालमा भने त्यस्ता महिलाहरू ४१.४ प्रतिशत रहेका छन् ।

त्यसैगरी ती महिलाहरू जसले स्वास्थ्य संस्थामा गई आफ्नो सन्तान जन्माए उनीहरू मध्ये प्रदेश नं. १ मा करिब ४१ प्रतिशतले सरकारी क्षेत्रका स्वास्थ्य संस्थामा बच्चा जन्माएका छन् भने नेपालमा ४३ प्रतिशतले सरकारी क्षेत्रको सेवा उपयोग गरेको अवस्था छ । प्रदेश नं. १ का महिलाहरू मध्ये करिब १६ प्रतिशतले निजी क्षेत्रको स्वास्थ्य संस्था उपयोग गरेको अवस्था छ । जुन नेपालका कुल महिलाहरूमा १० प्रतिशत मात्र रहेको छ । प्रदेश नं. १ का केही न्यून प्रतिशत महिलाहरूले नेपाल बाहिर समेत गएर सुत्केरी गराएको अवस्था रहेको छ ।

**तालिका ६.१० सर्वेक्षणदेखि पाँच वर्ष अवधिमा भएको पछिल्लो सन्तान जन्माउदा प्रसूति गराएको स्थान**

**(प्रतिशतमा)**

| स्थान | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| सरकारी क्षेत्रको स्वास्थ्य संस्था | ४०.७ | ४३.१ |
| निजी क्षेत्रको स्वास्थ्य संस्था | १५.६ | १०.२ |
| गैर सरकारी क्षेत्रको स्वास्थ्य संस्था | २.५ | ०.६ |
| नेपाल बाहिरको स्वास्थ्य संस्था | ३.४ | ३.४ |
| घरमै प्रसूति गराउने | ३६.५ | ४१.४ |
| स्वास्थ्य संस्थामा सुत्केरी गराउने जम्मा | ६२.२ | ५७.४ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

### ६.२.४ स्वास्थ्य संस्थामा सुत्केरी नगराउनुको कारण

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ मा स्वास्थ्य संस्थामा गई वच्चा नजन्माउने महिलाहरूलाई स्वास्थ्य संस्थामा गई सुत्केरी नगराउनुको कारण समेत सोधिएको थियो । उक्त प्रतिवेदनका अनुसार प्रदेश नं. १ मा 'आवश्यक नपरेकोले' स्वास्थ्य संस्थामा गई सुत्केरी नगराएको भन्ने महिलाहरूको संख्या अत्याधिक (६१%) रहेको छ । त्यसैगरी अस्पताल जाने क्रममा बाटोमै बच्चा जन्म भएको थियो भन्ने महिलाहरू प्रदेश नं. १ तथा नेपालमा समेत बराबरीको हाराहारीमा रहेका छन् । प्रदेश नं. १ का करिब १४ प्रतिशत महिलाहरूले तेस्रो महत्त्वपूर्ण कारणको रूपमा संस्था टाढा भएको तथा यातायातको साधन नभएको बताए, जुन नेपालमा १७ प्रतिशतले उल्लेख गरेको कारण हो ।

**तालिका ६.११ सर्वेक्षणदेखि पाँच वर्ष अवधिमा भएको पछिल्लो सन्तान जन्माउदा प्रसूति गराउन स्वास्थ्य संस्था नजानुका कारण**

| प्रसूति गराउन स्वास्थ्य संस्था कारण | उत्तरदाताको प्रतिशत | |
|---|---|---|
| | प्रदेश नं. १ | नेपाल |
| खर्च बढी लाग्ने | १.९ | २.० |
| सुविधा नभएकोले | १.० | १.६ |
| निकै टाढा /यातायातको साधन नभएकोले | १३.८ | १७.० |
| सुविधामा विश्वास नलागेर | १.६ | १.२ |
| महिला सेवा प्रदायक नभएकोले | ०.७ | ०.८ |
| श्रीमान/परिवार बाट सहयोग नभएकोले | १.१ | ३.० |
| आवश्यक नपरेकोले | ६१.२ | ५६.३ |
| हाम्रोमा प्रचलनमा नरहेकोले | ५.७ | ७.३ |
| अस्पताल जाने क्रममा बाटोमै बच्चा भएकोले | १९.१ | १८.१ |
| अन्य | ३.५ | ४.७ |

*स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

### ६.२.५ प्रदेश नं. १ मा रहेका स्वास्थ्य संस्थाको स्थिति

प्रदेश नं. १ मा ३ वटा शिक्षण अस्पताल सञ्चालनमा रहेका छन् र अरू थप पनि सञ्चालनको तयारीमा जुटेका छन् । त्यसैगरी, प्रदेश नं. १ मा १८ वटा सरकारी अस्पताल रहेका छन् । यस प्रदेशमा रहेका सबै १४ जिल्लाहरूमा कम्तीमा १ सरकारी अस्पताल रहेको अवस्था छ । त्यसैगरी नेपालमा जम्मा १९८ वटा प्राथमिक स्वास्थ्य केन्द्र (Primary Health Care Centre) रहेकोमा यस प्रदेशमा ४० वटा रहेका छन् । यसैगरी नेपालमा रहेको ३,८०८ वटा स्वास्थ्य चौकी (Health Post) मध्ये यस प्रदेशमा ६४८ वटा स्थापना भएका छन् ।

यस प्रदेशका झापा, मोरङ तथा सुनसरी जिल्लाहरूमा क्रमशः ३२, ३७ र १८ वटा non-public स्वास्थ्य संस्था रहेको तथ्याङ्कले देखाउँदछ भने यस प्रदेश नं. १ मा १३६ वटा उक्त संस्थाहरूको उपस्थिति समेत देखिन्छ । यस प्रदेशका प्राय: सबै जिल्लामा शहरी स्वास्थ्य केन्द्र (Urban Health Centre-UHC) तथा सामुदायिक स्वास्थ्य एकाइ (Community Health Unit-CHU) को समेत उपस्थिति रहेको छ । मोरङ, तेह्रथुम, ओखलढुङ्गा तथा उदयपुर जिल्ला बाहेक अन्य जिल्लाहरूमा CHU को स्थापना भएका छन् ।

**तालिका ६.१२ प्रदेश नं. १ मा रहेका स्वास्थ्य संस्थाको स्थिति**

| जिल्लाहरू | स्वास्थ्य संस्थाहरू | | | | | | जम्मा# |
|---|---|---|---|---|---|---|---|
| | अस्पताल | प्रा.स्वा.के. | हे.पो. | शहरी स्वास्थ्य केन्द्र | सामुदायिक स्वास्थ्य एकाइ | निजी स्वास्थ्य संस्था | |
| ताप्लेजुङ | १ | २ | ५० | २ | ११ | ५ | ७१ |
| पाँचथर | १ | २ | ४० | १ | ९ | ४ | ५७ |
| इलाम | १ | ४ | ४४ | २ | ४ | ३ | ५९ |
| झापा | १ | ६ | ४४ | ७ | २ | ३२ | ९३ |
| मोरङ | ३ | ६ | ६० | ८ | ० | ३७ | ११७ |
| सुनसरी | २ | ५ | ४७ | ८ | २ | १८ | ८३ |
| धनकुटा | १ | २ | ३५ | ३ | ६ | ९ | ५७ |

| जिल्लाहरू | स्वास्थ्य संस्थाहरू | | | | | | जम्मा# |
|---|---|---|---|---|---|---|---|
| | अस्पताल | प्रा.स्वा.के. | हे.पो. | शहरी स्वास्थ्य केन्द्र | सामुदायिक स्वास्थ्य एकाइ | निजी स्वास्थ्य संस्था | |
| तेह्रथुम | १ | २ | २९ | १ | ० | १ | ३४ |
| संखुवासभा | १ | २ | ३६ | ८ | ८ | ८ | ६३ |
| भोजपुर | १ | ३ | ६० | २ | २ | ५ | ७४ |
| सोलुखुम्बु | १ | २ | ३२ | ० | २ | ३ | ४१ |
| ओखलढुङ्गा | १ | १ | ५४ | ० | ० | ३ | ५९ |
| खोटाङ | १ | २ | ७३ | ४ | ३ | २ | ८५ |
| उदयपुर | २ | १ | ४४ | ६ | ० | ६ | ५९ |
| प्रदेश नं. १ | १८ | ४० | ६४८ | ५२ | ४९ | १३६ | ९५२ |
| नेपाल | १२५ | १९८ | ३८०८ | ३७४ | २९९ | २०७१ | ६९३४ |

*स्रोत: केन्द्रिय तथ्याङ्क विभाग*

*नोट: #यसले public and non-public दुबैको संख्या देखाउँछ । Row total मा नपुग संख्याले अन्य स्वास्थ्य सुविधाको संख्या बुझिन्छ ।*

तालिकामा उल्लिखित स्वास्थ्य संस्थाहरू मध्ये धरान स्थित बि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल, नोवेल मेडिकल कलेज, विराट मेडिकल कलेज तथा बिर्तामोड स्थित बि एण्ड सी मेडिकल कलेज यस प्रदेशमा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख संस्थाहरू हुन् । खासगरी बि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल र नोवेल मेडिकल कलेजमा विभिन्न मेडिकल विधाका विशेष उपचार सेवाहरू उपलब्ध छन् ।

## ६.३ महिला

लैङ्गिक समानता तथा महिला सशक्तिकरण मानव अधिकार तथा दिगो विकासको एक महत्त्वपूर्ण पक्ष हो । संविधानले महिलाको आर्थिक, सामाजिक विकास र सशक्तिकरण मौलिक हकको रूपमा प्रत्याभूत गर्दै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको छ । तसर्थ यस खण्डमा महिला शिक्षा, महिला श्रम, महिला हिंसा, महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा सहभागिता लगायत लैङ्गिक समानतासँग सम्बन्धित विभिन्न सूचकहरूको विवरण प्रस्तुत गरिएको छ । समग्रमा यस प्रदेशमा लैङ्गिक विकास सूचकाङ्क ०.९२५ छ भने लैङ्गिक सशक्तिकरण सूचकाङ्क ०.५७ र लैङ्गिक असमानता न्यूनीकरण सूचकाङ्क ०.३८ रहेको छ ।

### ६.३.१ महिलाको शैक्षिक अवस्था र पहुँच

यस प्रदेशमा महिलाको जनसंख्या कुल जनसंख्याको ५२.२ प्रतिशत (२३ लाख ६८ हजार ४ सय ०७) रहेको छ भने लैङ्गिक अनुपात ९१.५ रहेको छ । प्रदेश नं. १ मा महिलाको शैक्षिक अवस्था नेपालको औसतभन्दा केही राम्रो देखिन्छ तर अझैपनि ३४.१ प्रतिशत महिलाहरू निरक्षर रहेको तथ्याङ्कले देखाएको छ । नेपालमा औसत ५७.४ प्रतिशत महिला साक्षर रहेकोमा यस प्रदेशमा ६३.९ प्रतिशत साक्षर रहेका छन् भने महिला र पुरुष बिचको साक्षरता दरमा १५.४ प्रतिशत बिन्दुको फरक रहेको छ ।

**तालिका ६.१३ महिला साक्षरता दर (%)**

| लिङ्ग | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| महिला | ६३.९ | ५७.४ |
| पुरुष | ७९.३ | ७५.१ |
| जम्मा | ७१.२ | ६५.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग*

अझ गहिरिएर हेर्दा १५-४९ वर्षका ६.३ प्रतिशत महिलाले प्राथमिक तह उत्तीर्ण गरेका छन् भने १२.४ प्रतिशतले माध्यमिक तह पार गरेका छन् । त्यसैगरी १४.६ प्रतिशतले उच्चशिक्षा अध्ययन गरेका छन् भने २५.६ प्रतिशत महिलाले कुनै शिक्षा पाएका छैनन् । जिल्लागत रूपमा पाँच वर्ष र सो भन्दा माथिका महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा सोलुखुम्बु र ओखलढुङ्गामा सबभन्दा बढी ४१.२ प्रतिशत निरक्षर रहेका छन् भने इलाममा सबभन्दा कम २५.५ प्रतिशत निरक्षर रहेका छन् । अन्य छवटा जिल्लाहरूमा महिला निरक्षरता दर प्रदेशको औसत भन्दा कम छ ।

**तालिका ६.१४ पाँच वर्ष र माथिका निरक्षर महिलाको प्रतिशत**

| जिल्ला | प्रतिशत |
|---|---|
| ताप्लेजुङ | ३३.१ |
| पाँचथर | ३१.० |
| इलाम | २५.५ |
| झापा | २९.६ |
| मोरङ | ३४.८ |
| सुनसरी | ३७.४ |
| धनकुटा | ३०.५ |
| तेह्रथुम | ३०.८ |
| संखुवासभा | ३४.९ |
| भोजपुर | ३६.१ |
| सोलुखुम्बु | ४१.२ |
| ओखलढुङ्गा | ४१.२ |
| खोटाङ | ३५.५ |
| उदयपुर | ३५.९ |
| जम्मा प्रदेश नं. १ | ३४.१ |

*स्रोतः Central Bureau of Statistics, 2012, Nepal Population and Housing Census 2011, pp 228-229*

काम गर्ने उमेर समूहका महिलाको शैक्षिक अवस्था विश्लेषण गर्दा नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ अनुसार लगभग ८ लाख ५७ हजार महिला हालसम्म विद्यालय गएको देखिँदैन भने हाल विद्यालय गइरहेका महिलाहरूको संख्या २ लाख २० हजार हाराहारीमा रहेको छ । विगतमा कुनै समय विद्यालय गएकाहरूको संख्या भने ८ लाख ८० हजारको हाराहारी छ । उमेर समूह अनुसार हेर्दा हालसम्म विद्यालय नगएका महिलामा १५-२४ वर्षका महिलाहरू जम्मा करिब २४,००० देखिन्छन् भने स्वाभाविक रूपले ६४ वर्षभन्दा माथिका महिला सबभन्दा बढी रहेका छन् ।

**तालिका ६.१५ काम गर्ने उमेरका महिलाहरूको विद्यालय जाने संख्या (School Attendance): हजारमा**

| विद्यालय जानेको स्थिति | उमेर समूह | | | जम्मा |
|---|---|---|---|---|
| | १५-२४ वर्ष | २५-६४ वर्ष | ६५ वर्ष र माथि | |
| हालसम्म विद्यालय नगएका | २४ | ६५३ | १८० | ८५७ |
| हाल विद्यालयमा रहेका | २०३ | १७ | ० | २२० |
| विगतमा विद्यालय गएका | २७५ | ५९८ | ७ | ८८० |

*स्रोतः NLFS, 2017/18*

### ६.३.२ स्वास्थ्य अवस्था र प्रजनन स्वास्थ्य

यस प्रदेशको कुल प्रजनन दर २.३ प्रति महिला रहेको छ जुन नेपालको कुल प्रजनन दरसँग बराबर देखिन्छ (MoH, New Era and ICF, 2016)। परिवार नियोजनका साधनको (सबै किसिमका साधन) प्रयोग दर यस प्रदेशमा ५५.१ प्रतिशत रहेको छ भने नेपालको हकमा ५२.६ प्रतिशत रहेको छ जसमध्ये यस प्रदेशमा आधुनिक साधनको प्रयोग गर्ने महिला ४० प्रतिशत रहेका छन् भने नेपालमा ४३ प्रतिशत रहेका छन् (MICS, 2014) । त्यस्तै परिवार नियोजनका साधन पूरा नभएको माग (Unmet need) यस प्रदेशको हकमा २४.९ प्रतिशत रहेको छ भने नेपालको हकमा २३.७ प्रतिशत रहेको छ (MICS, 2014) । सोही तथ्याङ्क अनुसार ३२.५ प्रतिशत विवाहित महिलाका श्रीमान घरभन्दा बाहिर रहेको देखिएको छ ।

**तालिका ६.१६ परिवार नियोजनका साधनको प्रयोग गर्नेको संख्या (२०७३/७४)**

| प्रकार | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| स्थायी साधन (महिला र पुरुष दुवै) | ५,९८९ | ३०,२३३ |
| कन्डम | २६,७९९ | २,२१,३११ |
| पिल्स | २३,०९४ | १,४२,७२६ |
| डिपो | ४५,७५२ | २,७९,२०९ |
| आईयूडी | ३,९९८ | ३४,०२८ |
| इम्प्लान्ट | १७,७४६ | ९५,६०५ |
| जम्मा | १,२३,३७८ | ८,०३,११२ |

*स्रोतः स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, टेकु, काठमाडौं (उल्लेखः केन्द्रिय तथ्याङ्क विभाग, २०७५)*

स्वास्थ्य सेवा विभागका अनुसार आ.व. २०७३/७४ मा प्रदेश नं. १ मा मात्र जम्मा १ लाख २३ हजार ३ सय ७८ महिलाले विभिन्न किसिमका परिवार नियोजनका साधनहरूको प्रयोग गरेको देखिएको छ जसमध्ये २६ हजार ७ सय ९९ महिलाका श्रीमानले कन्डम प्रयोग गर्ने गरेको देखिएको छ । आईयूडीको सबभन्दा कम प्रयोग भएको छ भने सबभन्दा बढी महिलाले डिपो प्रयोग गरेको अवस्था छ । स्थायी साधन (महिला र पुरुष दुवै) प्रयोग गर्नेहरू पनि जम्मा ५,९८९ जना मात्र देखिन्छन् ।

### ६.३.३ महिलाको रोजगारीको स्थिति र पहुँच

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ का अनुसार यस प्रदेशमा १५-४९ उमेरका ५९.१ प्रतिशत महिलाहरू रोजगार देखिन्छन् जसमा ७२.५ प्रतिशत महिलाले कृषिमा रोजगार पाएका छ भने २.५ प्रतिशतले शारीरिक श्रम लाग्ने अदक्ष पेशा अपनाएका छन् । केवल ४.२ प्रतिशत महिलामात्र शारीरिक श्रम लाग्ने दक्ष पेशामा रहेका छन् भने ५.३ प्रतिशत प्रजनन उमेरका महिला पेशागत/प्राविधिक/व्यवस्थापकीय पेशामा

आबद्ध छन् । त्यसैगरी २.८ प्रतिशत महिला प्रशासनिक पेशामा रहेका छन् भने १२.४ प्रतिशत महिला बिक्री तथा सेवा क्षेत्रमा संलग्न छन् । नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ का अनुसार यस प्रदेशमा करिब ४४ लाख २ हजार महिला रोजगारीमा छन् भने ६० हजार बेरोजगार देखिन्छन् । श्रमशक्ति बाहिर रहेको महिला जनसंख्या भने ठूलो देखिन्छ ।

**तालिका ६.१७ तालिका प्रदेश नं. १ मा महिला रोजगारीको अवस्था** (हजारमा)

| प्रकार | शहर | गाउँ | जम्मा |
|---|---|---|---|
| १५ वर्ष र माथिको जनसंख्या | ११९७ | ७६० | १९५७ |
| श्रमशक्ति | ३४१ | १६१ | ५०२ |
| रोजगार | २९४ | १४८ | ४४२ |
| बेरोजगार | ४७ | १३ | ६० |
| श्रमशक्ति बाहिर | ८५६ | ५९९ | १४५६ |
| दर (प्रतिशत) | | | |
| बेरोजगार दर | १३.९ | ७.८ | ११.९ |
| रोजगार दर/जनसंख्याको अनुपात | २४.५ | १९.५ | २२.६ |
| श्रमशक्तिमा सहभागी दर | २८.५ | २१.२ | २५.६ |

स्रोतः *NLFS, 2017/18*

सोही सर्वेक्षणका अनुसार यस प्रदेशमा महिला बेरोजगार दर ११.९ प्रतिशत छ भने महिलाको श्रमशक्तिमा सहभागी हुने दर २५.६ प्रतिशत मात्र रहेको छ । जनसंख्याको अनुपातमा रोजगार दर चाहिँ २२.६ प्रतिशत रहेको छ तर यी सबै सूचकहरूमा ग्रामीण क्षेत्रका महिला केही पछाडी रहेको देखिन्छ । उमेर समूहको आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी ३५-३९ उमेर समूहका महिला रोजगारीमा रहेका छन् भने २०-२४ वर्षका महिलाहरू बढी बेरोजगार रहेका छन् ।

**तालिका ६.१८ प्रदेश नं. १ मा उमेर समूह अनुसार महिला रोजगारीको अवस्था** (हजारमा)

| उमेर समूह | रोजगार | बेरोजगार | श्रमशक्ति बाहिर | जम्मा |
|---|---|---|---|---|
| प्रदेश नं. १ (१५+) | ४४२ | ६० | १४५६ | १९५७ |
| १५-१९ | २९ | ११ | २०० | २३९ |
| २०-२४ | ५३ | १६ | १९४ | २६३ |
| २५-२९ | ५८ | १५ | १४९ | २०२ |
| ३०-३४ | ६२ | ७ | १२१ | १९० |
| ३५-३९ | ६४ | ३ | १०७ | १७५ |
| ४०-४४ | ४८ | २ | ८७ | १३७ |
| ४५-४९ | ४८ | २ | १३८ | १८९ |
| ५०-५४ | ३० | २ | १०३ | १३६ |
| ५५-५९ | २२ | १ | १०० | १२३ |
| ६०-६४ | १६ | - | ८२ | ९८ |
| ६५ र माथि | ११ | - | १७५ | १८६ |

स्रोतः *NLFS, 2017/18*

अझैपनि श्रमशक्ति बाहिर रहेको महिलाको संख्या अधिक छ । रोजगारीमा रहेका महिलाहरूको तीन गुणाभन्दा बढी महिला अझै श्रमशक्ति बाहिर रहेका छन् । ५९ वर्षमाथिका महिला बुढ्यौलीको कारण श्रमशक्ति बाहिर हुनु स्वाभाविक भएतापनि काम गर्ने उमेरका महिलाको ठूलो हिस्सा श्रमशक्ति बाहिर रहनु प्रदेशको लागि भने राम्रो संकेत होइन ।

**तालिका ६.१९ शैक्षिक स्थिति अनुसार महिला रोजगारीको अवस्था (हजारमा)**

| शिक्षा | रोजगार | बेरोजगार | श्रमशक्ति बाहिर | जम्मा |
|---|---|---|---|---|
| समग्र प्रदेश नं. १ | ४४२ | ६० | १४५६ | १९५७ |
| निरक्षर | १५७ | ८ | ६४४ | ८०९ |
| बाल शिक्षा | १ | ० | १ | २ |
| साक्षर (अनौपचारिक) | १४ | ० | ४६ | ६१ |
| आधारभूतभन्दा कम | ७४ | ११ | २८१ | ३६७ |
| आधारभूत | ३३ | २ | ७६ | ११० |
| माध्यामिक भन्दा कम | १०३ | २० | ३२३ | ४४५ |
| माध्यमिक | ४० | १४ | ६५ | ११९ |
| माध्यामिकभन्दा माथि | १९ | ४ | २० | ४४ |

स्रोत: *NLFS, 2017/18*

काम गर्ने उमेर समूहका महिलाको ठूलो हिस्सा शहर केन्द्रित रहेको छ जसले गर्दा ग्रामीण क्षेत्रमा श्रम शक्तिको अभाव हुन जाने तथा आर्थिक रूपले परनिर्भर जनसंख्याको अनुपातमा वृद्धि हुने देखिन्छ । समग्र नेपालमा काम गर्ने उमेरका महिलामध्ये ६३.६ प्रतिशत शहरमा बसोबास गर्दछन् भने यस प्रदेशको हकमा काम गर्ने उमेरका महिलामध्ये ६१.२ प्रतिशत शहरी क्षेत्रमा बसोबास गर्दछन् ।

**चित्र ६.४ शहर तथा गाउँमा काम गर्ने उमेरका महिलाको वितरण (प्रतिशतमा)**




स्रोत: *NLFS, 2017/18*

उमेर तथा क्षेत्रको आधारमा हेर्दा सबभन्दा धेरै २५-३९ वर्षका महिला शहरमा रोजगारमा रहेका छन् भने गाउँमा जम्मा ६३ हजार देखिन्छन् । समग्र प्रदेशमा ६० वर्ष र माथिका २७ हजार महिला रोजगारीमा रहेका छन् । त्यस्तै १५-२४ वर्षका ८२,००० रोजगार महिलामध्ये ५५ हजार शहरमा र २७ हजार गाउँमा रहेका छन् ।

**तालिका ६.२० उमेर तथा बसोबास क्षेत्रको आधारमा महिला रोजगारीको अवस्था (हजारमा)**

| उमेर समूह | शहर | गाउँ | प्रदेश नं. १ |
|---|---|---|---|
| १५-२४ | ५५ | २७ | ८२ |
| २५-३९ | १२२ | ६३ | १८५ |
| ४०-५९ | ९८ | ५० | १४८ |
| ६० र माथि | १८ | ९ | २७ |
| जम्मा | २९४ | १४८ | ४४२ |

स्रोत: *NLFS, 2017/18*

### ६.३.४ वैदेशिक रोजगारीमा महिला

विगत केही वर्षदेखि महिलाहरू खाडी लगायतका देशहरूमा रोजगारीमा जाने प्रचलन बढेर गएको छ । यस प्रदेशबाट पनि वैदेशिक रोजगारीमा जाने महिलाको संख्या उल्लेखनीय रहेको छ जुन कुरा विभिन्न आर्थिक वर्षमा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने महिलाको संख्याले बताउँदछ । सन् २०१६-१७ मा यस प्रदेशबाट संस्थागत र व्यक्तिगत दुवै गरेर जम्मा ६,४८२ महिलाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ । यो संख्या समग्र नेपालबाट श्रम स्वीकृति लिने महिलाको ३४ प्रतिशत हो । संस्थागत अर्थात् मेनपावर कम्पनीहरू मार्फत श्रम स्वीकृति लिने महिलाहरू व्यक्तिगत रूपले श्रम स्वीकृति लिने भन्दा तुलनात्मक रूपले धेरै रहेका छन् । जम्मा १४ प्रतिशत महिलाले मात्र व्यक्तिगत रूपले श्रम स्वीकृति लिएको देखिन्छ ।

**तालिका ६.२१ सन् २०१६/१७ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने महिलाको सङ्ख्या**

| जिल्ला | श्रम स्वीकृति लिने (व्यक्तिगत निवेदक बाहेक) | व्यक्तिगत रूपमा श्रम स्वीकृति लिने | जम्मा |
|---|---|---|---|
| मोरङ | ८०७ | १८९ | ९९६ |
| खोटाङ | २८७ | ४३ | ३३० |
| झापा | १,४५० | २६४ | १,७१४ |
| सुनसरी | ५०६ | १२२ | ६२८ |
| संखुवासभा | १८३ | ३४ | २१७ |
| धनकुटा | २३६ | २८ | २६४ |
| इलाम | ६६२ | ५२ | ७१४ |
| उदयपुर | ३७४ | ४९ | ४२३ |
| भोजपुर | २९० | ३६ | ३२६ |
| पाँचथर | ३३४ | ४५ | ३७९ |
| ओखलढुङ्गा | १९१ | ३० | २२१ |
| ताप्लेजुङ | १३७ | १४ | १५१ |
| तेह्रथुम | १०७ | १६ | १२३ |
| सोलुखुम्बु | ३१३ | ४२ | ३५६ |
| प्रदेश नं. १ | ५,८७७ (३५.३%) | ९६४ (२७.८%) | ६,८४२ (३४%) |
| नेपाल | १६,६४३ (१००%) | ३,४६२ (१००%) | २०,१०५ (१००%) |

स्रोत: *Labour Migration for Employment: A Status Report 2015/2016-2016/2017, pp. 71-73 & 78-79; Ministry of labour and Employment, 2018*

यसै तथ्याङ्कलाई जिल्लागत रूपमा विश्लेषण गर्दा सबभन्दा बढी झापा जिल्लाबाट (१७१४ जना) र तेह्रथुमबाट सबभन्दा कम (१२३ जना) महिला ले श्रम स्वीकृति लिएको *अवस्था छ* । यस प्रदेशबाट व्यक्तिगत रूपले स्वीकृति लिनेहरू नेपालको तुलनामा २७.८ प्रतिशत रहेका छन् भने संस्थागत रूपले लिनेहरू ३५.३ प्रतिशत रहेका छन् । श्रम स्वीकृति लिने सबै महिला वैदेशिक रोजगारीमा जान्छन् नै भन्ने निश्चित नभएतापनि यो तथ्याङ्कले वैदेशिक रोजगारीमा यस प्रदेशको महिला उपस्थितिलाई चित्रण चाहिँ गर्दछ ।

### ६.३.५ बसाइँसराइ

श्रमशक्ति सर्वेक्षण २०१७/१८ का अनुसार प्रदेश नं. १ मा महिलाको बसाइँसराइ दर ४९.५ प्रतिशत रहेको छ जसको अर्थ करिब कुल जनसंख्याको आधा महिलाहरू आफू जन्मेको ठाउँभन्दा फरक ठाउँमा बसोबास गरिरहेका छन् । यो तथ्याङ्कले प्रदेशभित्र एक ठाउँबाट अर्को ठाउँमा हुने बसाइँसराइलाई समेत समेट्दछ भने विगत १० वर्षमा प्रदेशबाहिर बसाइँ सर्ने १५-४९ वर्षका महिलाहरू २०.४ प्रतिशत रहेका छन् जसमध्ये ८४.४ प्रतिशत नेपालभित्र, ६.८ प्रतिशत भारत र ८.६ प्रतिशत अन्य देशमा बसाइँ सरेका छन् ।

### ६.३.६ भेदभाव, छुवाछूत तथा महिला विरुद्ध हिंसा

समग्र नेपालमै महिला हिंसा एक प्रमुख चुनौतीको रूपमा अगाडी आएको छ । महिला हिंसा विरुद्धको चेतनामा तुलनात्मक रूपले विगतमा भन्दा सुधार भएको भएतापनि बलात्कार, दम्पती हिंसा, घरेलु हिंसा लगायतका घटनाक्रमहरू घटिरहेका छन् । प्रदेश नं. १ जातीय, धार्मिक, सांस्कृतिक तथा आर्थिक हिसाबले पनि विविधतायुक्त भएकोले महिला हिंसाको सन्दर्भमा त्यतिकै संवेदनशील देखिन्छ । उदाहरणको लागि, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार यस प्रदेशमा दम्पती हिंसा २२ प्रतिशत रहेको देखिन्छ (MoH, New Era and ICF, 2016 p.343) । त्यसैगरी प्रजनन उमेरका महिलाहरूलाई हेर्दा १८.९ प्रतिशत महिलाले १५ वर्षको उमेरदेखि कुनै न कुनै किसिमको शारीरिक हिंसाको शिकार भएको पाइन्छ जुन समग्र नेपालको हकमा २१.८ प्रतिशत रहेको छ ।

**तालिका ६.२२ शारीरिक हिंसा भोगेका १५–४९ वर्षका महिला (प्रतिशत)**

| हिंसा | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| १५ वर्षको उमेरदेखि हालसम्ममा कुनै न कुनै समयमा शारीरिक हिंसा भोगेको | १८.९ | २१.८ |
| पछिल्लो १२ महिनामा शारीरिक हिंसा भोगेको | | |
| प्रायजसो | १.७ | १.३ |
| कहिलेकाहीँ | ५.४ | ७.८ |
| प्रायजसो वा कहिलेकाहीँ | ७.० | ९.१ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

यस प्रदेशमा महिला विरुद्धको हिंसाको एक महत्त्वपूर्ण अंशको रूपमा रहेको यौनिक हिंसा भोगेका महिलाहरू ६.३ प्रतिशत रहेका छन् भने सर्वेक्षण मिति भन्दा ठीक एक वर्ष अघिको अवधिमा यौनिक हिंसा भोगेका महिलाहरू २.६ प्रतिशत रहेका देखिन्छन् । यी दुवै प्रतिशत समग्र नेपालको भन्दा थोरै कम हो ।

**तालिका ६.२३ यौनिक हिंसा भोगेका १५-४९ वर्षका महिला (प्रतिशत)**

| | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| हालसम्म कुनै न कुनै समयमा यौनिक हिंसा भोगेको | ६.३ | ६.९ |
| पछिल्लो १२ महिनामा यौनिक हिंसा भोगेको | २.६ | ३.३ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

जुनसुकै अवस्थामा पनि महिलाहरू हिंसाको शिकार हुन सक्ने सम्भावना रहन्छ । अझ गर्भवती अवस्थामा महिलामाथि हुने हिंसाले त महिलाको जीवनलाई गम्भीर असर पार्दछ । गर्भवती अवस्थामा हुने हिंसाको सवालमा यस प्रदेशको अवस्था नेपालको भन्दा तुलनात्मक रूपले अलि राम्रो देखिएता पनि चित्तबुझ्दो भने छैन किनभने गर्भवती अवस्थामा हिंसा भोगेका महिला प्रदेश नं. १ मा ४.२ प्रतिशत रहेका छन् भने नेपालको हकमा ५.८ प्रतिशत देखिन्छन् । अर्कोतर्फ, प्रजनन उमेर समूहका २७.५ प्रतिशत महिलाले श्रीमानद्वारा श्रीमतीमाथि हुने कुटपिटलाई स्वाभाविक रूपमा लिएको देखिन्छ जुन महिला सचेतनाको दृष्टिकोणबाट सन्तोषजनक होइन । यस किसिमको बुझाइले परम्परादेखि चली आएका महिलाविरुद्धको रूढिवाद (stereotyping) लाई थप संस्थागत गर्न मद्दत पुग्नुका साथै महिलामाथि हुने दम्पती हिंसालाई बढावा दिन्छ ।

**तालिका ६.२४ दम्पती हिंसा भोग्ने महिला र हिंसाका प्रकार (प्रतिशत)**

| हिंसा को प्रकार | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| भावनात्मक हिंसा | ९.४ | १२.३ |
| शारीरिक हिंसा | १९.० | २२.८ |
| यौनिक हिंसा | ६.३ | ७.० |
| शारीरिक र यौनिक हिंसा | ४.९ | ५.६ |
| शारीरिक, यौनिक र भावनात्मक हिंसा | ३.५ | ३.९ |
| शारीरिक वा यौनिक हिंसा | २०.४ | २४.३ |
| शारीरिक, यौनिक वा भावनात्मक हिंसा | २१.६ | २६.३ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६, p. 355*

दम्पती हिंसा कै प्रकारलाई हेर्दा शारीरिक हिंसा पीडित महिलाको संख्या अधिक रहेको छ भने एकभन्दा बढी प्रकारका हिंसाको शिकार हुने महिला अझ बढी छन् । यो तथ्याङ्क समग्र नेपालको तुलनामा थोरै सुधारात्मक देखिएता पनि सन्तोषजनक भने होइन । भावनात्मक हिंसा भोगेका ९.४ प्रतिशत महिलाहरूपनि फरक-फरक स्वरूपका हिंसा भोगेको अवस्था छ जसमा अधिकांशलाई पर्याप्त खाना नदिने तथा बिरामी पर्दा हेरचाह नगर्ने गरेको पाइन्छ । छोरा नजन्माएको कारण हिंसा भोग्ने नै २.९ प्रतिशत रहेका छन् भने परिवार नियोजनको साधन प्रयोग गरे बापत समेत १.५ प्रतिशत महिलाले भावनात्मक हिंसाको शिकार हुनु परेको छ ।

**तालिका ६.२५ भावनात्मक हिंसाका स्वरूपहरू र पीडित महिला (प्रतिशत)**

| हिंसा का स्वरूप | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| पर्याप्त खाना नदिने | ६.९ | ६.७ |
| बिरामी पर्दा हेरचाह नगर्ने | ६.२ | ८.३ |
| गर्भपतनको लागि दबाब दिने | १.१ | १.२ |
| पारपाचुकेको डर देखाउने | ४.८ | ५.७ |
| पारपाचुके गर्न दबाब दिने | ४.३ | ५.० |
| छोरा नजन्माएको आरोप | २.९ | ३.६ |
| परिवार नियोजनको साधन प्रयोग गरे बापत | १.५ | १.१ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६; p. 361*

हिंसा पीडित महिलाहरूले आफूमाथि हुने हिंसा रोक्नका लागि कुनै सहयोग खोजे वा खोजेनन् भन्ने कुराले उनीहरू कति सचेत छन् भन्ने संकेत गर्छ । यस प्रदेशको हकमा लगभग एक तिहाइ हिंसा पीडित महिलाले आफूमाथि हुने हिंसा रोक्नका लागि अरूसँग सहयोग माग्ने गरेको देखिन्छ तर आफूमाथिको हिंसा चुपचाप सहने महिला अत्यधिक (५८.४%) देखिनुले महिला हिंसाको गाम्भीर्यतालाई प्रस्ट पार्छ ।

**चित्र ६.५ हिंसा रोक्नका लागि सहयोग माग्ने महिला (प्रतिशत)**




*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६; p. 362*

अझैपनि यस प्रदेशमा परम्पराका नाममा विभिन्न किसिमका रूढिवादी अभ्यासहरू (जस्तै बोक्सी, दाइजो, छुवाछूत, सामुदायिक बहिष्करण) कायम रहेका र त्यस्ता अभ्यासहरूलाई जरैदेखि उन्मूलन गर्न नसकिएको अवस्था छ । साथै अन्तरसमुदाय सद्भावका लागि ठोस पहल नभएकोले जातीय, धार्मिक, भाषिक, लैङ्गिक आदि आधारमा अपमानजनक व्यवहार गर्ने गरिएको भेटिन्छ ।

**तालिका ६.२६ महिनावारीको समयमा विभेद अनुभव गरेका १५-४९ उमेर समूहका महिला (प्रतिशत)**

| विभेदको किसिम | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| छाउपडी | ०.१ | २.९ |
| गोठमा बसेको | ०.१ | २.७ |
| फरक खाना दिएको | ५.८ | २.८ |
| विद्यालय/काम छोडेको | ३.७ | २.३ |

*स्रोतः MICS, 2014*

महिनावारी भएका महिलामाथि हुने छुवाछुत अझै पनि समस्याकै रूपमा रहेको अवस्था छ । सामाजिक चेतनाको अभाव तथा परम्परागत मूल्य मान्यताको कारण महिनावारी भएका महिलालाई अलग राख्ने, छोइछिटो बार्ने, फरक खानेकुरा दिने आदि अभ्यास विद्यमान देखिन्छन् ।

### ६.३.७ सम्पत्ति, सेवा र सुविधा माथिको पहुँच र नियन्त्रण

सम्पत्ति, सेवा र सुविधामा हुने पहुँच तथा नियन्त्रणले महिला सशक्तिकरणको अवस्थालाई उजागर गर्दछ । यी पक्षहरूमा महिलाको पहुँच तथा नियन्त्रण सुनिश्चित गर्न सके प्रदेशले दिगो तथा समतामूलक विकासको बाटो समात्न सक्छ । त्यति मात्र होइन यसले प्रदेशको समावेशी विकास प्रतिको प्रतिबद्धता समेत उजागर गर्दछ । जस्तै, घरमाथिको १५-४९ वर्षका महिलाको स्वामित्व हेर्दा जम्मा ९.३ प्रतिशत महिलाको मात्र एकल स्वामित्व छ भने ८८.८ प्रतिशत महिलाको घरमाथिको कुनै किसिमको स्वामित्व छैन । तैपनि घरमाथिको महिलाको स्वामित्वको अवस्था समग्र नेपालको भन्दा अलिक राम्रो देखिन्छ ।

**तालिका ६.२७ घरमाथिको स्वामित्व भएका १५-४९ उमेर समूहका महिला (प्रतिशत)**

| स्वामित्वको प्रकार | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| एक्लै | ९.३ | ६.७ |
| संयुक्त | १.१ | ०.६ |
| एक्लै र संयुक्त | ०.८ | ०.४ |
| स्वामित्व नभएको | ८८.८ | ९२.२ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

त्यसैगरी जग्गामाथि महिलाको स्वामित्वको कुरा गर्दा ८६.२ प्रतिशत महिलाको कुनैपनि किसिमको स्वामित्व देखिन्न भने जम्मा १२ प्रतिशतको मात्र एकल स्वामित्व देखिन्छ । जग्गामाथि संयुक्त स्वामित्व भएका महिला त अति न्यून ०.५ प्रतिशत छन् तर पनि समग्र नेपालको अवस्थाभन्दा थोरै राम्रो देखिन्छ ।

**तालिका ६.२८ जग्गामाथिको स्वामित्व भएका महिला (१५-४९) (प्रतिशत)**

| स्वामित्वको प्रकार | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| एक्लै | १२.९ | १०.० |
| संयुक्त | ०.५ | ०.९ |
| एक्लै र संयुक्त | ०.३ | ०.४ |
| स्वामित्व नभएको | ८६.२ | ८८.७ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

महिलासँग सम्बन्धित केही घरायसी सुविधाहरूको उपलब्धताको सन्दर्भमा पनि समग्र नेपालको भन्दा प्रदेशको अवस्था थोरै राम्रो देखिन्छ तथापी सन्तोषजनक भने छैन । उदाहरणको लागि जम्मा ७५.९ प्रतिशत महिलासँग मात्र खाना पकाउने ठोस इन्धन उपलब्ध छ । त्यसैगरी आधा घण्टाको दूरीमा पिउने पानीको स्रोत उपलब्ध भएका महिलाहरू केवल ३.३ प्रतिशत छन् भने २१.५ प्रतिशत महिला शौचालय बिहिन छन् तर पनि तथ्याङ्क नेपालको औसतभन्दा राम्रो देखिन्छ ।

**तालिका ६.२९ महिला (१५-४९) सँग सम्बन्धित केही घरायसी सुविधाहरूको उपलब्धता (प्रतिशत)**

| सुविधा | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| खाना पकाउने ठोस इन्धन | ७५.९ | ७४.४ |
| शुद्ध पिउने पानीको श्रोतहरू (३० मिनेट वा बढीको दूरीमा) | ३.३ | ४.५ |
| शौचालय नभएको | २१.५ | २६.३ |

*स्रोतः MICS, 2014*

महिला विकासका लागि अर्को महत्त्वपूर्ण पाटो भनेको महिलाहरूको सूचना तथा सञ्चारमा पहुँच पनि हो । यो सवालमा पनि यो प्रदेशको सूचकाङ्क नेपालको औसतभन्दा थोरै राम्रो देखिएता पनि अझैपनि धेरै महिला सूचना तथा सञ्चारको पहुँचबाट बाहिर रहेको अवस्था छ । तथ्यगतरूपमा हेर्नु पर्दा अखबार, रेडियो र टिभी तीन वटैमा पहुँच राख्ने महिला जम्मा १२.३ प्रतिशत देखिन्छन् भने अखबार पढ्ने १९ प्रतिशत, रेडियो सुन्ने ५०.५ प्रतिशत र टि.भी. हेर्ने ६१.६ प्रतिशत छन् । अखबार पढ्ने कुरा साक्षरतासँग जोडिएको हुनाले यसमा महिला उपस्थिति न्यून देखिन गएको हो ।

**तालिका ६.३० प्रमुख सञ्चार माध्यमसँग पहुँच राख्ने १५-४९ उमेरका महिला २०१४ (प्रतिशत)**

| कम्तीमा हप्ताको एक पटक सञ्चार माध्यममा पहुँच | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| अखबार पढेको | १९.० | १८.६ |
| रेडियो सुनेको | ५०.५ | ४१.३ |
| टिभी हेरेको | ६१.६ | ५६.९ |
| तीन वटै माथि पहुँच | १२.३ | ११.१ |

*स्रोतः MICS, 2014*

त्यसैगरी मोबाइल फोन, इन्टरनेट तथा कम्प्युटरको प्रयोग गर्ने महिलाको अवस्था नेपालको औसतभन्दा राम्रै देखिन्छ । लगभग ७५ प्रतिशत महिलासँग मोबाइल फोन छ भने २३.४ प्रतिशत महिलाले कम्प्युटर प्रयोग गरेका छन् । इन्टरनेटको प्रयोग गर्ने महिला पनि लगभग कम्प्युटर प्रयोग गर्ने जत्तिकै (२२.७%) छन् । यसको अर्थ कम्प्युटर प्रयोग गर्ने महिलाले इन्टरनेट पनि प्रयोग गर्ने सम्भावना देखिन्छ ।

**तालिका ६.३१ अन्य सञ्चार माध्यमसँग पहुँच राख्ने १५-४९ उमेरका महिला २०१४ (प्रतिशत)**

| विवरण | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| मोबाइल फोन भएको | ७३.९ | ६३.० |
| कम्प्युटर प्रयोग गरेको (गत १२ महिनामा) | २३.४ | २१.७ |
| इन्टरनेट प्रयोग गरेको (गत १२ महिनामा) | २२.७ | १९.६ |

*स्रोतः MICS, 2014*

मोबाइल माथिको पहुँचले सञ्चार माथिको पहुँचलाई सुनिश्चित गर्छ भने बैंक खाताको पहुँच महिला सशक्तिकरणको एउटा राम्रो सूचक हुनसक्छ । सन् २०१६ मा गरिएको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणको अनुसार यस प्रदेशमा ४३ प्रतिशत महिलाको बैंक खाता देखिन्छ जुन समग्र नेपालको भन्दा २.५ प्रतिशतले बढी छ । त्यसैगरी मोबाइल बोक्ने ७३.१ प्रतिशत महिलामध्ये ९.५ प्रतिशतले सो मोबाइल आर्थिक कारोबारका लागि पनि प्रयोग गर्ने गरेका छन् ।

**तालिका ६.३२ बैंक खाता र मोबाईल भएका १५-४९ वर्षका महिला (प्रतिशत)**

| विवरण | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| बैंक खाता प्रयोग गर्ने | ४३.० | ४०.५ |
| मोबाइल फोन भएका | ७३.१ | ७२.६ |
| आर्थिक कारोवारका लागि मोबाइल प्रयोग गर्ने | ९.५ | ९.० |

*स्रोतः DHS, 2016*

समावेशी र न्यायपूर्ण विकासका लागि महिलाहरूको निर्णय प्रक्रियामा सक्रिय सहभागिता हुनु अनिवार्य हो । निर्णय प्रक्रियामा हुने सहभागिता महिला सशक्तिकरणको मुख्य आधार भएकोले यो विषयमा प्रदेश बढी संवेदनशील हुनुपर्ने देखिन्छ । अझ खासगरी घरायसी मामिलामा महिलाको निर्णय क्षमताले उनीहरू आफ्नै घर-परिवारभित्र कति स्वायत्त छन् भन्ने कुरा देखिन्छ । जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को तथ्याङ्क हेर्दा घरायसी निर्णय प्रक्रियामा समग्र नेपालका भन्दा यस प्रदेशका महिलाहरू केही अगाडी देखिन्छन् । ६७.८ प्रतिशतले आफ्नो स्वास्थ्य सम्बन्धी, ५९.६ प्रतिशतले मुख्य घरायसी खरिद सम्बन्धी र ६८.१ प्रतिशत ले आफ्नो परिवार तथा नातागोतासँग भेटघाट सम्बन्धी निर्णयमा सहभागिता जनाएको देखिन्छ भने यी तीन वटै मामिलासँग सम्बन्धित निर्णय प्रक्रियामा ४७.० प्रतिशत महिला संलग्न छन् भने १७.९ प्रतिशत महिला चाहिँ सहभागी भएका देखिन्नन् ।

**तालिका ६.३३ घरायसी निर्णय प्रक्रियामा महिला सहभागिता (प्रतिशत)**

| निर्णयका प्रकार | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| १) आफ्नो स्वास्थ्य सम्बन्धी | ६७.८ | ५७.७ |
| २) मुख्य घरायसी खरिद सम्बन्धी | ५९.६ | ५३.० |
| ३) आफ्नो परिवार तथा नातागोतासँग भेटघाट सम्बन्धी | ६८.१ | ५५.६ |
| माथिका तीन वटैमा गर्ने | ४७.० | ३७.७ |
| माथिका तीन वटैमा नगर्ने | १७.९ | २७.५ |
| छोराछोरीको शिक्षा सम्बन्धी | ७०.७ | ६२.३ |
| पेवा सम्बन्धी | ७७.२ | ७६.४ |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

उल्लिखित सर्वेक्षणकै तथ्याङ्कलाई हेर्दा ७०.७ प्रतिशत महिलाले आफ्ना छोराछोरीको शिक्षासम्बन्धी निर्णय प्रक्रियामा सहभागिता जनाएको देखिन्छ भने ७७.२ प्रतिशत महिला आफ्नो पेवासम्बन्धी निर्णयमा संलग्न देखिन्छन् । श्रीमानसँगको यौनसम्बन्ध सम्बन्धी निर्णयको सवालमा आफूलाई इच्छा नभएको अवस्थामा ९२.८ प्रतिशत महिलाले श्रीमानसँग यौन सम्पर्क अस्वीकार गर्ने गरेको पाइन्छ भने ८६.१ प्रतिशत महिलाले श्रीमानलाई कन्डम प्रयोग गर्न आग्रह गर्ने गरेको देखिन्छ ।

**तालिका ६.३४ यौन सम्बन्धका लागि श्रीमानसँग समझदारी कायम गर्ने क्षमता (प्रतिशत)**

| समझदारी कायम गर्ने क्षमता | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| श्रीमानसँगको यौन सम्पर्क अस्वीकार गर्न सक्ने | ९२.८ | ९०.० |
| श्रीमानलाई कन्डम प्रयोग गर्न आग्रह गर्न सक्ने | ८६.१ | ८०.० |

*स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६*

### ६.३.८ सामुदायिक र राजनीतिक क्रियाकलापमा महिला सहभागिता र प्रतिनिधित्व

नेपालले सन् २०३० सम्ममा स्थानीय तहमा महिलाको प्रतिनिधित्व ४२ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । गत स्थानीय निर्वाचनको परिणामलाई हेर्ने हो भने यस प्रदेशमा कम्तीमा २३१४ महिला वडा सदस्यको रूपमा निर्वाचित भएका छन् जसमा ११५७ जना दलित महिला रहेका छन् । यो संख्या स्थानीय तहमा महिलाका लागि छुट्टाइएको कोटा अन्तर्गतको हो । कोटा बाहेक पनि ६४ जना महिला बडा प्रमुख र २६४ महिला बडा सदस्यका रूपमा निर्वाचित भएका छन् । त्यसरी हेर्दा यस प्रदेशमा स्थानीय तहमा जम्मा २,५४० महिला प्रतिनिधित्व भएको देखिन्छ ।

**चित्र ६.६ प्रत्यक्ष निर्वाचनद्वारा प्रदेश सभामा मनोनयन दर्ता गर्ने तथा निर्वाचित उम्मेदवार**




*स्रोतः प्रदेश सभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक*

प्रदेश सभाको लागि भएको प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी दिने महिलाको तथ्याङ्क हेर्दा अवस्था उत्साहजनक देखिँदैन । जम्मा ५६ सिटको लागि भएको निर्वाचनमा उम्मेदवारी कायम रहेका महिलाको संख्या जम्मा २७ छ भने पुरुषको ४४३ छ । यस मध्ये जम्मा २ जना महिला निर्वाचित भएका छन् । यसको मतलब राजनीतिक दलहरूमा महिला उम्मेदवार उठाउने उत्साहको कमी देखिन्छ ।

**तालिका ६.३५ प्रदेश सभा निर्वाचनमा मनोनयन दर्ता गर्ने उम्मेदवार**

| जिल्ला | अन्तिम उम्मेदवारको संख्या | | जम्मा निर्वाचन क्षेत्र |
|---|---|---|---|
| | महिला | पुरुष | |
| इलाम | २ | ३१ | ४ |
| उदयपुर | २ | २७ | ४ |
| ओखलढुङ्गा | १ | १२ | २ |
| खोटाङ | ० | ९ | २ |
| झापा | ४ | ८० | १० |
| ताप्लेजुङ | २ | १३ | २ |
| तेह्रथुम | १ | १६ | २ |
| धनकुटा | ० | १३ | २ |
| पाँचथर | ० | १६ | २ |
| भोजपुर | ० | १३ | २ |
| मोरङ | ८ | १०० | १२ |
| संखुवासभा | १ | १५ | २ |
| सुनसरी | ४ | ८९ | ८ |
| सोलुखुम्बु | २ | ९ | २ |
| जम्मा | २७ | ४५९ | ५६ |

*स्रोतः प्रदेश सभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक*

त्यसैगरी प्रदेश सभामा महिला प्रतिनिधित्व हेर्दा सो सभामा रहेको जम्मा संख्या ९३ मध्ये विभिन्न राजनीतिक दलहरू मार्फत प्रत्यक्ष निर्वाचनबाट २ जना र समानुपातिकबाट ३० जना गरी जम्मा ३२ जना महिला प्रदेश सभा सदस्य हुनुहुन्छ । समानुपातिक निर्वाचनको परिणामलाई अलग्याएर हेर्ने हो भने महिला प्रतिनिधित्व दयनीय देखिन्छ । कानूनतः बाध्यकारी व्यवस्थाले मात्र राजनीतिक क्षेत्रमा महिला संलग्नता बढेको कुरा नकार्न सकिन्न ।

**चित्र ६.७ प्रदेश सभामा लैङ्गिक सहभागिता**




*स्रोतः प्रदेश सभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक*

संघीय संसद अन्तर्गतको प्रतिनिधिसभामा यो प्रदेशबाट प्रत्यक्ष तर्फ महिला प्रतिनिधित्व जम्मा २ छ भने हाल नेपालको राष्ट्रपति समेत यही प्रदेशको महिला हुनुहुन्छ । संघीय प्रतिनिधिसभामा सिङ्गो प्रदेशबाट दुई जनामात्र निर्वाचित हुनु सन्तोषजनक होइन ।

स्थानीय निर्वाचनको हकमा पनि निर्वाचित महिला उम्मेदवारहरूको जम्मा संख्या हेर्दा सन्तोषजनक देखिए पनि तहगत आधारमा हेर्दा प्रमुख कार्यकारी पदहरूमा महिला प्रतिनिधित्व निकै कम छ । प्रदेश नं. १ अन्तर्गतका ६०४३ पदहरूमध्ये २४८९ (४१%) पदमा महिला निर्वाचित भएका देखिन्छन् । सबै जिल्लाहरूमा निर्वाचित महिलाहरूको हिस्सा हेर्दा ४०-४१ प्रतिशत कै हाराहारीमा आउँछ । निर्वाचित अधिकांश महिलाहरू उप-प्रमुख/उपाध्यक्ष र आरक्षित महिला सदस्य रहेका छन् । त्यसैले, महिला सहभागिताको प्रत्याभूति आरक्षणकै कारणले मात्र भएको भन्न सकिन्छ ।

**तालिका ६.३६ स्थानीय निर्वाचन २०७४ मा निर्वाचित उम्मेदवारहरूको लैङ्गिक अवस्था**

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| इलाम | १७४ | २५१ | ४२५ |
| उदयपुर | १६४ | २२७ | ३९१ |
| ओखलढुङ्गा | १६१ | २३० | ३९१ |
| खोटाङ | १६९ | २४६ | ४१५ |
| झापा | २८२ | ४०२ | ६८४ |
| ताप्लेजुङ | १३० | १९१ | ३२१ |
| तेह्रथुम | ९३ | १३४ | २२७ |
| धनकुटा | १३१ | १८२ | ३१३ |
| पाँचथर | १३२ | १८४ | ३१६ |
| भोजपुर | १७५ | २४७ | ४२२ |
| मोरङ | ३४२ | ४८७ | ८२९ |
| संखुवासभा | १६३ | २३३ | ३९६ |
| सुनसरी | २६४ | ३८० | ६४४ |
| सोलुखुम्बु | १०९ | १६० | २६९ |
| प्रदेश नं. १ जम्मा | २४८९ | ३५५४ | ६०४३ |

*स्रोतः स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक*

स्थानीय तहमा निर्वाचित महिलाको दलगत प्रतिनिधित्व हेर्दा पनि प्रमुख कार्यकारी पदहरूमा राजनीतिक दलहरूले महिला उम्मेदवारलाई प्राथमिकता नदिएको देखिन्छ किनभने नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका प्रमुखमा एकजना पनि महिला निर्वाचित भएका छैनन् भने गाउँपालिका अध्यक्षमा जम्मा १ जना निर्वाचित भएका छन् । त्यसैगरी वडा अध्यक्षमा जम्मा ११ जना महिला निर्वाचित भएका छन् ।

### तालिका ६.३७ दलगत रूपमा निर्वाचित महिला उम्मेदवार

| दल | प्रमुख | उपप्रमुख | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | सदस्य | महिला सदस्य | दलित महिला सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ने.का. | - | ९ | - | २८ | १ | १५ | ३७१ | ३७२ | ७९६ |
| ने.क.पा. (एमाले) | - | ७ | १ | ४५ | १० | २५ | ६३४ | ६२३ | १,३४५ |
| ने.क.पा. (माओवादी) | - | १ | - | ४ | - | २ | ९२ | ९० | १८९ |
| रा.प्र.पा. | - | - | - | १ | - | - | ६ | ७ | १४ |
| संघीय समाजवादी | - | - | - | - | - | २ | २९ | २८ | ५९ |
| म.ज.फो. (लोकतान्त्रिक) | - | १ | - | ३ | - | - | २० | २१ | ४५ |
| स.लो.रा.मन्च | - | - | - | - | - | - | १ | १ | २ |
| रा.ज.मु. पार्टी | - | - | - | - | - | १ | १ | १ | ३ |
| नयाँशक्ति पार्टी | - | - | - | - | - | - | २ | २ | ४ |
| स्वतन्त्र | - | - | - | - | - | - | २ | २ | ४ |
| जम्मा | - | १८ | १ | ८१ | ११ | ४५ | १,१५८ | १,१४७ | २,४६१ |

*नोट : हाल ने.क.पा. एमाले र ने.क.पा. माओवादी पार्टी एकीकरण भई ने.क.पा. भएको छ ।*

*स्रोतः स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक*

यस बाहेक यस प्रदेश अन्तर्गत स्थानीय निर्वाचनको क्रममा मनोनयन दर्ता नभएका १५ पदमध्ये महिला सदस्य र दलित महिला सदस्यको पदहरू अधिकांश छन् । दलित महिला सदस्यको पदमा मनोनयन खाली हुनुको कारण या त त्यो वडामा दलित बस्ती थिएन या भएर पनि राजनीतिक दलले दलित महिला उम्मेदवार पाएनन् । यसरी मनोनयन दर्ता नहुने पदहरूमध्ये झापाको केचनाकवल गाउँपालिका वडा नं. ४ बाहेक सबै हिमाली वा पहाडी जिल्लाका गाउँ वा नगरपालिकाका वडाहरू छन् ।

### तालिका ६.३८ स्थानीय निर्वाचन २०७४ मा मनोनयन पत्र दर्ता नभएका पद

| क्र.स. | जिल्ला | स्थानीय तह | पद | वडा नं. |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ | फक्ताङलुङ गाउँपालिका | दलित महिला सदस्य | ७ |
| २ | ताप्लेजुङ | मिक्वाखोला गाउँपालिका | दलित महिला सदस्य | ५ |
| ३ | झापा | कचनकवल गाउँपालिका | दलित महिला सदस्य | ४ |
| ४ | संखुवासभा | भोटखोला गाउँपालिका | दलित महिला सदस्य | १ |
| ५ | संखुवासभा | मकालु गाउँपालिका | दलित महिला सदस्य | १ |
| ६ | संखुवासभा | मादी नगरपालिका | दलित महिला सदस्य | २ |
| ७ | संखुवासभा | मादी नगरपालिका | दलित महिला सदस्य | ८ |
| ८ | भोजपुर | हतुवागढी गाउँपालिका | दलित महिला सदस्य | ३ |
| ९ | धनकुटा | धनकुटा नगरपालिका | दलित महिला सदस्य | ८ |
| १० | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | दलित महिला सदस्य | ६ |
| ११ | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | महिला सदस्य | ६ |

| क्र.स. | जिल्ला | स्थानीय तह | पद | वडा नं. |
|---|---|---|---|---|
| १२ | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | वडा अध्यक्ष | ६ |
| १३ | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | सदस्य | ६ |
| १४ | सोलुखुम्बु | महाकुलुङ्ग गाउँपालिका | दलित महिला सदस्य | ५ |
| १५ | सोलुखुम्बु | सोतांग गाउँपालिका | दलित महिला सदस्य | २ |

*स्रोतः स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक, पृष्ठ १७*

### ६.३.९ सामुदायिक कार्यमा महिला सहभागिता

सामुदायिक कार्यमा महिला संलग्नतालाई बुझ्न विभिन्न किसिमका सहकारीहरूमा भएको महिला सहभागितालाई आधार लिइएको छ । आ.ब. २०७३/७४ मा प्रदेश नं. १ का जम्मा ५१४४ सहकारी संस्थाहरूका ३७ हजार ६ सय ५२ सञ्चालक मध्ये १३ हजार ३ सय ८६ (३५.६%) सञ्चालक महिला छन् भने जम्मा सदस्य (१० लाख ४३ हजार ६४) को ५३ प्रतिशत सदस्य महिला छन् । यसले सहकारीमार्फत सामुदायिक कार्यमा महिलाहरूको उपस्थिति राम्रो देखिन्छ । जिल्लागत रूपमा हेर्दा झापा र मोरङका सबभन्दा धेरै महिलाहरू सामुदायिक कार्यमा संलग्न भएका देखिन्छन् भने संखुवासभा र भोजपुरमा एकदम थोरै देखिन्छन् ।

**तालिका ६.३९ प्रदेश नं. १ अन्तर्गतका सहकारी संस्था र तिनमा संलग्न महिलाको विवरण** (आ.ब. २०७३/७४)

| जिल्ला | सहकारी संस्था संख्या | महिला सञ्चालक | जम्मा सञ्चालक | महिला सदस्य | जम्मा सदस्य |
|---|---|---|---|---|---|
| ताप्लेजुङ | १७५ | ६१२ | १,८२३ | १२,५४१ | २६,२९३ |
| पाँचथर | २३५ | २४९ | १,५०२ | १७,०३१ | ३३,६८० |
| इलाम | ५३५ | १,७५७ | ४,९३८ | ३४,४६५ | ८२,१८३ |
| झापा | ८९१ | २,३७१ | ५,८६० | २,२३,१९५ | ३,७९,१०५ |
| संखुवासभा | १४५ | २११ | १,१६५ | १,१५३ | ४,६३८ |
| तेह्रथुम | २०१ | ३७६ | १,६५७ | ६,२८१ | १५,२४१ |
| भोजपुर | १७३ | २२८ | १,३२९ | १,३५६ | ५,२०९ |
| धनकुटा | ३०२ | ३८९ | २,४०५ | ५,३९१ | १९,१९९ |
| सुनसरी | ६६९ | २,४८९ | ५,८१६ | ८०,८८४ | १,३८,९३५ |
| मोरङ | १,०९१ | ३,१४४ | ७,६९३ | १,५७,२७२ | २,८०,५८२ |
| सोलुखुम्बु | ९२ | २०० | ४२० | ३,११० | ५,५२६ |
| खोटाङ | १७३ | २७८ | ८०० | ६,७९१ | १४,०५४ |
| उदयपुर | ३०७ | ८३४ | १,६८२ | १३,४१८ | २७,०८६ |
| ओखलढुङ्गा | १५५ | २४८ | ५६२ | ४,७०७ | ११,३३३ |
| जम्मा प्रदेश नं. १ | ५,१४४ | १३,३८६ | ३७,६५२ | ५,५५,०५४ | १०,४३,०६४ |

*स्रोतः सहकारी संस्था तथ्याङ्क २०७३/७४, सहकारी विभागको वेबसाइट*

*नोटः माथिको तथ्याङ्कमा सबै किसिमका सहकारीहरू समावेश गरिएको छ ।*

### ६.३.१० विकासमा महिला सहभागिता र विकासको प्रतिफलबाट लाभान्वित

राज्य संयन्त्रको एउटा महत्त्वपूर्ण पाटो निजामती सेवामा महिला सहभागिताको अवस्था बुझ्न निजामती सेवा प्रवेशमा हुने महिला सहभागिता त्यतिकै महत्त्वपूर्ण हुन्छ । गत आर्थिक वर्षमा यस प्रदेशबाट निजामती सेवाका विभिन्न पदहरूको लागि आवेदन दिने महिलाहरूको संख्या जिल्लागत रूपमा हेर्दा मोरङबाट सबभन्दा बढी (९,३७८ जना) छ भने ताप्लेजुङबाट सबभन्दा कम (१,५०६ जना) छ । अझ ध्यान दिनुपर्ने कुरा के छ भने आवेदन दिनेहरूमा १४ वटै जिल्लाबाट पुरुषको भन्दा महिलाको संख्या बढी छ ।

**तालिका ६.४० आ.व. २०७४/७५ मा निजामती सेवा प्रवेशका लागि दरखास्त दिने महिला**

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| मोरङ | ९,३७८ | ६,२७० | १५,६४८ |
| सुनसरी | ७,५२५ | ५,९४१ | १३,४६६ |
| झापा | ८,१९० | ४,३७७ | १२,५६७ |
| खोटाङ | ४,८४७ | ३,२९१ | ८,१३८ |
| उदयपुर | ४,५२२ | ३,०३० | ७,५५२ |
| इलाम | ४,६९१ | २,२४६ | ६,९३७ |
| धनकुटा | ३,४१५ | १,७३५ | ५,१५० |
| भोजपुर | ३,११६ | १,७५९ | ४,८७५ |
| ओखलढुङ्गा | ३,३४९ | १,४८७ | ४,८३६ |
| संखुवासभा | २,५७७ | १,८८० | ४,४५७ |
| पाँचथर | २,६५५ | १,३७० | ४,०२५ |
| सोलुखुम्बु | १,७५६ | ८११ | २,५६७ |
| ताप्लेजुङ | १,५०६ | १,००१ | २,५०७ |
| तेह्रथुम | १,५९२ | ८५६ | २,४४८ |
| प्रदेश नं. १ | ५९,११९ | ३६,०५४ | ९५,१७३ (१७%) |
| नेपाल | २,९६,७०४ | २,७१,१४९ | ५,६७,८५३ (१००%) |

*स्रोतः ५९औं वार्षिक प्रतिवेदन २०७४/७५, पृष्ठः ३७-३८, लोकसेवा आयोग*

त्यसैगरी गत आर्थिक वर्षमा निजामती सेवामा सिफारिस भएका महिलाहरूको संख्या हेर्दा प्रदेश नं. १ बाट जम्मा ४११ जना मात्र सिफारिस भएको देखिन्छ जुन समग्र नेपालबाट सिफारिस गरिएका जम्मा महिलाहरूको १६.७ प्रतिशत हुन्छ । सिफारिस हुनेमा जिल्लागत रूपमा मोरङबाट सबभन्दा धेरै (७८ जना) र सोलुखुम्बुबाट सबभन्दा कम (८ जना) छन् । लैङ्गिक हिसाबले हेर्दा समग्र प्रदेशबाट सिफारिस हुनेमा महिला ३४.६ प्रतिशत बाँकी पुरुष छन् । अर्को ध्यान दिनुपर्ने कुरा के हो भने आवेदन दिनेमा महिलाको संख्या बढी भएतापनि सिफारिस हुनेमा चाहिँ पुरुषको संख्या बढी छ ।

**तालिका ६.४१ आ.व. २०७४/७५ मा निजामती सेवामा सिफारिस महिलाको जिल्लागत अवस्था**

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| मोरङ | ७८ | १०४ | १८२ |
| खोटाङ | ५३ | ११६ | १६९ |
| झापा | ५२ | ८३ | १३५ |
| सुनसरी | ३७ | ९५ | १३२ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| संखुवासभा | २४ | ७० | ९४ |
| धनकुटा | ३२ | ५२ | ८४ |
| इलाम | २९ | ५२ | ८१ |
| उदयपुर | २१ | ५४ | ७५ |
| भोजपुर | १५ | ५१ | ६६ |
| पाँचथर | १७ | २९ | ४६ |
| ओखलढुङ्गा | २२ | २४ | ४६ |
| ताप्लेजुङ | ११ | २१ | ३२ |
| तेह्रथुम | १२ | १५ | २७ |
| सोलुखुम्बु | ८ | १२ | २० |
| प्रदेश नं. १ | ४११ (१६.७%) | ७७८ | १,१८९ (१५.४%) |
| नेपाल | २,४६५ (१००%) | ५,२५३ | ७,७१८ (१००%) |

*स्रोतः ५९औं वार्षिक प्रतिवेदन २०७४/७५, पृष्ठः ६१-६२, लोकसेवा आयोग*

### ६.३.११ महिला घरमुली रहेको अवस्था

महिला सशक्तिकरणको एउटा महत्त्वपूर्ण सूचकको रूपमा महिला घरमुली रहेको अवस्थालाई लिन सकिन्छ । महिला घरमुलीको संख्यामा वृद्धि हुने सकारात्मक र नकारात्मक कारण दुवै हुन्छन् तथापि सरसरती हेर्दा महिला घरमुलीको संख्या बढ्नुले घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागितामा सुधार आएको मान्न सकिन्छ । २०६८ सालको जनगणनाको अनुसार यस प्रदेशमा महिला घरमुलीको संख्या २६.६ प्रतिशत रहेको देखिन्छ । जिल्लागत रूपमा हेर्दा धनकुटामा सबभन्दा बढी २९.३ प्रतिशत र इलाममा सबभन्दा कम १९.७ प्रतिशत देखिन्छ ।

**तालिका ६.४२ जिल्लागत रूपमा महिला घरमुली रहेको अवस्था**

| जिल्ला | महिला घरमुली हुने घरपरिवारको संख्या | प्रतिशत (जिल्लाका जम्मा घरपरिवारको संख्याको आधारमा) |
|---|---|---|
| ताप्लेजुङ | ७,२९८ | २७.५ |
| पाँचथर | ११,३४१ | २७.५ |
| इलाम | १२,७२५ | १९.७ |
| झापा | ४९,७०९ | २६.९ |
| मोरङ | ५४,३०३ | २५.४ |
| सुनसरी | ४२,२५९ | २६.० |
| धनकुटा | ११,०१६ | २९.३ |
| तेह्रथुम | ६,२५९ | २८.३ |
| संखुवासभा | ९,५०० | २७.४ |
| भोजपुर | १०,७९६ | २७.४ |
| सोलुखुम्बु | ५,४३९ | २२.९ |
| ओखलढुङ्गा | ९,२२९ | २८.४ |
| खोटाङ | ११,३७१ | २६.७ |
| उदयपुर | १९,२७२ | २९.० |
| जम्मा | २,६०,५१७ | २६.६ |

*स्रोतः CBS, 2012, Nepal Population and Housing Census 2011, pp 113-114*

जनसंख्याको सामाजिक पक्ष विश्लेषण गर्दा प्रदेश नं. १ मा बसोबास गर्ने जातजातिहरूको बारेमा चर्चा गरिएको छ (एकाइ ३ मा हेर्नु होस्)। आदिवासी/जनजाति, दलित तथा अन्य पछाडी पारिएका समुदायको स्थिति प्रस्टयाउने तथ्याङ्क यकिन हुन गाह्रो छ । तथापि, राजनीतिक क्रियाकलापमा आदिवासी/जनजाति, दलित तथा अन्य पछाडी पारिएका समुदायको सहभागितालाई हेर्न प्रदेश सभामा निर्वाचितहरूको जातिगत विवरण महत्त्वपूर्ण हुनसक्छ । गत प्रदेश सभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीमार्फत विभिन्न ६ वटा राजनीतिक दलहरूबाट १९ जना जनजाति, १० जना खस/आर्य, २ जना थारू, ३ जना दलित, २ जना मधेसी र १ जना मुस्लिम निर्वाचित भएको देखिन्छ ।

**तालिका ६.४३ समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रदेश सभामा निर्वाचितहरूको जातिगत विवरण**

| दल | आदिवासी/जनजाति | खस/आर्य | थारू | दलित | मधेसी | मुस्लिम |
|---|---|---|---|---|---|---|
| नेकपा एमाले | ७ | ४ | १ | १ | १ | १ |
| नेपाली कांग्रेस | ६ | ४ | १ | १ | | |
| नेकपा माओबादी | ३ | १ | | १ | | |
| संघीय समाजबादी फोरम | १ | १ | | | | |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | | | | | |
| संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १ | | | | | |
| जम्मा | १९ | १० | २ | ३ | २ | १ |

*नोट : हाल ने.क.पा. एमाले र ने.क.पा. माओवादी पार्टी एकीकरण भई ने.क.पा. भएको छ ।*
*स्रोतः प्रदेशसभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक पृष्ठ(५९-६०)*

त्यसैगरी यस प्रदेशबाट संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहका सरकारमा भएको जात/जाति अनुसारको प्रतिनिधित्व हेर्दा समग्रमा दलित (पहाडी र मधेसी दुवै) र मुस्लिमको उपस्थिति न्यून देखिन्छ । अझ मधेसी दलितको उपस्थिति त शून्य नै छ ।

**तालिका ६.४४ तीनै तहको सरकारमा जात/जाति अनुसारको प्रतिनिधित्व**

| जात/जाति | प्रतिनिधिसभा प्रत्यक्ष | स्थानीय तहका प्रमुख | प्रदेश सभा प्रत्यक्ष | प्रदेश सभा समानुपातिक | जम्मा |
|---|---|---|---|---|---|
| खस/आर्य | १२ | ४१ | २३ | १० | ८६ |
| पहाडी जनजाति | ११ | ७६ | २५ | १८ | १३० |
| तराई जनजाति | २ | ९ | ३ | ३ | १७ |
| मधेसी | ३ | ८ | ४ | २ | १७ |
| पहाडी दलित | - | - | - | ३ | ३ |
| मधेसी दलित | - | - | - | - | - |
| मुस्लिम | - | ३ | १ | १ | ५ |
| जम्मा | २८ | १३७ | ५६ | ३७ | २५८ |

*स्रोतः प्रदेश सभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक; स्थानीय तह निर्वाचन, २०७४, निर्वाचन परिणाम पुस्तक; प्रतिनिधिसभा सदस्य निर्वाचन २०७४, पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीको निर्वाचन परिणाम पुस्तक*

## ६.४ बालबालिकाको अवस्था

प्रदेशभित्रका बालबालिकाको अवस्थाको कुरा गर्दा थुप्रै पक्षहरूलाई ख्याल गर्नुपर्ने हुन्छ । नेपालका बालबालिका मध्ये १६ प्रतिशत भन्दा बढी बालबालिकाहरू यो प्रदेशमा बसोबास गरेको देखिन्छ । यो संख्या आफैंपनि ७ प्रदेशहरूको औसतभन्दा बढी हो । त्यसैले यो खण्डमा बाल अधिकार तथा बालबालिकाको बहुआयामिक विकाससँग प्रत्यक्ष सरोकार राख्ने बाल विवाह, बालश्रम, उपेक्षामा परेका तथा अभिभावकबिहिन बालबालिका, बाल संरक्षण प्रणाली र द्वन्दपीडित बालबालिकाको बारेमा उल्लेख गरिएको छ ।

**तालिका ६.४५ जम्मा बालबालिकाको अनुपातमा जिल्लागत रूपमा बालबालिकाको संख्या**

| जिल्ला | जम्मा | | बालक | | बालिका | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ताप्लेजुङ | १७,४९८ | ३.१ | ८,६७८ | ३.० | ८,८२२ | ३.१ |
| पाँचथर | २६,३८१ | ४.६ | १३,१७७ | ४.५ | १३,२०४ | ४.७ |
| इलाम | ३५,१२५ | ६.१ | १७,८३२ | ६.१ | १७,२९३ | ६.१ |
| झापा | ९४,७२० | १६.५ | ४७,९३७ | १६.५ | ४६,७८३ | १६.५ |
| मोरङ | १,१५,९२६ | २०.२ | ५९,१२२ | २०.४ | ५६,८०२ | २०.० |
| सुनसरी | ९५,७८४ | १६.७ | ४९,०३१ | १६.९ | ४६,७५३ | १६.५ |
| धनकुटा | १९,९२४ | ३.५ | ९,९८३ | ३.४ | ९,९४१ | ३.५ |
| तेह्रथुम | १२,८९४ | २.२ | ६,४०३ | २.२ | ६,४९१ | २.३ |
| संखुवासभा | २०,९६४ | ३.७ | १०,४०५ | ३.६ | १०,५५९ | ३.७ |
| भोजपुर | २३,९०० | ४.२ | ११,९४७ | ४.१ | ११,९५३ | ४.२ |
| सोलुखुम्बु | १३,९८४ | २.४ | ७,०९७ | २.४ | ६,८८७ | २.४ |
| ओखलढुङ्गा | २१,०६३ | ३.७ | १०,३९१ | ३.६ | १०,६७२ | ३.८ |
| खोटाङ | २९,४७१ | ५.१ | १४,८४३ | ५.१ | १४,६२८ | ५.२ |
| उदयपुर | ४५,८७० | ८.० | २३,२८४ | ८.० | २२,५८६ | ८.० |
| प्रदेश नं. १ | ५,७३,५०४ | १०० | २,९०,१३० | १०० | २,८३,३७४ | १०० |
| नेपाल | ३४,७५,४२४ | | १७,६४,६३० | | १७,१०,७९४ | |
| प्रदेश नं. १ को अंश (प्रतिशत) | १६.५ | | १६.४ | | १६.६ | |

स्रोत: *Population Monograph Vol. II, 2014, p. 347*

प्रदेश भरका बालबालिकाहरूको तथ्याङ्कलाई आधार मानेर हेर्दा यो प्रदेश अन्तर्गतका तराईका तीन जिल्ला र उदयपुरमा अन्य जिल्लाको तुलनामा बालबालिकाको भार बढी देखिन्छ भने हिमाली र पहाडी जिल्लाहरूमा सो भार अलि कम देखिन्छ । त्यसैगरी केन्द्रिय तथ्याङ्क विभागका अनुसार यस प्रदेशमा बाल मृत्युदर ३५.६ (प्रति हजारमा) रहेको छ ।

### ६.४.१ जन्मदर्ता

जन्म, विवाह र मृत्यु दर्ता जनसांख्यिक अभिलेखका तीन प्रमुख पक्षहरू हुन् । यिनीहरूको दुरुस्त अभिलेखले प्रदेशको जनसंख्या परिवर्तनका विविध पक्षको यथार्थ जानकारी दिन्छ । खासगरी जन्म दर्ता बालबालिकाको आफ्नो पहिचानको नैसर्गिक अधिकार पनि हो भने अर्कातर्फ यसले बालबालिकाको हितमा नीति तथा कार्यक्रमहरू तय गर्न प्रदेश सरकारलाई आधार पनि प्रदान गर्छ ।

**तालिका ६.४६ ५ वर्षभन्दा कम उमेरका बालबालिकाको जन्म दर्ताको अवस्था (प्रतिशत)**

| क्षेत्र | जन्मदर्ता प्रमाणपत्र देखेको | जन्मदर्ता प्रमाणपत्र नदेखेको | जन्मदर्ता प्रमाणपत्र नहुने | जन्मदर्ता गरेको | जन्मदर्ता नगरेको |
|---|---|---|---|---|---|
| हिमाल | ३६.० | ३.० | २.५ | ४१.६ | ५८.३ |
| पहाड | ५४.६ | ५.७ | ६.३ | ६६.६ | ३३.५ |
| तराई* | ५०.६ | ८.० | १.३ | ५९.९ | ४०.१ |

**तराईभित्र यस प्रदेश बाहिरका सप्तरी र सिरहा जिल्ला समेत समाबेश भएको ।*

*स्रोतः MICS, 2014 Table cp1: p. 179*

MICS, 2014 को तथ्याङ्कलाई आधार मानेर हेर्दा यस प्रदेशका हिमाली जिल्लाहरूमा जन्म दर्ता नगरेका बालबालिका धेरै देखिन्छन् भने पहाडी जिल्लामा सबभन्दा बढी ६६.६ प्रतिशत बालबालिकाको जन्म दर्ता भएको पाइन्छ । जन्म दर्ता गरेर पनि जन्मदर्ता प्रमाणपत्र नहुने वा प्रमाणपत्र नै नदेखेको अभिभावकहरू पनि पर्याप्त मात्रामा देखिएका छन् ।

### ६.४.२ बाल विवाहको स्थिति

नेपालको कानूनले २० वर्षभन्दा कम उमेरमा गरिने विवाहलाई बाल विवाहको रूपमा परिभाषित गरी त्यस्तो विवाहलाई गैरकानूनी ठहर गरेको छ तरपनि व्यवहारमा भने अझैपनि बाल विवाह एउटा मुख्य चुनौतीकै रूपमा रहेको पाइन्छ । विभिन्न जातीय, धार्मिक तथा समुदायमा आधारित परम्परागत मूल्य मान्यताको कारण बाल विवाहलाई पूर्णतः निर्मूल गर्न सकिएको छैन । बाल विवाहको जटिलतालाई बुझ्न एकीकृत रूपमा राष्ट्रिय तहमा त्यस्तो कुनै सर्वेक्षण भएको नभएतापनि जनगणना तथा जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण जस्ता अध्ययनहरूबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा समग्र नेपाल लगायत यो प्रदेशमा पनि बाल विवाहको अवस्था चुनौतीपूर्ण देखिन्छ ।

### ६.४.३ बालश्रमको अवस्था

केन्द्रिय तथ्याङ्क विभागले प्रकाशित गरेको बालश्रम सम्बन्धी तथ्याङ्क र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तयार पारेको प्रतिवेदनलाई हेर्दा एकातिर बालश्रमको समस्या जटिल बन्दै गइरहेको छ भने अर्कोतिर केही प्रकारका बालश्रमको अनुपात घट्दै गएको देखिन्छ । बहुक्षेत्रीय क्लस्टर सर्वेक्षणका अनुसार ५ देखि १७ वर्ष उमेरसम्मका ३७.४ प्रतिशत बालबालिका बालश्रममा रहेको देखिन्छ । गलैंचा उद्योग, ढुंगा खानी जस्ता क्षेत्रमा बालश्रम कम हुँदै गएको देखिन्छ भने सडक व्यापार, सवारी साधन मर्मत, सामान ओसारपसार, घरायसी काम, भरिया, सिमानामा अवैध सामान ओसारपसार, कपडामा जरी भर्ने जस्ता काममा बालबालिका प्रयोग भएको पाइन्छ ।

**तालिका ६.४७ आर्थिक गतिविधिमा संलग्न ५-१७ वर्षका बालबालिका (प्रतिशत), २०१४**

| क्षेत्र | कम्तीमा १ घण्टा आर्थिक क्रियाकलापमा संलग्न ५-११ वर्षका बालबालिका | १४ भन्दा कम घण्टा आर्थिक क्रियाकलापमा संलग्न १२-१४ वर्षका बालबालिका | १४ घण्टा वा बढी आर्थिक क्रियाकलापमा संलग्न १२-१४ वर्षका बालबालिका | ४३ भन्दा कम घण्टा आर्थिक क्रियाकलापमा संलग्न १५-१७ वर्षका बालबालिका | ४३ घण्टा वा बढी आर्थिक क्रियाकलापमा संलग्न १५-१७ वर्षका बालबालिका |
|---|---|---|---|---|---|
| हिमाल | ४८.१ | २९.९ | ५२.५ | ६४.४ | १५.१ |
| पहाड | ४३.९ | ४७.४ | ३२.७ | ७८.९ | ४.९ |
| तराई* | २१.५ | ४१.५ | १४.० | ४६.९ | १.९ |

*स्रोतः MICS, 2014*

**तराईभित्र यस प्रदेश बाहिरका सप्तरी र सिराहा जिल्ला समेत समावेश भएको ।*

नेपालका जम्मा ३४ लाख ७५ हजार ४ सय २४ बालबालिकाहरू मध्ये जिल्लागत हिसाबले हेर्दा यस प्रदेशभित्र सबभन्दा बढी मोरङमा ३.३४ प्रतिशत, त्यसै गरी सुनसरीमा २.७६ प्रतिशत र झापामा २.७३ प्रतिशत छन् भने सबभन्दा कम तेह्रथुम र सोलुखुम्बुमा क्रमशः ०.३७ प्रतिशत र ०.४० प्रतिशत छन् । यो तथ्याङ्क जिल्लागत जनसंख्याको वितरणमा भर पर्ने हुनाले त्यसै अनुरूप बुझ्नुपर्ने हुन्छ । प्रदेशमा चाहिँ समग्र नेपालको बालबालिकाको १६.५१ प्रतिशत बसोबास गर्छन् जसमध्ये बालक १५.४५ प्रतिशत र बालिका १६.५६ प्रतिशत छन् ।

**तालिका ६.४८ घरायसी गतिविधिमा संलग्न ५–१७ वर्षका बालबालिका (प्रतिशत), २०१४**

| क्षेत्र | २८ घण्टाभन्दा कम घरायसी क्रियाकलापमा संलग्न ५-११ वर्षका बालबालिका | २८ घण्टा वा बढी घण्टा घरायसी क्रियाकलापमा संलग्न ५ -११ वर्षका बालबालिका | २८ घण्टाभन्दा कम घरायसी क्रियाकलापमा संलग्न १२-१४ वर्षका बालबालिका | २८ घण्टा वा बढी घरायसी क्रियाकलापमा संलग्न १२-१४ वर्षका बालबालिका | ४३ भन्दा कम घरायसी क्रियाकलापमा संलग्न १५-१७ वर्षका बालबालिका | ४३ घण्टा वा बढी घरायसी क्रियाकलापमा संलग्न १५-१७ वर्षका बालबालिका |
|---|---|---|---|---|---|---|
| हिमाल | ७५.७ | ८.९ | ७४.३ | २५.१ | ९१.७ | ५.९ |
| पहाड | ७९.९ | ७.१ | ८३.५ | १४.९ | ९०.८ | ६.७ |
| तराई* | ८४.८ | ०.८ | ८६.२ | ५.४ | ८८.३ | ०.० |

**तराईभित्र यस प्रदेश बाहिरका सप्तरी र सिराहा जिल्ला समेत समावेश भएको ।*

*स्रोतः MICS p. 184*

यस प्रदेशमा बालश्रमको अवस्था जटिल देखिन्छ किन कि निश्चित कामका लागि तोकिएको उमेर सीमाभन्दा कम उमेरमै ती काम गर्ने बालबालिकाहरूको संख्या अत्याधिक देखिन्छ । त्यस्ता बालबालिकाको संख्या हिमाली जिल्लाहरूमा ७८.९ प्रतिशत, पहाडी जिल्लाहरूमा ८३.९ प्रतिशत र तराईका जिल्लाहरूमा ८५.९ प्रतिशत छ । MICS (2014) का अनुसार यी बालश्रमिकहरू मध्ये खतराजन्य अवस्थामा काम गर्नेको संख्या पनि हिमाली जिल्लाहरूमा ४८.१ प्रतिशत, पहाडी जिल्लाहरूमा ४६.३ प्रतिशत र तराईका जिल्लाहरूमा १६.३ प्रतिशत देखिन्छ ।

**तालिका ६.४९ बालश्रममा संलग्न ५–१७ वर्षका बालबालिका, २०१४**

| क्षेत्र | आर्थिक क्रियाकलापमा संलग्न हुनेहरूको प्रतिशत | | घरायसी क्रियाकलापमा संलग्न हुनेहरूको प्रतिशत | | खतराजन्य अवस्थामा काम गर्नेको प्रतिशत | जम्मा बालश्रम |
|---|---|---|---|---|---|---|
| | उमेर सीमाभन्दा तल | उमेर सिमा वा माथि | उमेर सीमाभन्दा तल | उमेर सिमा वा माथि | | |
| हिमाल | २२.० | ४१.९ | ७८.९ | १२.१ | ४८.१ | ६०.० |
| पहाड | ३४.६ | ३०.२ | ८३.९ | ८.७ | ४६.३ | ५६.६ |
| तराई* | २२.६ | १५.४ | ८५.९ | १.८ | १६.३ | २६.२ |

**तराईभित्र यस प्रदेश बाहिरका सप्तरी र सिराहा जिल्ला समेत समावेश भएको ।*

*स्रोतः MICS,2014, p. 185*

नेपाल सरकारले तयार पारेको बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (वि.सं. २०७५-२०८५) ले वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त बालश्रम निवारण गर्ने र बि.स. २०८२ सम्ममा सबै प्रकारका बालश्रमको निवारण गर्ने लक्ष्य राखेको छ । त्यसैगरी नेपाल सरकारले अङ्गीकार गरेको दिगो विकास लक्ष्यको आठौं लक्ष्यले बालश्रम निवारण गर्ने उद्धेश्य समेत राखेको छ । यस लक्ष्यको सातौं बुँदाले सन् २०२५ सम्ममा सबै प्रकारको बालश्रम अन्त्य गर्ने लक्ष्य निर्धारण गरेकोले नेपाल र यस प्रदेशले पनि सो लक्ष्य हासिल गर्ने तर्फ प्रयत्न गर्नुपर्ने छ ।

### ६.४.४ समुदायमा आधारित बाल संरक्षण प्रणाली

केन्द्रिय बालकल्याण समिति (२०१५) को अध्ययन अनुसार नेपालभरि जम्मा ५८५ वटा बालगृह रहेको र तिनीहरूमा जम्मा १५,८११ बालबालिका आश्रित रहेकोमा प्रदेश नं. १ अन्तर्गतका १४ मध्ये जम्मा ७ वटा जिल्लामा २३ वटा मात्र बालगृह सञ्चालनमा रहेका देखिन्छन् जसमा २७७ बालक र २२७ बालिका गरी जम्मा ५०४ बालबालिका आश्रित देखिन्छन् ।

**तालिका ६.५० बालगृह र तिनमा आश्रित बालबालिका**

| जिल्ला | बालगृहको संख्या | आश्रित बालक | आश्रित बालिका | जम्मा |
|---|---|---|---|---|
| झापा | ६ | ६४ | ४२ | १०६ |
| सुनसरी | ६ | १२६ | ९९ | २२५ |
| मोरङ | ४ | ७० | ५७ | १२७ |
| संखुवासभा | ३ | ० | १२ | १२ |
| धनकुटा | २ | ७ | ११ | १८ |
| उदयपुर | १ | ६ | ४ | १० |
| इलाम | १ | ४ | २ | ६ |
| जम्मा प्रदेश नं. १ | २३ | २७७ | २२७ | ५०४ |

*स्रोत: State of the Child Care Homes in Nepal, 2015, pp. 5 & 39; केन्द्रिय बालकल्याण समिति; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय*

## ६.५ युवा तथा खेलकुद

प्रदेशको कार्यक्षेत्रमा मुख्यतः युवा तथा खेलकुद सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधार विकास, खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन, राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना र सहभागिता रहेको छ । प्रदेशमा युवा बेरोजगारी ३५.८ प्रतिशत छ भने प्रादेशिक अर्थतन्त्रमा युवाको योगदान ६४.२ प्रतिशत छ । त्यसैगरी स्वरोजगार कोषमा युवाहरूको पहुँच १० प्रतिशत छ । उद्यमशिलता विकास तालिम कार्यक्रमको संख्या ९ छ भने ३०० युवा स्वयंसेवक परिचालन गरिएका छन् । शिक्षा, तालिम र रोजगारीबाट विमुख भएको जनसंख्या ३७.३ प्रतिशत छ । यसैगरी राष्ट्रिय खेलकुदमा ९ जनाले स्वर्ण पदक प्राप्त गरेका छन् । यस प्रदेशमा खेलकुद मैदान र रङ्गशालाको कुल संख्या १५० छ ।

## ६.६ जेष्ठ नागरिक

जेष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने वातावरण सृजना गर्नु सरकारको दायित्व हो । संविधानले जेष्ठ नागरिकको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूति गरेको छ । त्यसैगरी जेष्ठ नागरिक सम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा छन् ।नेपाल सरकारले जेष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ तर्जुमा कार्यान्वयनमा छ ।

प्रदेशस्तरमा बृद्धाश्रम, दिवा सेवा तथा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालनमा छन् । यस प्रदेशमा वृद्ध अवस्थाको सूचकाङ्क १५.११ छ भने सुरक्षित र सम्मानजनक जीवनयापन गरिरहेका जेष्ठ नागरिक आ.व. २०७६/७७ मा ४० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ ।त्यसैगरी स्थानीय तह अन्तर्गत स्थापित दिवा सेवा केन्द्रको संख्या १४ रहेका छन् ।

## ६.७ अपाङ्गता भएकाको अवस्था

अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवम् स्वावलम्बी जीवनयापनका अवसर सृजना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ । प्रदेश सरकारको अर्थ सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिस्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने सवारीसाधन खरिदमा कर नलाग्ने व्यवस्था गरेको छ ।

नेपालको कुल जनसंख्याको १.९ प्रतिशत जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ भने प्रदेश नं. १ को हकमा २.१ प्रतिशत देखिन्छ । यो प्रदेशमा पुरुषको तुलनामा अपाङ्गता भएका महिलाको संख्या बढी छ । अपाङ्गता सम्बन्धी यस तथ्याङ्कमा आठ किसिमका अपाङ्गताहरू समावेश गरिएका छन् ।

**तालिका ६.५१ लैङ्गिक आधारमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था (प्रतिशत)**

| लिङ्ग | प्रदेश नं. १ | नेपाल |
|---|---|---|
| महिला | १.८ | १.७ |
| पुरुष | २.४ | २.२ |
| जम्मा | २.१ | १.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग*

त्यसैगरी जिल्लागत अवस्था हेर्दा सम्बन्धित जिल्लाको जनसंख्याको अनुपातमा अपाङ्गता भएका व्यक्तिहरूको संख्या सबभन्दा बढी हुने जिल्ला धनकुटा पर्दछ । धनकुटा जिल्लाको जनसंख्याको ३ प्रतिशत व्यक्तिहरूमा कुनै न कुनै किसिमको अपाङ्गता रहेको पाइन्छ भने सुनसरी जिल्लामा सबभन्दा कम १.४ प्रतिशत अपाङ्गता भएका व्यक्ति भेटिन्छन् । लैङ्गिक हिसाबले हेर्ने हो भने १४ वटै जिल्लामा अपाङ्गता हुनेमा महिलाको भन्दा पुरुषको संख्या बढी देखिएको छ । अझ भौगोलिक रूपमा हेर्दा हिमाली र पहाडी जिल्लाहरूमा भन्दा तराईका तीन जिल्लाहरूमा अपाङ्गता हुनेहरूको संख्या तुलनात्मक रूपले कम छ ।

**तालिका ६.५२: जिल्लागत रूपमा अपाङ्गता भएका व्यक्तिहरूको विवरण**

| जिल्ला | पुरुष | महिला | जम्मा | अपाङ्गता भएकाको प्रतिशत |
|---|---|---|---|---|
| मोरङ | ९४९४ | ७५५९ | १७०५३ | १.७७ |
| झापा | ८४६६ | ६९१० | १५३७६ | १.८९ |
| सुनसरी | ५८०० | ४६०९ | १०४०९ | १.३६ |
| खोटाङ | ३०१७ | २३११ | ५३२८ | २.५६ |
| पाँचथर | २६६२ | २३८७ | ५०४९ | २.६३ |
| धनकुटा | २६७० | २२११ | ४८८१ | २.९९ |
| भोजपुर | २५३१ | २०८७ | ४६१८ | २.५३ |
| संखुवासभा | २२१७ | १८३७ | ४०५४ | २.५५ |
| ताप्लेजुङ | २०५३ | १६७७ | ३७३० | २.९३ |
| ओखलढुङ्गा | १८७४ | १६१६ | ३४९० | २.३६ |
| तेह्रथुम | १३७५ | १२५१ | २६२६ | २.५९ |
| सोलुखुम्बु | १३९७ | १२१२ | २६०९ | २.४६ |
| उदयपुर | ४१९५ | ३५८६ | ७७८१ | २.४५ |
| इलाम | ४२०८ | ३४२८ | ७६३६ | २.६३ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग*

## ६.८ लैङ्गिक अल्पसङ्ख्यकको अवस्था

नेपालमा लैङ्गिक अल्पसङ्ख्यकको मुद्दा पछिल्लो समय व्यापक चासोको विषय बनिरहेको छ । यो प्रदेशमा पनि विगत लामो समयदेखि थुप्रै गैरसरकारी संस्थाहरूले लैङ्गिक अल्पसङ्ख्यकहरूको हक अधिकारको लागि काम गरिरहेका छन् । युनडिपी र युएसएडले २०१४ मा गरेको अध्ययनअनुसार प्रदेश नं. १ मा मात्रै ९/१० वटा संस्थाहरू सो क्षेत्रमा कार्यरत देखिन्छन् ।

**तालिका ६.५३ लैङ्गिक अल्पसङ्ख्यकका लागि प्रदेश नं. १ मा कार्यरत गैरसरकारी संस्थाहरू**

| संस्थाको नाम | कार्यरत जिल्ला |
|---|---|
| ब्लु डाइमण्ड सोसाइटी | धनकुटा |
| ब्लु डाइमण्ड सोसाइटी | इलाम |
| केयर एण्ड सपोर्ट | मोरङ |
| समृद्ध समाज | मोरङ |
| ह्युमन वेलफेयर सोसाइटी | सुनसरी |
| सहारा समाज | सुनसरी |
| द राईजिङ डाउन | सुनसरी |
| लीड नेपाल | झापा |
| रेन्बो नेपाल | झापा |

*स्रोतः UNDP, USAID (2014): Being LGBT in Asia: Nepal Country Report, Bangkok*

प्रदेश नं. १ मा रहेका अल्पसङ्ख्यकको लागि काम गर्ने संस्थाहरू अधिकांश तराईका जिल्लामा कार्यरत छन् भने पहाडका धनकुटा र इलाममा ब्लु डाइमण्ड सोसाइटीका शाखाहरू रहेका छन् । हालसम्म लैङ्गिक अल्पसङ्ख्यकहरूको यकिन तथ्याङ्क उपलब्ध हुन सकेको छैन । नेपालको संविधान तथा अन्य ऐन कानूनहरूले लैङ्गिक अल्पसङ्ख्यकहरूको

पहिचान र अधिकारलाई आत्मसात् गरिसकेको अवस्थामा यस प्रदेशले पनि उनीहरूको वास्तविक आकार, अवस्था र आवश्यकताको पहिचान गरी आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ६.९ सामाजिक समावेशीकरण

सामाजिक समावेशीकरणले सामाजिक सद्भाव र व्यवहारमा क्रमशः सुधार गरी राष्ट्रिय एकता बलियो बनाउन भूमिका निर्वाह गरेको हुन्छ । संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पछाडी परेको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ ।

प्रदेशको कुल जनसंख्याको ३५.१ प्रतिशत जनजाति (नेवार ६.२ प्रतिशत समेत), ३१ प्रतिशत ब्राह्मण क्षेत्री,, १३.३ प्रतिशत दलित, ४.३ प्रतिशत मुस्लिम, १५.४ प्रतिशत तराईका अन्य जात र १ प्रतिशत अन्य समूह छन्। करिब २ प्रतिशत दृष्टि, श्रवण, शारीरिक, बोली तथा मानसिक सम्बन्धी अपाङ्गता भएका व्यक्ती छन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह पनि रहेका छन् । प्रदेशमा सामाजिक सशक्तिकरण सूचकाङ्क ०.४८ र आर्थिक सूचकाङ्क ०.४३ रहेको छ ।

**तालिका ६.५४ सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरूको अवस्था**

| नतिजा स्तर | नतिजा सूचक | एकाइ | २०७५/७६ |
|---|---|---|---|
| प्रभाव | राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडी परेका समुदायको मूलप्रवाहिकरण | आयमा असमानता | ०.४० |
| असर | राजनीतिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.७० |
| | सामाजिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.४८ |
| | आर्थिक सशक्तिकरण सूचकाङ्क | सूचकाङ्क | ०.४३ |
| **राजनीतिक, सामाजिक तथा आर्थिक सूचकाङ्कका प्रतिफल** | | | |
| | रैथाने पेशा र प्रविधिको स्तरीकरण र आधुनिकीकरण | संख्या | ५ |
| | प्राकृतिक श्रोतको उपयोगमा स्थानीय समुदायको लगानी अंश | प्रतिशत | ... |
| | रैथाने पेशा लगायत सीप विकास तालिम | जना | ... |
| | बञ्चितिमा परेका समुदायको क्षमता विकास | जना | ३०० |

*स्रोतः स्रोतः प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१), प्रदेश नं. १; पृष्ठ १५४*

## ६.१० सामाजिक सुरक्षा तथा संरक्षण

मुलुकको समावेशी विकास गर्न र दिगो विकासका लक्ष्यका प्रमुख नतिजाको प्राप्तिमा बल पुर्याउन सामाजिक सुरक्षा तथा संरक्षणले महत्त्वपूर्ण योगदान गर्न सक्छ । संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा परिभाषित गरेको छ श्रमिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय, विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका छन् । प्रदेशमा सामाजिक सुरक्षा अनुभूति सूचकाङ्क ४.७ (० देखि १०

को मापनमा) रहेको छ । सामाजिक सुरक्षा तथा संरक्षणको दायराभित्र २७ प्रतिशत जनसंख्या समेटिएको देखिन्छ । यसैगरी बजेटमा सामाजिक सुरक्षातर्फ ११.२ प्रतिशत विनियोजन भएको देखिन्छ ।

**तालिका ६.५५ सामाजिक सुरक्षा तथा संरक्षणको वर्तमान अवस्था**

| नतिजा स्तर | नतिजा सूचक | एकाइ | २०७५/७६ |
|---|---|---|---|
| प्रभाव | सामाजिक सुरक्षाको अनुभूति | सूचकाङ्क | ४.७ |
| असर | सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त जनसंख्या | प्रतिशत | २७ |
| | सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ |
| **आर्थिक सशक्तिकरण सूचकाङ्क र सामाजिक सुरक्षामा भएको खर्चको प्रतिफल** | | | |
| | बैंकिङ सेवा बिस्तार | संख्या | १२२ |
| | प्रतिष्ठानहरूको सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता | प्रतिशत | १ |

*स्रोतः प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१), प्रदेश नं. १ः पृष्ठ १५४*

# खण्ड सात :
# वन तथा वातावरणको स्थिति

## ७.१ वन उत्पादन तथा सामुदायिक सहभागिता

वन जङ्गल संरक्षणका लागि नेपालमा चालिएका कदमहरूमध्ये समुदायलाई वन हस्तान्तरण गर्नु पनि एक हो । नेपालमा सामुदायिक वनको माध्यमबाट उल्लेखनीय वन क्षेत्र संरक्षित भएको छ र सामुदायिक वन कार्यक्रम नेपालको एक सफल तथा नमुना कार्यक्रमपनि हो । यस प्रदेशका विभिन्न जिल्लाहरूमा रहेका सामुदायिक वनहरूको संख्या तथा तिनले ढाकेको वनको क्षेत्रफल तालिका ७.१ मा देखाइएको छ । प्रदेश नं. १ मा जम्मा ३,६४५ सामुदायिक वनहरू रहेका छन् जसमध्ये सबैभन्दा धेरै संख्यामा भोजपुरमा ५६२ तथा सबैभन्दा कम झापामा ५९ वटा रहेका छन् । त्यस्तै, सामुदायिक वनले प्रदेश नं. १ मा जम्मा ४,२१,३५२ हेक्टर क्षेत्रफल ओगटेको छ । सबैभन्दा धेरै सामुदायिक वन क्षेत्र उदयपुरमा (७८,००० हेक्टर) तथा सबैभन्दा कम ताप्लेजुङमा (७,३३५ हेक्टर) रहेको छ ।

**तालिका ७.१ प्रदेश नं. १ का जिल्लाहरूमा सामुदायिक वनको संख्या तथा क्षेत्रफल सम्बन्धी विवरण**

| जिल्ला | सामुदायिक वनको संख्या | सामुदायिक वनले ढाकेको क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| ताप्लेजुङ | ११२ | ७,३३५.७१ |
| पाँचथर | १७६ | १३,७६७.७ |
| इलाम | २३६ | ४७,३७५.७ |
| झापा | ५९ | १५,७९३.८ |
| मोरङ | १३१ | १९,९१९.९ |
| सुनसरी | ६८ | ९,७५२.५२ |
| धनकुटा | ३८६ | ३०,३५६.१ |
| तेह्रथुम | ३३८ | १८,९६९.५ |
| संखुवासभा | २८८ | ३१,८०१.३ |
| भोजपुर | ५६२ | ४२,३६७.९ |
| सोलुखुम्बु | १८४ | २७,२९१.० |
| ओखलढुङ्गा | ३४८ | २९,९४०.१ |
| खोटाङ | ४१० | ४८,६८५.५ |
| उदयपुर | ३४७ | ७७,९९५.० |
| प्रदेश नं. १ | ३६४५ | ४,२१,३५२.० |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५ (पेज १३)*

सामुदायिक वनको अलावा यस प्रदेशमा प्राकृतिक स्रोतको रूपमा धेरै राष्ट्रिय वनहरू रहेका छन् जसको विवरण तालिका ७.२ मा प्रस्तुत गरिएको छ । प्रदेश नं. १ को २,०९,९२१ हेक्टर क्षेत्रफलमा राष्ट्रिय वन रहेको छ । सबैभन्दा धेरै क्षेत्रफलमा राष्ट्रिय वन क्षेत्र ताप्लेजुङमा (७७,१०६ हेक्टर) रहेको छ भने सबैभन्दा कम राष्ट्रिय वन क्षेत्र मोरङमा (१,७०० हेक्टर) रहेको छ ।

**तालिका ७.२ राष्ट्रिय वन क्षेत्र सम्बन्धी विवरण**

| जिल्ला | राष्ट्रिय वनले ढाकेको क्षेत्रफल (हेक्टर) |
|---|---|
| मोरङ | १७००.० |
| धनकुटा | ७९५५.६ |
| भोजपुर | ३९७२९.६ |
| ताप्लेजुङ | ७७१०६.७ |
| पाँचथर | ४३२५३.० |
| खोटाङ | ३१३८५.९ |
| ओखलढुङ्गा | ८७९०.०८ |
| राष्ट्रिय वन क्षेत्रको जम्मा क्षेत्रफल | २०९९२१.० |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५ (पेज १३)*

यस प्रदेशमा राष्ट्रिय तथा सामुदायिक वनको अलावा धेरै संख्यामा निजी, धार्मिक तथा कबुलियती वनहरू रहेका छन् । यस्ता वनहरूको विवरण तालिका ७.३ मा देखाइएको छ । प्रदेशका पाँचथर, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा र खोटाङ जिल्लामा मात्र कबुलियती वन रहेका छन् । प्रदेशमा ९४९ को संख्यामा रहेका कबुलियती वनहरूले जम्मा ३,८८६ हेक्टर क्षेत्रफल ढाकेको छ । सबैभन्दा धेरै संख्यामा कबुलियती वन खोटाङमा (२३१ वटा) रहेका छन् भने, सबैभन्दा धेरै क्षेत्रफलमा कबुलियती वन ओखलढुङ्गामा (१२५७ हेक्टरमा) रहेको छ । त्यस्तै, प्रदेशका धेरै जिल्लाहरूमा धार्मिक वनहरू रहेका छन् जसको जम्मा संख्या ३९ रहेको छ । यस्ता वनले प्रदेश नं. १ को ३७८ हेक्टर क्षेत्रफल ओगटेको छ । धार्मिक वनहरूको संख्या सबैभन्दा बढी मोरङमा (१२ वटा) छन् । प्रदेश नं. १ मा प्रशस्त संख्यामा (२,०१४ वटा) निजी वनहरू रहेका छन् जसले ओगटेको क्षेत्रफल १,८५० हेक्टर हुन आउँछ । संख्यात्मक हिसाबमा सबैभन्दा बढी निजी वनहरू मोरङमा (६२८ वटा, क्षेत्रफल ६०६ हेक्टर) तथा सबैभन्दा कम पाँचथरमा (८ वटा, ९.६ हेक्टर) रहेका छन् । कबुलियती वनहरू धेरै संख्यामा हुने जिल्लाहरूमा निजी वनको संख्या कम देखिन्छ ।

**तालिका ७.३ कबुलियती, धार्मिक तथा निजी वन सम्बन्धी विवरण**

| जिल्ला | कबुलियती वन | | धार्मिक वन | | निजी वन | |
|---|---|---|---|---|---|---|
| | संख्या | क्षेत्रफल (हेक्टर) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हेक्टर) |
| ताप्लेजुङ | | | | | २२ | ११.१५ |
| पाँचथर | २१६ | ६९८.६२ | २ | १७.५५ | ८ | ९.६३ |
| इलाम | | | २ | १५५.९६ | ५७ | ५०.०८ |
| झापा | | | | | ४२८ | ४२८.३७ |
| मोरङ | | | १२ | ४४ | ६१९ | ६०६.२७ |
| सुनसरी | | | ६ | ३१.५५ | ४३२ | २८६ |
| धनकुटा | | | ३ | ३०.४२ | ५७ | ७८.८७ |
| तेह्रथुम | ११७ | ३२७.८३ | | | २३ | १९.९८ |
| संखुवासभा | | | २ | ११.३ | १२ | १९.८ |
| भोजपुर | १९२ | ७१०.६ | ५ | ४.४७ | ४७ | ४१ |
| सोलुखुम्बु | | | ३ | ७१.१३ | १३४ | १४८.७३ |
| ओखलढुङ्गा | १९३ | १२५६.८५ | | | २१ | १२.७१ |
| खोटाङ | २३१ | ८९१.९९ | | | ९ | ६६ |
| उदयपुर | | | ४ | १२ | १४५ | ७१.९ |

| जिल्ला | कबुलियती वन | | धार्मिक वन | | निजी वन | |
|---|---|---|---|---|---|---|
| | संख्या | क्षेत्रफल (हेक्टर) | संख्या | क्षेत्रफल (हे.) | संख्या | क्षेत्रफल (हेक्टर) |
| प्रदेश नं. १ | ९४९ | ३८८५.९ | ३९ | ३७८.३८ | २०१४ | १८५०.५ |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५ (पेज १३)*

यसको अलावा, प्रदेशका संरक्षित क्षेत्रहरूमा पनि सामुदायिक वनहरू रहेका छन् । त्यस्ता वनहरूको विवरण तालिका ७.४ मा प्रस्तुत गरिएको छ । प्रदेश अन्तर्गतको मकालु वरुण राष्ट्रिय निकुञ्जमा ७,२०४ हेक्टर क्षेत्रफलमा ४१ वटा, कञ्चनजङ्घा संरक्षित क्षेत्रमा १५,३०० हेक्टरमा १३ वटा तथा सगरमाथा राष्ट्रिय निकुञ्जमा ८४५ हेक्टरमा २ वटा सामुदायिक वनहरू रहेका छन् ।

**तालिका ७.४ संरक्षित क्षेत्र अन्तर्गत रहेका मध्यवर्ती क्षेत्र सामुदायिक वनको विवरण**

| निकुञ्ज/संरक्षित क्षेत्र | सामुदायिक वनको संख्या | क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|
| मकालु वरुण राष्ट्रिय निकुञ्ज | ४१ | ७२०४ | १९६१ |
| सगरमाथा राष्ट्रिय निकुञ्ज | २ | ८४५ | ३३५ |
| कञ्चनजङ्घा संरक्षित क्षेत्र | १३ | १५३०० | ७०० |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५*

## ७.२ वन पैदावारको उत्पादनको स्थिति

प्रदेशका वनहरूबाट उत्पादन हुने काष्ठ तथा गैह्र-काष्ठ उत्पादनहरूको विवरण यस खण्डमा प्रस्तुत गरिएको छ । काष्ठ उत्पादनमा काठ र दाउरा तथा गैह्र-काष्ठ उत्पादनमा खोटो तथा घाँसपात, स्याउला, फलफूल जस्ता उत्पादनहरूलाई समेटिएको छ । पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयबाट प्राप्त तथ्याङ्कका आधारमा प्रदेश नं. १ का जिल्लाहरूको आ.ब. २०७४/७५ मा उत्पादित बन पैदावारको परिमाण तालिका ७.५ मा प्रस्तुत गरिएको छ । सो आर्थिक वर्षमा प्रदेश नं. १ मा जम्मा एक करोड क्युविक फिट काठ, ३,४३५ मेट्रिक टन दाउरा, करिब ६ लाख कि.ग्रा. खोटो तथा १७.५ लाख कि.ग्रा. अन्य गैर काठजन्य बन पैदावार उत्पादन भएको देखिन्छ । आ.व. २०७४/७५ मा सबैभन्दा बढी काठ इलाममा (२८ लाख क्युविक फिट) तथा सबैभन्दा कम खोटाङमा (८ हजार क्यु.फि.) उत्पादन भएको तथ्याङ्क छ । समग्रमा काठको उत्पादनमा जिल्लाहरूबिच धेरै अन्तर रहेको देखिन्छ । ताप्लेजुङ, पाँचथर, धनकुटा, खोटाङ र उदयपुरमा खोटो सङ्कलनको तथ्याङ्क देखिन्छ । त्यस मध्ये, खोटाङमा मात्र झन्डै ४ लाख के. जी. खोटो सङ्कलन भएको तथ्याङ्क छ । दाउरा तथा अन्य गैह्र काठजन्य वन पैदावारको उत्पादनमा पनि जिल्लाहरू बिच मात्रात्मक अन्तर निकै ठूलो रहेको छ । विस्तृत विवरणको लागि तालिकामा हेर्न सकिन्छ ।

**तालिका ७.५ प्रदेश नं. १ मा आ.व. २०७४/७५ मा उत्पादित वन पैदावारको परिमाण**

| जिल्ला | काठ (क्यु. फिट) | दाउरा (मे. टन) | गैर काठजन्य बन पैदावार (कि.ग्रा.) | खोटो (कि.ग्रा.) |
|---|---|---|---|---|
| ताप्लेजुङ | ४,२५,५९२.८१ | १.१३ | ५०,०८५ | २,७५६.५ |
| पाँचथर | १५,८२,५९९.७९ | १.५ | १,५५,४६० | ८,५१४.५ |
| इलाम | २८,२७,२९९.६७ | | ४६,६४१ | |
| झापा | ३,१९,०५०.७२ | १,२४७.१५ | | |
| मोरङ | ७,८४,१३९.३४ | १,४३१.४३ | ५४,१५० | |
| सुनसरी | १,२९,८०६.४८ | २०७.९७ | ७७०० | |

| जिल्ला | काठ (क्यु. फिट) | दाउरा (मे. टन) | गैर काठजन्य बन पैदावार (कि.ग्रा.) | खोटो (कि.ग्रा.) |
|---|---|---|---|---|
| धनकुटा | १७,२८,८३८.६० | | | ४,०७७१.५ |
| तेह्रथुम | १०,६७,२६२.०४ | ४४२.२३ | १२,००० | |
| भोजपुर | २,४४,०७९.०० | ४.५ | १,१६,३३० | |
| संखुवासभा | १४,५४,७७६.६१ | | ३,६५,८१० | |
| सोलुखुम्बु | २,७७,८५५.५२ | २.० | ४०,५४५ | |
| ओखलढुङ्गा | २६,७८२.५३ | | | |
| खोटाङ | ८,२४३.०० | ३.० | ११,०७६ | ३,७६,३६८ |
| उदयपुर | २,२१,९२३.३८ | ९४.६५ | ८,९१,७७२ | १,५९,१२० |
| प्रदेश नं. १ जम्मा | १,००,९८,२४९.४९ | ३,४३५.५६ | १७,५१,५६९ | ५,८७,५३०.५ |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५*

## ७.३ वन डढेलोको स्थिति

वन संरक्षणमा भएका विविध प्रयासहरूका बाबजुद डढेलो जस्ता प्रकोपहरूबाट नेपालमा वर्षेनी धेरै वन क्षेत्र नष्ट हुने गरेको छ । पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयबाट प्राप्त तथ्याङ्कका आधारमा प्रदेश नं. १ मा आ. ब. २०७४/७५ मा वन डढेलोले प्रभाव पारेको वनको क्षेत्र सम्बन्धी विवरण तालिका ७.६ मा प्रस्तुत गरिएको छ । उक्त वर्षमा प्रदेश नं. १ मा करिब १९,००० हेक्टर वन डढेलो प्रभावित वन क्षेत्रको रूपमा रहेको छ । डढेलोले सबैभन्दा बढी उदयपुरमा १५,००० हेक्टर तथा त्यसपछि सुनसरीमा २,५०० हेक्टर वन डढेलोले प्रभावित भएको छ । बाँकी जिल्लाहरूमा वन डढेलोको प्रभाव कम रहेको देखिन्छ । तालिकामा उल्लिखित जिल्लाहरू बाहेक अन्य जिल्लाको वन डढेलोको तथ्याङ्क उपलब्ध नभएको अवस्था छ ।

**तालिका ७.६ डढेलो सम्बन्धी विवरण (२०७४/७५)**

| जिल्ला | डढेलो प्रभावित बन क्षेत्र (हेक्टर) |
|---|---|
| ताप्लेजुङ | १९५.२ |
| इलाम | ३३.२५ |
| सुनसरी | २५००.० |
| धनकुटा | २६४.० |
| तेह्रथुम | २१.६ |
| संखुवासभा | १.० |
| ओखलढुङ्गा | ८९३.९ |
| उदयपुर | १५०००.० |
| प्रदेश नं. १ जम्मा | १८९०९.० |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५*

संरक्षित क्षेत्र भित्रपनि वन क्षेत्रमा डढेलो लागेको तथ्याङ्क देखिन्छ । तालिका ७.७ का अनुसार मकालु वरुण राष्ट्रिय निकुञ्जभित्र आ. ब. २०७४/७५ मा १८२ हेक्टर वनमा डढेलो लागेको देखिन्छ । त्यस्तै सोही अवधिमा सगरमाथा राष्ट्रिय निकुञ्जमा ९० हेक्टर वनमा डढेलो लागेको तथ्याङ्क छ ।

**तालिका ७.७ संरक्षित क्षेत्रभित्र डढेलोको अवस्था (२०७४/७५)**

| संरक्षित क्षेत्र | डढेलो प्रभावित बन क्षेत्र (हे.) |
|---|---|
| मकालु वरुण राष्ट्रिय निकुञ्ज | १८२ |
| सगरमाथा राष्ट्रिय निकुञ्ज | ९० |
| कञ्चनजङ्गा संरक्षित क्षेत्र | ५ |
| रतुवामाई (संरक्षित वन) | ३८ |

*स्रोत: पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५*

# खण्ड आठ :

# सुशासन

## ८.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने कुरा स्पष्ट उल्लेख गरेको छ । राज्यका सबै कार्यक्रममा जनताको पहुँच पुऱ्याउने माध्यम र प्रक्रिया सुशासन मार्फत प्रकट हुन्छ। संविधानको धारा ५१ को (ख) राजनीतिक तथा शासन सम्बन्धी नीतिको दफा (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ । राज्य संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षा अनुरूप प्रभावकारी छिटो, छरितो र प्रभावकारी सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनु नै सुशासन हो । यसलाई असल, कुशल र जनमुखी शासन भनेर पनि चिनिन्छ । शासकीय पात्रहरूमा निहित शक्ति, अधिकार र दायित्व नागरिक सेवा र सन्तुष्टि सापेक्ष गर्ने शासन प्रणालीलाई समेत सुशासन भनिन्छ ।राज्यले अपनाउने सुशासनका नीति नै निजी र गैरसरकारी क्षेत्रले पनि अपनाउने हुँदा समग्र राष्ट्रिय व्यवहारमा सुशासनको अत्याधिक महत्त्व छ। सन् १९९० को दशकमा विश्वका विकासशील मुलुकहरू खासगरी तेस्रो विश्वका देशहरूमा शासन शक्ति र अधिकारको दुरुपयोग भई शासन व्यवस्था प्रभावकारी नभएकाले शासन व्यवस्थामा सुधार ल्याई विकास निर्माण प्रक्रियामा गतिशीलता प्रदान गर्ने हेतुले विकास गरिएको यो रणनीतिक अवधारणा हो ।विश्व बैंकले आर्थिक सामाजिक श्रोतको उपयोग गर्दा कसरी अधिकारको प्रयोग भएको छ भन्ने कुरालाई जाँच्ने मापदण्ड सुशासनलाई बनाएको पाइन्छ । साथै अन्तर्राष्ट्रिय सहयोगको पूर्वशर्तका रूपमा लोकतन्त्रलाई शासनको वैधानिकताको र सुशासनलाई प्रभावकारिताको मापदण्डको रूपमा समावेश गर्ने गरिएको छ। संयुक्त राष्ट्र संघले सहभागिता, सहमति उन्मुख पद्धति, उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, प्रभावकारी तथा सक्षम, समतामूलक र समावेशी तथा कानूनी शासनको अनुपालन गरी आठ वटा विषयलाई सुशासनका साझा विशेषताका रूपमा उल्लेख गरेको छ । तथापी धेरैजसो राष्ट्रहरूले आफ्नो विशिष्टताको आधारमा सूचकहरू थपघट गर्ने गरेको देखिन्छ । सहमति उन्मुखता, सहभागितामूलक, कानूनी शासन, प्रभावकारी र सक्षमता, जवाफदेहिता, उत्तरदायी, पारदर्शी, समतामुखी र समावेशी जस्ता क्षेत्रहरूलाई सुशासनको अवयवको रूपमा नेपालले आत्मसात् गरेको छ । प्रदेश सरकारले उक्त उद्देश्य प्राप्तिका लागि सार्वजनिक प्रशासनलाई सुशासनमैत्री बनाउनका लागि : (क) प्रशासन जनमुखी हुनुपर्ने (ख) प्रशासन सेवामुखी हुनुपर्ने (ग) प्रशासन पारदर्शी हुनुपर्ने (घ) प्रशासन सदाचारमा आधारित हुनुपर्ने (ङ) प्रशासन उत्कृष्ट सेवा प्रवाह गर्ने प्रणालीमा आधारित हुनु पर्ने र (च) स्मार्ट सेवा प्रवाह गर्ने जस्ता कुराहरूलाई अंगिकार गरेको छ ।

## ८.२ नीतिगत आवद्धता

सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ ले कानूनी शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनलाई सुशासनको रूपमा परिभाषित गरेको पाइन्छ भने संविधानले दिगो शान्ति, विकास, समृद्धि र सुशासनलाई विशेष प्राथमिकताको रूपमा लिएको छ । यी चार प्राथमिकतामध्ये दिगो शान्ति, विकास र समृद्धि हासिल गर्न सुशासन बिना सम्भव छैन । संविधानले सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूति गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ । साथै राष्ट्रिय योजना आयोगले पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र परिच्छेद-९ मा लोकतन्त्र र सुशासनलाई उच्च प्राथमिकता दिई विभिन्न नीति, रणनीतिको तर्जुमा गरेको छ । साथै प्रदेश सरकारले सुशासनलाई सुव्यवस्थित गर्नको निमित्त प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ जारी गरेको छ ।

### ८.२.१ प्रदेशमा सुशासन सम्बद्ध अवस्था

विश्व बैंकले सुशासनका विभिन्न ६ सूचकहरू तयार गरी संसारभरिका मुलुकहरूको अवस्थिति निर्धारण गर्ने गरेको छ जस अन्तर्गत नेपालको स्थिति निम्न रहेको छ ।

**तालिका ८.१ सुशासन**

| क्र.सं. | सूचकहरू | सन् | | |
|---|---|---|---|---|
| | | २०१६ | २०१७ | २०१८ |
| १ | जवाफदेहिता | -०.२५ | -०.२३ | -०.१३ |
| २ | राजनीतिक स्थायित्व र अहिंसा | -०.८५ | -०.६९ | -०.६३ |
| ३ | कार्य प्रभावकारीता | -०.८३ | -०.८९ | -०.९ |
| ४ | कार्यदक्षता | -०.७६ | -०.७२ | -०.७५ |
| ५ | भ्रष्टाचारको अन्त्य | -०.८ | -०.७५ | -०.६७ |
| ६ | विधिको शासन | -०.८ | -०.६८ | -०.४८ |

*(-२.५ अति कमजोर बाट २.५ अति प्रभावकारी मानकको आधारमा)*

*स्रोत : विश्व बैंक वेबसाइट : https://info.worldbank.org/governance/wgi/*

नेपाल सरकारले पछिल्लो ३ वर्षमा प्राय सबै सूचकहरूमा उल्लेखनीय प्रगति गरेको कुरा प्रस्तुत तथ्याङ्कले प्रस्ट पार्दछ । भने ट्रान्सपरेन्सी इन्टरनेशनलको ग्लोबल करप्सन ब्यारोमिटर अनुसार सन् २०१८, भ्रष्टाचार अवधारणा सूचकाङ्कमा नेपाल १२४ औं स्थानमा रहेको छ । प्रदेश सरकारले समेत पहिलो पञ्चवर्षीय योजनाको परिच्छेद ७ को ७.१ र ७.२ मा सुशासन सम्बद्ध विभिन्न नीति रणनीति र कार्यक्रम तय गरेको छ । प्रदेश सरकारको प्रशासनिक संरचना अन्तर्गत सात वटा मन्त्रालय, ११ निर्देशनालय र १३७ कार्यालय गरी जम्मा १५५ निकाय क्रियाशील रहेका छन् । सो अन्तर्गत विभिन्न पदका ३,८८२ दरबन्दी रहेको छ । जसमध्ये ६० प्रतिशत मात्र पदपूर्ति भएको छ । नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूची बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालय मुख्यतः शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्यूरो,

विपद् व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, कानून, न्याय, सञ्चार तथा प्रदेश सभा र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्यमा क्रियाशिल रहेको छ । सुशासन तथा योजना संसदीय समिति बृहत् अध्ययन गरी सुशासन तथा अनुगमन सम्बद्ध कानून तर्जुमा प्रक्रियामा क्रियाशिल रहेको छ । यसका साथै मुख्य न्यायाधिवक्ताको कार्यालय समेत कानूनी राज्यको अभ्यास स्थापित गर्न क्रियाशिल रहेको छ । प्रदेशले भ्रष्टाचार सम्बन्धी शून्य सहनशीलतालाई अवलम्बन गरेको छ । हाल भ्रष्टाचार न्यूनता अनुभूति सूचकाङ्क "०" न्यूनतम र १०० "अधिकतम" मानकको आधारमा ३१ रहेको छ । यसैगरी केन्द्रिय तथ्याङ्क विभागको अनुसार उत्तरदायी, पारदर्शी र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क (१ न्यूनतम र ६ अधिकतम) मा यस प्रदेशको सूचकाङ्क ३ रहेको छ । सुशासनमा आधारित नतिजामुखी प्रशासन -०.७८ रहेको छ (-२.५ न्यूनतम र २.५ अधिकतम) । हालै प्रदेश स्तरीय निजामती कर्मचारी सङ्गठन व्यवस्थापन (O&M) सर्वेक्षण भइरहेको छ । प्रदेशमा १० प्रतिशत जनप्रतिनिधि र राष्ट्रसेवकहरूलाई योजना कार्यान्वयन क्षमता विकास तालिममा संलग्न गरिएको छ भने हरेक जनता तथा जनप्रतिनिधिको प्रदेश सरकार प्रमुख समक्ष सोझो पहुँच स्थापित गर्न मुख्यमन्त्री ड्यासबोर्ड निर्माण कार्य अन्तिम चरणमा छ । सरकारको सार्वजनिक जवाफदेहितालाई बोध गरि जनतासँग मुख्यमन्त्री कार्यक्रम गत आ.व. २०७५/७६ को माघ महिनादेखि हरेक महिनाको १ गते र १५ गते प्रदेश स्थित सम्पूर्ण रेडियो टेलिभिजनबाट एकै साथ प्रसारण भइरहेको छ ।

प्रदेशको निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरि प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासन लाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशीतालाई समेत मध्यनजर गर्दै योग्यता प्रणालीलाई अवलम्बन गर्न प्रदेश लोकसेवा आयोग ऐन २०७६ जारी भएको छ । साथै निजामती सेवालाई चुस्त स्फूर्त, समावेशी बनाउन प्रादेशिक लोकसेवा आयोग गठन भई कार्य आरम्भ गरेको छ ।

सार्वजनिक खरिदमा मितव्ययिता अपनाउन तथा गुणस्तर र प्रतिस्पर्धा कायम राख्नका लागि विद्युतीय खरिद प्रणालीको महत्त्वपूर्ण भूमिका हुन्छ । आ.व. २०७५/७६ मा प्रदेशको सार्वजनिक खरिदको ५० प्रतिशत विद्युतीय खरिद प्रणाली अर्थात् e-bidding मार्फत भएको छ ।

प्रदेशको डिजिटल साक्षरता पचास प्रतिशत (५०%) रहेको अवस्थामा सार्वजनिक सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत जनतामा छिटो, छरितो तथा मितव्ययी तरिकाले पुर्याउन सकिन्छ । प्रदेशका दश विभिन्न नापी तथा मालपोत कार्यालयमा भू-सूचना प्रणालीको स्थापना भइसकेको छ भने छ वटा कार्यालयमा भूमिको वैज्ञानिक नक्साङ्कन गरी अभिलेख व्यवस्थापन र जग्गा खरिदबिक्री सूचना प्रणाली स्थापना भएका छन् । यसैगरी छ वटा नापी तथा मालपोत कार्यालयमा जग्गा खरिदबिक्री मार्फत कारोबार भइरहेको अवस्था छ ।

## ८.३ मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था

संयुक्त राष्ट्र संघमा संपरीक्षणका लागि पेस गर्नु पर्ने ठूला ९ वटा महासन्धि मध्ये ७ महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । मानव अधिकारलाई संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविच्छिन्न अङ्गको रूपमा उल्लेख गरिएको छ जसमा मानव अधिकारलाई सुनिश्चितता दिनका लागि संविधानको भाग २५ मा मानव अधिकार आयोगको समेत व्यवस्था गरिएको छ । सबै कुप्रथालाई फौजदारी अपराधको कोटिमा राख्ने कानून र अपराध संहिता जारी भएको छ । मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने, न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

प्रदेश सरकारले मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थाको स्थितिमा उल्लेखनीय प्रगति हासिल गर्नका लागि आवधिक योजना मार्फत विभिन्न नीति कार्यनीति तथा कार्यक्रमहरू तय गरेको छ । प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरिए अनुसार कार्य विस्तृतीकरणका अनुसार आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रिय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र राखिएको छ । दिगो विकासको १६ औं लक्ष्य मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित रहेकोले सो लक्षलाई प्रादेशिक रूपमा कार्यान्वयन गर्न सम्पूर्ण संयन्त्र लागिपरेको छ । प्रदेशको कार्य क्षेत्रभित्र प्रदेशस्तरीय सुरक्षा संयन्त्र स्थापना र हस्तान्तरण हुन बाँकी रहेको अवस्था छ ।

### ८.३.१ प्रदेशमा मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बद्ध अवस्था

प्रदेशमा नागरिक सन्तुष्टि अनुभूति सूचकाङ्क (० बाट १० अङ्कको मानकमा ) ४.७ रहेको छ । आ.व. २०७५/७६ मा शान्ति सुरक्षाको लागि औसत बजेट रु. ७४।- रहेको छ । यसैगरी मानव अधिकार उल्लङ्घनका घटना प्रदेशमा ८४८ रहेको छ । प्रदेशमा दर्ता भएका अपराध उजुरी फर्स्यौटको प्रतिशत ६७.५ रहेको छ भने शान्ति सुरक्षा लागि बजेट रकम प्रति व्यक्ति ७४ छ । स्थानीय तहमा गरिब तथा असहायलाई १४ वटा कानूनी सहायता, ४९ जनचेतना अभिवृद्धि र सबै पालिकामा मानवअधिकारवादी संघ संस्थासँग सहकार्यको अभियान सम्पन्न भएको छ । शान्ति सुरक्षाका लागि प्रदेश सरकारको तर्फबाट हाल सम्म ७९ प्रहरी चौकी भवन निर्माण सम्पन्न भई सकेको र १८६ प्रहरी कार्यालयमा विभिन्न आधुनिक उपकरण वितरण भएको छ ।

**चित्र ८.१ प्रदेश नं. १ को विभिन्न घटना विवरण**




*स्रोतः इन्सेक वार्षिक प्रतिवेदन २०१९*

गत वर्ष प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनामा ६१ जना र ज्यादतीका घटनामा ७ सय ८७ जना पीडित भएको कुरा इन्सेकले उल्लेख गरेको छ । महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १९ जना, जातीय विभेदका घटनामा चार जना, गिरफ्तारीका घटनामा ४३ जना, बाल अधिकारका घटनामा २ सय ३९ जना पीडित भएको अभिलेख छ ।

## ८.४ राजनीतिक प्रतिनिधित्व

प्रदेश नं. १ मा प्रत्यक्ष निर्वाचित ५६ जना, समानुपातिक निर्वाचन प्रणालीबाट ३७ गरी जम्मा ९३ जना सदस्य रहेको छ । प्रदेश सभामार्फत सरकारले हालसम्म दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने ३९ ऐन, १३ नियमावली, १० निर्देशिका र ३७ कार्यविधि स्वीकृत गरेको छ ।

**तालिका ८.२ जिल्ला अनुसार निर्वाचित र समानुपातिक**

| सि.नं. | जिल्ला | निर्वाचित | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १ | झापा | १० | ५ | १५ |
| २ | इलाम | ४ | ० | ४ |
| ३ | पाँचथर | २ | २ | ४ |
| ४ | ताप्लेजुङ | २ | ३ | ५ |
| ५ | मोरङ | १२ | ११ | २३ |
| ६ | सुनसरी | ८ | ६ | १४ |
| ७ | धनकुटा | २ | ३ | ५ |
| ८ | तेह्रथुम | २ | ० | २ |
| ९ | भोजपुर | २ | १ | ३ |

| सि.नं. | जिल्ला | निर्वाचित | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १० | संखुवासभा | २ | २ | ४ |
| ११ | उदयपुर | ४ | ३ | ७ |
| १२ | ओखलढुङ्गा | २ | ० | २ |
| १३ | खोटाङ | २ | १ | ३ |
| १४ | सोलुखुम्बु | २ | ० | २ |
| **जम्मा** | | **५६** | **३७** | **९३** |

स्रोतः *Governance Facility, Sep 2018*

## तालिका ८.३ दलअनुसार निर्वाचित र समानुपातिक

| सि.नं. | दलको नाम | निर्वाचित | समानुपातिक | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) | ४७ | २० | ६७ |
| २ | नेपाली काँग्रेस (ने.का.) | ८ | १३ | २१ |
| ३ | संघीय समाजवादी फोरम नेपाल (स.स.फो.) | १ | २ | ३ |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल (रा.प्र.पा.) | ० | १ | १ |
| ५ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (स.लो.रा.म.) | ० | १ | १ |
| | **जम्मा** | **५६** | **३७** | **९३** |

स्रोतः *Governance Facility, Sep 2018*

## तालिका ८.४ जातिगत आधार

| सि.नं. | जात | संख्या |
|---|---|---|
| १ | क्षेत्री बाहुन | ३३ |
| २ | राई लिम्बू | २९ |
| ३ | मधेसी आदिवासी | १५ |
| ४ | गुरुङ | ३ |
| ५ | मुस्लिम | २ |
| ६ | नेवार | ५ |
| ७ | मगर | ३ |
| ८ | दलित पहाडी | ३ |
| **जम्मा** | | **९३** |

स्रोतः *Governance Facility, Sep 2018*

## चित्र ८.२ दलअनुसार निर्वाचित र समानुपातिक




*स्रोतः Governance Facility, Sep 2018*

## चित्र ८.३ जातिगत आधार




*स्रोतः Governance Facility, Sep 2018*

प्रदेशको ९३ संसद मध्ये ३२ जना वा ३४ .४० प्रतिशत महिला सभासदको उपस्थिति रहेको छ । स्थानीय तहको १३७ मध्ये केवल १ स्थानमा मात्र महिला प्रमुख निर्वाचित भएको अवस्था छ भने संघीय संसदमा प्रदेश नं. १ को प्रतिनिधित्व ३२ जनाले गर्नु भएको छ ।

## ८.५ निजामती सेवा तथा समावेशीता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त विवरण अनुसार संघमा ४८,३३४ दरबन्दी, ७ प्रदेशहरूमा जम्मा २२,२३० दरबन्दी र ७५३ स्थानीय तहहरूमा जम्मा ६६,६७० दरबन्दी गरी देशभरि कुल १,३७,२३४ स्वीकृत दरबन्दी रहेका छन् । कर्मचारी समायोजन, पदस्थापन तथा तत्पश्चातका सरुवा सम्बन्धी विवरण राष्ट्रिय किताबखानामा अद्यावधिक गर्ने कार्य प्रक्रियामा नै रहेको कारण संघ, प्रदेश तथा स्थानीय तहमा पूर्ति भएको र रिक्त रहेको दरबन्दीको अद्यावधिक विवरण यकिन भएको छैन ।

सार्वजनिक सेवामा समावेशीकरणका लागि राज्यले अवलम्बन गरेको सकारात्मक विभेदको नीति अनुरूप आयोगले वि.सं. २०६४ सालदेखि तोकिएका समावेशी समूहका उम्मेदवार बीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्दै आएको छ । आ.व. २०७५/७६ मा खुल्ला बाट ३४ प्रतिशत, बढुवा बाट ३० प्रतिशत, समावेशीबाट २८ प्रतिशत र आ. प्र. बाट ८ प्रतिशत निजामती पदहरूका लागि विज्ञापन भएको थियो ।

**चित्र ८.४ आ.व. २०७५/७६ निजामती छनौट कार्यकारी सारांश**




*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

### ८.५.१ निजामती सेवामा समावेशीता

आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन अवधिमा ६ समावेशी समूहका कुल ३ सय २६ पदका लागि विज्ञापन गरिएको थियो । आर्थिक वर्ष २०७४/७५ मा समावेशी विज्ञापन मार्फत कुल १ हजार ८ सय ८३ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्, जसमा महिला तर्फ ६ सय २५, आदिवासी जनजाति तर्फ ५ सय ९, मधेसी तर्फ ४ सय ९, दलित तर्फ १ सय ६८, अपाङ्गता· तर्फ ९५ र पिछडिएको क्षेत्र तर्फ ७७ जना उम्मेदवार सिफारिस भएका छन् । प्रतिवेदन अवधि सहित अन्तिम १२ वर्षमा सबै समावेशी समूहबाट कुल २१ हजार ५ सय ४६ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । आ.व. २०७५/७६ मा प्रत्येक समावेशी समूहका उम्मेदवारहरू खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा समेत उल्लेखनीय संख्यामा सिफारिस भएका छन् ।

**तालिका ८.५ विज्ञापनको प्रकार, लिङ्ग र पदको स्तरका आधारमा सिफारिस संख्या**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | सहायकस्तर | अधिकृतस्तर | जम्मा | सहायकस्तर | अधिकृतस्तर | जम्मा | |
| आ.प्र. | ११ | २१ | ३२ | २२२ | ४३ | २६५ | २९७ |
| खुला | ३८७ | १५९ | ५४६ | १,३१८ | ५३० | १,८४८ | २,३९४ |
| महिला | ४४४ | १८१ | ६२५ | ० | ० | ० | ६२५ |
| आ.ज. | ९६ | २७ | १२३ | २७० | ११६ | ३८६ | ५०९ |
| मधेसी | ५३ | ८ | ६१ | २३७ | १११ | ३४८ | ४०९ |
| दलित | २९ | ७ | ३६ | ९२ | ४० | १३२ | १६८ |
| अपा· | १३ | २ | १५ | ५० | ३० | ८० | ९५ |
| पि.क्षे. | १० | - | १० | ४६ | २१ | ६७ | ७७ |
| जम्मा | १,०४३ | ४०५ | १,४४८ | २,२३५ | ८९१ | ३,१२६ | ४,५७४ |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

आ.व. २०७५/७६ मा सिफारिस भएका उम्मेदवारमध्ये सबैभन्दा धेरै १ हजार ६ सय ४२ जना उम्मेदवार तराई क्षेत्र बाट सिफारिस भएका छन् । लैङ्गिक विश्लेषण गर्दा सबैभन्दा बढी महिला पहाडी क्षेत्रबाट (५०३ जना) सिफारिस भएका छन् भने सबैभन्दा बढी पुरुष तराई क्षेत्रबाट सिफारिस भएका छन् । काठमाडौं उपत्यका बाहेक सबै भौगोलिक क्षेत्रबाट महिलाभन्दा बढी संख्यामा पुरुष उम्मेदवारहरू सिफारिस भएका छन् । समग्रमा तराई क्षेत्रबाट बढी संख्यामा उम्मेदवारहरू सिफारिस भएको देखिन्छ ।

**तालिका ८.६ भौगोलिक क्षेत्र अनुसार सिफारिस उम्मेदवार**

| श्रेणी/तह | उम्मेदवार संख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| हिमाली | २०६ | ४८७ | ६९३ | १५.१५ |
| पहाडी | ५०३ | १,०१६ | १,५१९ | ३३.२१ |
| भित्री मधेस | १७९ | ३३० | ५०९ | ११.१३ |
| तराई | ४३३ | १,२०९ | १,६४२ | ३५.९ |
| काठमाडौं उतप्यका | १२७ | ८४ | २,११७ | ४.६१ |
| जम्मा | १,४४८ | ३,१२६ | ४,५७४ | १०० |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

**तालिका ८.७ सिफारिस भएका उम्मेदवारका धर्मको स्थिति**

| धर्म | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | १,३६६ | २,९८१ | ४,३४७ | ९५.०४ |
| बौद्ध | ५१ | ६५ | ११६ | २.५४ |
| इस्लाम | ६ | २९ | ३५ | ०.७७ |
| इसाई | ६ | ९ | १५ | ०.३३ |
| अन्य | १९ | ४२ | ६१ | १.३३ |
| जम्मा | १,४४८ | ३,१२६ | ४,५७४ | १०० |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

धर्मका आधारमा आ.व. २०७५/७६ मा सिफारिस भएका उम्मेदवारको संख्या प्रस्तुत गरिएको छ । जस अनुसार ९५.०४ प्रतिशत उम्मेदवारको धर्म हिन्दु रहेको छ भने सिफारिस हुने अन्य उम्मेदवारको धर्म बौद्ध, इस्लाम र इसाई तथा अन्य धर्म पनि रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ मा अपाङ्गताका लागि मात्र लक्षित समावेशी समूहका विज्ञापनहरूबाट ९५ जना उम्मेदवार सिफारिस भएका छन् । तर आन्तरिक, खुला र सबै समावेशी विज्ञापनमा गरी १ सय ५७ जना उम्मेदवार प्रतिवेदन अवधिमा सिफारिस भएका छन् । यो संख्या कुल सिफारिसको ३ प्रतिशत हो । सिफारिस हुने अपाङ्गता भएका उम्मेदवारमध्ये ३३ प्रतिशत अधिकृतस्तर र ६७ प्रतिशत सहायक स्तरका पदमा सिफारिस भएका छन् भने १२ प्रतिशत महिला र ८८ प्रतिशत पुरुष रहेका छन् । तालिका ६६ मा यस सम्बन्धी विस्तृत विवरण प्रस्तुत गरिएको छ ।

**चित्र ८.५ समावेशी विज्ञापनबाट र सबै विज्ञापन (समावेशी समेत) बाट सिफारिस भएका समावेशी समूहका उम्मेदवार संख्या**




*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

कुल सिफारिस संख्या ४ हजार ५ सय ७४ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट १ हजार ८ सय ८३ जना (कुल सिफारिसको ४१%) उम्मेदवार समावेशी समूहबाट सिफारिस भएका छन् ।

### तालिका ८.८ समावेशी समूहका विज्ञापनमा आ.व. २०७५/ ७६ को अवधिमा भएका सिफारिस

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | सहायकस्तर | अधिकृतस्तर | जम्मा | सहायकस्तर | अधिकृतस्तर | जम्मा | |
| महिला | ४४४ | १८१ | ६२५ | | | ० | ६२५ |
| आ.ज. | ९६ | २७ | १२३ | २७० | ११६ | ३८६ | ५०९ |
| मधेसी | ५३ | ८ | ६१ | २३७ | १११ | ३४८ | ४०९ |
| दलित | २९ | ७ | ३६ | ९२ | ४० | १३२ | १६८ |
| अ.पा. | १३ | २ | १५ | ५० | ३० | ८० | ९५ |
| पि.क्षे. | १० | | १० | ४६ | २१ | ६७ | ७७ |
| जम्मा | ६४५ | २२५ | ८७० | ६९५ | ३१८ | १,०१३ | १,८८३ |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

### ८.५.२ निजामती सेवामा प्रदेश तथा जिल्लागतगत स्थिति

### तालिका ८.९ सिफारिस उम्मेदवारको प्रदेशगत संख्या

| श्रेणी/तह | उम्मेदवार संख्या | | | |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | प्रतिशत |
| प्रदेश नं. १ | २३६ | ४६१ | ६९७ | १५.२४ |
| प्रदेश नं. २ | १८१ | ७५९ | ९४० | २०.५५ |
| बागमती प्रदेश | २८४ | २९९ | ५८३ | १२.७५ |
| गण्डकी प्रदेश | २१३ | २९८ | ५११ | ११.१७ |
| प्रदेश नं. ५ | २५० | ५१६ | ७६६ | १६.७५ |
| कर्णाली प्रदेश | १८१ | ४६५ | ६४६ | १४.१२ |
| सुदूरपश्चिम प्रदेश | १०३ | ३२८ | ४३१ | ९.४२ |
| जम्मा | १,४४८ | ३,१२६ | ४,५७४ | १०० |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

आर्थिक वर्ष २०७५/७६ बाट निजामती सेवामा प्रदेशबाट सिफारिस हुनेको संख्या ६९७ रहेको छ । प्रदेश २ र ५ पश्चात् यो प्रदेशको स्थिति कुल नेपालमा १५.२४ प्रतिशत रहेको छ । नेपालको कुलमा प्रदेश नं. १ को क्षेत्रफल १७.६ र जनसंख्या १७.१ रहेकोले सो आधारमा निजामती सेवामा सिफारिस हुनेहरूको संख्या केही कम प्रतिशत रहेको छ भने निजामती सेवामा प्रदेश नं. १ बाट सिफारिस हुनेहरूमा महिलाहरूको प्रतिनिधित्व करिब ३३.८५ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ३२.६७ प्रतिशत भन्दा राम्रो स्थिति हो ।

### तालिका ८.१० प्रदेश नं. १ को जिल्ला तथा लैङ्गिक आधारमा निजामती कर्मचारीहरूको संख्या

| सि.नं. | जिल्ला | पुरुष | महिला | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | भोजपुर | ५३७ | २०६ | ७४३ | ७२.२७ | २७.७३ |
| २ | धनकुटा | ६५५ | १८० | ८३५ | ७८.४४ | २१.५६ |
| ३ | इलाम | ६९५ | १९४ | ८८९ | ७८.१८ | २१.८२ |
| ४ | झापा | १,१४१ | २९९ | १,४४० | ७९.२४ | २०.७६ |
| ५ | खोटाङ | ५४२ | २३३ | ७७५ | ६९.९४ | ३०.०६ |

| सि.नं. | जिल्ला | पुरुष | महिला | जम्मा | पुरुष प्रतिशत | महिला प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६ | मोरङ | १,५५६ | ४३२ | १,९८८ | ७८.२७ | २१.७३ |
| ७ | ओखलढुङ्गा | ५९४ | २१२ | ८०६ | ७३.७ | २६.३ |
| ८ | पाँचथर | ४८४ | १५२ | ६३६ | ७६.१ | २३.९ |
| ९ | संखुवासभा | ४७५ | १३७ | ६१२ | ७७.६१ | २२.३९ |
| १० | सोलुखुम्बु | ४४२ | १२६ | ५६८ | ७७.८२ | २२.१८ |
| ११ | सुनसरी | १,१२२ | २७५ | १,३९७ | ८०.३१ | १९.६९ |
| १२ | ताप्लेजुङ | ४७५ | १७५ | ६५० | ७३.०८ | २६.९२ |
| १३ | तेह्रथुम | ३९५ | १११ | ५०६ | ७८.०६ | २१.९४ |
| १४ | उदयपुर | ६३८ | १६६ | ८०४ | ७९.३५ | २०.६५ |
| जम्मा | | ९,७५१ | २,८९८ | १२,६४९ | ७६.६ | २२.९१ |

*स्रोत : लोकसेवा आयोग, आ.व. २०७५/७६ वार्षिक प्रतिवेदन*

जिल्ला तथा लैङ्गिक आधारमा हेर्दा प्रदेश नं. १ मा निजामती सेवामा प्रतिनिधित्व सबै भन्दा बढी मोरङ जिल्लाबाट पुरुष १५५६ जना र महिला ४३२ गरी जम्मा १९८८ जना रहेको छ भने सबैभन्दा कम तेह्रथुमबाट पुरुष ३९५ जना र महिला १११ गरी जम्मा ५०६ जना रहेको छ । प्रतिशतको आधारमा हेर्दा पुरुष सहभागिता सुनसरी जिल्लाबाट सबैभन्दा बढी ८०.३१ प्रतिशत छ भने सबैभन्दा कम खोटाङ जिल्लाबाट ६९.९४ प्रतिशत रहेको छ यसरी नै महिला सहभागिता सबै भन्दा बढी खोटाङ जिल्लाबाट ३०.०६ प्रतिशत रहेको छ भने सबै भन्दा कम सुनसरी जिल्लाबाट १९.६९ प्रतिशत रहेको छ । प्रदेश नं. १ बाट निजामती सेवामा पुरुष सहभागिता ९,७५१ जना र महिला सहभागिता २,८९८ गरी जम्मा १२,६४९ जना रहेको छ भने ७६.६ प्रतिशत पुरुष र २२.९१ प्रतिशत महिलाको सहभागिता रहेको छ।

## ८.६ सुशासन सम्बद्ध सर्वेक्षण जनधारणा

नेपाल प्रशासनिक प्रतिष्ठानद्वारा गरिएको नेपाल राष्ट्रिय सुशासन सर्वेक्षण २०१८ र नेपाली जनसर्वेक्षण २०१८ ले सुशासन सम्बन्धी धेरै अध्ययन गरेका छन् । उक्त अध्ययनका सुशासन सम्बद्ध केही जनमतहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ८.६.१ नेपाल राष्ट्रिय सुशासन सर्वेक्षण २०१८ ( Nepal National Governance Survey 2017/18 )

सरकारी सेवामा समान अवसरको रहेको छ भन्ने सवालमा सबैभन्दा बढी (२१.९६%) प्रदेश नं. २ मा र सबैभन्दा कम (६.१४%) सुदूरपश्चिम प्रदेशमा सहमति प्राप्त भएको छ भने प्रदेश नं. १ को २०.३६ प्रतिशतले नागरिकले सो विश्वास व्यक्त गरेका छन् । यसैगरी सरकारी जागिरमा समान अवसर छ भन्ने सवालमा पूर्ण रूपमा असहमति हुनेमा सबैभन्दा बढी (३२.३३%) बागमती प्रदेशमा र सबैभन्दा कम (५.३९%) कर्णाली प्रदेशमा रहेका छन् भने प्रदेश नं. १ मा ८.०२ प्रतिशत पूर्ण रूपमा असहमत छन् । सबै प्रदेशको तथ्याङ्कलाई समग्रमा हेर्दा समान अवसर छ र छैन भन्ने दुवै पक्षको सहभागीको संख्या करिब १४ प्रतिशत रहेको छ ।

राजनीतिक पार्टीले जनभावनाको प्रतिनिधित्व गर्छ भन्ने भनाइमा पूर्ण रूपमा सहमत हुनेको संख्या सबैभन्दा बढी (७६%) कर्णाली प्रदेशमा र सबैभन्दा कम (४५.७१%) प्रदेश नं. ५ मा रहेको छ भने प्रदेश नं. १ मा ५५.२८

प्रतिशत रहेको छ । त्यसैगरी राजनीतिक पार्टीले जनभावनाको प्रतिनिधित्व गर्दैन भन्नेमा सबैभन्दा बढी संख्या (५३.२७%) प्रदेश नं. ५ मा रहेको र सबैभन्दा कम संख्या(२३.३८%) प्रदेश नं. छ मा रहेको छ भने प्रदेश नं. १ मा ४३.२३ प्रतिशत रहेको छ । सबै प्रदेशको तथ्याङ्कलाई समग्रमा हेर्दा राजनीतिक पार्टीले जनभावनाको प्रतिनिधित्व गर्ने सवालमा सहमति जनाउनेको संख्या ५५.४१ प्रतिशत देखिन्छ भने असहमति जनाउनेको संख्या ४३.६३ प्रतिशत रहेको देखिन्छ ।

प्रहरी प्रतिको विश्वास प्रतिको सवालमा प्रदेश नं. १ मा निकै कम जनताले विश्वास गरेको देखिन्छ । जम्मा ९.०४ प्रतिशत जनताले मात्र प्रहरी प्रति विश्वास रहेको बताएका छन् भने ९०.९६ प्रतिशत जनताले प्रहरीमा विश्वास नगर्ने बताएका छन् । तुलनात्मक रूपमा हेर्दा सात प्रदेशमध्ये, बागमती प्रदेशमा लगभग समान ८८.७६ प्रतिशत, ८८.९७ प्रतिशत र ८८.८० प्रतिशतले प्रहरीलाई विश्वास नगरेको देखिन्छ ।

सार्वजनिक उत्तरदायित्व र जवाफदेहीताको महत्त्वपूर्ण साधन सार्वजनिक सुनुवाइ हो । प्रदेश नं. १ मा सार्वजनिक सुनुवाइमा भाग लिएका २२.९३ प्रतिशत र भाग नलिएका ३१.८२ प्रतिशत मात्र रहेको अवस्था छ भने २६.७२ प्रतिशतले यस बारेमा सुनेका मात्र छन् र सार्वजनिक सुनुवाइका सम्बन्धमा नबुझेका तथा जानकारी नभएका ३.०९ प्रतिशत रहेका छन् । सात प्रदेशहरूमध्ये गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशमा लगभग बराबर प्रतिशत (२७.७८% र २७.९०%) ले सार्वजनिक सुनुवाइमा भाग लिएका छन् जुन तुलनात्मक रूपमा हेर्दा अरू प्रदेशको भन्दा बढी हो ।

समग्रमा सुशासन जनसर्वेक्षणले प्रदेश नं. १ को स्थिति रास्ट्रिय औसदमा रहेता पनि सुशासनको पक्षमा प्रभावकारी काम गर्ने अवस्था रहेको छ ।

### ८.६.२ नेपाली जनसर्वेक्षण २०१८ ( A Survey of the Nepali People 2018 )

नेपाली जनसर्वेक्षण २०१८ बाट प्राप्त सुशासन सम्बन्धी विभिन्न जनधारणा निम्नानुसार प्रस्तुत गरिएको छ:

नेपाल कुन दिशातिर गइरहेको छ भन्ने सवालमा नेपाल ठीक दिशा तिर गइरहेको छ भन्नेको संख्या सबैभन्दा बढी (६७.१६%) कर्णाली प्रदेशमा रहेको छ । प्रदेश नं. १ मा ५६.३५ प्रतिशतले नेपाल ठीक दिशातिर गइरहेको छ भन्नेमा पूर्ण विश्वास रहेको बताएका छन् । नेपाल गलत दिशा तिर गइरहेको छ भन्नेको संख्या सबैभन्दा बढी (६०.१२%) बागमती प्रदेशमा रहेको छ भने प्रदेश नं. १ मा ३५.०२ प्रतिशत रहेको देखिन्छ ।

प्रादेशिक सरकार प्रति पूर्ण विश्वास गर्नेको संख्या सबै भन्दा बढी (११.५१%) प्रदेश नं. २ मा रहेको छ भने प्रदेश नं. १ मा ४.६६ प्रतिशतले मात्र पूर्ण विश्वास गर्छन् । प्रादेशिक सरकार प्रति विश्वास नगर्नेको संख्या सबैभन्दा बढी (१३.१०%) प्रदेश नं. २ रहेको छ भने प्रदेश नं. १ मा ९.०३ प्रतिशत मात्र रहेको देखिन्छ । प्रदेश नं. १ मा प्रादेशिक सरकारको बारेमा थाहा नभएकाको संख्या ७.९४ प्रतिशत रहेको तथा सबैभन्दा बढी (११.८१%) प्रदेश नं. ५ मा रहेको देखिन्छ ।

सातै प्रदेशको तथ्याङ्क हेर्दा सञ्चार माध्यम प्रति पूर्ण रूपमा विश्वास गर्नेको संख्या सबैभन्दा बढी (३९.४८%) कर्णाली प्रदेशमा रहेको देखिन्छ । प्रदेश नं. १ मा सञ्चार माध्यम प्रति पूर्ण विश्वास गर्नेको संख्या २४.११ प्रतिशत मात्र छ । विश्वास नगर्ने सबैभन्दा बढी (६.९४ प्रतिशत) प्रदेश नं. २ मा रहेको देखिन्छ भने प्रदेश नं. १ मा सञ्चार माध्यम प्रति विश्वास नगर्ने १.०९ प्रतिशतले मात्र विश्वास नगरेको देखिन्छ ।

गैर सरकारी संस्थाहरू/मानव अधिकारकर्मी प्रति पूर्ण विश्वास गर्ने सबै भन्दा बढी (१८.२५%) कर्णाली प्रदेशमा रहेको तथा प्रदेश नं. १ मा ६.७५ प्रतिशत रहेको देखिन्छ । विश्वास नगर्ने सबैभन्दा बढी (९.४२%) प्रदेश नं. २ मा रहेको र प्रदेश नं. १ मा ४.०७ प्रतिशतले मात्र पूर्ण रूपमा विश्वास नगरेको देखिन्छ । प्रदेश नं. १ मा गैर सरकारी संस्थाहरू/मानव अधिकारकर्मीका बारेमा जानकारी नै नभएका जनता पनि ७.८४ प्रतिशत रहेका छन् ।

सबै प्रदेशको तथ्याङ्क हेर्दा सरकारी जागिरमा सबैलाई समान अवसर छ भन्नेमा पूर्ण सहमत हुनेको संख्या सबै भन्दा बढी (२१.९६%) प्रदेश नं. २ मा र २०.३६ प्रतिशत प्रदेश नं. १ मा रहेको देखिन्छ । यस भनाइमा पूर्ण असहमत हुनेको संख्या सबैभन्दा बढी (३२.३३%) बागमती प्रदेशमा रहेको छ भने प्रदेश नं. १ मा ११.१४ प्रतिशत मात्र पूर्ण रूपमा असहमत भएको देखिन्छ ।

नेपाली जनसर्वेक्षण २०१८ ले मुख्य रूपमा जनभावना मैत्री काम गर्नको निमित्त प्रदेश नं. १ मा थप दरिलो भूमिका निर्वाह गर्न पर्ने कुराको सङ्केत गरेको छ ।

# खण्ड नौ :
# दिगो विकासका लक्ष्य र प्रदेशको स्थिति

सन् २००० को सेप्टेम्बर महिनामा विश्वका १८९ राष्ट्रका प्रतिनिधिले सन् २०१५ को अन्त्य सम्मका लागि तय गरिएको सहस्राब्दी विकास लक्ष्यको समय समाप्त भए पश्चात् विश्वमै रहेको गरिबी अन्त्य गर्ने, असमानता हटाउने, मौसम परिवर्तन प्रति अनुकूलन गर्ने, वातावरण विनाश रोक्ने, एवं शान्ति र न्यायका लागि सन् २०१६ को जनवरी १ देखि लागू हुने गरी सन् २०३० सम्मका लागि संयुक्त राष्ट्र संघले विश्वव्यापी विकासको एजेन्डाको रूपमा दिगो विकासका लक्ष्यहरू अघि सारिएको छ । दिगो विकासका लक्ष्यहरू १७ वटा रहेका छन् भने यस भित्र रहेर १६९ वटा विभिन्न सूचकहरू तय गरिएका छन् । यी १७ वटा लक्ष्यहरू एक आपसमा परस्पर सम्बन्धित रहेको र यी लक्ष्यहरू प्राप्त गर्ने कार्यबाट कसैलाई पनि नछुटाई सन् २०३० सम्ममा सबैमा पुर्याउने लक्ष्य लिइएको छ । नेपाल यस घोषणाको पक्ष राष्ट्र भएकोले यसले निर्धारण गरेका लक्ष्यहरू प्राप्तितर्फ राष्ट्रको विकास प्रयास केन्द्रित भएको अवस्था छ । संघीयताको कार्यन्वयनसँगै प्रदेशको विकास प्रयासहरू पनि यी लक्ष्यहरूद्वारा निर्देशित भएको अवस्था छ । वर्तमान परिप्रेक्ष्यमा प्रादेशिक तथ्याङ्कहरूको अभाव रहेको कारण प्रदेशको पूर्ण वस्तुस्थिति तयार पर्न कठिन रहेको छ । यसै बीच राष्ट्रिय योजना आयोगले समग्र देश र प्रदेशको स्थिति समावेश भएको एक प्रतिवेदन सार्वजनिक गरेको छ । सोही प्रतिवेदनको आधारमा प्रदेश नं. १ का दिगो विकासका लक्ष्यहरूसँग सम्बद्ध उपलब्ध सूचकहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ९.१ प्रदेश नं. १ मा दिगो विकासका सूचकहरूको स्थिति**

| लक्ष्य | सूचकहरू | नेपाल | प्रदेश नं. १ |
|---|---|---|---|
| **लक्ष्य १** हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने | प्रतिदिन १.९ डलर भन्दा कम आय भएको जनसंख्याको प्रतिशत (पिपिपि मूल्यमा ) | १५.० | ७.४९ |
| | राष्ट्रिय गरिबी को रेखामुनी रहेका जनसंख्याको अनुपात | २५.२ | १६.७ |
| | राष्ट्रिय गरिबी को रेखामुनी रहेका सबै उमेरका महिलाहरू (प्रतिशतमा) | २५.३५ | १६.४२ |
| | बहुआयामिक गरिबी सूचकाङ्क वास्तविक गणना अनुपात (प्रतिशत) | २८.६ | १९.७ |
| | राष्ट्रिय गरिबी रेखामुनिका बालबालिका (५ वर्ष मुनिका प्रतिशत) | ३५.३५ | २४.४८ |
| | प्रतिदिन १.९ अमेरिकी डलर नकमाउने रोजगारीमा रहेका जनसंख्याको प्रतिशत | १६.५४ | ८.६३ |
| | ३० मिनेटको दूरीमा बजारको पहुँच रहेका जनसंख्याको प्रतिशत | ४४.६७ | ४६.२४ |
| | बैंकमा खाता भएका जनसंख्याको प्रतिशत | ६८.३ | ७०.७७ |
| | राष्ट्रिय उपभोगमा जनसंख्याको तल्लो २० प्रतिशतले ओगटेको हिस्सा | ७.०३ | ८.०९ |
| | दैवीप्रकोप बाट ज्यान गुमाउने (संख्यामा) | ४,७४४ | १,३२२ |
| | दैवीप्रकोपका कारण हराई रहेका र प्रभावित भएका प्रति १००,००० मा | ०.०४७ | ०.०१३ |
| | राष्ट्रिय जिडीपिको दाँजोमा दैवी प्रकोपका कारण प्रत्यक्ष आर्थिक हानी नोक्सानी भएका | २.१९५ | ०.८१० |

| लक्ष्य | सूचकहरू | नेपाल | प्रदेश नं. १ |
|---|---|---|---|
| **लक्ष्य २**<br>भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | कुपोषण भएका जनसंख्याको प्रतिशत | ३८.०१ | ३३.६१ |
| | कुल उपभोगको दुई-तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्याको प्रतिशत | ४४.०९ | ४९.८३ |
| | प्रति व्यक्ति अन्नबाली उत्पादन(किलोग्राम) | १९७.४६ | २५६.२० |
| | पाँच वर्ष मुनिका बालबालिकामा देखिने पुड्कोपाना (प्रतिशत) | ३५.८ | ३२.६ |
| | पाँच वर्ष मुनिका कम तौल हुने बच्चाहरू (-२स्द) | ९.७ | ११.८ |
| | प्रजनन उमेर समूहका (१५-४९ वर्ष) महिलाहरूमा व्याप्त रक्तअल्पताको स्थिति | ३३.५ | ३५.९ |
| | साना खाद्य उत्पादकहरूको औसत आम्दानी रु. | ३५,५५९.६४ | ३६,९८५.१६ |
| | साना खाद्य उत्पादक (पुरुषहरूको) औसत आम्दानी रु. | ४०,१४७.५९ | ३८,३६०.२८ |
| | साना खाद्य उत्पादक(महिलाहरूको) औसत आम्दानी रु. | ३९,८४६.६५ | ४०,१२०.५४ |
| | साना खाद्य उत्पादक(आदिवासी समूहको) औसत आम्दानी रु. | ३३,३८६.५९ | ३७,०६४.८३ |
| | साना खाद्य उत्पादक(गैर आदिवासी समूहको) औसत आम्दानी रु. | ४३,२०५.९५ | ४१,९३१.७४ |
| | कुल खेतीयोग्य जमिन रहेको क्षेत्रफल (००० हेक्टर) | २,५४८ | ५१५ |
| | जम्मा खेती योग्य जमिन मध्ये वर्षभरि सिँचाइ हुने जग्गाको (प्रतिशत) | २९.१७ | २७.३३ |
| | कृषि क्षेत्रमा हुने सरकारी कुल प्रवाह (USD) | ९,१९,६३,३२८.० | ६६,१४,६८५.० |
| | कुल खाद्य भण्डारण डिपो | ८६ | १९ |
| **लक्ष्य ३**<br>सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | दक्ष जनशक्तिको सहयोगले जन्मेका बच्चाहरूको प्रतिशत | ५८ | ४८ |
| | ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर | ३९ | ३६ |
| | नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा) | २४ | २२ |
| | नयाँ एच.आई. भी. संक्रमित जनसंख्या | १,७८१ | २०७ |
| | क्षयरोग संक्रमण दर (प्रति १००,००० जनसंख्यामा) | १११ | ८४ |
| | मलेरिया प्रकोप दर (प्रति १००० जनसंख्यामा) | ०.०८ | ०.०२ |
| | कुष्ठरोग प्रकोप दर (प्रति १००० जनसंख्यामा) | ११ | ११ |
| | बिगत २ हप्ताभित्र झाडापखाला भएका ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ७.६ | ७.२ |
| | लिम्फेटिक फाइलोराइसिसबाट संक्रमित संख्या | १,३५४ | ३३१ |
| | डेंगु लागेको संख्या | ९३१ | २८३ |
| | ट्रकोमा भएकाको संख्या | २२,४२१ | १६,८७२ |
| | आधुनिक परिवार नियोजनका साधनको प्रयोगबाट सन्तुष्टि भएका प्रजनन उमेर समूहका (१५-४९) महिलाहरू (प्रतिशत) | ५६ | ५०.१ |
| | परिवार नियोजनका आधुनिक साधनहरूको प्रयोग दर (प्रतिशत) | ४२.८ | ४०.१ |
| | कुल प्रजनन दर( प्रति महिला) | २.३ | २.३ |
| | नियमित रूपले ४ पटक पूर्व प्रसूति सेवा लिएका महिला (प्रतिशत) | ५८.८ | ६२.६ |
| | स्वास्थ्य संस्थामा प्रसूति गराउने महिला (प्रतिशत) | ५४.६ | ४९.१ |
| | सुत्केरी भए पश्चात् नियमानुसार ३ पटक सेवा महिला (प्रतिशत) | १९ | ०९ |
| | DPT-HepB-Hib सुई लिएका शिशुहरू (प्रतिशत) | ८५.९ | ८५.६ |
| | उच्च रक्तचाप नियन्त्रणका लागि औषधी सेवन गरेका १५ वर्ष माथिका पुरुष जनसंख्या(प्रतिशत) | ३३.४ | ३६.४ |
| | उच्च रक्तचाप नियन्त्रणका लागि औषधी सेवन गरेका १५ वर्ष माथिका महिला जनसंख्या (प्रतिशत) | ३४.३ | ३४.६ |

| लक्ष्य | सूचकहरू | नेपाल | प्रदेश नं. १ |
|---|---|---|---|
| | ३० मिनेट भित्रको दूरीमा स्वास्थ्य संस्थामा पहुँच हुने परिवार (प्रतिशत) | ६१.६२ | ५५.९६ |
| | घरायसी आम्दानीको दाजोमा ठूलो घरायसी खर्च स्वास्थ्यमा हुने खर्च अनुपात | ८.३१ | ७.३७ |
| **लक्ष्य ४** समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने | प्राथमिक तहमा (१-५ कक्षामा) खुद भर्ना दर (प्रतिशत) | ९७.२ | ९४.७ |
| | माध्यामिक तहको (९-१२ कक्षा) कुल भर्ना दर (प्रतिशत) | ८०.३ | ८१.४ |
| | लैङ्गिक समता सूचकाङ्क (प्राथमिक तहमा) | १.०२ | १.०२ |
| | लैङ्गिक समता सूचकाङ्क (निम्न  माध्यामिक तहमा) | १.०६ | १.०७ |
| | १५-४९ वर्ष उमेरका पुरुषको साक्षरता दर | ९४.३८ | ९१.३७ |
| | १५-४९ वर्ष उमेरका महिलाको साक्षरता दर | ६९.१२ | ७७.६७ |
| **लक्ष्य ५** लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने | भौतिक वा यौन हिंसा अनुभव गरेका १५-४९ वर्षका विवाहित महिलाहरू(प्रतिशत) | ६.९ | ६.३ |
| | १८ वर्षको उमेर भन्दा अघि विवाहित वा वैवाहिक मिलानमा रहेका २०-२४ वर्ष उमेरका महिला (प्रतिशत) | ४०.५७ | ३२.०१ |
| | १५ वर्षको उमेर भन्दा अघि विवाहित वा वैवाहिक मिलानमा रहेका २०-२४ वर्ष उमेरका महिला (प्रतिशत) | २७.३४ | ७६.१४ |
| | श्रम शक्तिमा महिला र पुरुषको सहभागिताको अनुपात (प्रतिशत) | ६५.७८ | ६६.०९ |
| | बिना मूल्यमा घरायसी काम र सेवा गर्ने जनसंख्या (प्रतिशत) | १६.५० | १६.३१ |
| | बिना मूल्यमा घरायसी काम र सेवा गर्ने पुरुष जनसंख्या (प्रतिशत) | १०.२७ | १०.८० |
| | बिना पारिश्रमिक घरायसी काम र सेवा गर्ने महिला जनसंख्या (प्रतिशत) | २१.८८ | २०.९० |
| | बिना पारिश्रमिक घरायसी काम र सेवामूलक काम  गर्ने १९-६४ जनसंख्या (प्रतिशत) | २५.६४ | २४.३५ |
| | बिना पारिश्रमिक घरायसी काम र सेवा गर्ने ६५ वर्ष र सो माथिको जनसंख्या (प्रतिशत) | १६.७८ | १६.५६ |
| | परिवार नियोजनका साधनहरूको प्रयोगमा स्वयम् तथ्यपरक निर्णय गर्ने १५-४९ वर्षका महिला (प्रतिशत) | १९.०० | १८.३० |
| | महिलाको नाममा जग्गा हुने (प्रतिशत) | २२.२० | २९.४२ |
| | महिलाको नाममा घर हुने (प्रतिशत) | ११.७५ | १५.०३ |
| | महिलाको नाममा घर र जग्गा दुवै हुने परिवार(प्रतिशत) | ११.८४ | १५.११ |
| | मोबाइल फोन प्रयोग गर्ने प्रजनन उमेरका (१५-४९ वर्ष) का महिला (प्रतिशत) | ७२.६३ | ७३.१२ |
| | इन्टरनेट प्रयोग गर्ने प्रजनन उमेरका (१५-४९ वर्ष) का महिला (प्रतिशत) | २३.०९ | २४.६९ |
| | मोबाइल फोन प्रयोग गर्ने १५-४९ वर्षका पुरुष (प्रतिशत) | ८९.३ | ८८.१ |
| **लक्ष्य ६** सबैको निम्ति खानेपानीको साथै सरसफाइको उपलब्धताका साथै यसको दिगो | आधारभूत खानेपानी प्रयोग गर्ने जनसंख्या(प्रतिशत) | ९४.९० | ९७.१४ |
| | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत) | ३३.३४ | ४६.७८ |
| | अरूसँग साझेदारी नगरी आफ्नै सुधारिएका सरसफाइ सम्बन्धी सुविधा प्रयोग गर्ने परिवार (प्रतिशत) | ६४.६२ | ७०.१५ |

| लक्ष्य | सूचकहरू | नेपाल | प्रदेश नं. १ |
|---|---|---|---|
| व्यवस्थापन सुनिश्चित गर्ने | | | |
| **लक्ष्य ७** धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहँुच सुनिश्चित गर्ने | विद्युतमा पहुँच भएका जनसंख्या (प्रतिशत) | ९०.८३ | ९१.३७ |
| | खान पकाउनका लागि स्वच्छ इन्धन र प्रविधि प्रयोग गर्ने परिवार (प्रतिशत) | ३३.९५ | २९.३६ |
| | खान पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको ठोस इन्धन प्रयोग गर्ने ( कोइला, दाउरा, गुइँठा लगायत) परिवार (प्रतिशत) | ६५.७० | ७०.२९ |
| | खाना पकाउनका लागि एल.पि. ग्याँस प्रयोग गर्ने जनसंख्या (प्रतिशत) | ३०.३४ | २६.०७ |
| | जलविद्युतको जडित क्षमता (मेगावाट) सन् २०१७ मा | ९९० | ११३ |
| **लक्ष्य ८** स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने | वित्तीय सेवामा पहुँच भएका घर-परिवार (प्रतिशत) | २१.०१ | २४.८२ |
| | सहकारीमा पहुँच (घर बाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार(प्रतिशत)) | ५३.५७ | ५५.९० |
| | रोजगारीमा अनौपचारिक क्षेत्रको (गैर कृषि क्षेत्र) हिस्सा(प्रतिशत) | ३८.३३ | ४५.६१ |
| | पुरुषको रोजगारीमा अनौपचारिक क्षेत्रको (गैर कृषि क्षेत्र) हिस्सा(प्रतिशत) | ३१.३१ | ३५.८९ |
| | महिलाको रोजगारीमा अनौपचारिक क्षेत्रको (गैर कृषि क्षेत्र) हिस्सा(प्रतिशत) | ५४.१० | ६२.८९ |
| | अर्ध-बेरोजगारी दर (१५-५९ वर्ष) (प्रतिशत) | २७.७२ | २६.१६ |
| | युवाको अर्ध-बेरोजगारी दर (१५-२४ वर्ष) (प्रतिशत) | २९.८९ | ३१.५५ |
| | स्कूल/कलेज नजाने युवा(१५-२४ वर्ष) (प्रतिशत) | ४७.२२ | ४७.६५ |
| | रोजगारीमा नभएका युवा(१५-२४ वर्ष) (प्रतिशत) | ६०.४८ | ५७.९० |
| | बालश्रममा रहेका पुरुष (५-१७ वर्ष)को अनुपात (प्रतिशत) | ५.६१ | ६.२३ |
| | बालश्रममा रहेका महिला (५-१७ वर्ष)को अनुपात (प्रतिशत) | ५.३५ | ७.२७ |
| **लक्ष्य ९** उत्थानशील (Resilient) पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने | बाह्रै महिना गाडी गुड्ने सडकको २ कि.मि. को दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसंख्याको अनुपात | ७८.८१ | ७६.४६ |
| | सडक घनत्व (कि.मि./वर्ग कि.मि.) | ३९.१६ | ४५.६९ |
| | कुल रोजगारीमा उत्पादनमूलक उद्योगहरूको रोजगारीको अनुपात | १०.४६ | १३.५२ |
| **लक्ष्य १०** देशभित्र तथा देशहरूबीचको असमानता हटाउने | आम्दानीमा असमानता (गीनी घातांक) | ३२.८४ | २८.९३ |
| | कुल उपभोगमा तल्लो ४०प्रतिशत जनसंख्याको हिस्सा(प्रतिशत) | १८.५१ | २०.९५ |
| | कुल आयमा तल्लो ४०प्रतिशत जनसंख्याको हिस्सा(प्रतिशत) | ५.३४ | ९.३४ |
| | PALMA इन्डेक्स | १.२९ | १.०६ |
| | लघुवित्तद्वारा समेटिएका कृषक परिवार(प्रतिशत) | २०.८६ | २३.६० |
| लक्ष्य ११ सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील (resilient) र दिगो बनाउने | अपर्याप्त साँघुरो घरमा बस्ने शहरी जनसंख्या (प्रतिशत) | ६७.८४ | ६५.३१ |
| | खर-पराल-पातले छाएको परिवार एकाइ(प्रतिशत) | ९.५७ | १५.२२ |
| | घरबाट ३० मिनट पैदल यात्रामा पक्की सडक पहुँच भएका जनसंख्या | ५०.५५ | ४६.३३ |
| | पाँचजना र सो भन्दा बढी व्यक्तिहरू बसोबास गर्ने परिवार (प्रतिशत) | ५५.२९ | ४९.५६ |

| लक्ष्य | सूचकहरू | नेपाल | प्रदेश नं. १ |
|---|---|---|---|
| **लक्ष्य १३** जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने | विपतका कारण भएका मृत्यु हराई रहेका व्यक्तिहरू र प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरू( प्रति एक लाख जनसंख्यामा) | ०.०५ | ०.०१ |
| **लक्ष्य १५** पृथ्वीको परिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापना गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्न र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने | संरक्षित क्षेत्र (वनले ढाकेको क्षेत्र सहित (कुल भू-भागको प्रतिशत)) | २३.३९ | २२.९४ |
| | संरक्षित ताल, सिमसार तथा पोखरी( संख्यामा) | २१२ | ८० |
| **लक्ष्य १६** दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने | यौनजन्य हिंसामा अनुभव गरेका १८-२९ वर्षका महिला जनसंख्या(प्रतिशत) | ७.३४ | ६.३० |
| | बिगत १२ महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरूलाई घूस दिएका वा सरकारी अधिकारीद्वारा घूस माग गरिएका व्यक्तिहरूको अनुपात | १०.० | ९.० |
| | जन्मदर्ता गरिएका ५ वर्षमुनिका बालबालिकाको अनुपात | ५६.२ | ६१.४ |
| **लक्ष्य १७** दिगो विकासका लागि कार्यान्वयनका उपायहरू साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने | इन्टरनेट प्रयोग गर्ने १५-४९ वर्षका महिला (प्रतिशत) | २३.२९ | २५.०३ |
| | इन्टरनेट प्रयोग गर्ने १५-४९ वर्षका पुरुष (प्रतिशत) | ४८.५४ | ४४.११ |

*स्रोतः राष्ट्रिय योजना आयोग, २०१८*

# सन्दर्भ सामाग्रीको सूची


CBS, 2014. Population Monograph, Vol. 1. and II Kathmandu: Central Bureau of Statistics.

CBS. 2012. National Population and Housing Census 2011; National Report.

CBS. 2012. National Population and Housing Census 2011; Population Projection 2011-2031.

Central Bureau of Statistics, 2015. Nepal Multiple Indicator Cluster Survey 2014, Final Report. Kathmandu, Nepal: Central Bureau of Statistics and UNICEF Nepal.

Ministry of Industry, Commerce and Supplies. First eight months, Ministry of Finance, Economic Survey 2017/18.
Ministry of Labour and Employment, 2018. Labour Migration for Employment: A Status Report 2015/2016-2016/2017.
MOEST. 2018. Education in Figures 2017 (At a Glance)

MoH, New ERA and ICF, 2016, Nepal Demographic and Health Survey 2016. Kathmandu: MoH, New ERA and ICF.

Nepal Oil Corporation from Ministry of Finance, Economic Survey 2017/18.

UNDP, USAID (2014): Being LGBT in Asia: Nepal Country Report, Bangkok.

आर्थिक सर्वेक्षण २०१७/१८, अर्थ मन्त्रालय, नेपाल सरकार

उद्योग विभाग, २०१६, औद्योगिक तथ्याङ्क ,आ .व .२०१६/२०१६ ;नेपाल सरकार ,उद्योग मन्त्रालय ,उद्योग विभाग

उनान्साठीऔं बार्षिक प्रतिवेदन २०७४/७५, पृष्ठ: ३७-३८, लोकसेवा आयोग

कृषि विकास मन्त्रालय, २०१६/१७) Statistical Information on Nepalese Agriculture, 2016-17)

कृषि विकास मन्त्रालय, २०१७; Monitoring, Commercial Floriculture Survey 2072/73 (2015/16)

कृषि विकास मन्त्रालय, २०१८ Statistical Information on Nepalese Agriculture, 2016-17)

के.त.वि. २०१२. राष्ट्रिय जनगणना २०११ को प्रतिवेदन खण्ड १

के.त.वि. २०१४, Environmental Statistics of Nepal 2013.

के.त.वि. २०१९, Environmental Statistics of Nepal 2019.

केन्द्रिय बालकल्याण समिति, 2015. State of the Child Care Homes in Nepal. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

चिया तथा कफी विकास बोर्ड, २०७३/७४

नेपाल मानव विकास प्रतिवेदन, २०१४

नेपाल राष्ट्र बैंक, Banking & Financial Statistics, Mid May 2019

नेपाल राष्ट्र बैंक, Monthly statistics. Mid-April 2012

नेपाल विद्युत प्राधिकरण, २०१८. A Year in Review: Fiscal Year 2017/18

नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८
नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय, २०१८, Labour migration for employment (status report for Nepal: 2015/16 and 2016/17).
नेपालको राष्ट्रिय आर्थिक गणना ,२०१८

पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७५, वार्षिक प्रगति प्रतिवेदन २०७४/७५

प्रथम आवधिक योजना प्रदेश योजना आयोग, प्रदेश नं. १

प्रदेशसभा निर्वाचन २०७४, निर्वाचन परिणाम पुस्तक

प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन, २०७५

वन तथा भू-संरक्षण मन्त्रालय, वन अनुसन्धान तथा सर्वे विभाग

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०१७, गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका २०७४

